

# बौद्धजगत्का स्मरणीय व्यक्तिहरू

- पाँचौं भाग -

Dhamma.Digital

- प्रकाशक -
सुखी होतु नेपाल

- लेखक -
रत्नसुन्दर शाक्य

Downloaded from http://dhamma.digital

# बौद्धजगत्का स्मरणीय व्यक्तिहरू

-पाँचौं भाग-

- लेखक -

रत्नसुन्दर शाक्य

"परियत्ति सद्धम्मपालक"

भक्तपुर

Dhamma.Digital

- प्रकाशक -

सुखी होतु नेपाल

बुद्ध विहार, भृकुटी मण्डप

काठमाडौं

Downloaded from http://dhamma.digital

प्रकाशक - सुखी होतु नेपाल
बुद्धविहार, भृकुटी मण्डप
फोन न. ४२२६७०२, ४४८२९८४

प्रकाशन सौजन्य - दलबहादुर श्रेष्ठ तथा सपरिवार
(दिवंगत डोल्मा ल्हामुको पुण्यस्मृतिमा)

पहिलो संस्करण - १००० प्रति

बुद्धसम्बत् - २५५३
नेपालसम्बत् - ११२९
विक्रमसम्बत् - २०६६
ईश्वीसम्बत् - २००९

मूल्य - ५०/-

कम्प्युटर - बिनोद महर्जन

मुद्रण - डट्स प्रिन्टिङ्ग हाउस
प्रयागपोखरी, ललितपुर
फोनः २१२०२३५

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# निर्वाण कामना



दिवंगत

**उपासिका डोल्मा ल्हामु**

जन्म
12 Jan. 1943

देहावसान
24 July 2008

Dhamma.Digital

धर्मदान

श्रीमान् दलबहादुर श्रेष्ठ

छोरी पेमा श्रेष्ठ

छोरी डिकी श्रेष्ठ

छोरा सुरेन्द्र श्रेष्ठ

ज्याठा, ठमेल

काठमाडौं

Downloaded from http://dhamma.digital

# - समर्पण -

माता–पिता, ज्येष्ठ भ्राताद्वयपश्चात् हामी तीन दाजुभाइ
र दुई दिदी बहिनीहरूलाई पालन पोषणमा टेवा
दिएकी ज्येष्ठ भगिनीद्वय
हेराशोभा र सुवर्णशोभा शाक्य
एवं
मेरो लेखनप्रति कहिले प्रश्न, कहिले प्रेरणा, प्रोत्साहन
एवं प्रसन्नता देखाउँदै आएकी मेरी उनी
लक्ष्मीशोभा शाक्य
प्रति

– रत्नसुन्दर शाक्य

Dhamma Digital

Downloaded from http://dhamma.digital

अखिल नेपाल भिक्षु महासंघद्वारा स्वीकृत
[illegible]

☎ 4482250

पञ्ञा नरानं रतनं

# नेपाल बौद्ध परियत्ति शिक्षा

# NEPAL BAUDDHA PARIYATTI SHIKSHA

(Estd. 2507 B.E.)

Founder : Bhikshu Amritananda Mahasthavir

Ref. No.: ९१/२५५२/०६६

मिति २०६६/५/११

Date:..............................

साधुवादपूर्ण शुभेच्छा !

भक्तपुरका श्री रत्नसुन्दर शाक्य राष्ट्रिय र अन्तर्राष्ट्रिय बुद्धधर्मावलम्बी व्यक्तित्वहरूको प्रतिभा बारेमा लेख्ने कुशल लेखक हुनुहुन्छ ।

उहाँले विशेषतः बौद्धजगतका स्मरणीय व्यक्तिहरूको जीवनी चौथो भाग सम्ममा ६२ जना र यस पाँचौ भागमा १८ जना समावेश गरी ८० जना बौद्ध व्यक्तित्वहरूको जीवनी पाठकहरू समक्ष प्रस्तुत गरिसक्नुभएको छ । यस पाँचौ भागमा मेरो संक्षिप्त जीवनी पनि समावेश गरिदिएकोमा म उहाँप्रति कृतज्ञ छु ।

साँच्चै नै बुद्ध-धर्म अतीतकालदेखि आजको यस अवस्थासम्म पुऱ्याउनमा यस धर्मप्रति समर्पितमाई अगुवाहरूको भूमिका निभाएका ती विभूति व्यक्तित्वहरूलाई यसप्रकार स्मरण गराई (लेखी) रत्नसुन्दर शाक्यले ठूलो राम्रो काम गर्नुभएको छ ।

उहाँले लेख्नुभएका विशेषतः १९-औं र २०-औं शताब्दीका बौद्ध विद्वान व्यक्तिहरू मध्येमा नेपालमा स्थविरवाद बुद्ध-धर्म पुनरुत्थान गर्नमा अग्रजः भूमिका निभाउनु भएका ज्येष्ठतम भिक्षुहरू, भारत, श्रीलंका, म्यान्मार (बर्मा), थाइल्याण्ड, जापान एवं यूरोपका केही विद्वान्हरूको जीवनीलाई नेपाल बौद्ध परियत्ति शिक्षाको पाठ्यक्रम (प्रवेश तृतीय वर्ष, परियत्ति सद्धम्मपालक र कोविद परीक्षा) मा समावेशगरी (बु.सं. २५५३ देखि) अध्ययन अध्यापन गराइनुबाट परियत्तिका विद्यार्थीहरूलाई ती व्यक्तित्वहरूको जीवनीले नैतिकता, सदाचारिता, सच्चरित्रता, सद्व्यवहार सम्प्रेषण हुने आशा लिएको छु ।

मानव-मानव बीचमा मात्र होइन, अपितु सम्पूर्ण प्राणीहरूप्रति मैत्री करुणा दयाभाव (सर्वभूतानुकम्पा) जगाउनमा अति सक्षम बुद्धशिक्षा (सद्धर्म) को वातावरण सृजनागर्नमा यस्ता प्रेरक जीवनी पुस्तकहरूको निकै अपेक्षा रहेको छ ।

सुखी होतु नेपाल प्रकाशन मालाद्वारा यस महत्त्वपूर्ण पुस्तक प्रकाशन गर्ने अवसर प्रदान गर्नुभएकोमा तथा पुनः यस्ता सारपूर्ण प्रेरणादायी उत्साहवर्द्धक जीवनीहरू लेख्नुभएकोमा लेखक रत्नसुन्दर शाक्यलाई साधुवाद दिँदै यहाँबाट फेरिफेरि पनि यस्ती यस्ता अन्य ऐतिहासिक बौद्ध र बुद्ध-धर्म सम्बन्धी ज्ञानवर्धक कृतिहरूद्वारा लाभान्वित हुन पाइने आशाका साथै उहाँको आयु-आरोग्यको कामना गर्दछु ।

- चिरं तिट्ठतु सद्धम्मो -

(हस्ताक्षर)

भिक्षु ज्ञानपूर्णिक महास्थविर
सह शिक्षाध्यक्ष
नेपाल बौद्ध परियत्ति शिक्षा

***Head Office:*** Manimandap Vihar, Patako, Lalitpur-16, Nepal
***Secretariate of Contact:*** Vishwa Shanti Vihar, Moon Bhawan, New Baneshwar, Kathmandu, Nepal.
P. O. Box: 8973 NPC 327, Tel : 977-1-4482984, 4482250 (+Fax), e-mail: vishwa@ntc.net.np
www.nepalpariyatti.com

Downloaded from http://dhamma.digital

# सुखी होतु नेपाल

बुद्ध विहार, काठमाडौं ।

स्थापित : १९९१

च. नं.

मिति:.........................


# प्रकाशकिय

'सुखी होतु नेपाल'ले आफ्नो लक्ष्य तथा उद्देश्य अनुसार नेपालको थेरवादी बुद्ध शासनिक क्षेत्रमा सक्दो योगदान दिंदै आएको छ । यसै सिलसिलामा भक्तपुर निवासी श्री रत्नसुन्दर शाक्यद्वारा लिखित 'बौद्धजगत्का स्मरणीय व्यक्तिहरू- पाँचौं भाग' प्रकाशन गर्न पाउनु हाम्रो लागि धेरै खुसी तथा 'धम्मप्रीति' को विषय हो ।

बुद्ध जन्मेको देश नेपालमा यस्तो पुस्तकको अभावमा बौद्धजगत्का विभूतिहरूबारे परिचित हुन पाएका थिएनन् । यस पुस्तकका लेखकको अथक प्रयासमा बौद्धजगत्मा उल्लेखनीय योगदान गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तिहरूबारे नेपाली जनमानसले पनि परिचित हुन पाए । यस पुस्तकको प्रकाशनसंगै बौद्धजगत्का विशिष्ट व्यक्तिहरूको योगदान संग्रह गरी भाग-१ देखि ५ सम्म आउँदा कुल ८० जना व्यक्तित्वहरूको आदर्शमय जीवनी प्रकाशित हुनु हामी सबैको लागि सुखद् पक्ष हो । यसका लागि लेखक साधुवादका पात्र हुनुहुन्छ । यस पुस्तकको प्रकाशनबाट हामी नेपालीहरूलाई ती स्मरणीय व्यक्तिहरूबाट आदर्श लिई आफ्नो जीवनलाई बुद्ध शासनिक क्रियाकलापमा सहभागी गराई, दुर्लभ मानव जीवनलाई सारपूर्ण बनाउने उत्प्रेरणा प्राप्त भएको महशुस हुन्छ ।

यस 'बौद्धजगत्का स्मरणीय व्यक्तिहरू' नामक पुस्तकको पहिलो, दोश्रो र तेश्रो भागमा प्रकाशित केही बौद्ध विद्वानहरूको जीवनी 'नेपाल बौद्ध परियत्ति शिक्षा'मा पाठ्यक्रमको रूपमा समावेश हुनुबाट पनि यस पुस्तकको महत्व र


प्रधान कार्यालय

बुद्ध विहार, भृकुटी मण्डप, पोष्ट बक्स ९९३, काठमाडौं, नेपाल । फोन/फ्याक्स: ४२२६७०२, ४४८२९८४

e-mail: sukhi@ntc.net.np, vishwo@ntc.net.np


Downloaded from http://dhamma.digital

# सुखी होतु नेपाल

बुद्ध विहार, काठमाडौं ।

स्थापित : १९९९

च. नं.: मिति:........................

आवश्यकता अझ बढेको छ साथै वर्तमान परिप्रेक्ष्यमा विश्वविद्यालय र विभिन्न क्याम्पसहरूमा बौद्ध अध्ययनमा अध्ययनरत एवं ईच्छुक शिक्षार्थीहरूलाई पनि अनुसन्धान र सन्दर्भ सामाग्रीको लागि यो पुस्तक उपयोगी सिद्ध हुनेछ ।

यस पुस्तक प्रकाशनको लागि आफ्नो ममतामयी आमा दिवंगत उपासिका डोल्मा ल्हामुको पुण्यस्मृतिमा धर्मदान गर्नुभएकोमा ठमेल निवासी पेमा श्रेष्ठ तथा उहाँको परिवारजन धन्यवादका पात्र हुनुहुन्छ । तिब्बतको ल्हासामा जन्मनु भई थुप्रै सघर्ष गरि सामाजिक सेवा तथा धार्मिक सेवामा दत्तचित भई लाग्नु हुने श्रद्धामयी दिवंगत डोल्मा ल्हामु उपासिकाको सुगति प्राप्त होस् तथा अन्ततः जन्म, जरा, ब्याधि, मरणबाट मुक्त भएको परम शान्ति निर्वाणमा पुग्न सकून् भन्ने कामना गर्दछौं ।

अन्तमा, यस पुस्तक प्रकाशनमा सहयोग पुर्‍याउनु हुने डट्स प्रिन्टिङ्ग हाउस परिवारका सम्पूर्ण महानुभावहरूलाई सुखी र शान्तिको कामना गर्दछौं । यस पुस्तकको अध्ययन, चिन्तन मननबाट ज्ञानको मन्थन भई पाठकवृन्दले बुद्ध शासनिक कार्यमा थप हौसला र उत्प्रेरणा प्राप्त गर्नुहुनेछ भन्ने आशा लिएका छौं ।

१९ भाद्र २०६६
पूर्णिमा

भिक्षु निग्रोध
सचिव
सुखी होतु नेपाल

प्रधान कार्यालय
बुद्ध विहार, भृकुटी मण्डप, पोष्ट बक्स ९९३, काठमाडौं, नेपाल । फोन/फ्याक्स: ४२२६७०२, ४४८२९८४
e-mail: sukhi@ntc.net.np, vishwo@ntc.net.np

Downloaded from http://dhamma.digital

# भूमिका

मानिस विवेकशील प्राणी हो । उसले विवेक गर्ने पृष्ठभूमि आफैले बनाउँदै आएको हुन्छ । बिना विवेक कुनै पनि विषयमा सुख प्राप्त गर्न नसक्ने हुनाले आफ्नो विवेकलाई परिपुष्ट पार्नको निमित्त सर्वप्रथम शिक्षा, धर्म, अर्थ, राजनीति एवं सामाजिक क्रियाकलापलाई नै प्रमुख आधार बनाएको हुन्छ । यसरी आधार बनाई कार्य क्षेत्रमा पदार्पण गर्दा व्यापकतालाई नै उद्देश्य मानी यसलाई यति, उति, यहाँ, त्यहाँ र कति भन्ने जस्ता सिमाना बाँध्न हुँदैन । जो सीमादेखि अलग छ जसको अन्त्य छैन त्यो नै बुद्ध-धर्मको आधार हो भन्ने मेरो व्यक्तिगत विचार हो ।

धेरै समय अगाडिदेखि नै हीनयानी (थेरवादी) हुन् वा महायानी हुन्, बुद्ध-धर्मका विद्वान् एवं प्रचारक अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको अनुसन्धान गर्दै समय-समयमा त्यस्ता विद्वान्हरूको जीवनी संग्रह प्रकाशित गर्दै आउनु भएका परिश्रमी एवं बुद्ध धर्मानुरागी भक्तपुरनिवासी श्री रत्नसुन्दर शाक्यजूले अहिले सम्म बुद्धधर्मको प्रतिनिधित्व गर्ने ८० जना विभिन्न विद्वान्हरू (ई.पू. ८३ देखि ६ औं, ७ औं, ११ औं र धेरैजसो १८ औं, १९ औं र २० औं शताब्दी सम्म) को जीवनी पाठकसमक्ष प्रस्तुत गरेर बुद्धधर्ममा मात्र होइन भाषा साहित्यमा पनि महत्वपूर्ण योगदान दिंदै आउनुभएको कुरा उहाँका संकलित जीवनीहरूले नै स्पष्ट गरेको छ । यिनीहरूले पाठकहरूलाई पञ्चशील र अष्टशीलको पालना गर्नुपर्ने कुरामा अभिप्रेरित गरेको छ र इमान्दार, परिश्रमी, अनुसासित हुनुको साथै कुमार्गमा लाग्न नहुने पाठ पाठकहरूलाई पढाएको छ ।



Downloaded from http://dhamma.digital

'बौद्ध जगत्‌का स्मरणीय व्यक्तिहरू' भाग-५ मा स्थान पाएका विशेष गरेर एकैविचार क्षेत्रका (बुद्धधर्मसम्बन्धी) १८ जना विद्वान्‌हरूको संकलनलाई धार्मिक, सामाजिक, आर्थिक, राजनैतिक, वैज्ञानिक, शैक्षिक एवं शारीरिक विषयमा मात्र नभएर जातिगत, धर्मगत आदिजस्ता विचारलाई पनि समानरूपमा व्यवहार गर्नसके मात्र देशको उन्नति हुन सक्नेछ भन्ने प्रस्तुत पुस्तिकाको उद्देश्य रहेको बुझिन्छ ।

ऐनामा स्वरूप देखिने जस्तै मानिसको व्यक्तित्व र चरित्रले उसलाई राम्ररी चिनाउँछ भन्ने भनाइअनुसार प्रस्तुत संग्रहमा संग्रहित विभिन्न देशका व्यक्तिहरूको जीवनी पढने क्रममा सर्वप्रथम भारतीय नागरिक ४, बर्मिज नागरिक ३, श्रीलंकन नागरिक २, बेलाती नागरिक २, रूसी नागरिक १, जापानी नागरिक १ र नेपाली नागरिक ५ भेटिएका छन् । यिनीहरूले बुद्धधर्म र यसको सिद्धान्तको आधारमा अन्तर्राष्ट्रिय क्षेत्रको प्रतिनिधित्व गरेका छन् ।

यहाँ यी १८ विद्वान्‌हरूको संक्षिप्त रूपमा परिचय गराउँदा यिनीहरूमध्ये सर्वप्रथम आठौं शताब्दीको प्रारम्भतिरै यस संसारलाई छोडेर गइसकेका भारतीय नागरिक प्रसिद्ध ग्रन्थ 'बोधिचर्यावतार' का लेखक एवं विद्वान् आचार्य शान्तिदेवको चरित्र विचित्रको देखिन्छ । शास्त्रार्थमा विजय प्राप्त गर्ने ऋद्धिप्राप्त यिनका अगाडि धेरैजसो विद्वान्‌हरू नतमस्तक भएको अनुभव भएको मात्र होइन बुद्धधर्मको उत्थानको निमित्त गरेको प्रशंसनीय योगदान संस्मरणीय छ । तर स्वादिलो पदार्थको स्वाद लिंदालिंदै जिब्रो टोकिए जस्तै कतै-कतै यिनको विरोधाभाव चरित्र पनि देख्न पाइन्छ भन्ने भनाइलाई आफ्नै राज्यछाडी भागेको व्यक्ति अर्काको राज्य मगधमा पुगी मन्त्रीसमेत बनेको कुराले परिपुष्टि गरेको छ भने अर्कोतिर फल फलेको रूखमा ढुंगाले हानेजस्तै राम्रो काम गर्ने व्यक्तिका विरोधीहरू धेरै भए पनि आफ्नो लक्ष्य प्राप्तिको निमित्त पछि नहटेमा त्यस्ताका षड्‌यन्त्रकारीहरू 'स्वतः विफल हुनेछन्' भन्ने सन्देश पनि आचार्य शान्तिदेवका जीवनीबाट प्राप्त गर्न सकिन्छ ।



Downloaded from http://dhamma.digital

सन् १९३३ मा नेपालको लुम्बिनीबाट परलोकको बाटो तताएका एम्.ए.पिरिस-भिक्षु श्रद्धानन्दको नामले परिचित भएका यिनी बौद्ध संस्कृतिको उत्थान गर्ने मध्येकै प्रमुख व्यक्तित्व हुन् भन्न सकिन्छ । थेरवादी मतका यिनलाई त्यहाँका बुद्धिष्टहरूले 'लंकाबाबा' को नामले पनि विभूषित गरेका थिए । यिनले धेरैवर्ष रेल्वे कर्मचारीको रूपमा काम गरेपनि बुद्धधर्मको उत्थानको निमित्त निकै नै प्रयास गरेको देखिन्छ एवं शैक्षिक, आर्थिक, धार्मिक र समाजसुधारको निमित्त जीवनको उत्तरार्ध मात्र समर्पण गरेको कुरा यिनको जीवनीले देखाएको छ । यति मात्र होइन शिक्षा-प्रचारमा समेत लागेका यिनले पंचशील र अष्टशीलको आधारमा विद्यार्थीहरूलाई नैतिक उपदेश मात्र दिएको होइन नैतिकवान् बनाइदिएको पनि अनुभव हुन्छ ।

२० औं शताब्दीको पूर्वार्द्धमा अर्को भारतीय नागरिक सर आसुतोष मुकर्जी बंगालको न्यायाधिशको साथै कलकत्ता विश्वविद्यालयका उपकुलपति समेत भएका यिनले बुद्ध-धर्म प्रचारको निमित्त महाबोधि-सभा र 'बौद्ध धर्माकुर-सभा'लाई विशेष योगदान दिंदादिंदै अन्त्यमा सन् १९२४ मा पटनामा निधन भएपनि यिनले शैक्षिक, न्यायिक, सामाजिक एवं धार्मिक (बुद्धधर्म) विषयलाई दिएको योगदानको भने निधन भएको छैन अर्थात् जसले गर्दा यी विद्वान् अमर रहि रहेका छन् ।

सन् १८६६ मा जन्मी २४/२५ वर्षको उमेरमा भिक्षुत्व ग्रहण गरेका इकाइ कावागुची नेपाल आउने पहिलो जापानी हुन् । यिनी पहिलोपटक सन् १८९९ को फरवरीको शुरूमा काठमाडौं आएका हुन् । यिनले नेपाल र तिब्बतको सम्बन्ध स्थापना गर्न महत्वपूर्ण योगदान दिएका हुनाले वि.सं. २०५९ मा यिनको नाउँमा नेपाल हुलाक सेवा विभागले उहाँको हुलाक टिकट छापेको हो । १९-२० औं शताब्दीतिर बौद्ध-ग्रन्थहरूको अध्ययन र सुरक्षाको निमित्त तिब्बत पुगी उहाँ ३ वर्ष त्यहाँ बसे । यिनको जीवनीले समय अनुसार 'आवश्यक परे झुटो पनि बोल्नु पर्छ' भन्ने संकेत यहाँ पाइन्छ र यिनले महायानी मतअनुसार बुद्धधर्मको प्रचार-प्रसार गरेको



Downloaded from http://dhamma.digital

देखिन्छ । राम्रो काम गर्ने व्यक्ति युगौं युगसम्म सम्मानित हुन्छ भन्ने सार यहाँ पाइन्छ ।

बुद्धमार्गी र बुद्धधर्ममा योगदान दिंदै आएका अन्तर्राष्ट्रिय क्षेत्रका विद्वान्हरूको चिनापर्ची गर्ने क्रममा एशिया महाद्विपबाट यूरोप महाद्विपतिर लाग्दा इङ्लैण्डका थेरवादी मतानुयायी एफ.एल.उड्वार्ड भेटिन्छन् । प्रतिभाशाली व्यक्तित्व भएका यिनले बुद्धधर्मको प्रचारको साथै शैक्षिक क्षेत्रमा पनि उल्लेखनीय योगदान दिने यिनले इङ्लैण्डमा ३२ वर्ष, तस्मानियामा ३० वर्ष र श्रीलंकामा १६ वर्ष बिताई जीवनरूपी बत्ती निभाएका हुन् । यसरी हेर्दा यी विद्वान् एवं खेलाडीले बुद्धधर्मको उत्थानको निमित्त त्रिपिटकको अनुवाद, संपादन आदि जस्ता काम गरी पालि टेक्सो सोसाइटी नामक संस्थालाई सहयोग गरेका थिए जसले गर्दा बुद्धधर्मसम्बन्धी प्रचारमा पुगेको उहाँको सहयोग अविस्मरणीय हुन पुगेको छ ।

पालि साहित्यमा एम.ए. र डि.लिट् समेत गरेका महायानी मार्ग रूचाउने विद्वान् नलिनाक्ष दत्तको संक्षिप्त जीवनीको आधारमा आधारित भई एकैपटक चिन्न खोज्दा यिनले 'Mahayana Buddhism' नामक पुस्तक लेखेका मात्र होइनन् यी राजनीतिक धुरन्धर खेलाडी पनि हुन् । यिनको क्रियाशीलतालाई हेर्दा कुनै पनि काममा निरन्तर लागि परे सफलताले साथ दिन्छ भन्ने कुरा अवबोध हुन्छ । खास भन्ने हो भने शैक्षिक क्षेत्रदेखि लिएर धार्मिक, सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक आदिजस्ता सबै क्षेत्रसम्म यिनको हात पुगेको अनुभव हुन्छ र अझ विशेष गरेर बुद्ध-धर्ममा यिनको बढी झुकाव देखिएको अवबोध भएको छ ।

आधुनिक विचारले अभिप्रेरित भएका संयाजी उ बा खिनले खासगरी बुद्धधर्म भनेको अन्धविश्वासको न अखाडा हो न त साम्प्रदायिक भावनाको जमघट नै हो - यो त वैज्ञानिक दृष्टिकोणले हेर्ने र मनन गर्ने धर्म हो भनेर एकातिर भनेका छन् भने अर्कोतिर अनुशासन विपरित काम गर्दा पनि बुद्ध धर्मानुयायीको कारणले उल्टै प्रमोशन भएको कुरा अतिशयोक्ति बाहेक अरू केही होइन् । जेहोस् यिनको जीवनीबाट काम, क्रोध, लोभ, मोह र अहंकार



Downloaded from http://dhamma.digital

छोडे जीवन सफल हुनेछ भन्ने शान्त्वना पाउनुको साथै विपश्यना ध्यानले मानिसको मानसिक, शारीरिक, बौद्धिक आदिजस्ता गुणहरूको सम्बर्द्धन हुनेछ भन्ने विषयतिर पाठकहरू आकृष्ट भएको छ । यसैगरी अनैतिक व्यक्तिहरूलाई नैतिकताको बाटोमा ल्याउन यथाशक्य प्रयास गर्दागर्दै यी 'सयाजी उ बा खिन' को जीवन समाप्त भएको कुरा यिनकै ७१ वर्षको जीवनले बताएको छ ।

यस संग्रहमा आठौं व्यक्तित्वको रूपमा रूसमा डा. जर्ज रोयरिकको जीवनी पढ्न पाइन्छ । यिनले अमेरिका, एशिया, युरोप, मंगोलिया आदिजस्ता महादीपहरूको भ्रमणबाट प्राप्त ज्ञानलाई बुद्धधर्मको माध्यम बनाई प्रचार गरेको संकेत मिल्दछ । यतिमात्र होइन संस्कृत भाषाका पनि विद्वान् यिनले 'उरूस्वस्ति हिमालय इन्स्टिच्यूट' नामक संस्था खोली विभिन्न २४ राष्ट्रको भ्रमणबाट प्राप्त ज्ञानको अन्वेषण दलले बटुलेका वैज्ञानिक सामाग्रीहरू जस्तै पुरातात्विक, भौगर्भिक एवं वनस्पति शास्त्र सम्बन्धी आदि विषय मात्र नभई, धर्म एवं भाषाहरूको पनि वैज्ञानिक दृष्टिकोणले अध्ययन गरी तिनीहरूलाई कार्यान्वयन गर्दै जानेक्रम मै आफ्नै देशमा उहाँको जीवनको अवसान भए पनि उहाँको योगदानले झन् नौलो पाइला चाल्दै आएको अनुभव हुन्छ ।

यसैगरी बेलायती नागरिकतिर हेर्दा महायानी मतकी सिष्टर वजिराको जीवनी पढ्न पाइन्छ जसबाट बुद्धधर्ममा सानैदेखि आस्था राख्ने यिनले बेलायतबाट भारतमै आई कुमारी कै रूपमा बसी बुद्धधर्मको प्रचारमा लागि नै रहेको कुरा यिनको संक्षिप्त जीवनीबाट ज्ञान हुन्छ र यिनी सम्पन्न परिवारकी भएकै कारण शीलवती र गुणवती पनि थिइन् । विनम्र स्वभावकी यिनले भारतका विभिन्न ठाउँमा बुद्धधर्मको प्रचार गर्दागर्दै अचानक प्राकृतिक प्रकोपमा परी ६४/६५ वर्षको उमेरमा यिनको देहान्त भएको दृश्य अत्यन्त दुखान्त हुनपुगेको छ । कुनै उद्देश्य लिएको व्यक्तिले जस्तोसुकै आपत्‌विपत् पर्दापनि त्यसबाट विचलित नहुनु भन्ने प्रेरणा यहाँ पाइन्छ ।

बर्माका नागरिक राजनैतिक व्यक्तित्वले प्रख्यात भएका 'उ नु'को



Downloaded from http://dhamma.digital

धर्मभन्दा बढी राजनैतिक क्रियाकलापलाई प्रधानता दिने यिनले बुद्धधर्मको उत्थानको निमित्त आफू बर्माको प्रधानमन्त्री छँदा वा बाहिर बस्दा पनि सक्दो योगदान दिंदादिंदै यस संसारबाट बिदा लिएका हुन् । जसले गर्दा बुद्ध-धर्मका अनुयायीहरू खिन्न हुनुपरेको थियो र थेरवादीहरूको समाजमा दुःखले केही समय स्थान जमाएको थियो ।

भारतीय विद्वान् डा. भरतसिंह उपाध्यायको जीवनीले पनि एकातिर बुद्ध-धर्मको प्रचार गरेको छ भने अर्कोतिर पनि यिनकै शोधग्रन्थ "बुद्धकालीन भारतीय भूगोल"ले कहाँ-कहाँ, कसरी-कसरी बुद्धधर्मको प्रचार भएको छ भन्ने बारे विस्तृत रूपमा संस्मरण गराएको छ भने यिनैको 'बुद्ध और बौद्ध साधक' एवं 'बोधिवृक्षकी छायाँ में' नामक पुस्तकले सबै पाठकहरूलाई बुद्धधर्ममा संलग्न हुन प्रकारान्तरले आव्हान पनि गरेको छ । यस्तै यिनका "थेरी गाथाएँ" जस्ता कृतिहरू प्रकाशित गरेर नारीहरूको दिनचर्या एवं सामाजिक जीवन आदिको अवस्थाको अवलोकन गराउन पनि बिर्सेका छैनन् । यसैगरी राजनैतिक जीवन एवं धार्मिक आस्था र अवस्थाको पनि अवबोध गराएका छन् । यतिमात्र होइन 'बौद्ध दर्शन तथा अन्य भारतीय दर्शन' नामक पुस्तक लेखी विभिन्न धर्मको तुलनात्मक अध्ययन गर्न पाउने सुनौलो मौका समेत दिंदै राजनैतिक जीवन तथा आस्थाको समेत अवलोकन गराएका छन् । यसको साथ साथै दुनियाँमा अर्काको मुख ताकेर बाँच्नु मूर्खताको परिचय दिनु मात्र हो भन्ने जस्ता सामाजिक उपदेशहरू पनि दिएका छन् । यति मात्र पनि होइन यिनले बुद्धधर्म प्रचारको निमित्त मौलिक एवं अनुवादित धेरै पुस्तकहरू लेखेको विषयलाई पनि इतिहासले संगालेको छ । विशेष गरेर यिनको बौद्धिक योगदानलाई इतिहासले कहिल्यै नबिर्सने भएपनि यी विद्वान् आफैले भने सन् १८८९ मा पाठकहरूलाई र भारतलाई मात्र होइन विश्वलाई नै बिर्सिदिएको कुरालाई पनि इतिहासले नै संगाली राखेको छ । जे होस् मृत्यु अवश्यम्भावी छ, त्यसैले बाँचुञ्जेल मानिसले सत्कार्य मात्र गर्न सिक्नु पर्छ र गर्नु पर्छ भन्ने शिक्षालाई यिनको जीवनीले संगालेको छ ।



Downloaded from http://dhamma.digital

मध्यम वर्गीय परिवारमा जन्म लिएका बर्मी नागरिक मिगुन विहारका प्रमुख थेरवादी मतावलम्बी मिगुन संयादो भदन्त चिवित्तसाराभिवंश महास्थविरको सन् १९९९ फेबुवरी ९ मा मृत्यु भएपनि यिनका 'महाबुद्धवंश' जस्ता पुस्तकहरूले यिनलाई जीवित बनाइरहेका छन् । यसैगरी शिक्षा, स्वास्थ्य एवं सामाजिक सुधारको निमित्त पनि निकै लागिपरेको अनुभव हुन्छ । छोटकरीमा भन्नुपर्दा बुद्धधर्म उत्थानको निमित्त विशेष योगदान दिने भिक्षुहरूमध्ये नाम लिन लायक भएको कुरा यिनको जीवन चरित्रले देखाइदिएको छ र थेरवादी सिद्धान्तलाई पनि राम्ररी अंगालेको पाइएको छ । राम्रो काम गर्ने व्यक्तिले कहिले पनि असन्तोषको बाटो देख्नु पर्दैन भन्ने भावनालाई यी विद्वान्को जीवनले सम्झाएको छ ।

श्रीलंका कै नागरिक के.श्री. धम्मानन्दले लिखित र प्रचारको आधारमा बुद्धधर्ममा महत्वपूर्ण योगदान दिने यिनको कृतिहरू २५ वटा भन्दा बढी छन् र यी विद्वान् पनि हुन् । यिनलाई भिक्षु बन्न प्रेरणा दिने यिनकै मामा के. धम्म रतन् महाथेर हुन् । अति संक्षिप्त रूपमा यिनलाई चिन्नु पर्दा बुद्धधर्मको प्रचारमा यिनको महत्वपूर्ण स्थान रहेको छ र दार्शनिक, वैज्ञानिक, सामाजिक शैक्षिक आदिजस्ता विषयको प्रवर्द्धनमा पनि महत्वपूर्ण देन रहेको अनुभव हुन्छ– यिनको जीवन वृत्तान्तबाट ।

अन्तर्राष्ट्रिय क्षेत्रबाट आफ्नै देश-नेपालतिर फर्केर हेर्दा काठमाडौं निवासी बुद्धमार्गी (हीनयान, महायान र वज्रयान तीनै यान मान्ने) ज्ञानज्योति कंसाकारले आफ्नो व्यापारको क्रममा ल्हासादेखि कालिम्पोङ, कलकत्ता हुँदै काठमाडौंसम्म बुद्ध-धर्मको प्रचारमा निकै योगदान दिने क्रममै ८४ वर्षको उमेरमा यिनले यस संसारलाई छोडेका हुन् ।

यसै सिलसिलामा हेर्दा अर्को बुद्धमार्गी (हीनयान, महायान र बज्रयान तीनै यान) मान्ने प्रा. आशाराम शाक्यले बुद्धधर्म प्रचारको निमित्त लिखित एवं मौखिक दुवै उपाय प्रयोग गर्दागर्दै ७९ वर्षको उमेरमा यिनको देहान्त भएको हो र यस्ता सक्रिय व्यक्ति बुद्धधर्ममा पाउन समय पर्खनु पर्छ ।



Downloaded from http://dhamma.digital

यसैगरी थेरवादी नेपाली भिक्षुहरूको क्रियाकलापलाई हेर्दा भिक्षु सुमंगल महास्थविर ६९ वर्षको उमेरमा मृत्यु भएपनि थेरवादी बुद्धधर्मको प्रचारको साथै अन्तर्राष्ट्रिय क्षेत्रको भ्रमणबाट धेरै ज्ञान आर्जन गर्ने व्यक्तित्वको रूपमा देखिन्छन् । जसले गर्दा नेपालमा थेरवादीहरूको विशेष प्रचार भएको अनुभव हुन्छ ।

यसैगरी पाटन निवासी रूद्रराज शाक्यबाट भिक्षु सुदर्शन महास्थविर बनेका थेरवादी यिनले बुद्ध धर्मको प्रचारको निमित्त साहित्यिक, सांस्कृतिक र पुरातात्विक पक्षको आधार लिएका छन् र यिनको जन्म वि.सं. १९९१ मा भएको हो भने वि.सं. २०५९ श्रावणमा यिनको मृत्यु भएको हो । नेपालका भिक्षुहरूमध्ये सक्रिय भिक्षुको रूपमा चिनिने यिनले बुद्धधर्मको प्रचार-प्रसार कार्यमा दिएको योगदान अविस्मरणीय रहेको छ ।

अन्तमा, यस संग्रहको अन्तिम व्यक्तिको रूपमा रहनुभएका भिक्षु ज्ञानपूर्णिक महास्थविरले बुद्धधर्म प्रचार-प्रसार कार्यमा दिनुभएको योगदानको बारेमा पनि यस संग्रहमा राम्ररी उल्लेख गरिएको छ ।

प्रस्तुत बौद्धजगत्का स्मरणीय व्यक्तिहरू शीर्षक पुस्तिकाले उक्त विभिन्न युग (शताब्दी) का विद्वान्हरूको समय अनुसारको उपदेश, प्रेरणा आदिको आधारमा समाजलाई कर्तव्यबोध गराई अकर्तव्यबाट हटाउन निकै ठूलो प्रयास गर्दै आएको बुझिन्छ र यसको निमित्त काम, क्रोध, लोभ, मोह आदि जस्ता दुर्गुणहरूलाई पंचशील र अष्टशीलको आधारमा सामाजिक चरित्रको उत्थान गर्ने अठोट यसले लिएको देखिन्छ । यसैगरी मानव उन्नतिको निमित्त समय अनुसार आवश्यक हुन आउने विषयहरूको सद्ज्ञान मानव जातिलाई नै दिँदै जानुपर्ने जस्ता विचारहरूको संगालोको रूपमा प्रस्तुत संग्रह देखिएको छ । यसैले यस पुस्तिकालाई पढ्दा विभिन्न देश (अन्तर्राष्ट्रिय क्षेत्र) का विभिन्न १८ व्यक्तिहरूको सदाचार सम्बन्धी क्रियाकलापले पाठकहरूलाई अवश्य नै आफूतिर आकर्षित गराउने छ भन्ने विषयमा विश्वस्त हुनसक्ने आधारहरू धेरै नै छन् ।



Downloaded from http://dhamma.digital

यसै क्रममा हेर्दा जीवनको रूप विराट छ, यस विराट कार्यक्षेत्रमा हामीले भ्रमवश कुनै आक्रोश या कुनै विवेकजन्य ढंगले होस् आधुनिकतम सद्विवेक र शिक्षालाई मानवसमाजले ग्रहण गर्नसक्ने आधार लिई पारस्परिक सोचाईमा यसलाई छोड्न सक्नु पर्छ अन्यथा यसको मूल्यांकनको जुन परिपाटी छ त्यो पुरा हुन सक्तैन । यसको आधारमा विचार गर्दा धार्मिक क्षेत्रमा पनि सामाजिक दृष्टिकोण यथार्थपरक एवं समाजपरक हुनु आवश्यक छ जसले गर्दा मानिसलाई उत्प्रेरित गर्न थाल्दछ भन्ने कुरा पनि यसै संगालोले प्रतिध्वनित गरेको छ ।

यसै प्रसगमा हेर्दा सामाजिक एवं धार्मिक (बुद्ध-धर्म) उन्नति हुने विषयहरूको अवबोध गराउने धेरै उपायहरूलाई यस संग्रहले संगालेर राखेको आभास हुनुको साथै 'गच्छन् पिपिलिका पङ्ति समुद्रमपि लंघयेत' भन्ने भनाइको समर्थन यहीं पाइन्छ, अनि पाइन्छ - सबैलाई उपयुक्त कार्यमा अग्रसर हुन आव्हान पनि गरेको । यसरी हेर्दै जाने क्रममा सिंहावलोकन गर्दा अप्रमादलाई त्यागी प्रमादी बन्न सकेमात्र जीवन सार्थक हुन्छ र आत्मसंयमी बन्ने व्यक्तिलाई दुःखले कहिल्यै पनि दुःख दिन सक्तैन भन्ने जसता उपदेशहरूलाई पनि यस संग्रहले संग्रह गर्न भुलेको छैन ।

प्रस्तुत बौद्धजगत्का स्मरणीय व्यक्तिहरू नामक संग्रहित पुस्तिकालाई प्रारम्भदेखि समाप्तनहुञ्जेल सम्म सरसर्ती पढ्दा बुद्ध-धर्मको प्रमुख मार्ग हीनयान र महायानको प्रचार-प्रसार गर्न खोजेको कल्पना गरेपनि 'गाउँ तेरो नाम मेरो' भन्ने उखान जस्तै बुद्धधर्मको प्रचार भन्दा बढी व्यक्ति प्रचारले विशेष महत्त्व पाएको विषयको अनुभव गराउन नबिर्सेको कुराको साक्षी प्रस्तुत संग्रह नै भएको छ । यसै क्रममा पढ्दै जाँदा यस संग्रह भित्रका १८ विद्वान् व्यक्तिहरूको जीवनीले केवल उनीहरूले भ्रमण गरेको ठाउँ, त्यहाँको भौगोलिक वातावरण उनीहरूले लेखेका पुस्तकहरू एवं लेख आदिको साथै बुद्धधर्मको निमित्त दिएको योगदानको चर्चा परिचर्चाको संकेत पाइए पनि बुद्धधर्मका दर्शनसम्बन्धी जस्ता खास खास विशेषताहरूको अध्ययन गर्न चाहनेहरूलाई मौका दिइएको छैन भने पनि हुन्छ । यहाँ केवल थेरवादी र



Downloaded from http://dhamma.digital

महायानी व्यक्तित्वको विवरणात्मक परिचय सम्म पाइए पनि यसको सिद्धान्त बारे विशेष उल्लेख भएको पाइएन यसबारे सामान्य उल्लेख गरिदिएको भए 'सुनमा सुगन्ध' भने जस्तै हुने थियो ।

अहिलेको युग व्यावहारिक रूपमा व्यक्ति पूजाको युग हो जहाँ गएपनि बसे पनि यही नै पाइन्छ । यसै प्रसंगमा बुद्ध धर्मलाई हेर्दा पनि बुद्ध दर्शन र धर्मको मात्र बढी प्रचार भएको छ तर ध्यान आदि विषयहरूमा उति चासो देखाएको पाइदैन बुद्धमार्गीहरूको संख्यात्मक दृष्टिकोणले हेर्दा । किनभने यहाँ ध्यान भन्दा बढी पुजापाठ मै मानिसहरूलाई आकर्षित गराउइको अनुभव हुन्छ । यो बुद्धधर्मको उद्देश्य नै होइन, हो भने केही व्यक्तिको फाइदाको लागि मात्र हो । यसै प्रसंगमा पंचशील र अष्टशीलको कुरा गर्दा पनि हरेक व्यक्तिले बुद्धधर्म सम्बन्धी व्याख्या गर्दा पञ्चशील र अष्टशील शब्दको मात्र प्रयोग गर्छन् तर पालना गर्नेहरू भने ५ प्रतिशत पनि हुँदैनन् । यसैले सबैलाई पंचशील र अष्टशील अनुसार आचरण गराउन सके बुद्धधर्मको विकास मात्र होइन देशकै विकास हुने कुरा हो । यसैले पंचशीललाई सामाजिक एवं व्यावहारिक चरित्रमा ढाल्नु पर्छ जसबाट समाजलाई अनुशासित बनाउन महत्वपूर्ण योगदान मिल्न सक्नेछ भन्ने मेरो आन्तरिक विचार हो । यसकारण त्यसलाई व्यावहारिक रूपमा परिणत गर्न सक्नु पर्छ । अन्यथा मानिसलाइ शील, समाधि र प्रज्ञाको बाटोमा हिंडाउन खोजे पनि 'भन्ने भन्दैछ आफ्नो काम बन्दैछ' भन्ने भनाइ चरितार्थ हुनेछ । अस्तु ॥

'भवतु सब्ब मंगलं'

१५ भाद्र २०६६ — प्रा. वटुकृष्ण शर्मा

स्वयम्भू, काठमाडौं



Downloaded from http://dhamma.digital

# दुई शब्द

बुद्ध धर्मको प्रचार-प्रसार, बौद्ध दर्शनको विकास-विस्तार, त्यस्तै बौद्ध संस्कृतिको समुचित-संवृद्धिमा योगदान गर्ने विभिन्न देशका बौद्ध व्यक्तित्वहरूको जीवनी लेख्ने क्रममा पुनः यहाँहरूको समक्ष "बौद्धजगत्का स्मरणीय व्यक्तिहरू-पाँचौं भाग" प्रस्तुत गर्न पाएकोमा अति हर्षित छु ।

यसको पूर्वप्रकाशित भागहरूमा जस्तै यसमा पनि एक प्राचीन बौद्ध दार्शनिक, बुद्धशासनको निम्ति योगदान गर्ने एक नेपाली विशिष्ट उपासक व्यक्तित्व, एक रसियन बौद्ध विद्वान् व्यक्तित्व (भाग ३ मा बाहेक) र एक बौद्ध महिला व्यक्तित्व पनि समावेश गरी जम्मा १८ जना स्वदेश एवं विदेशका बौद्ध व्यक्तित्वहरूको जीवनी यस पुस्तकमा प्रस्तुत गरेको छु ।

यी जीवनीहरूलाई पूर्व प्रकाशित भागहरूमा जस्तै ज्येष्ठताको क्रमबाट नै प्रस्तुत गरेको छु । यी जीवनीहरूमा ९ जनाको जीवनी नेपालको बौद्ध मासिक पत्रिकाद्वय "आनन्दभूमि" र "धर्मकीर्ति" एवं "ज्योति उदय", "शान्ति सन्देश", "वैशाख महोत्सव" आदिका साथ पोखराको युवा बौद्ध संघको "दशक स्मारिका", युवा बौद्ध समूह, काठमाडौं, भिक्षु सुमंगल महास्थविर-स्मृतिग्रन्थमा प्रकाशित भइसकेका थिए भने बाँकी ९ जनाको जीवनी अप्रकाशित नै थिए ।

उपर्युक्त विभिन्न पत्रिका, स्मारिका आदिमा प्रकाशित ९ जना व्यक्तित्वहरूको जीवनीमा आवश्यकताअनुसार केही थपघट पनि गरेको छु ।



Downloaded from http://dhamma.digital

मेरा कृतिहरूमा विशेषतः बौद्धजगत्का स्मरणीय व्यक्तिहरू - पहिलो, दोस्रो र तेस्रो भागलाई पाटनमा वर्षैनी हुँदै आइरहेको बुद्ध र बुद्ध-धर्म सम्बन्धी बौद्ध हाजिरीजवाफ प्रतियोगितामा पाठ्यक्रमको रूपमा समावेश गरिसकिएको छ । ती प्रतियोगितामा सहभागी भई ती प्रकाशित जीवनीहरू अध्ययन गरिसकेका पाटनका केही मित्रहरूले सो पुस्तकको अध्ययन-मननबाट आफूहरूलाई विशेष प्रभाव पारेको कुराको जानकारी सुन्न पाउँदा म आफूलाई धर्मप्रीति उत्पन्न भएको छ ।

आशा छ, यस्तैप्रकारले अन्य मित्रहरूले पनि स्वदेशका मात्र होइन विदेशका बौद्ध विद्वान्, अन्वेषक, पुरातत्वविद्, दाता आदि व्यक्तित्वहरूको प्रेरणालाई हृदयंगम गरी उहाँहरूको कृतिहरूको संकलन, ती कृतिहरूको अध्ययन मनन गरी सद्धर्म चिरस्थायी गर्नमा प्रेरक बन्ने किसिमको चारित्रिक निर्माण कार्यमा पनि लाग्नुभएमा आफ्नो प्रयास फलिभूत भएको सम्झन्छु ।

अन्तमा, यस कृतिलाई यहाँहरूको समक्ष सन्तोषजनक रूपमा प्रस्तुत गर्न पाएकोमा, पुस्तकको सारको रूपमा भूमिका लेखिदिनु हुने प्रा. बटुकृष्ण शर्मा 'भूषण' ज्यू, पुस्तक 'सुखी होतु नेपाल' को तर्फबाट प्रकाशित गर्न दाता हुनु हुने पेमा श्रेष्ठ एवं उहाँका सपरिवार एवं पुस्तक प्रकाशनसम्बन्धी महिनौंदेखि चिन्तन मनन गरी साकार रूप ल्याइदिनुभएका भिक्षु कोण्डन्य, भिक्षु निग्रोध प्रति विशेष कृतज्ञ छु । प्रूफ कार्यमा सहयोगी छोरी संजिनालाई पनि धन्यवाद छ ।

- भवतु सब्ब मङ्गलं -

**- रत्नसुन्दर शाक्य**

३० श्रावण २०६६
नागपोखरी, भक्तपुर-४



Downloaded from http://dhamma.digital

# बौद्धजगत्‌का
# स्मरणीय व्यक्तिहरु

## - प्रथम भाग -

### व्यक्तित्व-क्रम

| | | |
|---|---|---|
| १) | आचार्य दीपङ्कर श्रीज्ञान | (सन् ९८२-१०५४) |
| २) | जनरल अलेक्जेण्डर कनिंघम | (सन् १८१४-९३) |
| ३) | फ्रेडरिक मैक्समूलर | (सन् १८२३-१९००) |
| ४) | सर इडविन आर्नल्ड | (सन् १८३२-१९०४) |
| ५) | कर्नल हेनरी स्टील अल्कोट | (सन् १८३२-१९०७) |
| ६) | भिक्षु महावीर महास्थविर | (सन् १८३३-१९१९) |
| ७) | इवान पाब्लोविच मिनायेफ | (सन् १८४०-९०) |
| ८) | डा. टी. डब्ल्यू. रीस डायविड्स | (सन् १८४३-१९२२) |
| ९) | मेरी ऐलिजावेथ फोस्टर | (सन् १८४४-१९३०) |
| १०) | धर्ममान साहू | (सन् १८६१-१९३७) |
| ११) | आचार्य सिलभेन लेवी | (सन् १८६३-१९३५) |
| १२) | अनागारिक धर्मपाल | (सन् १८६४-१९३३) |
| १३) | डा. पाँल ढाल्के | (सन् १८६५-१९२८) |
| १४) | लु. धम्मानन्द महास्थविर | (सन् १८६९-१९४५) |



Downloaded from http://dhamma.digital

# बौद्धजगत्का
# स्मरणीय व्यक्तिहरु

## - दोस्रो भाग -

### व्यक्तित्व-क्रम


| | | |
|---|---|---|
| १) | आचार्य धर्मकीर्ति | (सन् सातौं शताब्दी) |
| २) | आचार्य थियोडर श्वेर्वात्स्की | (सन् १८६६-१९४२) |
| ३) | भिक्षु आनन्द मेत्तेय्य | (सन् १८७२-१९२३) |
| ४) | भिक्षु बोधानन्द महास्थविर | (सन् १८७४-१९५२) |
| ५) | आचार्य धर्मानन्द कौशाम्बी | (सन् १८७६-१९४७) |
| ६) | भिक्षु ञानातिलोक महास्थविर | (सन् १८७८-१९५७) |
| ७) | भाजुरत्न साहू | (सन् १८८३-१९५६) |
| ८) | भिक्षु ताई-शू | (सन् १८८८-१९५६) |
| ९) | आचार्य नरेन्द्रदेव | (सन् १८८९-१९५६) |
| १०) | क्यान्छ्या लामा | (सन् १८९१/९२-१९४१) |
| ११) | मिस् आई.बी. हर्नर | (सन् १८९६-१९८१) |
| १२) | भदन्त डी. शासनश्री महास्थविर | (सन् १८९९-१९६६) |
| १३) | क्रिसमस हम्फ्रे | (सन् १९०१-८३) |
| १४) | धर्मादित्य धर्माचार्य | (सन् १९०२-६३) |
| १५) | फ्रान्सिस स्टोरी | (सन् १९१०-७१) |
| १६) | डा. भिक्षु धर्मरक्षित | (सन् १९२३-७७) |




Downloaded from http://dhamma.digital

# बौद्धजगत्का
# स्मरणीय व्यक्तिहरु

**- तेस्रो भाग -**

**व्यक्तित्व-क्रम**


| | | |
|---|---|---|
| १) | आचार्य शान्तरक्षित | (सन् ६५०-७५०) |
| २) | हिक्कडुवे श्री सुमंगल महास्थविर | (सन् १८२७-१९११) |
| ३) | भदन्त लेदी सयादो महास्थविर | (सन् १८४६-१९२३) |
| ४) | प्रो. लक्ष्मी नरसू | (सन् १८५९-१९३४) |
| ५) | भिक्षु कृपाशरण महास्थविर | (सन् १८६५-१९२६) |
| ६) | डा. वेणीमाधव बरूआ | (सन् १८८८-१९४८) |
| ७) | भिक्षु श्रीनिवास नायक महास्थविर | (सन् १८९४-१९६८) |
| ८) | भिक्षु नारद महास्थविर | (सन् १८९८-१९८३) |
| ९) | प्रो. जी. पी. मललशेखर | (सन् १८९९-१९७३) |
| १०) | ब्रम्हचारी देवप्रिय बलिसिन्हा | (सन् १९०४-६८) |
| ११) | भदन्त ऊ. सोभन महास्थविर | (सन् १९०४-८२) |
| १२) | डा. भिक्षु वालपोल राहुल | (सन् १९०७-९७) |
| १३) | भिक्षु पञ्ञा मेत्तेय्य | (सन् १९१०-५०) |
| १४) | भिक्षु एम्. संघरत्न नायक महास्थविर | (सन् १९११-८५) |
| १५) | भिक्षु सोमदेच फ्रा ञाणसंवर महास्थविर | (जन्मः- सन् १९१३) |
| १६) | डा. भिक्षु धर्मरत्न | (सन् १९१७-८५) |
| १७) | मणिहर्ष साहू | (सन् १९१७-९३) |
| १८) | आचार्य भिक्षु अमृतानन्द महास्थविर | (सन् १९१८-९०) |
| १९) | भिक्षु संघरक्षित महास्थविर | (जन्मः- सन् १९२५) |
| २०) | डा. विद्यावती 'मालविका' | (सन् १९३०-७६/७७) |




Downloaded from http://dhamma.digital

# बौद्धजगत्का
# स्मरणीय व्यक्तिहरु

**- चौथो भाग -**

**व्यक्तित्व-क्रम**

| | | |
|---|---|---|
| १) | आचार्य नागार्जुन | (इशापूर्व ८३-१९६ ई.) |
| २) | मिसेज् रीस डायुविड्स | (सन् १८५८-१९४२) |
| ३) | सेर्गेई फ्योदोरोविच ओल्देनवर्ग | (सन् १८६३-१९३४) |
| ४) | डा. काशीप्रसाद जायसवाल | (सन् १८८१-१९३७) |
| ५) | भिक्षु उत्तम महास्थविर | (सन् १८६५/७०-१९३९) |
| ६) | मानदास उपासक | (सन् १९००-७५) |
| ७) | भिक्षु विशुद्धानन्द महास्थविर | (सन् १९०९-९४) |
| ८) | भिक्षु एन्. जिनरत्न नायक महास्थविर | (सन् १९१३-८३) |
| ९) | डा. भदन्त एच. सद्धातिस्स नायक महास्थविर | (सन् १९१४-९०) |
| १०) | भिक्षु प्रियदर्शी महास्थविर | (सन् १९१४-९८) |
| ११) | भिक्षु एल्. आर्यवंश नायक महास्थविर | (सन् १९१५-९४) |
| १२) | भिक्षु महानाम महास्थविर 'कोविद' | (सन् १९१७-९६) |



Downloaded from http://dhamma.digital

# विषय - सूची


| विषय | | पाना नं. |
|---|---|---|
| अ) | साधुवादपूर्ण शूभेच्छा ! | |
| आ) | प्रकाशकीय | |
| इ) | भूमिका | (क) |
| ई)) | दुई शब्द | (त) |
| १) | आचार्य शान्तिदेव | १-८ |
| २) | भिक्षु श्रद्धानन्द | ९-१४ |
| ३) | सर आशुतोष मुकर्जी | १५-२१ |
| ४) | भिक्षु इकाई कावागुची | २२-३२ |
| ५) | एफ.एल. वुडवार्ड | ३३-३८ |
| ६) | डा. नलिनाक्ष दत्त | ३९-४४ |
| ७) | सयाजी ऊ बा खिन | ४५-५४ |
| ८) | डा. जार्ज रोयरिक | ५५-६३ |
| ९) | सिस्टर वजिरा | ६४-६६ |
| १०) | बर्मी भू.पू. प्रधानमन्त्री ऊ नु | ६७-७३ |
| ११) | डा. भरतसिंह उपाध्याय | ७४-७९ |
| १२) | भदन्त मिंगुन सयादो | ८०-९१ |
| १३) | भिक्षु के. श्री धम्मानन्द | ९२-१०० |
| १४) | ज्ञानज्योति साहू | १०१-११२ |
| १५) | प्रा. आशाराम शाक्य | ११३-१२३ |
| १६) | भिक्षु सुमंगल महास्थविर | १२४-१३२ |
| १७) | भिक्षु सुदर्शन महास्थविर | १३३-१४० |
| १८) | भिक्षु ज्ञानपूर्णिक महास्थविर | १४१-१५१ |
| परिशिष्ट-१ : | बौद्धजगत्का स्मरणीय व्यक्तिहरू अध्ययन गर्दा | I |
| परिशिष्ट-२ : | बौद्धजगत्का स्मरणीय व्यक्तिहरू (दोस्रो भाग) अध्ययन गर्दा | V |
| परिशिष्ट-३ : | लेखकका प्रकाशित पुस्तकहरू | VIII |




Downloaded from http://dhamma.digital



आचार्य शान्तिदेव

(सातौं शताब्दी)

Downloaded from http://dhamma.digital

# आचार्य शान्तिदेव

भारतका प्राचीन बौद्ध दार्शनिकहरूमा सातौं शताब्दीका आचार्य शान्तिदेव पनि एक प्रमुख हुनुहुन्छ । उहाँको जन्म बोधगयाको उत्तरतर्फस्थित सौराष्ट्रमा भएको थियो । उहाँ सोही देशका राजा कुशल वर्मा र रानी वज्रयोगिनीका सुपुत्र थिए । राजा–रानीद्वारा आफ्नो पुत्रलाई "शान्तिवर्मा" नामकरण गरिएको थियो ।

६ वर्षको उमेरमा शान्तिवर्मालाई राजा-रानीले एक सुविख्यात योगीको हातमा सुम्पी आवश्यक शिक्षा-दीक्षा दिन लगाएका थिए । उहाँ (शान्तिवर्मा) राजगद्दीका उत्तराधिकारी पनि थिए । अतः राजा कुशलवर्माको निधनपश्चात् उहाँलाई राज्याभिषेक दिन तयारी गरिरहेको समय उहाँले एक सपना देखे जुन सपनामा उहाँकी आमाको भेषमा आई एक देवीले उहाँको शरीरमा तातो पानी खन्याउँदै भनेका थिए - "राज्यपद भनेको यस्तै किसिमको तातोपानी सरह हो, यसलाई नरकको ज्वाला (ताप) सम्झी राज्य त्याग गरेर जानू ।"

जब शान्तिवर्मा निद्रा (सपना) बाट ब्युँझे तब उहाँले राज्याधिकारबाट हुन आउने गतिविधिहरूलाई अवगत गरी राज्यपदलाई साँच्चै नै विषालु रूख समान सम्झी तत्कालै राजगद्दी छोडी भागे । उहाँ देशबाट निकै दूर गए । राज्य त्याग गरेको २१ दिनपछि उहाँ एक जंगलमा घुम्दै रहेको बेला



Downloaded from http://dhamma.digital

प्यासले छटपटिए, ठीक त्यसैबेला उहाँले एक झरना देखे त्यस झरनाको पानी पिउन खोजेको मात्र के थियो एक केटी आई उहाँलाई सो पानी नपिउन आग्रह गरे कारण सो पानी विषालु रहेछ । उक्त केटीले उहाँलाई कहीबाट प्यास मिटाइ दिए र उहाँलाई सोही जंगलमा रहँदै आउनुभएका आफ्ना गुरू योगी मञ्जुवज्रकहाँ पुऱ्याइ दिए । मञ्जुवज्रको नाम सुन्नासाथै शान्तिवर्मा निकै प्रसन्न भए कारण उहाँ दरवारमा रहनुभएको बेलामै उहाँको प्रसिद्धि सुनिसकेको थियो । अतः उक्त केटीका साथ उहाँ तुरून्तै मञ्जुवज्रको कुटीमा पुग्न आतुर भएका थिए ।

शान्तिवर्मा योगी मञ्जुवज्रकहाँ १२ वर्षसम्म रही अनेक प्रकारका ज्ञान-ध्यान लाभ गरिसकेपछि गुरूको आज्ञानुसार मध्यदेश (मगध) गए । त्यसताका मध्यदेशका राजा पंचसिंह थिए । उहाँले शान्तिवर्माको योग्यतालाई कदर गरी उहाँलाई पनि आफ्नो एक राउट (मंत्री) बनाए । शान्तिवर्मा राउट भएदेखि राजा पंचसिंहको राज्यस्थिति निकै प्रगति भएको कारण शान्तिवर्माले देश उन्नत एवं समृद्ध पार्नको निमित्त विविध प्रकारका कलाकौशल एवं व्यापार कार्यमा वृद्धि गराइएको थियो ।

यसप्रकार आफ्नो दूरदर्शी ज्ञान एवं धर्माचरणबाट देशलाई राम्रो स्थितिमा पुऱ्याउँदै लगेको देखी राजाका अन्य मन्त्रीहरूलाई असह्य भयो । अतः तितीहरूले शान्तिवर्माको बारेमा राजाकहाँ अनेकौं भए नभएको चुगली कुरा पुऱ्याए जसमा एक शान्तिवर्मासित रहेको तलवारको बारेमा पनि थियो ।

स्मरणीय छ, शान्तिवर्मालाई योगी मञ्जुवज्रले मञ्जुश्रीको प्रज्ञाको प्रतीकको रूपमा रहेको एक काठको तलवार उपहार स्वरूप दिइ पठाएका थिए । सो तलवार शान्तिवर्माले कसैलाई देखाएका थिएनन् सिर्फ काठको मात्र भएको कुरा अवगत गराइराखेका थिए । यसै कुरालाई लिएर ती ईर्ष्यालु मन्त्रीहरूले राजा समक्ष सो तलवारको आधारमा शान्तिवर्माले (युद्ध



Downloaded from http://dhamma.digital

गर्नु परेमा) केही गर्न नसक्नेकुरा अवगत गराएका थिए । यस उसले राजा पंचसिंहले (परीक्षाको निमित्त) सबै राउटहरूले आ-आफ्नो तलवार देखाउन बाध्य गराए ।

शान्तिवर्माले राजालाई आफ्नो तलवार नहेर्न आग्रह गरे, तर राजा पंचसिंहले उहाँको कुरालाई स्वीकार गरेन तब शान्तिवर्माले राजालाई एउटा आँखाले मात्र हेर्न आग्रह गरे कारण प्रज्ञाका प्रतीक सो काठको तलवारको चमकबाट राजाको आँखा गुम् (नष्ट) हुनेकुरा शान्तिवर्मालाई अवगत थियो । अतः उहाँले राजालाई अन्धो हुनबाट बचाई कानो मात्र हुने गरी, तलवार देखाए । यसबाट राजा शान्तिवर्मासित भन् प्रभावित भए । राजाले शान्तिवर्मालाई पहिलेको भन्दा बढी मानसम्मान गरे तर शान्तिवर्मा त्यसपश्चात् राजाको राउट बनी रहन चाहेनन् उहाँले आफ्नो तलवारलाई दुई टुक्रा पारी, राजालाई पनि धर्मानुसार राज्य संचालन गरिरहने सल्लाह दिई नालन्दा तर्फ प्रस्थान गरे ।

उहाँ नालन्दा पुगी त्यहाँका एक प्रमुख आचार्य जयदेवको शिष्यत्व ग्रहण गरी प्रव्रज्या एवं उपसम्पन भई 'भिक्षु शान्तिदेव' हुनुभयो । उहाँले त्रिपिटक अध्ययनको साथै तन्त्रको पनि विशेष अध्ययन गर्नुभएको थियो । उहाँ एकान्तप्रिय व्यक्ति थिए । अतः उहाँ नालन्दाको कुनै एकान्त ठाउँमा भोपड़ी बनाई शान्तिका साथ रहने गरेका थिए । पछि आएर केही भिक्षुहरूले उहाँलाई 'भु-सु-कु' उपनाम दिए अर्थात् न काम, न ध्यान, न अध्ययन सिर्फ खाने, सुत्ने र हिड्डुल गर्ने व्यक्ति मात्र सम्भे ।

अतः तीनै भिक्षुहरूले शान्तिदेवलाई नालन्दाको भिक्षुसमुदायबाट नै निष्काशन गराउने हेतु एक योजना बनाए जुन योजनानुसार शान्तिदेवलाई नालन्दा महाविहारको उत्तर-पूर्व कुनामा अवस्थित एक ठूलो धर्मशाला जहाँ प्रत्येक वर्षको ज्येष्ठ शुक्लाष्टमीका दिन 'प्रातिमोक्ष सूत्र' देशना एवं व्याख्यानको कार्यक्रम हुनेस्थानमा जर्बदस्ती धर्माशनमा बस्न लगाई धर्मव्याख्यान



Downloaded from http://dhamma.digital

दिन बाध्य गराए । तिनीहरूको आशय थियो – भिक्षु शान्तिदेवले सो आशनमा रहीं केही बोल्न सक्दैन र तत्पश्चात् एक आपसमा हेरी ताली बजाई लज्जित गर्ने ।

शुरूमा त आचार्य शान्तिदेवले आनाकानी पनि गरिरहे तर पछि जब बाध्य नैं गराए तब उहाँले पनि गम्भीर भई सम्बोधन गरी सोधे–

'तपाईहरू के सुन्न चाहनुहुन्छ ? आर्ष या अर्थांष (बुद्धवचन या बुद्धवचनको व्याख्या) ?

सबैले अर्थांष सुन्ने आग्रह गरे ।

तब उहाँले 'बोधिचर्यावतार' को पाठ शुरु गर्नुभयो । उहाँलाई लज्जित गराउने हेतु धर्माशनमा रही व्याख्यान दिलाउन बाध्य गराएका ती भिक्षुहरू पनि पछि आएर आचार्य शान्तिदेवले दिएको 'बोधिचर्यावतार'को व्याख्यानबाट प्रभावित हुँदै गए । जब आचार्य शान्तिदेवले 'बोधिचर्यावतार' को नवम परिच्छेदको रूपमा रहेको 'प्रज्ञापारमिता' अन्तर्गत शून्यवादको बारेमा विलक्षण व्याख्या गर्दै थिए तब उहाँ धर्माशनबाट अलग्ग हुँदै गए पछि त अदृश्य समेत भई सिर्फ स्वरमात्र सुनाउँदै लगे । 'बोधिचर्यावतार'को व्याख्यानको समाप्तिपश्चात् आचार्य शान्तिदेव नालन्दामा रहन चाहनुभएन । अतः उहाँ ध्यानबलद्वारा आकाशमार्गबाट कलिङ्गको एक जंगलमा रहन गए ।

पछि नालन्दावासीहरूले सो कुराको जानकारी भइसकेपछि उहाँलाई फर्काउन नालन्दाका ३ जना पण्डितहरू उहाँ समक्ष पुगे । तर आचार्य शान्तिदेवले नालन्दा फर्कन अस्वीकार गरे, बरु नालन्दास्थित आफ्नो कुटीमा रहेको आफ्नो ३ वटा ग्रन्थ (बोधिचर्यावतार, शिक्षा समुच्चय र सूत्र समुच्चय) को पठनपाठन गराउन सल्लाह दिए । उहाँको यी ३ कृतिहरूमा 'बोधिचर्यावतार' र 'शिक्षा समुच्चय' मात्र हाल बौद्धजगत्मा उपलब्ध छन् यसमा 'बोधिचर्यावतार' ग्रन्थ विश्वको कयौ भाषामा (मूल संस्कृतबाट) अनुवाद एवं प्रकाशन भइसकेको कुरा शायद यहाँलाई अवगतै होला ।



Downloaded from http://dhamma.digital

आचार्य शान्तिदेव नालन्दापश्चात् कलिङ्गको जुन जङ्गलमा रहनुभएको हो त्यहाँ नजिकै अन्य ५०० भिक्षुहरू पनि अनेक कुटी (विहार) बनाइ रहँदै आएका थिए । त्यहाँ पनि केही भिक्षुहरूले उहाँको कुटी एवं गुफाभित्र केही जनावरहरू गएको तर नफर्केको देखी उहाँ माथि (हिंसा गरेको) शंका गरे तर पछि गुफा भित्र हेर्न जाँदा ती जनावरहरू सबै यथावत स्थितिमा रहेको देखे । यस किसिमले आफू ऊपर यहाँ पनि केही भिक्षुहरूले शंका-उपशंका गरेबाट विरक्त भई आचार्य शान्तिदेवले सो जंगलमात्र होइन भिक्षुभेष नै त्यागी एक घुमक्कडको रूपमा दक्षिण भारततर्फ प्रस्थान गरेका थिए ।

एक दिन आचार्य शान्तिदेव योगीभेषमा चारिका गरिरहनुभएको बेला उहाँको एक अदभुत प्रतिभा देखी एक गृहस्थले उहाँको शिक्षा-दीक्षा एवं उहाँको पूर्वस्थितिको बारेमा पनि थाहा पाउने अवसर प्राप्त गरे ।

त्यसताका दक्षिण-भारतमा शंकरदेव नामक एक अबौद्ध पण्डित रहेका थिए जसले बौद्धहरूसित शास्त्रार्थ गर्न ललकार्दै रहेका थिए साथै शास्त्रार्थमा जसको विजय हुनेछ पराजयीले उसको धर्म अनुशरण गर्नुपर्ने र आफ्नो धार्मिक स्थलहरू पनि बन्द गर्नुपर्ने बारेमा अवगत गर्दै हिंडेका थिए । यसको खबर स्थानीय राजाको तर्फबाट बौद्ध समुदायमा पुऱ्याए, तर बौद्ध समुदायको तर्फबाट शास्त्रार्थको निमित्त कोही तयार नभएको कारण राजा निकै हताश भए । त्यसैबेला उपर्युक्त गृहस्थ महानुभावले बौद्धयोगी शान्तिदेवको बारेमा अवगत गराए । राजाले तुरुन्तै सो योगीलाई भेटाउन दूतहरू चारैतर्फ पठाए । निकै खोजविनपछि आचार्य शान्तिदेवलाई एक मगन्तेको रूपमा एक रूखमुनि बसेको भेट्टाए । शान्तिदेवले राजाद्वारा गरेको आग्रहलाई सहर्ष स्वीकार गरे ।

आचार्य शान्तिदेवले केही समयावधिभित्र नै राजा, मन्त्री एवं असंख्य दर्शकहरूको सामू शंकरदेवसित शास्त्रार्थमा मात्र होइन ध्यानबल (ऋद्धि) मा पनि पराजित गर्न सफल भएका थिए जसबाट शंकरदेव कै निर्णयानुसार



Downloaded from http://dhamma.digital

तिनीहरूको सम्पूर्ण मन्दिर बन्द गराउनुको साथै सबैलाई बुद्धधर्म स्वीकार गराए । जुन शहरमा शास्त्रार्थ भएको थियो त्यस स्थानलाई शताब्दियों सम्म 'अबौद्धहरूको पराजय स्थल' को रूपमा पहिचान गराइराखेको थियो ।

यस शास्त्रार्थमा विजय हुनुको अतिरिक्त आचार्य शान्तिदेवले अन्य केही अबौद्ध दार्शनिकहरूलाई पनि जीवनको यथार्थता बारे बुझ्न बुद्धधर्मको अध्ययन मनन गर्नु अत्यावश्यक रहेको कुरा सम्झाउन सफल भएका थिए । यस्तै एकपटक उहाँको जीवनकालमा भएको दुर्भिक्ष (अकाल) ले हजारौं मानिसहरूको निधन भएको बेला पीडित जनसमुदायहरूलाई धैर्यधारण गर्न गराउन उहाँ अति सक्षम भएका थिए । यस्तै मध्यदेशको पूर्वी भागमा अवस्थित 'अरिबोसान' भन्ने स्थानमा त्यहाँका राजालाई केही दुष्ट व्यक्तिहरूले षडयन्त्र रचेको बेला राजालाई त्यस षडयन्त्रबाट बचाएका मात्र थिएनन् ती षडयन्त्रकारीहरूलाई समेत धर्मावबोध गर्न सफल भएका थिए । यस्तै एक समय उहाँले धर्मका कारण युद्ध गर्न लागेका धर्मान्धहरूलाई एक आपसमा धर्मको सही अर्थ वा महत्व अवबोध गराई युद्ध रोक्न सफल भएका थिए ।

आचार्य शान्तिदेवले आफ्नो जीवनकालमा लोकको निमित्त गरेका यी केही उदाहरण मात्र हुन् । उहाँले यावत् जीवन महान् बोधिसत्व कार्य (बोधिचर्यावतार) अनुरूप बिताएको फलस्वरूप नै उहाँ एक महान् बौद्ध दार्शनिक व्यक्तित्वको रूपमा आजसम्म चम्किरहेका छन् ।

अन्तमा उहाँको कृति प्रकाशनको बारेमा पनि केही चर्चा गरौं-

आचार्य शान्तिदेवका ३ वटा कृति (शिक्षा समुच्चय, सूत्र समुच्चय र बोधिचर्यावतार) हरूमा हाल सम्ममा शिक्षा समुच्चय र बोधिचर्यावतार मात्र उपलब्ध रहेको छ । यसमा 'शिक्षा-समुच्चय' को सम्पादन १९ औं शताब्दीको अन्तमा Cecil Bendal नामक यूरोपीय विद्वानले रोमनलिपिमा सम्पादन गरी St. Petersburg बाट सन् १८९७-१९०२ भित्रमा प्रकाशन गरेका थिए



Downloaded from http://dhamma.digital

त अन्य उहांको सुविख्यात ग्रन्थ "बोधिचर्यावतार"- आधुनिक युगमा देश विदेशका कयौं विद्वानहरूले (संस्कृतबाट) आ-आफ्नो भाषामा अनुवाद गरी प्रकाशन गरिसकेका छन् । त्यसमा विशेषत फ्रेन्च भाषामा भी. पुसेनले सन् १९१२, जर्मन भाषामा आर. स्मीद्तले सन् १९२३, रसियन भाषामा ई. मिनायेफले सन् १८८९, इटली भाषामा जी. टुच्चीले सन् १९२५, अंग्रेजी भाषामा एल. बारनेटले सन् १९०९, हिन्दी भाषामा भदन्त शान्ति शास्त्रीले सन् १९४५ र नेपालभाषामा शुरुमा रत्नबहादुर वज्राचार्यले सन् १९५२ र पं. दिव्यवज्र बज्राचार्यले प्रज्ञाकरमतिको पञ्जिका सहित सन् १९८६ मा पूर्ण गरी प्रकाशन गर्न सफल भएका थिए ।

स्मरणीय छ, पं. दिव्यवज्र वज्राचार्य (वि.सं. १९७६-२०५६) द्वारा अनूदित यस ग्रन्थ "बोधि प्रकाशन केन्द्र" पाटनको तर्फबाट सन् १९८६ मा विश्व बौद्ध भातृत्व संघ (W.F.B.) को नेपालमा सम्पन्न १५ औं विश्व बौद्ध सम्मेलनको अवसरमा प्रकाशित गरिएको थियो ।

आचार्य शान्तिदेवको "बोधिचर्यावतार" ग्रन्थको विशेषताको बारेमा डा. भदन्त शान्ति शास्त्रीले सन् १९४५ मा हिन्दी भाषामा अनुवाद गरी प्रकाशन गरेको बेला उल्लेख गरिएको थियो –

"बोधिचर्यावतार किसी समय बहुत लोकप्रिय ग्रन्थ था । इसी कारण इस पर अनेकौ टीकाएं हुइ थी । भोट देशमे इस ग्रन्थका पाठ आज भी गीता की भाँति होता है । महायान धर्म और दर्शनकी सहजभाव से समझने के लिए यह बहुत्त ही उत्तम ग्रन्थ है ।"

❑



Downloaded from http://dhamma.digital

## – सन्दर्भ –

१) Indian Buddhist Pandits - Lobsang N. Tsonawa,
Library of Tibetan Works and Achives
- 1985 -

२) बोधिचर्यावतार - आचार्य शान्तिदेव (हिन्दी अनुवादक)
डा. भदन्त शान्ति शास्त्री,
बुद्धविहार, लखनऊ १९८३
(दोस्रो संस्करण)

३) बौद्धगान ओ दोहा - महामहोपाध्याय हरप्रसाद शास्त्री
'धर्मदूत' वर्ष-२६, अंक ११/१२
(मार्च, अप्रिल १९६२)

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# भिक्षु श्रद्धानन्द

भारतमा विशेषतः तथागतको परिनिर्वाणस्थल कुशीनगरमा बौद्ध सांस्कृतिक सेवा गर्नेहरूमा भिक्षु महावीर महास्थविर (सन् १८३३–१९१९) र भिक्षु चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) पश्चात् श्रीलंकाका प्रवासी भिक्षु श्रद्धानन्दको नाम (देन) प्रमुख हुन आउँछ । श्रीलंकाका व्यक्ति एवं भिक्षु हुनाको कारण कुशीनगरबासीहरू उहाँलाई "लंकाबाबा" भनी सम्बोधन गर्दछन् ।

उहाँको जन्म १९ औं शताब्दीको छैठौं-सातौं दशक (सन् १८६०-७०) को अवधिमा श्रीलंकाको राजधानी कोलम्बोनजिक रहेको "नुगेगोड" नामक गाउँमा भएको थियो । बाल्यकालदेखि नै उहाँमा बुद्ध, धर्म र संघप्रति अटल श्रद्धा रहेको थियो साथै उहाँ शिक्षा-प्रेमी मननशील र साँच्चिकै रूपमा धार्मिक व्यक्ति हुनुहुन्थ्यो ।

उहाँको शुरूको अध्ययन नै बौद्धभिक्षुहरू र अन्य बौद्धअध्यापकहरूको तर्फबाट भएको थियो । बाल्यकालदेखि नै पूर्णिमा, औंसी र अष्टमीका दिन विहारमा गई पञ्चशील एवं अष्टशील ग्रहण गर्नुहुन्थ्यो । विशेषतः ती दिनहरूमा उहाँले दान दिने, धर्मोपदेश सुन्ने र बुद्ध-पूजा आदि कार्य कहिल्यै छोड्नुभएको थिएन । अतः उहाँले आफ्नो गृहस्थजीवन बडो



Downloaded from http://dhamma.digital

संयम र धार्मिकताका साथ बिताउनुभएको थियो ।

माता-पिताका तर्फबाट 'एम.ए. पिरिस' नाम पाउनुभएका उहाँले सिंहली पाठशालाहरूमा शिक्षा प्राप्त गरिसकेपछिं हाईस्कूलको शिक्षा एक अंग्रेजी विद्यालय (मिशनरी स्कूल) मा पाउनुभएको थियो । हाईस्कूलको परीक्षा, उत्तीर्ण गरिसकेपछि उहाँले जीविकोपार्जनको निमित्त 'सिलोन रेल्वे' मा नोकरी गर्नुभएको थियो । यस नोकरीकार्यबाट उहाँलाई एक असन्तोष थियो- त्यो हो, आफ्नो स्वेच्छानुसार पूर्णरूपमा धार्मिक कार्य गर्न नपाउनु, तैपनि उहाँले बेलाबखतमा अवकाश प्राप्त गरी भिक्षु-संघलाई भोजनदान दिने, धर्मोपदेश सुन्ने र विशेषतः तरूण बौद्ध समिति (Y.M.B.A) को सास्कृतिक कार्यहरूमा यथाशक्य मद्दत गर्दै आइरहनुभएको थियो ।

एव रीतले उहाँ दिन, महिना, वर्ष बिताउँदै ६० वर्ष पूर्ण गर्नुभयो । तब उहाँलाई नोकरीबाट अवकाश (Retired) प्राप्त भयो । उहाँले सन्तोष एवं प्रसन्नताका साथ सास फेर्नुभयो मानो पिंजडाबाट मुक्त पंछिले भैं ।

घरवार विहीन (अविवाहित) गृहस्थ हुनाको कारण पनि अब उहाँ पूर्ण स्वतन्त्र हुनुभयो । आजीवन 'ब्रम्हचारी' हुने प्रतिज्ञा त उहाँले सन् १८८५/८६ देखि नै जब कि अनगारिक धर्मपाल (सन् १८६४-१९३३) ले गर्नुभएको थियो । त्यस बेलादेखि नै दृढताका साथ पालन गर्दै आउनुभएको थियो ।

एम. ए. पिरिसले आफ्नो जीवनको अन्तिम चरण तथागतको विचरणस्थल भारत-भूमिमा आई बुद्ध-धर्म पुरूत्थानको निमित्त यथाशक्य मद्दत गरेर बिताउने मनसाय लिनुभयो । यस ध्येय (उद्देश्य) लाई उहाँले पहिलेदेखि नै सोच्दै आएअनुरूपको थियो तसर्थ उहाँले अवकाश भएको वर्षमै भारत भूमिमा प्रस्थान गर्नुभएको थियो । तथागतको विचरण-भूमिहरूमा परिभ्रमण-अवलोकन गर्दै जब उहाँ परिनिर्वाण भूमि कुशीनगर पुग्नुभयो उहाँलाई परिनिर्वाणमन्दिरको विशाल शान्तिमय परिनिर्वाणमूर्तिबाट यति प्रभावित हुनुभयो कि आफ्नो पहिलो कार्यक्षेत्र कुशीनगरलाई नै गर्ने निश्चय गर्नुभयो ।



Downloaded from http://dhamma.digital

उहाँको यस दृढतालाई त्यहाँको स्थितिले पनि टेवा दिएको थियो अर्थात् कुशीनगर जस्तो पवित्र स्थानमा त्यहाँ एवं आसपासका निर्धन, अशिक्षित र साधनविहीन जनताहरूदेखि यहाँ यति दुःखित हुनुभयो कि उहाँले स्वप्रयासबाट नै त्यहाँका जनताहरूलाई शैक्षिक एवं आर्थिक सहयोग गरी ती ग्रामीण जनताहरूलाई धर्मावबोध पनि गराउँदै जाने संकल्प लिनुभयो । अतः उहाँले स्थायीरूपमा कुशीनगरमा रही त्यहाँस्थित एवं आसपासका गाउँहरूमा गई बालकहरू जम्मा गरी सन् १९२९ मै "चन्द्रमणि निःशुल्क पाठशाला" नामक एक स्कूल स्थापना गर्नुभएको थियो ।

एम. ए. पिरिसले गाउँ-गाउँमा गई बालकहरू जम्मा गर्ने प्रवृत्तिमा आफू पनि संलग्न भएको सन्दर्भमा 'त्रिपिटकाचार्य' भिक्षु धर्मरक्षित (सन् १९२३-७७) उल्लेख गर्नुहुन्छ -

"वह दिन मुझे याद है कि मै सात वर्षका बालक था और अभी-अभी ज्वर-राहु से छुटकारा पाकर छोटी-सी गाडी मे बैठा लडकोंके साथ खेल रहा था । इतने मे एक साधु आये और मेरे पिताजी से बैठकर पूछने लगा –

"क्या, यह लडका आपका ही है ?"

"हाँ, स्वाँमीजी, मेरा ही है- पिताजी ने उत्तर दिया ।

"इसको स्कूल क्यों नही भेजते है ?"

"अभी बहुत छोटा है, और बीमार भी तो–" बस, मै इतना ही सुना पाया, और क्या क्या बाते हुई, इसका मुझे पता नही । दूसरे दिन जब घर मे कोई न था, मै स्वयं कुशीनगर पढने के लिए जाने वाले बच्चों के साथ हो लिया । जब लंकाबाबा (एम.ए.पिरिस) ने मुझे देखा, तब मारे प्रसन्नता के फूले न समाये । उन्होने मुझे बहुत सी मिठाइयाँ और मेवे दिये ।"

यस प्रकार एम. ए. पिरिस वा लंकाबाबाले पाठशालामा आउने बालकहरूलाई दानद्वारा अध्ययन-अध्यापनमा लगाउँदै आउनुभएको थियो ।



Downloaded from http://dhamma.digital

पाठशालामा आउने बालकहरूलाई मात्र होइन कुनै-कुनै अभिभावकहरूलाई समेत त्यस्तै किसिमले साबुन, चामल, वस्त्र आदि पुऱ्याउँदथे कारण ती बालकका अभिभावकहरूले आफ्नो निर्धनताको कारण आ-आफ्नो घरायसी काममा आ-आफ्ना बच्चाहरूलाई समेत स्कूल नपठाई आ-आफ्नो काममा सरिक गराइ राख्दथे । त्यसैले एम.ए. पिरिसले अभिभावकहरूसमक्ष पनि दानद्वारा बालकहरूलाई स्कूल पठाउन लगाउँथे ।

यी कार्यहरू गर्न एम.ए. पिरिसलाई आफ्नो नोकरीको पेन्सन त्यसताका ६२।- रुपियाँ प्रति महिना आइरहने हुनाको कारण ढुक्क थिए । उहाँले आफ्नो खानपिनको निमित्त प्रति महिना सिर्फ १०।- रुपियाँमात्र खर्च गर्नुहुन्थ्यो बाँकी अन्य सबै कुशीनगरबासीहरूलाई हुन्थ्यो । उहाँलाई यस कार्यमा सहयोग कुशीनगरमा दर्शनार्थ आउने श्रद्धालु व्यक्तिहरूबाट पनि प्राप्त हुन्थ्यो ।

यसप्रकार शुरु गरेको "चन्द्रमणि निःशुल्क पाठशाला" बाट पछि क्रमशः "महावीर जुनियर हाइस्कूल" "बुद्ध हाईस्कूल", "बुद्ध स्नात्तकोत्तर महाविद्यालय" सम्मको प्रगति हुँदै आएको थियो ।

एम.ए. पिरिसले कुशीनगरवासीहरूलाई शैक्षिक र आर्थिक स्थितिको सुधारका साथै धर्मबोध गराउन प्रति रविवार पाठशालाका ती बालकहरूलाई जम्मा गराई धर्म-शिक्षा दिने गर्दथे । जुन बालकले पञ्चशील, अष्टशील, बुद्ध-जीवनी, जयमङ्गलगाथा आदि कण्ठस्थ गरी सुनाउन सक्थ्यो त्यसलाई पैसा, साबु, मिठाई आदि पुरस्कार दिन्थे । ती बालकहरूलाई बुद्ध-पूजा गर्ने तरिका, मैनबत्ती, धूपबत्ती आदि लिई पूजा गर्ने विधि आदि पनि सिकाउँदथे । साँच्चै नै त्यसताका "चन्द्रमणि निःशुल्क पाठशाला" का ती बच्चाहरूको निमित्त "लंका बाबा" माता-पिता समान सच्चा एवं प्रमुख हितैषी थिए जसले तिनीहरूलाई चार-इर्यापथ (उठ्ने, बस्ने, सुत्ने, जाने) को अतिरिक्त खानपिन एवं अन्य कयौं आचरण सम्बन्धी कुरा सिकाउँदथे ।



Downloaded from http://dhamma.digital

स्मरणीय छ, १९ औं शताब्दीको अन्तमा श्रीलंकाबाट भारतमा बुद्ध-धर्म पुनरूत्थान गर्न आउनुभएका अनगारिक धर्मपाल र एम.ए.पिरिसले एकैसाथ, एकै दिन, एकै स्थान सारनाथमा १३ जुलाई १९३१ का दिन भदन्त रेवत महास्थविरको आचार्यत्वमा प्रव्रजित हुनुभएको थियो ।

प्रव्रज्या एवं उपसम्पन्नपश्चात् अनगारिक धर्मपाल "भिक्षु देवमित्त धर्मपाल" हुनुभयो त एम.ए.पिरिस "भिक्षु श्रद्धानन्द" ।

कुशीनगरमा ५-६ वर्षसम्म रही बौद्ध सांस्कृतिक सेवा गरिसकेपछि भिक्षु श्रद्धानन्दले, अनगारिक धर्मपालले बुद्धगया र सारनाथको सांस्कृतिक कार्य गर्नुभए जस्तै आफूले पनि यथाशक्य कुशीनगरको सेवा गरिसकेपछि अब लुम्बिनीमा पनि केही गर्न जाने निश्चय गर्नुभयो ।

त्यसबेला कुशीनगरमा नेपालका एक शाक्यपुत्र भोजपुरका चक्रधन शाक्य-चैत्र शुक्ल अष्टमी १९८९ वि.सं. (अप्रिल, १९३३ ई.) का दिन प्रव्रजित भई गुरूवर ऊ चन्द्रमणि महास्थविरसमक्ष श्रामणेर शिक्षापदहरू सिक्दै रहनुभएको थियो । उहाँ हुनुहुन्छ— वर्तमान नेपालका दोस्रो संघनायक भिक्षु शाक्यानन्द महास्थविर (वि.सं. १९६६-२०५४) ।

त्यसताका (अप्रिल, १९३३-चैत्र, १९८९) श्रामणेर अवस्थामा रहनुभएका उहाँसित भिक्षु श्रद्धानन्द लुम्बिनी आउनुभएको थियो । तर अफशोच ! उहाँहरू लुम्बिनी पुग्नुभएको महिना दिन नबित्दै ७ दिनको मलेरिया ज्वरले उपचार गर्दागर्दै पनि निको हुन नसकी भिक्षु श्रद्धानन्दले आफ्नो पार्थिव शरीर सन् १९३३ को अप्रिल महिनामै तथागतको जन्मस्थान लुम्बिनीमा परित्याग गर्नुभयो । उहाँको दाहसंस्कार लुम्बिनीमै सम्पन्न गरिएको थियो ।

❑



Downloaded from http://dhamma.digital

# – सन्दर्भ –

१) बौद्ध विभूतियां - भिक्षु धर्मरक्षित
मनोरंजन पुस्तकालय,
बनारस - १९५४

२) लंका यात्रा - भिक्षु धर्मरक्षित,
किताब महल,
इलाहावाद - १९४८

३) मेरो जीवनयात्रा - भिक्षु शाक्यानन्द,
आनन्दकुटी विहारगुठी,
स्वयम्भू - २०४३

'आनन्द भूमि',
वर्ष-२२, अंक-२
(जेष्ठ, २०५१)



Downloaded from http://dhamma.digital



सर आशुतोष मुकर्जी

(सन् १८६४-१९२४)

Downloaded from http://dhamma.digital

# सर आशुतोष मुकर्जी

१९ औं शताब्दीको उत्तरार्द्धमा भारतमा राजेन्द्रलाल मित्र (सन् १९२२-९१), हरप्रसाद शास्त्री (सन् १८५३-१९३१), शरतचन्द्र दास (सन् १८४९-१९१७) आदि संस्कृत एवं तिब्बती साहित्यका विद्वानहरूको प्रयासबाट बौद्धसाहित्यको खोजविन कार्य (विशेषतः नेपालमा आई) शुभारम्भ भएको थियो ।

उपर्युक्त ३ जना विद्वानहरूमा चटगाउँ (हाल बंगलादेश) निवासी भई दार्जीलिङ्गमा प्रवासी जीवन बिताउँदै आएका रायबहादुर शरत्चन्द्रदासद्वारा "Buddhist Text Society" नामक एक संस्था सन् १८८२ मा स्थापना गरिएको थियो । उक्त संस्थाको तर्फबाट उहाँले संस्कृत, तिब्बती र अंग्रेजीमा बौद्धसाहित्यको सम्पादन एवं अनुवाद गरी प्रकाशन गर्दै आएको थियो । उहाँको भारतमा बुद्ध-धर्म पुनरुद्धार गर्न आउनुभएका श्रीलंकाका अनगारिक धर्मपाल (सन् १८६४-१९३३) सित घनिष्ठ सम्पर्क थियो । अतः उहाँ (अनगारिक धर्मपाल) ले सन् १८९३ मा अमेरिकाको शिकागोमा भएको विश्व धर्म सम्मेलनमा भाग लिन जानुभएको बेला आफूले सम्पादन एवं प्रकाशन गर्दै आएको "The Maha Bodhi" पत्रिकाको कार्यभार शरदचन्द्रदासलाई सुम्पेर जानुभएको थियो ।

स्मरणीय छ, अनगारिक धर्मपालले भारतमा बुद्ध-धर्मको पुनरुत्थान



Downloaded from http://dhamma.digital

एवं बौद्ध तीर्थस्थलहरूको पुनरूद्धार हेतु ३१ मई १८९१ का दिन आफ्नो देश श्रीलंकाको कोलम्बोमा "Maha Bodhi Society" को स्थापना गर्नुभएको थियो । कोलम्बोको विद्योदय परिवेण (स्थापना - १८७४) को प्रधानाचार्य हिक्कडुवे सुमंगल महास्थविर (सन् १८२७-१९११) को अध्यक्षतामा र आफ्नै महासचिवत्वमा स्थापना गरिएको 'महाबोधि-सभा' को स्थापनापश्चात् यसको प्रधान कार्यालय कोलम्बोपश्चात् भारतको विहार प्रदेशस्थित 'गया' शहरमा राख्न ल्याइएको थियो । वर्षदिनपछि पुनः सन् १८९२ देखि सो प्रधान कार्यालय बंगालको सदरमुकाम कलकत्ता शहरमा राख्न ल्याइएको थियो । यसै वर्षको वैशाख पूर्णिमाका दिनदेखि "The Maha Bodhi" अंग्रेजी मासिक पत्रिकाको सम्पादन एवं प्रकाशन अनगारिक धर्मपालले शुरू गर्दै ल्याउनुभएको थियो ।

यस्तै बंगालको अन्य एक प्रमुख शहर चटगाउँ-जहाँ सदियौंदेखि परम्परागत रूपमा बुद्ध-धर्म मानिदै आएको भएतापनि आधुनिक तवरमा बुद्ध-धर्म व्यापक प्रचार-प्रसार गर्नमा तल्लीन दुईजना प्रमुख भिक्षु थिए- भिक्षु पुण्यसार र भिक्षु कृपाशरण ।

उहाँहरू दुईजनामा पनि विशेष रूपमा भिक्षु कृपाशरण (सन् १८६५-१९२६) कलकत्तामा आउनु भई 'महाबोधि-सभा' सित सम्पर्क राखी बुद्ध-धर्म प्रचार-प्रसारार्थ केही सरसल्लाह गरेको थियो । पछि उहाँ स्वयंले पनि ५ अक्टोबर १८९२ (आश्विन-पूर्णिमा पवारणा) का दिन 'बौद्ध धर्माङ्कुर सभा' (The Bengal Buddhist Association) नामबाट एक अन्य संस्था स्थापना गर्नुभएको थियो । यस सभा उहांकै अध्यक्षता र सुरेन्द्रलाल मुत्सुदिको महासचिवत्वमा गठित भएको थियो ।

१९ औ शताब्दीको अन्तिम दशकमा आएर कलकत्तामा प्रधानकेन्द्रको रूपमा स्थापित यी दुवै संस्था (महाबोधि सभा र बौद्ध धर्माङ्कर सभा) लाई उल्लेखनीय (विशेष) योगदान दिएका केही प्रतिष्ठित बंगाली व्यक्तित्वहरूमा



Downloaded from http://dhamma.digital

तत्कालिन कलकत्ता हाइकोर्टका प्रधान न्यायाधीश हुनुभएका सर आशुतोष मुकर्जी पनि एक प्रमुख हुनुहुन्छ ।

२९ जून १८६४ का दिन जन्मनुभएका आशुतोष मुकर्जीले यौवनावस्थामै अत्यधिक योग्यता हासिल गरी बंगाली समाजमा शैक्षिक, न्यायिक, स्पष्ट एवं नीडर व्यक्तित्वको रूपमा आफ्नो प्रभाव देखाउन सफल हुनुभएको थियो । यसैको फलस्वरूप उहाँको ख्यातिले "The Lion of Bengal" को रूपमा प्रसिद्धि पाइसकेको थियो । त्यसताका उहाँले अंग्रेजहरूको तर्फबाट पनि 'सर' को उपाधि हासिल गरिसकेको थियो । यस्तै भारतीय विद्वानहरूको तर्फबाट "सरस्वती-शास्त्र वाचस्पति" उपाधि पनि हासिल गरिसकेको थियो ।

सर आशुतोष मुकर्जी विशेषतः भिक्षु कृपाशरण (उपसम्पन्न - सन् १८८५) को व्यक्तित्वबाट प्रभावित थिए । अतः उहाँकै सम्पर्कमा रही बुद्ध-धर्म एवं पालिसाहित्य पठन-पाठनको आवश्यकता महशुस गरी कलकत्ता विश्वविद्यालयमा सन् १८९९ देखि Post Graduate Level को अध्ययन प्रबन्ध सर आशुतोष मुकर्जीले नै शुरू गर्नुभएको थियो । यस अनुरूप सर्वप्रथम पालिमा पोष्ट ग्रेजुयत स्कलर एवं पालिमा एम.ए. गर्ने मौका पूर्वी बंगाल-फरीदपुर निवासी महामहोपाध्याय सतीशचन्द्र विद्याभूषणले पाउनुभएको थियो जो त्यसताका कलकत्ता संस्कृत कलेजका प्रिन्सिपल थिए । उहाँले त्यसै समयमा बडो परिश्रमले पालिभाषा सिकी यसैमा कलकत्ता विश्वविद्यालयको तर्फबाट एम.ए. को परीक्षा हुन्थे तर अध्यापनको व्यवस्था थिएन, यसमा पालिभाषा पनि एक थियो । अतः शतीशचन्द्र विद्याभूषणलाई एम.ए. परीक्षा दिलाउन प्रश्नपत्र बनाउने र परीक्षक हुनको निमित्त लन्डनका पालि प्रोफेसर रीस डायविड्स (सन् १८४३-१९२२) लाई आग्रह गरिएको थियो । प्रो. रीस डायविड्सले शुरूमा यो कार्य (प्रश्नपत्र बनाउने र जाँच्ने) सजिलै कलकत्ता निवासी विद्याभूषण महाशयले गर्न सकिन्छ भनी जवाफ पठाएको थियो तर परीक्षार्थी स्वयं विद्याभूषण नै रहेको खबर पठाएपछि



Downloaded from http://dhamma.digital

उहाँले सो कार्य गर्न सहर्ष स्वीकृति पठाएको थियो ।

यसप्रकार परीक्षा दिई सन् १९०१ मा पालिमा एम.ए. गर्नुभएका सतीशचन्द्र विद्याभूषण नै पछि कलकत्ता विश्वविद्यालयका पहिलो पालि अध्यापक नियुक्त हुनुभएको थियो । उहाँले सन् १९०१ मै अंग्रेजी अनुवाद सहित देवनागरि लिपिमा "कच्चायन पालि व्याकरण" प्रकाशित गरिएको थियो ।

सन् १९०६ मा सर आशुतोष मुकर्जीलाई कलकत्ता विश्वविद्यालयको उप-कुलपति पदमा नियुक्त गरिएको थियो । उहाँ उप-कुलपति हुनासाथ उहाँकै प्रयत्नमा सतिशचन्द्र विद्याभूषणपश्चात् आचार्य धर्मानन्द कौशाम्वी ( सन् १८७६-१९४७) लाई कलकत्ता विश्वविद्यालयमा पालिको अध्यापक नियुक्त गरिएको थियो ।

सर आशुतोष मुकर्जीले भिक्षु कृपाशरण महास्थविरको सल्लाह अनुरूप एवं आफूले पनि पालि एवं बौद्धसाहित्यको महत्वको हृदयगम गरी कलकत्ता विश्वविद्यालयअन्तर्गत रहेका कयौं स्कूल एवं कलेजहरूमा पालिभाषाको पठन-पाठनको व्यवस्था गरिदिए ।

सर आशुतोष मुकर्जी सिर्फ बौद्ध धर्माङ्कुर सभा र यसको संस्थापक भिक्षु कृपाशरण महास्थविरको मात्र शुभेच्छुक (समर्पित) व्यक्ति थिएनन् महाबोधि सभा एवं यसको प्रमुख संस्थापक अनगारिक धर्मपालको हरकार्यमा पनि त्यतिनै दत्तचित्तले सहयोग गर्दै आउनुभएका व्यक्ति थिए । यसै कारण महाबोधि सभाका संस्थापक अध्यक्ष हिक्कडुवे श्री सुमंगल महास्थविरको निधन (२० अप्रिल १९११) पश्चात् उहाँलाई नै यस सभाको आजीवन अध्यक्ष नियुक्त गरिएको थियो ।

सन् १९०६ देखि १९१४ सम्म कलकत्ता विश्वविद्यालयमा (पहिलो भारतीय नागरिकले प्राप्त गरेको पद) उप-कुलपति हुनुभएका सर आशुतोष



Downloaded from http://dhamma.digital

मुकर्जीले आफू उप-कुलपति भइरहेको बेला सरकारसमक्ष तथागतको धर्मचक्र प्रवर्तनस्थल-सारनाथमा "बौद्ध विश्वविद्यालय" स्थापना गर्ने प्रस्ताव राख्नुभएको थियो । यदि त्यो प्रस्ताव स्वीकृत भएमा त्यस विश्वविद्यालयको रेजिष्टार अनगारिक धर्मपाललाई गर्ने उहाँले निश्चय गरिराखेको थियो । यसबाट उहाँको अनगारिक धर्मपालसितको सम्बन्ध स्पष्ट हुन्छ, यद्यपि त्यसताका त्यो प्रस्ताव स्वीकृत भएन ।

सर आशुतोष मुकर्जी उपकुलपति हुनुभएको बेला उहाँले अन्य एक विशेष कार्य पनि गर्नुभएको थियो- त्यो हो कलकत्ता विश्वविद्यालयअन्तर्गत रहेका सम्पूर्ण स्कूलहरूमा स्थानीय भाषा (मातृभाषालाई पनि एक अनिवार्य विषय गराउनु) ।

स्मरणीय छ, त्यसताका नेपाल राज्य भरमा अंग्रेजी पढाउने एक मात्र स्कूल-दरवारस्कूल (काठमाडौंको रानीपोखरी अगाडि) पनि कलकत्ता विश्वविद्यालय अन्तर्गतको थियो अर्थात् दरवार स्कूलबाट सेन्ड-अप भएका विद्यार्थीहरू म्याट्रिक जाँच दिन कलकत्ता जानुपर्दथ्यो ।

त्यसबेला दरवार स्कूलमा पढिरहेका विद्यार्थीहरू प्रायः खुशीभए कारण तिनीहरूले आफ्नो मातृभाषा (नेपालभाषा) पढ्न पाएने भए । तर अफशोच ! त्यसताकाका प्रधानमन्त्री श्री ३ चन्द्रशम्शेर (शासनकाल १९०१-२९) ले यहाँ प्रायःको मातृभाषा-नेपालभाषा 'वर्नाकुलर' हुनुपर्नेलाई छोडी नेपाली (गोर्खाली) भाषालाई वर्नाकुलर गरिदिए । यो सरासर नै बेइमानी भएको थियो ।

सन् १९११ देखि महाबोधि सभाका अध्यक्ष हुनुभएका सर आशुतोष मुकर्जीले आफ्नो कार्यकालमा गर्नुभएको अन्य एक विशेष कार्य थियो- कलकत्ताको कलेज स्क्वायरस्थित "धर्मराजिक विहार" को शिलान्यास । ६ डिसेम्बर १९१८ का दिन सम्पन्न गरिएको सो विहारको शिलान्यास कार्यको निमित्त उहाँले तत्कालीन बंगालका गभर्नर Lord Ronaldshay को हातबाट



Downloaded from http://dhamma.digital

प्राचीन तक्षशिला (हाल पाकिस्तानमा अवस्थित) को धर्मराजिक स्तूपको भग्नावशेषमा प्राप्त बुद्धको अस्थि प्राप्त गरी सो अस्थि धातु सरकारी भवनदेखि भव्य शोभायात्राका साथ (बिना जुत्ता-नाँगै खुट्टा) ब्राम्हण भेषमा रेशमी धोती एवं रेशमी खास्टो लगाई बडो श्रद्धाका साथ सम्मिलित भई धातु हातमा लिई कलेज स्क्वायरमा पुऱ्याइ सो पुण्य कार्य सम्पन्न गरिएको थियो ।

उक्त विहार दुइ वर्षको अवधिमा तयार भएपछि बंगाल गर्भनर-लर्ड रोनाल्डेशेको हातबाट २० नोभेम्बर १९२० का दिन भव्य समारोहका साथ समुद्‌घाटन सम्पन्न गरिएको थियो ।

स्मरणीय छ, यस विहार समुद्‌घाटनको केही महिनापछि अर्थात् सन् १९२१ को शुरू (वि.सं. १९७६ सालको अन्त) मा मैट्रिक परीक्षा दिन नेपालबाट कलकत्ता पुग्नुभएका विद्यार्थीहरूमा जगतमान् वैद्य पनि एक थिए- जो श्री ३ जुद्धशम्शेरका दरवारिया वैद्य वृषमानका कनिष्ठ पुत्र थिए ।

जगतमान वैद्य-पाटन चिकंबहीका एक शाक्यपुत्र जो १८/१९ वर्षका नवयुवक थिए । त्यहाँ एक नयाँ बुद्ध विहार, विहारमा महाबोधि-सभाका महासचिव अनगारिक धर्मपाल पहिलो विश्वयुद्धको कारण कलकत्ता शहरबाट बाहिर जान नपाउने गरी नजरबन्दीको रूपमा बिताइरहेको समय । परीक्षा अवधिभर वा डेढ-दुई महिनाको कलकत्ता निवासकालमा जगतमान वैद्यले सो विहारमा पुगी अनगारिक धर्मपालसित घनिष्ठ सम्पर्क राखी उहाँलाई गुरूको रूपमा स्वीकार गरी स्थविरवाद बुद्ध-धर्मको अध्ययन-मनन शुरू गर्नुभएको थियो । स्मरणीय छ, अनगारिक धर्मपालकै सुझावबाट जगतमान् वैद्यले पछि आफ्नो नाम 'धर्मआदित्य धर्माचार्य' राख्नुभएको थियो ।

जगतमान वैद्य-म्याट्रिक पास भएपश्चात् उच्चशिक्षाअन्तर्गत वाणिज्य शास्त्र अध्ययनयनार्थ पुनः कलकत्तामै पुगे । यसैताका उहाँको सम्पर्क



Downloaded from http://dhamma.digital

महाबोधि सभाका अध्यक्ष सर आशुतोष मुकर्जीसित पनि हुँदै गयो ।

अफशोच ! सर आशुतोष मुकर्जीसित उहाँको सम्पर्क त्यति घनिष्ठ हुन नपाउँदै २३ मई १९२४ का दिन आफ्नो व्यावसायिक कामको प्रसंगमा पटना पुग्नुभएका मुकर्जी साहेबको त्यही Morning Walk मा जानुभएका उहाँको एक्कासी हृदयाघात भई निधन भएको थियो ।

उहाँको शवलाई पटनामा दुइदिन दर्शनार्थ राखी २६ मई १९२४ का दिन कलकत्ता पुऱ्याइयो । कलकत्तामा अपार जनसमूहका साथ उहाँको शवयात्रा कलेज स्क्वायरको Senate House बाट शुरू गरी घण्टौंपश्चात् कियरतल्ला कालिघाटमा पुऱ्याई दाहसंस्कार कार्य सम्पन्न गरिएको थियो । त्यस दिन कलकत्तावासीहरूले आ-आफ्नो दुकान, कलकारखाना, स्कूल, कलेज, न्यायालय सबै बन्द गरी उहाँको शवयात्रामा सामेल हुन आएका थिए ।

❑

## - सन्दर्भ -


१. The Mahabodhi - Centenary Volume (1892-1992)
The Mahabodhi Society of India

२. Hundred years of the Boudha Dharmankar Sabha
Bauddha Bharmankar Sabha
(The Bengal Buddhist Association)

३. नेपालंय् स्थविरवाद गुकथं वःगु खः - लाकौल वैकुण्ठ प्रसाद
/ मालती लाकौल,
महाबुद्ध, कान्तिपुर
ने.सं. ११०५


"धर्मकीर्ति"
रजत जयन्ती विशेषाङ्क
वर्ष-२५, अंक-१, (बैशाख २०६४)



Downloaded from http://dhamma.digital

# भिक्षु इकाई कावागुची

२० औं शताब्दीको मध्यसम्म पनि एशिया महादेशको एक अति दुर्गम भूखण्डको रूपमा रहेको तिब्बतमा प्राचीन बौद्ध ग्रन्थहरूको अध्ययन अनुसन्धानको निमित्त दुर्गम बाटो हुँदै तिब्बत पुगी प्राचीन बौद्धग्रन्थहरूको उद्धारकार्य गर्नुभएका १९ औं एवं २० औं शताब्दीका केही सुप्रसिद्ध तिब्बती यात्रुहरूमा जापानी भिक्षु इकाई कावागुची पनि एक हुनुहुन्छ ।

उहाँको जन्म सन् १८६६ मा जापानको साकाई शहरमा भएको थियो । उहाँले माध्यमिक शिक्षापश्चात् टोक्योको तेत्सु गाकुवान नामक दर्शनशास्त्रको महाविद्यालयमा अध्ययन गर्नुभएको थियो । सन् १८९० मा उहाँ जेन बौद्धधर्म (Zen Buddhism) मा सम्मिलित हुनुभएको थियो । सन् १८९१ मा उहाँ क्योटोमा आउनुभई चीनियाँ भाषामा लेखिएका बौद्धग्रन्थहरूको अध्ययन अनुसन्धानमा पूरा ३ वर्ष लगाउनुभएको थियो । यसै अन्तर्गत उहाँले महायान बौद्ध धर्म समावेश भएको संस्कृत बौद्ध ग्रन्थहरू, जुन मूलरूपमा संस्कृतबाट तिब्बती भाषामा अनुवाद भई तिब्बतको यत्र-तत्रमा वा गुम्बामा रहेकोलाई पुनरूद्धार गर्ने हेतु तिब्बत जाने इच्छा गरे । त्यसताका कुनै पनि विदेशीले तिब्बत भ्रमण गर्न नपाउने वा प्रतिबन्धित गरिराखेको थियो तर पनि भिक्षु इकाई कावागुचीले सन् १८९७ को जून महिनामा जापानबाट तिब्बतको लागि प्रस्थान गरिहाले ।

उहाँ ओसाकाबाट हङ्गकङ्ग हुँदै १२ जुलाई १८९७ का दिन सिंगापुर



Downloaded from http://dhamma.digital



भिक्षु इकाई कावागुची
(सन् १८६६-१९४५)

Downloaded from http://dhamma.digital

आइपुग्नुभएको थियो । सिंगापुरमा केही दिन रही उहाँ पेनाङ् हुँदै २५ जुलाई १८९७ का दिन भारतको कलकत्ता शहरमा आइपुग्नुभएको थियो । कलकत्तामा उहाँ "महाबोधि-सभा" को आतिथ्यमा रहेको थियो । त्यसताका महाबोधि सभाका सचिव श्री चारूचन्द्र बोस थिए । उहाँले भिक्षु इकाई कावागुचीलाई तिब्बत जाने सन्दर्भमा दार्जिलिङ्गका सुप्रसिद्ध तिब्बत यात्रु रायबहादुर शरत्चन्द्रदास (सन् १८४९-१९१७) लाई भेटी आवश्यक सरसल्लाह लिने कुराको सल्लाह दिए साथै आफ्नो तर्फबाट उहांको नाममा एक परिचय-पत्र पनि लेखिदिएका थिए ।

सो पत्र लिई भिक्षु इकाई कावागुची ३ अगस्ट १८९७ का दिन दार्जिलिङ्गस्थित रायबहादुर शरत्चन्द्रदासको "ल्हासा निवास" नामक बंगलामा पुग्नुभएको थियो ।

भिक्षु इकाई कावागुचीले आफ्नो मनको कुरा खुलस्त रूपमा शरत्चन्द्रदाससमक्ष व्यक्त गरे । शरतबाबूले सर्वप्रथम भिक्षु इकाई कावागुचीलाई एक वृद्ध लामासित तिब्बतीभाषा सिक्ने प्रबन्ध गराए पछि पुनः शवदङ्ग नामक अन्य एक लामासित भिक्षु इकाई कावागुचीले ल्हासामै बोलिने तिब्बतीभाषा सिके । यसै क्रममा भिक्षु इकाई कावागुची त्यसबखत दार्जिलिङ्गमा पूरा डेढ वर्ष रहनुभएको थियो । यसै अवधिभित्रमा भिक्षु इकाई कावागुचीले तिब्बती सरकारको क्रुरताको वर्णन लामा शवदङ्गको तर्फबाट सुनिइसकेको थियो । लामा शवदङ्गले तिब्बतमा त्यसताका सबभन्दा बढी प्रतिस्थित हुनुभएका लामा सेंगचेन डोर्जेचनसँग बौद्धधर्म अध्ययन गरेको थियो । तर शरत्चन्द्रदास अंग्रेजहरूको गुप्तचर भई तिब्बत गएको कारण उहां फर्किसकेपछि सो भेद तिब्बत सरकारले थाहा पाउनासाथ तिब्बतमा उहाँसित सम्पर्क राखेका प्रायः सम्पूर्ण व्यक्तिहरूलाई कैद गरिएको थियो । उहाँसित विशेषसम्बन्ध राख्नुभएका लामा सेंगचेनलाई ब्रम्हपुत्र नदीमा ३ पल्टसम्म डुवाई मृत्युदण्ड दिएको थियो । यो घटना सन् १८८७ को जून महिनामा भएको थियो ।



Downloaded from http://dhamma.digital

यस वृत्तान्तको कारण रायबहादुर शरत्चन्द्रदासले भिक्षु इकाई कावागुचीलाई तिब्बत जाने विचार छोड्न सल्लाह दिनुभएको थियो। उहाँलाई दार्जिलिङ्मै रही पूरा तिब्बतीभाषा सिकी तिब्बती विद्वान् भई जापान फर्कन सल्लाह दिनुभएको थियो। तर भिक्षु इकाई कावागुचीले जसरी भए पनि तिब्बत पुगी त्यहाँस्थित बौद्धधर्मको अध्ययन गरेरै छाड्ने अठोट राखेको कुरा शरत्चन्द्रदासलाई सुनाए।

भिक्षु इकाई कावागुचीले दार्जिलिङ्मा रहेका अन्य व्यक्तिहरूलाई आफू केही कारणवश तिब्बत जाने कार्यक्रम रद्द गरी स्वदेश फर्कन लागेको खबर फैलाई ५ जनवरी १८९९ का दिन कलकत्ता आइपुग्नुभएको थियो। यस्तो खबर फैलाउनु पर्नाका खासकारण उहाँ तिब्बत जानको लागि दार्जिलिङ् आइरहेको व्यक्ति भनी त्यहाँ रहेका प्रायःलाई थाहा भइसकेको थियो। आफू दार्जिलिङ्को कुनै ठाउँबाट तिब्बत जाने संभव नभएको एवं गए पनि आफूलाई पीछा गरी पक्राई इनाम लिन सक्ने व्यक्तिहरू पनि हुने सम्भावना भएको कारण आफू नेपालको बाटो हुँदै गुप्तरूपमा तिब्बत जान लागेको कुरा सिर्फ् शरत्चन्द्रदास एकजनालाई मात्र जानकारी दिई कलकत्ता पुग्नुभएको थियो।

संयोगको कुरा हो, कलकत्तामा उहाँको सम्पर्क एक प्रतिष्ठित नेपालीसित भयो जसलाई नेपालको सरकारले तिब्बती रेजिडेन्टको रूपमा नियुक्त गरिराखेका थिए। जीवबहादुर नामका उक्त व्यक्तिले भिक्षु इकाई कावागुचीलाई नेपालमा रहेका आफ्ना मित्रहरूको नाममा दुइवटा परिचय-पत्र लेखिदिए।

भिक्षु इकाई कावागुची नेपाल जानुअगाडि शाक्यमुनि बुद्धको एक सुप्रसिद्ध स्थल-बोधगयाको अवलोकनार्थ २० जनवरी १८९९ का दिन त्यहाँ पुगेको थियो। त्यही उहाँको भेट "महाबोधि सभा" का संस्थापक श्रीलंकाका अनगारिक धर्मपाल (सन् १८६४-१९३३) सित भयो जसले उहाँको उद्देश्य थाहा पाउनासाथ प्रसन्न भई दलाई लामालाई भेटी दुईवटा चीज (उपहार वस्तु) प्रदान गर्नको निमित्त दिए, ती हुन् - (१) चाँदीको बट्टाभित्र एक बुद्ध



Downloaded from http://dhamma.digital

मूर्ति र (२) ताडपत्रमा लेखिएको एक बौद्धग्रन्थ ।

भिक्षु इकाई कावागुची २३ जनवरी १८९९ का दिन बोधगयाबाट सुगौली स्टेशनमा आइपुगे । यहांदेखि उहांलाई भाषाको समस्या भयो अर्थात् उहांसंग रहेको अंग्रेजी र तिब्बती भाषाले काम आएन । अतः यहांदेखि उहांलाई नेपाली वा हिन्दी भाषा सिक्न बाध्य गरायो । संयोगवश सुगौलीमा उहांको सम्पर्क त्यहांको पोस्ट अफिसरसित भयो । जो अंग्रेजी एवं नेपालीभाषाका पनि ज्ञाता थिए । उनीसित इकाई कावागुचीले नेपाली शब्दहरू नोट गर्दै लगे ।

केही दिन सुगौलीमा रही नेपाली भाषा सिक्ने लक्ष्य लिएका भिक्षु इकाई कावागुचीले सुगौलीमा पुगेको दोस्रो दिनमै उहांले सुगौली स्टेशनमा ३ जनाको एक समूह रेलबाट उत्रेको देखे । तिनीहरूमा एक जना ४० वर्ष जतिका तिब्बती पोशाकमा थिए, अन्य ५० वर्ष जतिका एक लामा (पुरोहित) र एक नौकर थिए ।

भिक्षु इकाई कावागुचीले तिनीहरूसित भेटघाट गरी तिनीहरू नेपाल जानेवाला व्यक्तिहरू भने पनि थाहा पाए । तिनीहरूकै साथ जाने उहाँले अठोट लिए । पछि आश्चर्यचकित रूपमा ती समूहमा रहेका एक व्यक्ति नै आफ्नो पत्रवाहक भए अर्थात् कलकत्तामा रहनुभएका जीवबहादुरका एक मित्र बौद्धका लामा बुद्धवज्र नै रहे । यसबाट इकाई कावागुची निर्धक्क भए । उहांहरू एक समूह भई २६ जनवरी १८९९ का दिन वीरगंज आइपुगे । वीरगंजबाट सिमरा-चिसापानी-मार्खू हुँदै १ फरवरी १८९९ का दिन चन्द्रागिरी डाडाँ चढी चन्द्रागिरी डाँडाको टुप्पोबाट भिक्षु इकाई कावागुचीले सर्वप्रथम नेपालको हिमशिखरको साथै काठमाडौं शहरको दृश्यावलोकन गरे जसअन्तर्गत स्वयम्भू महाचैत्य एवं बौद्धचैत्यको पनि अवलोकन (दर्शन) गरे ।

भिक्षु इकाई कावागुची लामा बुद्धवज्रका साथ बौद्ध चैत्यको परिसरमा निर्भीकताका साथ रहे । उहाँ पूरा महिनादिन बौद्धचैत्यको परिसरमा रही



Downloaded from http://dhamma.digital

त्यसका आसपासमा रहेका कयौं तिब्बतीहरूसित तिब्बतको विभिन्न गोप्य बाटोको बारेमा पनि जानकारी लिनुभएको थियो । उहाँ उपत्यकाको कुनै बाटोबाट पनि तिब्बत जान सक्ने संभव नदेखिएपछि बौद्ध साहित्यमा उल्लिखित अनोतप्त दह (मानसरोवर ताल) हुँदै तिब्बत प्रस्थान गर्ने विचार गरे । अतः त्यहाँ तीर्थाटन गर्न जाने निहुँ राखी लामा बुद्धवज्रसँग आवश्यक सरसल्लाह एवं ३ जना यात्रुको सहयोग लिइ सन् १८९९ को मार्चको शुरूमा बौद्धचैत्यबाट प्रस्थान गरे ।

उहाँको यात्रादलमा एक ६० वर्षकी बुढी, तिब्बतको खाम् प्रदेशका दुइ नौकर र लामा बुद्धवज्रको तर्फबाट पनि एक सहयात्री समावेश गराई जम्मा ४ जनाको समूह थियो । तिनीहरू कान्तिपुरबाट प्रस्थान गरी कयौं दिन अनेक उपत्यका, कयौं पहाड एवं मैदान, अनेकौं वन-जंगलहरू पार गरी पोखरा शहरमा पुगे । प्राकृतिक दृश्य र सौन्दर्यले परिपूर्ण भएको पोखरा शहरको ६ दिनको अवलोकनपश्चात् आफूलाई चाहिएका एक पालको पनि बन्दोबस्त गरी उहाँहरू त्यहाँबाट प्रस्थान गरेको १२ औं दिनमा 'टुकुचे' नामक हिमाली गाउँमा पुगेका थिए । त्यसबेला त्यहाँका प्रशासक लामा बुद्धवज्रकै एकमित्र हर्कमान सुब्बा थिए । उहाँहरूको बीच परिचयपश्चात् एक विशेष अतिथिको रूपमा उहाँको स्वागत गरिएको थियो ।

टुकुचेको प्रशासक हर्कमान सुब्बाकहाँ अन्य एक मंगोलियन विद्वान सेराब ग्यालसन पनि अतिथिको रूपमा रहँदै आइरहेको थियो जो त्यहाँस्थित लामाहरूलाई धार्मिक मूलग्रन्थहरूको उपदेश दिने व्यक्ति थिए साथै उहाँ एक चिकित्सकको रूममा पनि त्यहाँ रहँदै आएका थिए । उसित भिक्षु इकाई कावागुचीको घनिष्ठता बढ्दै गयो र उहाँले शेराब ग्यालसनसित तिब्बतको बौद्धधर्म र साहित्यबारे पनि केही ज्ञान हासिल गर्दै लगे । उहाँहरू दुबै जनाले त्यहाँबाट मुक्तिनाथको पनि यात्रा गरेका थिए ।

भिक्षु इकाई कावागुचीले मुक्तिनाथको यात्रापश्चात् आफ्नो बसाइ



Downloaded from http://dhamma.digital

विद्वान् शेराब ग्यालसनका साथ 'सारङ्ग' नामक हिमाली गाउँमा शुरू गरे जहाँ उहाँ वर्षदिन जति नै रहनुभयो । यही नै उहाँले सन् १९०० को जनवरीको प्रथम दिनलाई विशेष रूपमा गाउँलेहरूलाई भोजन गराई मनाए ।

भिक्षु इकाई कावागुची सारङ्गबाट मार्फा नामक पहाडी गाउँमा पुगे । यहाँ पनि केही महिना रही उहाँ धौलागिरी पर्वतको ल्होमाङ्गथानबाट नेपाली सीमा पार गरी ४ जुलाई १९०० का दिन तिब्बती सीमामा प्रवेश गरेको थियो ।

यसप्रकार भिक्षु इकाई कावागुचीले तिब्बतको सीमाभित्र प्रवेश गरिसकेपछि क्रमशः अनेक किसिमका जोखिम एवं मुश्किलहरू पार गरी झण्डै-झण्डै जीवन समाप्त हुने किसिमको पीडाहरू सही बल्ल तिब्बती बस्ती एवं तिब्बती शहरहरूमा पुगे । उहाँको तिब्बतयात्रा अति नै रोमाञ्चक एवं दुःसाहसपूर्ण थियो । उहाँको यस पहिलो तिब्बतयात्राको वर्णन उहाँले "Three Years in Tibet" को रूपमा प्रस्तुत गरेको थियो जसमा भारत (कलकत्ता र दार्जिलिङ्ग), नेपाल हुँदै तिब्बत पुगी त्यहाँबाट फर्की पुनः भारत, नेपाल पुगी बम्बईबाट जहाजद्वारा जापान पुगेको सम्मको यात्रा विवरण थियो । उहाँले यस यात्रा पुस्तकमा तिब्बतको पहाडी मार्गहरू, नदीहरू, झरना एवं अनेकौं प्राकृतिक दृश्यहरू, तिब्बतमा त्यसताका प्रचलित अनेकौं रीतिरिवाजहरूको बारेमा पनि रोचक शैलीमा वर्णन गरिएको छ ।

यस यात्राकालमा उहाँले तत्कालीन राणा शासकहरूको आशङ्कित दृष्टि, नेपालीहरूको प्रवृत्ति तथा नेपालका दुर्गम जिल्ला निवासीहरूको तत्कालीन सामाजिक, आर्थिक, साँस्कृतिक जीवनको बारेमा पनि स्पष्ट जानकारी देखे-भोगे अनुरूप वर्णन गर्नुभएको छ । उहाँको यस कृति-जुन उहाँले सर्वप्रथम जापानी भाषामा लेख्नुभएको थियोलाई अंग्रेजीमा अनुवाद (सन् १९०९) भएपश्चात् सन् १९२३ मा पण्डित गुलजारीलाल चतुर्वेदीको



Downloaded from http://dhamma.digital

तर्फबाट हिन्दीभाषामा 'तिब्बतमें तीन वर्षको रूपमा पनि अनुवाद भई "हिन्दी पुस्तक एजेन्सीमाला-संख्या २५" को रूपमा प्रकाशित गरिएको थियो ।

भिक्षु इकाई कावागुचीको यस यात्रा वर्णन पुस्तकमा नेपालसम्बन्धी लेखिएका खण्डहरूलाई अलग्ग कृतिको रूपमा लेखक टंक विलाश वार्यले नेपाली भाषामा अनुवाद गरी "कावागुचीको नेपाल बसाइ" को रूपमा प्रस्तुत गरिसकेको छ जुन कृतिलाई वि.स. २०४६ सालमा साझा प्रकाशनद्वारा प्रकाशित गरिएको थियो ।

भिक्षु इकाइ कावागुचीले तिब्बतमा पूरा डेढ वर्ष बिताई त्यहाँका प्रतिष्ठित सेरा, सक्य आदि गुम्बाहरूबाट प्रशस्त बौद्धग्रन्थहरू पनि लिएर आउनुभएको थियो । उक्त ग्रन्थहरू उहाँले जापानमै पुऱ्याउनुभएको थियो ।

ल्हासाबाट फर्कनुभएका उहाँ यातुङ्ग-सिक्किम-सिलीगुडी हुँदै पुनः एकपटक नेपाल जाने क्रममा ११ जनवरी १९०२ का दिन कलकत्ताबाट रक्सौल आइपुग्नुभएको थियो ।

कलकत्तामा उहाँलाई केदारनाथ चटर्जी नामक एक बंगाली प्रोफेसरले विशेष मद्दत गरेको थियो जो तत्कालीन नेपालका प्रधानमन्त्री श्री ३ चन्द्र शम्शेर (राज्यकाल, सन् १९०१-२९) का विशेष परिचित व्यक्ति थिए अतः उहाँकै एक पत्र लिई भिक्षु इकाई कावागुची २१ जनवरी १९०२ का दिन काठमाडौं आइपुग्नुभएको थियो ।

उहाँ काठमाडौं आईपुग्नुभएकै दिनमा उहाँका पुराना मित्र लामा बुद्धवज्रले आफ्ना पुत्रलाई केही नोकरहरूका साथ उहाँको आगमनको स्वागत गर्न पठाएको थियो साथै बौद्धचैत्यस्थित आफ्नो निवासस्थानमा स्थायी प्रबन्धको निमित्त बोलाइएको थियो ।

यसको भोलिपल्ट भिक्षु इकाई कावागुची लामा बुद्धवज्रका साथ तत्कालीन कमाण्डर-इन-चीफ श्री ३ भीमशम्शेरको बंगलामा पुगे । भिक्षु इकाई कावागुचीले आफ्नो समस्या (आफ्नै कारणले तिब्बतमा जेलयातनाको



Downloaded from http://dhamma.digital

दुःख भोगिरहेका) तिब्बतका आफ्ना सहायकहरूलाई मुक्त गराउनु र आफ्नो चाहना (बौद्धग्रन्थहरूको संकलन गरिलाने) व्यक्त गरे । उहाँको यस कुराल्राई कमाण्डर-इन-चीफले स्वीकार गर्नुभएको थियो ।

यसै क्रममा ९ फरवरी १९०२ का दिन भिक्षु इकाई कावागुची आफ्ना मित्र लामा बुद्धवज्रका साथ प्रधानमन्त्री श्री ३ चन्द्रशम्शेरको दरवारमा पुगे । प्रधानमन्त्रीसित आवश्यक वार्तालापपछि भिक्षु इकाई कावागुचीले प्रधानमन्त्री एवं कमाण्डर इन-चीफलाई केही जापानी बहुमूल्य वस्तुहरू उपहारस्वरूप प्रदान गरेको थियो ।

११ फरवरी १९०२ का दिन भिक्षु इकाई कावागुचीले दरवारमा श्री ५ महाराजाधिराज पृथ्वी वीर विक्रम शाहदेव एवं प्रधानमन्त्री श्री ३ चन्द्रशम्शेरसित पुनः दर्शनभेट गरे र आफ्नो इच्छा अनुरूप तिब्बतका शासक दलाई लामालाई आफ्नो निवेदन (तिब्बतमा आफ्ना सहायकहरूलाई जेलमुक्त गराउन नेपाल सरकारको तर्फबाट पत्र पठाउनु) पुऱ्याउन र नेपालमा रहेका प्राचीन संस्कृत बौद्धग्रन्थहरू सकभर संकलन गरिदिने वचन दिनुभए अनुरूप सफलता हासिल गर्नुभयो ।

त्यसबेला सजा कहलिएका श्री ३ चन्द्र शम्शेरको तर्फबाट तिब्बतका शासक दलाइ लामालाई भिक्षु इकाई कावागुचीले लेख्नुभएको बिन्तिपत्र जुन तिब्बती भाषामै लेखिएको थियो को एक प्रति नेपाली भाषामा अनुवाद गरिएको (लामा बुद्धवज्रद्वारा) आफूसित राखी तिब्बतीमा लेखिएको बिन्तिपत्र दलाइ लामा कहाँ पुऱ्याउने वचन श्री ३ महाराजाले दिनुभएको थियो साथै आफूले संकलन गराउन सकेको ४१ वटा दुर्लभ बौद्ध ग्रन्थहरू कावागुची भिक्षुलाई उपहार स्वरूप प्रदान पनि गरे ।

यसप्रकार नेपाल आगमनको आफ्नो लक्ष्य पूरा गरी भिक्षु इकाई कावागुची नेपालका दुवै राजाहरूसित बिदा लिई १६ मार्च १९०२ का दिन काठमाडौं शहर छोड्नु भएको ६ दिनपछि २२ मार्च १९०२ का दिन कलकत्ता पुग्नुभएको थियो । उहाँ पुनः भारतमा दुई महिना यत्र-तत्र रही



Downloaded from http://dhamma.digital

१९ मई १९०२ का दिन जापानको कोबे (होन्सू टापू) बन्दर्गाहमा पुग्नुभएको थियो ।

भिक्षु इकाई कावागुचीले पहिलो तिब्बत यात्रा सम्पन्न गर्नुभएको (जापान फर्कनुभएको) अढाई वर्षपछि पुनः नेपाल एवं तिब्बतमा प्राचीन हस्तलिखित बौद्ध ग्रन्थहरू बढी प्राप्त गर्ने आशा लिई पुनः सन् १९०४ को अक्टोबर महिनामा भारत आइपुगे । उहाँ भारतको वाराणसीमा कयौं वर्ष रही संस्कृत भाषा एवं साहित्यको पनि उहाँले प्रशस्त अध्ययन गरे । त्यसपश्चात् मात्र उहाँ पुनः नेपाल एवं तिब्बतमा जानुभएको थियो ।

२० औं शताब्दीको दोस्रो दशकमा पुनः नेपाल यात्रा गर्न आउनुभएका भिक्षु इकाई कावागुचीसित त्यसबेला नेपालभाषा साहित्यका एक स्तम्भ हुनुभएका अंग्रेजी, नेपाली, नेपालभाषाका ज्ञाता मास्टर जगतसुन्दर मल्ल (ने.सं. १००३-७२, वि. सं. १९३९-२००९) ले सम्पर्क राख्ने सुअवसर पाउनुभएको थियो । मास्तर जगतसुन्दर मल्लले प्राचीन बौद्ध ग्रन्थहरूको सन्दर्भमा राणा-जनरलहरूसित वार्तालाप गर्न भिक्षु इकाई कावागुचीको द्वेभाषिक भई सहयोग गर्नुभएको थियो । यसैको कृतज्ञतास्वरूप भिक्षु इकाई कावागुचीले मास्तर जगतसुन्दर मल्ल एवं उहाँका भाइ पद्मसुन्दर मल्ललाई इलेक्ट्रिकल इञ्जिनियरिङ्ग अध्ययनार्थ साथै जापान लैजानुभएको थियो ।

स्मरणीय छ, उहाँहरू दुवै दाजुभाइ भिक्षु इकाई कावागुचीका साथ जापान जानुअगाडि उहाँको साथ बुद्धको जन्मस्थल लुम्बिनीको पनि दर्शन गरेर जानुभएको थियो । यहाँबाट उहाँहरू कलकत्ता पुगी २३ अप्रिल १९१५ का दिन कलकत्ता बन्दर्गाहबाट जहाजद्वारा प्रस्थान गर्नुभएको थियो । १४ मई १९१५ का दिन हङ्कङ् पुग्नुभएका उहाँहरू १९ मईका दिन शघाई र २३ मईका दिन शिमोनोस्कीपश्चात् २४ मईका दिन कोबे हुँदै २५ मई १९१५ का दिन टोकियो पुगेका थिए । तर दुवै दाजुभाइ जापानमा रही इलेक्ट्रिकल इञ्जिनियरिङ्ग विषय अध्ययन गर्ने संभव (खर्चको कारण) नदेखिएपछि मास्तर जगतसुन्दर मल्लले भाइ पद्मसुन्दर मल्ललाई मात्र खर्चको आवश्यक



Downloaded from http://dhamma.digital

प्रबन्ध गर्ने जिम्मा भिक्षु इकाई कावागुचीलाई दिनुभई आफू स्वदेश मै फर्कनुभएको थियो । उता जापानमा पद्मसुन्दर मल्ल झण्डै २ वर्ष जति अध्ययन गरी पुनः विस्तृत अध्ययनको निमित्त भिक्षु इकाई कावागुचीको सहयोग लिई अमेरिकाको "इलिनुवाइ-फ्रि-युनिभर्सिटी"मा पुग्नुभएको थियो ।

यसप्रकार भिक्षु इकाई कावागुचीले एक नेपाली युवकलाई इलेक्ट्रिकल इञ्जिनियर बन्न विशेष सहयोग गर्नुभएको थियो । पद्मसुन्दर मल्ल आफ्नो अध्ययन समाप्त गरी २५ फरवरी १९२५ का दिन बम्बई आइपुग्नुभएको थियो । शुरूमा नेपालमा भित्रिन नसकेपछि पद्मसुन्दर मल्ल भारतको पश्चिम बंगालमा रहे । उहाँले सन् १९३४ मा खर्साङ्गमा बिजुलीको प्रबन्ध गरिएको थियो । पछि मात्र उहाँ नेपालको विराटनगर र काठमाडौं आइपुग्नुभएको थियो ।

त्यसताका (सन् १९१५ मा) भिक्षु इकाई कावागुचीले जापान फर्कन्दा २०० भन्दा बढी संस्कृतका बौद्ध ग्रन्थहरू, बौद्ध मूर्तिहरू, वनस्पतिका नमूनाहरू र लोक कौशलका वस्तुहरू पनि साथैमा लगेका थिए ।

उहाँ जापान फर्केदेखि नै जापानको विभिन्न विश्वविद्यालय एवं बौद्ध विश्वविद्यालयहरूमा अध्यापन कार्य गर्नुभएको थियो । सन् १९३५ को मध्यमा त्रिपिटकाचार्य भिक्षु राहुल सांकृत्यायन जापान पुग्नुभएको बेला उहाँले त्यहाँ अन्य प्रोफेसर एवं विद्वान्‌हरूका साथ भिक्षु इकाई कावागुचीसित पनि भेटघाट गर्ने अवसर प्राप्त गर्नुभएको थियो । त्यसबेला उहाँहरूले तिब्बती भाषामै वार्तालाप गर्नुभएको थियो ।

यसको ठीक एकदशकपश्चात् भिक्षु इकाई कावागुचीले आफ्नो ८० वर्षको पूर्ण जीवनकाल आफ्नै मातृभूमिमा अन्त गर्नुभएको थियो । उहाँको निधनको ५ दशकपश्चात् नेपाल सरकारले आफ्नो देशमा आउनुभएका पहिलो जापानी नागरिक इकाई कावागुचीले नेपालको बाटो हुँदै तिब्बतको यात्रा सम्पन्न गर्नुभएको शतवार्षिकको स्मृतिमा उहाँलाई दुई देश (नेपाल र जापान) को सम्बन्धको सूत्रधारको रूपमा स्मरण गरी सन् २००२ (वि.सं.



Downloaded from http://dhamma.digital

२०५९) मा नेपाल हुलाक सेवा विभागबाट उहाँको चित्र सहितको टिकट (Stamp) प्रकाशन गरिएको यहाँ अति स्मरणीय छ ।

❑

## – सन्दर्भ –


| | | |
|---|---|---|
| १) | तिब्बत मे तीन वर्ष | - इकाई कावागुची |
| | (हिन्दी अनुवादक) | - पण्डित गुलजारीलाल चतुर्वेदी<br>हिन्दी पुस्तक एजेन्सी हरिसनरोड,<br>कलकत्ता, वि. सं. १९७९ |
| २) | कावागुचीको नेपाल वसाई | - एकाई कावागुची |
| | (नेपाली अनुवादक) | - टंकविलाश वार्य |
| | सम्पादक | - कृष्णचन्द्रसिंह प्रधान<br>साझा प्रकाशन, वि. सं. २०४६ |
| ३) | जिगु मिखाय् जे. एस. मल्ल | - बैकुण्ठप्रसाद लाकौल<br>लाकौल पिथना,<br>महाबौद्ध, ने. सं. ११०८ |
| ४) | विश्व हुलाक टिकटमा बुद्ध, बुद्धधर्म, बौद्ध व्यक्तित्व र संस्कृति | - भिक्षु संघरक्षित<br>सत्य सन्देश प्रचारक प्रकाशन,<br>काठमाडौं - वि. सं. २०५९ |




Downloaded from http://dhamma.digital



एफ. एल. वुडवार्ड
(सन् १८७१-१९४९)

Downloaded from http://dhamma.digital

# एफ. एल. वुडवार्ड

२० औं शताब्दीको शुरूदेखि विश्वमा बुद्ध-धर्म प्रचार-प्रसार गर्न आफ्नो समस्त जीवन अर्पण गर्दै आउनुभएका पश्चिमी व्यक्तित्वहरूमा एफ. एल. वुडवार्ड (Frank Lee Woodward) पनि एक प्रमुख हुनुहुन्छ ।

उहाँको जन्म १३ अप्रिल १८७१ का दिन इङ्गलैण्डको नर्फल्क (Norfolk) स्थित सहाम्मा Rev. W. Woodward दम्पतीको तेस्रो सन्तानको रूपमा भएको थियो ।

८ वर्षको उमेरमै Elementary Latin Course पूरा गर्नुभएका फ्रान्क ली वुडवार्डले ग्रीक, फ्रेन्च र जर्मनी भाषाको पनि अध्ययन शुरू गर्नुभएको थियो । सन् १८७९ मा उहाँ Christ Hospital मा भर्ना हुनुभएको थियो जहाँ उहाँले ३ पटक सम्म लाटिन र फ्रेन्च पुरस्कार जित्नुभएको थियो । उहाँले आफ्नो बौद्धिक क्षमताको अतिरिक्त व्यायाम (खेलकुद) मा पनि आफ्नो अधिकार प्राप्त गर्नुभएको थियो । उहाँ १४ वर्षको उमेरमा House Fifteen (शायद् खेलकूद सम्बन्धी एक संस्था) का सदस्य नियुक्त हुनुभएको थियो । दुईवर्षपछि पदोन्नति भई First Fifteen मा पुग्नुभएको थियो । उहाँले वर्षैपिच्छे Weightletic एवं Athletic खेलमा विजयी भई धेरै पुरस्कारहरू जितेको थियो ।



Downloaded from http://dhamma.digital

एफ.एल. वुडवार्डले १८ वर्षको उमेरमा केम्ब्रिजस्थित Sidney Sussex College मा भर्ना भई Classical Scholarship को पनि विजयता हुनुभएको थियो । यसको वर्षदिनपछि लाटिन पद्य सम्बन्धमा भएको प्रतियोगितामा Gold Medal पनि पाउनुभएको थियो । उहाँ College Organist हुनुको साथै लाटिन निबन्ध प्रतियोगितामा पनि विजयता भए । उहाँ विश्वविद्यालयमा प्रवेश हुनुभएको तेस्रो वर्षमा Classical Tripos Examination मा पनि उत्तीर्ण भए ।

यसको लगतै उहाँ Rugby Football Captain, Vice-captain of Boats, Athletic Secretary एवं Football Team Association का Full- back पनि नियुक्त हुनुभएको थियो ।

एफ.एल.वुडवार्डले शैक्षिक क्षेत्रको गतिविधिमा पनि प्रगति गर्दै लानुभएको थियो । उहाँले केही समय (महिना) Rugby Pre paratory School मा सहायक शिक्षक भई सेवा गर्नुभएको थियो । पछि उहाँ Worcesler स्थित Royal Grammer School मा Classic Master को रूपमा ३ वर्ष बिताउनुभएको थियो । यहाँ पनि उहाँले विभिन्न खेलकूदहरूको साथै डुंगा दौड (Regatta) प्रतियोगितामा पनि सम्मिलित भई विजय हासिल गरेको थियो ।

Royal Grammer School पश्चात् एफ.एल. वुडवार्डले आफ्नो शैक्षिक सेवा Lincolnshire स्थित Stamford Grammer School मा गर्नुभएको थियो । त्यहाँ उहाँले सन् १८९५ देखि ५ वर्षसम्म निरन्तर सेवा गर्नुभएको थियो । यस स्कूलमा उहाँको एक शिष्य हुनुभएका इ.एम. हायर (Edward Miles Hare) जो पछि पालि साहित्यका एक विद्वान् भए, लाई पालि-साहित्य अध्ययन गर्ने प्रेरणा एफ.एल. वुडवार्डले नै दिनुभएको थियो । स्मरणीय छ, ई.एम. हायर (सन् १८९३-१९५५) श्रीलंकामा एक चिया व्यापारीको रूपमा रहेर पनि पालि त्रिपिटक साहित्यको सम्पादन एवं



Downloaded from http://dhamma.digital

अनुवाद कार्यमा लागी अझ ग्रन्थ प्रकाशनार्थ Pali Text Society को एक दाताको रूपमा समेत रहनुभएको थियो ।

एफ.एल. वुडवार्डले Stamford Grammer School मा ५ वर्षको अध्यापनकालमा आफूले पनि विशेष प्रगति गर्नुभएको थियो । यसै अवधिभित्रमा उहाँले पश्चिमी र पूर्वीय दर्शनशास्त्र, पालि र संस्कृत, अंग्रेजी साहित्य र विविध धर्म-सम्बन्धी यथेष्ट साहित्यको अध्ययन मनन गर्नुभएको थियो ।

एफ.एल. वुडवार्ड सन् १९०२ मा, सन् १८७५ मा स्थापना भएको Theosophical Society सित आवद्ध भए । यस संस्थामा सदस्यता प्राप्त गरेको अवसरलाई उहाँले आफ्नो जीवनको महत्वपूर्ण घटना एवं बुद्ध शिक्षामा समावेश हुने अवसर पाएको कुरा उहाँ स्वयंले उल्लेख गरिराख्नुभएको छ । यस संस्थाको एक संस्थापक एवं तत्कालीन (सन् १९०२) अध्यक्ष कर्नल हेनरी स्टील अल्कोट (सन् १८३२-१९०७) सित पत्राचार गरी आफू पनि पूर्व (श्रीलंकामा) मा आई मानवताको प्रचार-प्रसार गर्न आउने आकांक्षा व्यक्त गरेको थियो । उहाँको आकांक्षालाई कर्नल हेनरी स्टील अल्कोटले सहर्ष स्वीकार गरी उहाँलाई श्रीलंकाका गाल्लस्थित महिन्द बौद्ध कलेज (Mahinda Buddhist College) को प्रिन्सिपल रूपमा आगमन गराउन प्रबन्ध मिलाइ दिए जसअनुसार एफ.एल. वुडवार्ड १ अगस्ट १९०३ का दिन गाल्ल शहरमा आइपुगे ।

एफ.एल. वुडवार्ड-श्रीलंका आइपुग्नुभएको लगतै उहाँले महिन्द कलेजको लागि एक भवनको पनि प्रबन्ध गर्नमा सफल भए । उहाँले गाल्ल शहरको ब्यस्त ठाउँमा रहेको एक डच् भवनलाई सोको निमित्त तयार पारे । उहाँको आगमनको बेला सो कलेजमा सिर्फ ६० जना मात्र विद्यार्थीहरू रहेको थियो त उहाँको आगमनपश्चात् उहाँको शैक्षिक गतिविधिबाट प्रभावित भई पछिल्लो वर्षमा त्यसको पाँचौ गुना विद्यार्थीहरू बढी (३०० सम्म) सम्मिलित हुन आएको थियो । यस प्रगतिको निमित्त उहाँले आफ्नो तलब (Salary) मात्र



Downloaded from http://dhamma.digital

होइन आफ्नो पैतृक सम्पत्ति मध्येको दुई हजार पाउण्ड समेत खर्च गर्नुभएको थियो साथै उहाँलाई केही सिंहली दाताहरूले पनि सहयोग गरेको थियो ।

त्यसबेला श्रीलंकामा उहाँ वनपाल (Wood ward) नामबाट पनि प्रख्यात भएका थिए । उनी विद्यार्थीहरूका प्रिय शिक्षक थिए । विद्यार्थीहरू उहाँको अनुशासनप्रियता, पाण्डित्य, उदारता, आत्मसन्तुष्टिता, सरलता आदि गुणबाट प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा प्रभावित भएका थिए ।

एफ.एल. वुडवार्डले श्रीलंकामा रहेसम्म आफ्नो वेषभुषा साधारण श्वेतवस्त्र र खानपिनमा शाकाहारीमा सीमित गर्नुभएको थियो । प्रत्येक पूर्णिमाका दिन उहाँ अष्टशीलमा रहनुहुन्थ्यो । बेलाबखतमा विभिन्न अवसर लिई उहाँले भिक्षुहरूलाई स्कूल भवनमै निमन्त्रित गरी भोजन गराउँथे र भोजन गराउनमा आफू स्वयं सक्रिय हुन्थे ।

यसप्रकार श्रीलंकाको गाल्लस्थित महिन्द कलेजको प्रिन्सिपलको रूपमा १६ वर्ष बिताइसकेपछि एफ.एल. वुडवार्डले अवकाश प्राप्त गर्नुभयो र एकान्त र साहित्यिक जीवन बिताउन उहाँ ७ अक्टोबर १९१९ का दिन तास्मानियामा रहन जानुभयो । विशेषतः त्यहाँ उहाँ स्थायी रूपमा रहनुभई पालि साहित्यको उद्धार कार्यमा लाग्नुभयो । उहाँले पालि त्रिपिटक साहित्यको सम्पादन, अनुवाद एवं प्रकाशनमा पनि त्यतिकै रूपमा "पालि टेक्स्ट सोसाइटी" लाई सहयोग गरेका थिए ।

सन् १९३६ भित्रमा प्रकाशित त्रिपिटकको सूत्रपिटक अन्तर्गत दीघनिकाय, मज्झिम निकाय, संयुक्त निकाय र अंगुत्तर निकायलाई १५ वटा खण्डमा अनुवाद गरी प्रकाशित गरेकोमा ६ वटा खण्डको अनुवाद स्वयं एफ.एल. वुडवार्डले गर्नुभएको थियो त ७ वटा खण्ड उहाँले नै प्रकाशित गरिदिएको थियो । यस्तै उहाँले खुद्दक निकायको धम्मपद, उदान र इत्तिवुतक, संयुक्त निकाय अट्ठकथालाई पनि अनुवाद गरी प्रकाशित गर्न सफल भएका थिए ।



Downloaded from http://dhamma.digital

उहाँको अन्य विशेष कृतिहरूमा Buddhist Stories, Some Sayings of the Buddha, The World's classics, Manual of a mystic आदि प्रमुख छन् ।

उहाँको पहिलो कृति सन् १९१४ मा प्रकाशित Pictures of Buddhist Ceylon and Others Paper हुन त The Buddha's Path of Virtue को रूपमा धम्मपदलाई पद्यबद्ध रूपमा अनुवाद गरी प्रकाशित गरिएको थियो । सन् १९२१ मा पहिलो संस्करण भएको यस पुस्तकको दोस्रो संस्करण पनि सन् १९२९ मा Theosophical Publishing House, Adyar, Madras बाट नै भएको थियो ।

एफ.एल. वुडवार्डको सबभन्दा लोकप्रिय पुस्तक हो – "Some Sayings of the Buddha" । उहाँले यस कृति मूल पालि त्रिपिटकको आधारमा तथागतको वचन (सूत्र) हरूलाई विभिन्न विषयान्तरमा १८ वटा अध्यायको रूपमा संकलन गरी अंग्रेजी अनुवादको रूपमा प्रस्तुत गर्नुभएको थियो । शूरूमा दुईषटक Oxford University Press, London बाट प्रकाशित यस कृति हाल सर्वसुलभ रूपमा Taiwan को The corporate Body, The Buddha Educational Foundation बाट पनि प्रकाशित भइसकेको छ ।

यस्तै The World's Classics पनि उहाँको जीवनकालमै तेस्रो संस्करण भइसकेको कृति हो, यसको पहिलो संस्करण सन् १९३९ मा भएको थियो त तेस्रो सन् १९४५ मा भएको थियो । उहाँको अन्य रोचक पुस्तक हो- Buddhist Stories । यस कृति उहाँको The Young citizen र The Adyar Bulletin नामक पत्रिकामा प्रकाशित रचनाहरूको संग्रह थियो । यस कृतिमा उहाँले जातक, धम्मपद अट्ठकथा एवं अन्य केही पालि ग्रन्थहरूमा आइएका स-साना ज्ञानवर्द्धक कथाहरू समावेश गरिएको थियो ।

एफ.एल. वुडवार्ड Pali Text Society को एक सदस्य एवं पालि



Downloaded from http://dhamma.digital

त्रिपिटक ग्रन्थको एक अंग्रेजी अनुवादक हुनाको कारणबाट पनि उहाँको सम्पर्क पालि टेक्स्ट सोसाइटीका अध्यक्षा मिसेज् रीस डायविड्स (सन् १८५८-१९४२) सित घनिष्ठ हुनु स्वाभाविकै थियो । उहाँहरू दुवै जना मिली "संयुक्त निकाय" पालिको दोस्रो खण्ड अनुवाद गरी प्रकाशित गरिएको थियो त यसैको तेस्रो देखि पाँचौ खण्ड सम्मको अनुवाद एफ.एल. वुडवार्डले नै पूरा गर्नुभएको थियो । यी संयुक्त निकाय कृतिहरूलाई Kindred Sayings को रूपमा प्रकाशित गरिएको थियो ।

मिसेज रीस डायविडस - एफ.एल. वुडवार्ड को विद्वता, सरलता आदिबाट निकै प्रभावित भएकी थिइन् अतः उहाँले वुडवार्डलाई "तपस्वी" को संज्ञा समेत पनि दिएको स्मरणीय छ ।

एफ.एल. वुडवार्डले इङ्गलैण्डमा ३२ वर्ष, श्रीलंकामा १६ वर्ष पश्चात् ३० वर्ष तास्मानियामा रही आफ्नो उद्देश्य (विशेषतः पालि साहित्यको उद्धार) पूर्ण जीवन बिताई सन् १९४९ तिर आफ्नो जीवनयात्रा अन्त गर्नुभएको थियो ।

❑

## - सन्दर्भ -

Dhamma.Digital


1) The Western contribution to Buddhism - William Peiris, Motilal Banarasidas, Patna - 1972

2) The Buddha's Path of Virtue - F.L. Wood Ward, Theosophical Publishing House, Madras - 1929




Downloaded from http://dhamma.digital



डा. नलिनाक्ष दत्त
(सन् १८९३-१९७३)

Downloaded from http://dhamma.digital

# डा. नलिनाक्ष दत्त

२० औं शताब्दीमा भारतमा बौद्ध साहित्य श्रीवृद्धि गर्नमा एवं बुद्धधर्म प्रचार-प्रसारार्थ १९ सौं शताब्दीको अन्तिम दशकदेखि प्रमुख भूमिका निभाउँदै आएको संस्थाद्वय महाबोधि सभा र बौद्ध धर्माङ्कुर सभालाई विशेषः टेवा दिदैं आउनुभएका व्यक्तित्वहरूमा डा. नलिनाक्ष दत्त पनि एक प्रमुख हुनुहुन्छ ।

उहाँको जन्म भारतको आन्ध्रप्रदेशस्थित वाल्टयर (Waltair) मा ४ दिसेम्बर १८९३ का दिन भएको थियो । उहाँ पश्चिम बंगालका एक दत्त परिवारका पुत्र थिए । उहाँ आफ्नो पिता सुरेन्द्रनाथ दत्तका माहिलो पुत्र थिए ।

उहाँले आफ्नो माध्यमिक शिक्षापश्चात् इन्टरमिडियत तहको शिक्षा चटगाउँमा पूर्ण गर्नुभएको थियो । आफ्नो अध्ययनको साथ साथै उहाँले चटगाउँस्थित बौद्धहरूसित पनि घनिष्टता बढाउँदै लगेको थियो । चटगाउँमै रहँदै उहाँले पालि साहित्यको अध्ययनमा अभिरूचि बढाउँदै लगे । त्यहींबाटै उहाँले पालि शिक्षामा बी.ए. तह उत्तीर्ण गर्नुभएको थियो त पालि विषयमै उहाँले कलकत्ताको प्रेसीडेन्सी कलेजबाट सन् १९,१५ मा एम.ए. तहमा प्रथम



Downloaded from http://dhamma.digital

श्रेणीमा प्रथम हुनुभएको थियो । सन् १९१६ मा नलिनाक्ष दत्तले कानून विषयमा पनि एम.ए. गर्नुभएको थियो ।

पालि साहित्यमा एम.ए. गरिसकेका नलिनाक्ष दत्तले आफ्नो अध्यापन कार्यको शुरू गर्ने मौका बर्माको रंगून स्थित Judson College बाट प्रारम्भ गर्नुभएको थियो । त्यहाँ दुई वर्षको अध्यापन कार्यपश्चात् उहाँलाई कलकत्ता विश्वविद्यालयका तत्कालीन उपकुलपति सर आशुतोष मुकर्जी (सन् १८६४-१९२४) ले कलकत्ता विश्वविद्यालयमा पालि विभागमा सरिक (अध्यापक) हुन सल्लाह दिए । जस अनुसार उहाँ आफ्नी नवविवाहित पत्नीका साथ कलकत्ताको माणिकतल्ला एरियाको एक घरमा बहालमा बस्न आए । उक्त धर्मपत्नीले उहाँको विद्वता वृद्धि गराउनमा पनि सहयोग गरेकी थिइन् । उहाँहरूको कुनै सन्तान पनि भएन । श्रीमती दत्तको ८ फरवरी १९५४ का दिन निधन भएको थियो ।

सन् १९२० मा नलिनाक्ष दत्तले Mouat Medal प्राप्त गर्नुभएको थियो । यसको लगतै उहाँले प्रेमचन्द्र - रायचन्द्र नामक छात्रवृति पनि सन् १९२२ मा प्राप्त गरे जस अनुसार उहाँले सन् १९२४ मा कलकत्ता विश्वविद्यालयको तर्फबाट उहाँको शोध प्रबन्ध Early History of Spread of Buddhism and the Buddhist Schools मा डक्टरेट (Ph.D.) उपाधि प्राप्त गरे । यस शोधप्रबन्ध कृतिको रूपमा लण्डनबाट सन् १९२५ मा प्रकाशित पनि भए ।

डा. नलिनाक्ष दत्तले यसपश्चात् कलकत्ता विश्वविद्यालयकै तर्फबाट लण्डन विश्वविद्यालयस्थित प्राच्यविद्या एवं अफ्रिकन विद्या (School of Oriental and African Studies) अध्ययनार्थ त्यहाँ पुगे । पछि उहाँ बेल्जियममा पनि पुगी त्यहाँको सुप्रसिद्ध बौद्ध विद्वान प्रो. लुइस डेला भ्याली



Downloaded from http://dhamma.digital

पुसेन (Prof. Louis De La Valle Poussin 1869-1938) को छत्रछायामा रही डी.लिट (D. Litt.) को पनि उपाधि प्राप्त गर्न सफल हुनुभएको थियो । सन् १९२९ मा लण्डन विश्वविद्यालयका तर्फबाट प्राप्त गरेको उहाँको डी.लिट.को शोध प्रबन्ध थियो "Aspects of Mahayana Buddhism and its relation to Hinyana" । यस शोध ग्रन्थ पनि लण्डनबाट नै प्रकाशित भएको थियो ।

स्मरणीय छ, त्यसताका गुरू र शिष्यको रूपमा रहनुभएका लुइस डे ला भ्याली पुसेन र नलिनाक्ष दत्तको सम्पर्क पहिलेको (प्राचीन) गुरूकुलको जस्तो थियो । उहाँहरूको एक आपसमा पारस्परिक मैत्री सम्बन्ध रहेको थियो । उहाँहरू बीच बौद्धधर्मको गहन विषयमा छलफल रातको अवेरसम्म पनि हुने गरेको कुरा नलिनाक्ष दत्तले स्वयं उल्लेख गरिराखेको छ ।

डा. नलिनाक्ष दत्तले २० औ शताब्दीको तेस्रो दशकपश्चात् एक यस्तो कार्यमा सरिक हुने अवसर प्राप्त भयो जुन कार्यमा उहाँले १५ वर्ष लगाउनुभएको थियो । सो कार्य थियो - सन् १९३१ मा जम्मू काश्मिर प्रदेशको गिलगित् भन्ने स्थानमा ध्वंसित (जीर्ण भएको) एक प्राचीन स्तूपमा प्राप्त हस्तलिखित ग्रन्थहरूको उद्धार । यसको खबर फ्रान्सका विद्वान् आचार्य सिलभेन लेवी (सन् १८६३-१९३५) ले पनि तत्कालै प्राप्त गर्नुभएको थियो । अतः १६ नोभेम्बर १९३२ का दिन आफूकहाँ आइपुगेका भिक्षु राहुल सांकृत्यायनलाई उहाँले गिलगित्मा गई सो हस्तलिखित ग्रन्थहरूको उद्धार गर्न जाने सल्लाह दिएको थियो । तर तत्कालिन भारतीय अंग्रेज सरकारले भिक्षु राहुल सांकृत्यायनलाई सो कार्य गर्न अनुमति दिएन ।

छैठौं शताब्दीका उक्त ग्रन्थहरू भोजपत्रमा लेखिराखेको थियो । यसको खबर तत्कालीन कलकत्ता विश्वविद्यालयका उपकुलपति श्यामाप्रसाद मुकर्जी



Downloaded from http://dhamma.digital

(सन् १९०१-५३) ले थाहा पाउनासाथ उहाँले सो ग्रन्थहरू संकलनको निमित्त डा. नलिनाक्ष दत्तलाई उक्त कार्य सम्पन्न गर्न लगाउन नियुक्त गरिएको थियो ।

डा. नलिनाक्ष दत्तले सो हस्तलिखित ग्रन्थहरू प्राप्त गरी त्यसलाई चिनी, तिब्बती, पालि र संस्कृत ग्रन्थहरूसित पनि तुलना गरी सो हस्तलिखित ग्रन्थहरूको लुप्त अंशहरूलाई पूर्ण गरी सम्पादन एवं प्रकाशित पनि गर्दै जानुभएको थियो ।

डा. नलिनाक्ष दत्तले आफ्नो समकालीन विद्वानहरू सरह आफूले पनि भारतीय उद्योग र कृषिको विकास गर्नमा पनि तत्परता देखाउनु भएको थियो । उहाँले घरेलु उद्योग स्थापनामा निकै सहयोग गर्नुभएको थियो । विशेषतः उहाँले हाते बुनाइ (घरेलु) कपडा उत्पादन गर्नमा टेवा दिनुभएको थियो ।

डा. नलिनाक्ष दत्तले सन् १९५० को शुरूदेखि कलकत्ता विश्वविद्यालयमा अध्यापन कार्य गर्दै आउनुभएको थियो । उहाँलाई केही समयपछि नै पालि विभागका प्रमुख नियुक्त गरिएको थियो साथै प्राचीन भारतीय इतिहास र संस्कृति विभागका प्राफेसर पनि नियुक्त गरिएको थियो ।

सन् १९५२ मा डा. नलिनाक्ष दत्त जाकिर हुसेन, सत्येन्द्रनाथ बोस, भीमराव अम्बेडकर सरह राज्यसभाका सदस्य नियुक्त भए । उहाँ सन् १९६० सम्म प्रतिनिधि सभामा रहे । यसको वर्षदिन अगाडि सन् १९५९ मा उहाँले प्रोफेसर पदबाट अवकाश लिए र उहाँले पालि पढ्ने विद्यार्थीहरूको निमित्त रू. २०,०००।- को एक अक्षयकोष पनि खडा गरी छात्रवृत्तिको व्यवस्था गरे ।



Downloaded from http://dhamma.digital

स्मरणीय छ, सन् १९५७-५८ मा बनिएको 'आम्रपाली' नामक बंगाली फिल्ममा उहाँले डाइरेक्टरको सल्लाहकार भई उक्त फिल्म निर्माणमा सहयोग गर्नुभएको थियो ।

डा. नलिनाक्ष दत्त दुईपटकसम्म Asiatic Society को अध्यक्ष नियुक्त हुनुभएको थियो त उहाँ भारतीय महाबोधि सभाको उपाध्यक्ष पदमा पनि रहनु भएको थियो । यस्तै उहाँ इरान सोसाइटी, वंगीय साहित्य परिषद्, नवनालन्दा पालि इन्स्टिच्यूट, सिक्किम रिसर्च इन्स्टिच्यूट अफ तिब्बतोलोजी आदि संस्थासित पनि सम्बद्ध व्यक्ति थिए । बौद्ध धर्माङ्कुर सभाको त उहाँ सन् १९६० देखि १९६५ सम्म अध्यक्ष नै नियुक्त हुनुभएको थियो ।

डा. नलिनाक्ष दत्त महाबोधि, जगज्योति, साहित्य परिषद् पत्रिका र अन्य केही प्रमुख पत्रिकाहरूको सम्पादक मण्डलको प्रमुखको रूपमा पनि रहनुभएको थियो ।

सन् १९६९ मा Asiatic Society ले उहाँलाई एक सम्मानको आयोजना गरिएको थियो । यसको दुईवर्ष अगाडि मात्र उहाँलाई कलकत्तास्थित संस्कृत कलेजले 'सम्बुद्धगम्म भाष्कर' नामक उपाधि प्रदान गरिएको थियो ।

बुद्ध धर्मसम्बन्धी लेखिएका डा. नलिनाक्ष दत्तका कृतिहरू, उहाँको निजी पुस्तकालय, उहाँका चिनी, तिब्बती, फ्रेन्च, जर्मन, जापानी, रसियन, पालि, संस्कृत आदि भाषामा समेत पोख्त भएका शिष्यहरूको दक्षताबाट पनि उहाँको स्मरण विद्वत जगत्मा अमित रूपमा रहने नै भयो ।

जीवनको अन्तमा, ८० वर्षको उमेरमा पनि डा. नलिनाक्ष दत्तले आँखाको कमजोरीको बाबजूद आइग्लासको सहयोगबाट लेखपढ गरी



Downloaded from http://dhamma.digital

"Mahayan Buddhism" नामक ग्रन्थ पूर्ण गर्नुभएको थियो, जसको केही दिनपछि नै २७ नोभेम्बर १९७३ का दिन उहाँले आफ्नो जीवनकाल अन्त गर्नुभएको थियो ।

यसको महिनादिनपछि २८ डिसेम्बर १९७३ का दिन कलकत्तास्थित महाबोधिसभाको प्रधान कार्यालय 'धर्मराजिक विहार'मा उहाँको स्मृतिमा एक विशेष धार्मिक कार्यक्रमको आयोजना गरी पुण्यानुमोदन कार्य सम्पन्न गरेको थियो ।

❑

## – सन्दर्भ –


1. Centenary Tribute to Dr. Nalinaksha Dutta - Aruna Haldar, Mahapandita Rahul Sankrityana, Birth Centenary Volume Bauddha Dharmankar Sabha Buddhist Temple Street, Calcutta

2. The Mahabodhi, Vol 82, No. 89 (Aug.-Sep. 1974)


Dhamma.Digital



Downloaded from http://dhamma.digital



सयाजी ऊ बा खिन

(सन् १८९९-१९७१)

Downloaded from http://dhamma.digital

# सयाजी ऊ बा खिन

२० औ शताब्दीमा बुद्धधर्मलाई विज्ञानसम्मत, युक्तिसंगत, तर्कसंगत, अन्धविश्वासबाट सर्वथा विमुक्त, सर्वजनीन, सर्वकालिक, सर्वदेशिक एव सम्प्रदायविहीन धर्मको रूपमा प्रस्तुत गर्नमा अति सक्षम भई यसको क्रियात्मक प्रयोग (विपश्यना भावना) लाई जोडदार रूपमा प्रचार-प्रसार गर्नमा अति सक्षम भएका एक प्रमुख ध्यान गुरू हुनुहुन्थ्यो- सयाजी ऊ बा खिन ।

उहाँको जन्म २३ मार्च १८९९ का दिन बर्माको एक साधारण परिवारमा भएको थियो । उहाँको शिक्षाको निमित्त उनका मातापितासित आवश्यक रकम थिएन अतः उहाँको अध्ययन उहाँकै एक नातैदार ठूलबुबाको सहयोगले मात्र बल्ल म्याट्रिकसम्म उत्तीर्ण हुन सफल भएको थियो ।

बाल्यकालदेखिनै अत्यन्त कुशाग्र तथा अतिपरिश्रमी मेधावी छात्र हुनाको कारण उहाँ प्रत्येक कक्षामा प्रथम हुँदै आउनुभएको थियो । म्याट्रिक परीक्षासम्म पनि उहाँले छात्रवृत्ति पाउँदै (पूर्णाङ्क प्राप्त गरेको कारण) आएको थियो । तर कलेजको पढाइको निमित्त आवश्यक पर्याप्त रकम आफूसँग नभएको साथै नातेदार ठूलबुबाको पनि निधन भइसकेको कारण उहाँले कलेजको पढाइ भने चालु राख्न सक्नुभएन । उहाँले १८ वर्षको उमरमै सन् १९१७ मा रंगूनको एकाउन्टेन्ट जनरलको अफिसमा एक



Downloaded from http://dhamma.digital

लेखनदासको रूपमा नोकरी शुरु गर्नुभएको थियो । पछि एकाउन्ट सर्भिसको परीक्षा उत्तीर्ण गरी उहाँ सन् १९२६ देखि अफिस सुपरिन्टेन्डेन्ट नियुक्त हुनुभएको थियो ।

यस अवधिमा उहाँले बुद्ध-शासनको प्रारम्भिक स्वरूपको रूपमा रहेको परियत्ति अर्थात् त्रिपिटक ग्रन्थको अध्ययन मनन शुरु गरिसक्नुभएको थियो । यसमा विशेषतः उहाँले अभिधम्मपिटकको अध्ययनमा विशेष रूचि राख्नुभएको थियो । बर्मामा यसको जोडदार प्रचार-प्रसार थियो र बुद्धधर्मको यो मूलभूत आधार ग्रन्थ पनि थियो ।

सन् १९३७ मा ऊ बा खिन रंगून शहरबाट ८ माइल दक्षिणमा अवस्थित ध्यानगुरू सया थेत्जी (सन् १८७३-१९४५) द्वारा संचालित विपश्यना शिविरमा सम्मिलित हुने आशयले आफ्नो कार्यालयमा छुट्टीको निमित्त निवेदन दिए तर प्रमुख अधिकारीले कार्यालयमा कामको बोझले छुट्टी लिन नमिल्ने कुरा बताए साथै बिना अनुमति गएमा नोकरीबाट निष्काशन हुने कुरा समेत जनाएको थियो ।

ऊ बा खिनले यसको पर्वाह नगरिकन विपश्यना शिविरमा सम्मिलित हुन जानुभएको थियो । शिविर सम्पन्न गरी फर्कनुभएका ऊ बा खिनले कार्यालयमा पुग्नासाथै एक पत्र पाउँदा उहाँले सोचे कि नोकरीबाट निष्काशन भयो तर जब पत्र पढियो उहाँ आश्चर्यचकित हुनुभयो । उहाँको त प्रमोशन भएको रहेछ ।

यसको १० वर्षपछि ४ जनवरी १९४८ का दिन बर्मा अंग्रेजहरूको अधिनबाट स्वाधीन (स्वतन्त्र) भयो । ऊ बा खिन स्वतन्त्र बर्माको पहिलो एकाउन्टेन्ट जनरल नियुक्त भए । स्मरणीय छ, दोस्रो विश्वयुद्धताका ऊ बा खिन बर्मा रेलवेको एकाउन्टेन्ट अफिसर भई माण्डलेमा कैयौं वर्ष रहिसक्नुभएको थियो ।



Downloaded from http://dhamma.digital

ऊ बा खिन एकाउन्टेन्ट जनरल नियुक्त भईसकेपछि उहाँलाई एक ठूलो कार्यालय जहाँ ६/७ वटा कोठा पनि थिए प्राप्त भयो ।

उहाँले प्रधानमन्त्री ऊ नु कहाँ जानुभई आफ्नो कार्यालयका कर्मचारीहरूलाई विपश्यना साधना सिकाउन अनुमति लिए । प्रधानमन्त्री ऊ नु जो स्वयं पनि बुद्ध-धर्मप्रति असीम श्रद्धा भएका व्यक्ति थिए जो विपश्यना साधनाका महत्वबारेमा अधिक ज्ञाता हुनुभएको कारण ऊ बा खिनको अनुरोधलाई सहर्ष स्वीकृति दिनुभयो । ऊ बा खिनले कार्यालयका ठूल्ठूला अफिसरहरूदेखि लिएर स-साना कर्मचारीहरूलाई समेत दस-दस दिनको विपश्यना शिविरमा सरिक गराउँदै लगे । उक्त कार्यालयमा प्रत्येक महिनाको दुइपटक शिविर संचालन गर्दै लगे । यसको परिणामस्वरूप ४ वर्षको अवधिमा सो कार्यालयका सम्पूर्ण कर्मचारीहरू विपश्वी साधक हुँदै गए ।

ऊ बा खिनको यस गतिविधिबाट प्रधानमन्त्री ऊ नु अधिक खुशी भए । त्यसभन्दा अगाडि सो एकाउन्टेन्ट जनरलको अफिस भ्रष्टाचारको प्रमुख थलो रहेको थियो । सो अफिसमा बिनाघुस कुनै पनि काम नहुने स्थितिमा रहिसकेको थियो । त्यस्तो भ्रष्टाचारको अड्डा भइसकेको ठाउँमा नयाँ एकान्टेन्ट जनरल ऊ बा खिनले कडा अनुशासन लागू गरी जो कोहीको आवेदनपत्रलाई ४८ घण्टामा फैसला दिनु नै पर्ने नियम बनाए । कुनै कार्यमा केही झञ्झट भएमा सो फाइल आफूकहाँ पुऱ्याउने र आफैले फैसला गरिदिने निश्चय गरे । यदि कसैले फाइल पनि नपठाउने फैसला पनि नगर्ने भए सो व्यक्तिलाई निष्काशन गर्ने वारेण्ट दिए सो अनुसार धेरैलाई निष्काशन पनि गरिएको थियो । तर उहाँले केवल कठोरताबाट मात्र अफिसका कर्मचारीहरूलाई सुधार्नुभएको थिएन बल्कि स्वयं सुध्रिने तवरबाट विपश्यनाको माध्यमबाट प्रत्येक कर्मचारी स्वयं धर्मगंगामा डुब्दै गएबाट ३-४ वर्षको अवधिमा सारा विभाग स्वच्छ हुन गयो ।



Downloaded from http://dhamma.digital

यो स्थितिलाई अवगत गरी प्रधानमन्त्रीले उहाँलाई अन्य विभागमा पनि त्यस्तै विपश्यना साधना गराई ठीक गर्न सुझाव दिए सोको निमित्त ऊ बा खिनलाई अन्य विभागमा सरुवा गरे साथै पहिलो एकाउन्टेन्टको विभागलाई पनि यथावतै कायम (अध्यक्षता) गर्न लगाए । पछि आएर ऊ बा खिनले चार-चारवटा विभागका प्रमुख (Head of Department) को जिम्मेवारी समेत सम्हाल्नुभएको थियो अझ उहाँलाई कैयौं सभा-समितिहरूको सल्लाहकारको रूपमा पनि नियुक्त गरिराखेको थियो । यी सबै कार्यभार उहाँ विपश्यना साधनाको बलले राम्ररी सम्हाल्न समर्थ पनि हुनुभएको थियो ।

त्यसताका बर्मामा ५५ वर्षको उमेरमा सरकारी कर्मचारीलाई सेवा निवृत्त हुने शासकीय नियम प्रचलित थियो । तर ऊ बा खिनलाई उहाँको असाधारण क्षमता र ४-४ वटा विभागको प्रमुख पद सहाल्न सकेको व्यक्तित्वलाई मध्यनजर राखी बर्मी सरकारले उहाँलाई थप एक-एक वर्ष भन्दै १२ वर्षसम्म सेवामा लगाइनै राखे । ६७ वर्षको उमेरमा उहाँ सेवामा निवृत्त भए सरकारको अनिच्छा रहँदारहँदै पनि । उहाँको कार्यकालमा उहाँले सम्हालेको प्रत्येक विभागका उपलब्धिहरूको जुन कीर्तिमान रहेको थियो सो अहिलेसम्म पनि बेजोड रहेको उल्लेखित छ ।

सयाजी ऊ बा खिनले आफ्नो शासकीय कार्यकालमै सन् १९५२ मा रंगूनमा 'अन्तर्राष्ट्रिय भावना केन्द्र'को स्थापना गरिसकेका थिए । सो ध्यान केन्द्र स्थापनार्थ उहाँकै अफिसका साधकहरूले पर्याप्त रूपमा सहयोग गरेका थिए । यस ध्यानकेन्द्रमा नियमित रूपमा शिविर संचालन गर्दै आइरहेको थियो । सयाजी ऊ बा खिनले कार्यालयको कामको साथै ध्यानकेन्द्रमा पनि त्यतिकै साधक साधिकाहरूलाई असीम मैत्रीका साथ शिविर संचालनार्थ लाग्नु हुन्यो । उहाँ यही आश्रम (ध्यानकेन्द्र) मा रात बिताउनुहुन्थ्यो र बिहान ९ बजे त्यहीबाट अफिस जाने गर्नुहुन्थ्यो ।



Downloaded from http://dhamma.digital

स्मरणीय छ, यस 'अन्तर्राष्ट्रिय ध्यानकेन्द्र' स्थापना भएको ३ वर्षपछि त्यस केन्द्रमा विपश्यना शिविरमा सम्मिलित हुन एकजना यस्ता व्यक्ति सयाजीलाई भेट्न आए जो भारतीयमूलका प्रवासी बर्मी नागरिक भई त्यहाँको जनमानसमा एक उच्चस्तरका प्रतिष्ठित व्यक्ति भइसकेका थिए । उहाँ हुनुहुन्थ्यो- सत्यनारायण गोयन्का (जन्म :- सन् १९२४)।

३१ वर्षका यस युवक सत्यनारायण गोयन्का जो त्यसताका नै एक सुप्रसिद्ध व्यापारी, उद्योगपति, समाजसेवी भई बर्मी समाजमा रही कैयौं राजनेता, मन्त्री, प्रधानमन्त्रीसित समेत घनिष्ठ सम्पर्क भइसकेका व्यक्ति थिए जसले आफ्नो 'माइग्रेन' नामक कपाल दुख्ने रोग निवारणार्थ मात्र विपश्यना शिविरमा सम्मिलित हुन चाहेको जानकारी सयाजी ऊ बा खिनलाई व्यक्त गरे । सयाजी ऊ बा खिनले उनलाई शिविरमा सम्मिलित गराउन इन्कार गरिदिए र उहाँले विपश्यनाविद्या (विधि) सर्वोच्च आध्यात्मिक विद्या कुनै शारीरिक रोग निर्मूल गर्नको निमित्त मात्र प्रयोग गरी यसको अवमूल्यन गर्न नहुने कुरा बताए । ऊ बा खिनले सत्यनारायण गोयन्कासमक्ष विपश्यना विद्या- जहाँ चित्त (मन) लाई राग, द्वेष, मोह आदि मानसिक विकारहरूबाट मुक्त गराउने उच्चतम विधिलाई अन्य सामान्य सांसारिक विद्यासित तुलना गर्न नहुने बारेमा पनि जानकारी दिए । यदि चित्तलाई विकारहरूबाट मुक्त गराउने आशयले आउने भए मात्र शिविरमा सम्मिलित हुन सक्ने सल्लाह दिए । सत्यनारायण गोयन्काको प्रतिष्ठाको केही पर्वाह सयाजी ऊ बा खिनलाई थिएन ।

साँच्चै नै कम उमेर (२५ वर्षको युवावस्था) मै जीवनका अनेक क्षेत्रमा अदभूत सफलताका साथ धन, सम्पदा, सत्ता र यशकीर्ति प्राप्त भएको कारण सत्यनारायण गोयन्कामा अहंजन्य मानसिक तनाव बढ्दै गएको कारण माइग्रेन जस्ता रोगको शिकार हुन गएको थियो । तसर्थ काम, क्रोध र अहंकार यी तीनैवटा विकारहरूबाट आफू निकै बेचैन रहेको कारण



Downloaded from http://dhamma.digital

सत्यनारायण गोयन्का त्यसबेला अति व्याकुल स्थितिमा रहँदै थिए । अतः उहाँले सयाजी ऊ बा खिनसित सम्पर्क भएपश्चात् उहाँको सल्लाहअनुरूप विकारबाट मुक्त हुने आशयले नै उहाँ प्रथम पटक विपश्यना शिविरमा सम्मिलित हुने मञ्जुरी दिए नकि 'माइग्रेन' बाट छुटकारा हुन । पहिलो पटक १ सितम्बर १९५५ का दिन पहिलो दश दिने ध्यान शिविरमा सम्मिलित हुनुभएका सत्यनारायण गोयन्काले पहिलो शिविरबाट नै माइग्रेन रोगबाट मुक्त भए साथै चित्त शान्तिको सही बाटो पहिल्याए ।

स्मरणीय छ, त्यसताका बर्माको रंगूनस्थित सप्तपर्णी गुफामा विभिन्न देश (विशेषतः श्रीलंका, बर्मा, थाइलैण्ड, लाओस् र कम्बोडिया) का २५०० विद्वान् भिक्षुहरू सम्मिलित भई छठ्ठ संगायना सम्पन्न गरिरहेको थियो । १७ मे १९५४ का दिनदेखि शुरु गरिएको यस संगायना दुईवर्षको समयावधिभित्र ५ वटा सन्निपात पूर्ण गरी २४ मे १९५६ (२५०० औं बैशाखपूर्णिमा) का दिन समापन गरिएको थियो । यस बृहद् धार्मिक आयोजना (छट्ठ संगायना) सम्पन्न गर्न बनाइएका विभिन्न उपसमितिहरूको एक भोजन उप-समितिमा निरामिस भोजनको दायित्व 'बुद्धशासन काउन्सिल अफ बर्मा' का प्रमुख सचिव हुनुभएका ऊ छाँ तुन (U Chan HToon) ले आफ्नो एक मित्र सत्यनारायण गोयन्कालाई सुम्पेका थिए ।

ऊ छाँ तुन- स्वतन्त्र बर्माको पहिलो एटर्नी जनरल थिए, उहाँ त्यसपश्चात् सुप्रीम कोर्टका जज, तेस्रो विश्व बौद्ध सम्मेलन आयोजक समितिका सचिव एवं विश्व बौद्ध भातृत्व संघका उपाध्यक्ष पनि थिए । उहाँसित सत्यनारायण गोयन्काको वर्षौंदेखिको मित्रता थियो । अतः आफ्नो माइग्रेन रोगको उपचारार्थ बर्मापश्चात् लण्डन, जर्मनी, स्वीट्जरलैण्ड, अमेरिका र जापान आदि देशमा पुगेर उपचार गर्दा पनि निको नभएको रोग सयाजी ऊ बा खिनद्वारा संचालित विपश्यना शिविरमा सम्मिलित भई मानसिक तनावमुक्त (शान्त) गर्न सक्ने सल्लाह सत्यनारायण गोयन्कालाई मित्र ऊ छाँ तुनले नै दिएको थियो । यसबाट स्पष्ट हुन्छ भावी विश्वविख्यात



Downloaded from http://dhamma.digital

विपश्यनाचार्य सत्यनारायण गोयन्कालाई मित्र ऊ छां ठून र गुरुवर सयाजी ऊ बा खिनले गर्नुभएको अनुकम्पा अवर्णनीय हुन गएको छ । अतः विपश्यनाचार्य सत्यनारायण गोयन्काले प्रायः आफूले संचालन गरेको प्रत्येक शिविरमा धर्मपिताको सम्बोधन गरी भावविभोर वाणी प्रकट गरेको हामीले सुनेका पनि छौं ।

सत्यनारायण गोयन्का- गुरूवर सयाजी ऊ बा खिनको छत्रछायामा १४ वर्ष रही आवश्यक कुशल मार्ग निर्देशन प्राप्त गरी २० जून १९६९ का दिन सयाजीकै तर्फबाट 'विपश्यनाचार्य' पद प्राप्त गरी आफ्नो एवं गुरूको सदिच्छाअनुरूप २००० वर्षको लामो अन्तरालपश्चात् भारतबाट प्राप्त अनमोल रत्न (विपश्यना ध्यान) भारतलाई नै फर्काउने (ऋणबाट अऋण हुने) हेतु गुरूवरको आदेश शिरोधार्य गरी उहाँ (सत्यनारायण गोयन्का) २२ जून १९६९ का दिन बिहान U.B.A. हवाईजहाजबाट कलकत्ताको दमदम हवाइअड्डामा आइपुग्नुभएको थियो ।

विपश्यनाचार्य सत्यनारायण गोयन्काले पहिलो ध्यान शिविर ३-१४ जुलाई १९६९ सम्म बम्बईको पंचायती बाडी धर्मशालामा सम्पन्न गर्नुभएको थियो । जुन शिविरमा सन् १९६४ मा बर्मा छोडी भारत आउनुभएका उहाँका माता-पिता लगायत केही अन्य परिचित एवं अपरिचितहरू गरी १४ जना व्यक्तिहरू सम्मिलित थिए । दोस्रो विपश्यना शिविर मद्रासको अग्रवाल भवन धर्मशालामा, तेस्रो पुनः बम्बईको नेमानीबाडी धर्मशालामा, चौथो महाबोधि सभा-सारनाथमा र पाँचौ दिल्लीमा सम्पन्न गर्नुभएको थियो । सन् १९६९ भरि (६ महिनाको अवधि) मा ९ वटा विपश्यना शिविर संचालन गर्नुभएको थियो ।

यस्तै सन् १९७० भरिमा उहाँले भारतका १६ विभिन्न स्थानहरूमा विपश्यना शिविर संचालन गरी जनमानसलाई धर्मदान (लोककल्याण) गर्नुभएको थियो ।



Downloaded from http://dhamma.digital

अफशोच ! सयाजी ऊ बा खिनले आफ्नो शिष्य सत्यनारायण गोयन्काको तर्फबाट भारतलाई प्रदान गरेको आध्यात्मिक ऋणको उत्रृण गरेको गतिविधिको खबर डेढ वर्षमात्र सुन्न पाउनुभयो । उहाँले केही दिनको बिमारीबाट १९ जनवरी १९७१ का दिन आफ्नो जीवन परित्याग गर्नुभयो ।

## नेपालको सन्दर्भमा –

विपश्यनाचार्य गुरूवर सयाज़ी ऊ बा खिनको निधनको एक दशकपछि उहाँको परमशिष्य विपश्यनाचार्य कल्याणमित्र सत्यनारायण गोयन्काले नेपालमा पहिलो १० दिने ध्यान शिविर काठमाडौं स्वयम्भूस्थित आनन्दकुटी विहारमा २५ मार्चदेखि ५ अप्रिल १९८१ (१२-२३ चैत्र २०३७) सम्म सम्पन्न गर्न आउनुभएको थियो । २४८ जना साधकसाधिकाहरू सम्मिलित भएको उक्त विपश्यना शिविर उहाँ (गोयन्काको तर्फबाट संचालित) को शिविर संख्या नं. १९३ औं रहेको थियो ।

स्मरणीय छ यस एकदशक (सन् १९७१-८१) को समयावाधिभित्रै कल्याणमित्र सत्यनारायण गोयन्काले सन् १९७१ मै गुरूजी ऊ बा खिनको निधनपश्चात 'सयाजी ऊ बा खिन मेमोरियल ट्रष्ट' को स्थापना गरी जोडदार रूपमा विपश्यना ध्यानको प्रचार-प्रसार गरी लोकसेवा गर्दै आउनुभएको थियो ।

सन् १९६९ को जून महिनामा बर्माबाट भारत आउनुभएका कल्याणमित्र सत्यनारायण गोयन्काले पूरा एकदशक भारतमा रही तथागत (बुद्ध) बाट प्रतिपादित यस विपश्यना साधनाविधिको प्रचारप्रसार गरिसकेपछि यूरोपमा पनि यसको प्रचार-प्रसारार्थ भारतीय नागरिकता प्राप्त गरी तत्कालै दुई दिनपछि नै फ्रान्सको गइयो नगरमा पुगी १-११ जुलाई १९७९ सम्म यूरोपमा पहिलो शिविर सम्पन्न गर्न सफल हुनुभएको थियो । यसको लगत्तै



Downloaded from http://dhamma.digital

फ्रान्सकै प्लेजमा, क्यानाडामा र इङ्गलैण्डमा दुइवटा गरी ५ वटा दशदिने शिविर सम्पन्न गरी भारत फर्कनुभएको थियो ।

यस प्रकार विपश्यना ध्यान शिविर यूरोप, अमेरिका र अष्ट्रेलिया (सन् १९८० को सेप्तेम्बरमा दुइवटा शिविर) मा पुगिसकेपछि मात्र भारत नजिकको देश नेपालमा पुगेको थियो ।

वि.स. २०३७ सालको चैत्र महिनामा आनन्दकुटी विहारमा सम्पन्न पहिलो विपश्यना शिविरबाटै "नेपाल विपश्यना केन्द्र" को स्थापना हुन आएको थियो । 'नेपाल विपश्यना केन्द्र' को स्थापनापश्चात् नेपालमा पनि दशदिने विपश्यना शिविर संचालन हुँदै आए ।

सन् १९८५ को २८ अक्टोबरदेखि ८ नोभेम्बर सम्मको एक शिविर कल्याणमित्र सत्यनारायण गोयन्काको उपस्थितिमा पुनः एकपटक आनन्दकुटी विद्यापीठमा राखे जुन २६८ औं दशदिने विपश्यना शिविर थियो । उक्त शिविरमा यस पंक्तिका लेखकले पनि पहिलो शिविरको रूपमा भाग लिने अवसर पाएको थियो ।

हाल आएर नेपालमा पनि बुद्धको समयदेखि आचार्य परम्परानुसार संरक्षण हुँदै आएको विपश्यना विधि १९ औं शताब्दीमा आएर भदन्त लेदी सयादो महास्थविर (सन् १८४६-१९२३) बाट क्रमशः विपश्यनाचार्य सयाथेत्जी - सयाजी ऊ बा खिनपश्चात् सत्यनारायण गोयन्काबाट संचालित ध्यानपद्धतिको नेपाल अधिराज्यमा ४ वटा केन्द्र स्थापित भइसकेको छ ।

तीी यसप्रकार छन् :

१) धम्मश्रृङ्ग - बुढानीलकण्ठ, काठमाडौं

२) धम्मजननी - लुम्बिनी

३) धम्मतराई - वीरगंज, पर्सा-परवानीपुर

४) धम्मविराट - विराटनगर (पूर्वी नेपाल)



Downloaded from http://dhamma.digital

अन्तमा सयाजी ऊ बा खिनको धर्मनिष्ठाको बारेमा आचार्य सत्यनारायण गोयन्काले उल्लेख गर्नुभएको छ -

"सयाजीको जीवन मेरी तरह उनके अन्य शिष्यों के लिए भी प्रेरणाका स्रोत था । वे कई महत्वपूर्ण राजकीय पदो पर आसीन रहे और एक समय तो चार विभागों के अध्यक्ष भी रहे । ऐसी प्रभुतासंपन्न सत्ता में रहते हुए वे बडी आसानी से प्रच्छन्न रूप से विदेशी खातों मे करोडो की संपदा एकत्र कर सकते थे । पर यह धर्म-विहारी ऊ बा खिन का रास्ता नही था । अपने एक लडके एवं लड्कियों के उपयोग के लिए वे अपनी ईमानदारी की कमाई में से एक छोटा कुटिया समान आवास अपने पीछे छोड जाने में पूर्णतया संतुष्ट बने रहे ।"

❑

## – सन्दर्भ –


१) धर्मज्योति - कल्याणमित्र श्री सत्यनारायण गोयन्का
सयाजी ऊ बा खिन मेमोरियल ट्रष्ट
शहीद भगतसिंहमार्ग, बम्बई-२०

२) धन्य बाबा - आचार्य सत्यनारायण गोयन्का
विपश्यना विशोधन विन्यास
धम्मगिरि इगतपुरी, महाराष्ट्र-२००२

३) कल्याणमित्र सत्यनारायण गोयन्का
- बालकृष्ण गोयन्का
विपश्यना विशोधन बिन्यास
धम्मगिरि, इगतपुरी, महाराष्ट्र-२००२


"युवा बौद्ध समूह"
रजत वर्ष स्मारिका
२०६३



Downloaded from http://dhamma.digital



डा. जार्ज रोयरिक

(सन् १९०२-६०)

Downloaded from http://dhamma.digital

# डा. जार्ज रोयरिक

२० औं शताब्दीमा प्राच्यविद्या अन्तर्गत तिब्बती भाषा एवं साहित्यमा लागि बुद्ध-धर्म तर्फ आकर्षित भएका केही विद्वान्हरूमा रूसका डा. जार्ज (यूरी) रोयरिक पनि एक हुनुहुन्छ ।

उहाँको जन्म सन् १९०२ मा रूसको नोभगरद स्थित आकुलोभ्का भन्ने स्थानमा सुविख्यात महान् रूसी कलाकार (चित्रकार), दार्शनिक एवं मानवतावादी प्रो. निकोलाई रोयरिकका जेष्ठ पुत्रको रूपमा भएको थियो ।

माता (एलेना इभानोभ्ना) पिताले आफ्नो जेष्ठ पुत्रलाई स्कूली जीवन मै रूसी मिश्रविद् (इजिप्तोलोजी)-वी. तुराएभ र प्राच्यविद् (पूर्वीयभाषा एवं साहित्यविद्)-ए. रूदन्योभसँग सो सम्बन्धी शिक्षा पनि दिलाउँदै आएका थिए । यसैको फलस्वरूप यूरी रोयरिकले पनि सानै उमेरदेखि पिता कै सरह पूर्व (तिब्बत एवं भारत) को भाषा, साहित्य एवं संस्कृतिमा पनि रूचि राख्दै आउनुभएको थियो ।

यूरी रोयरिक स्कूल जीवनपश्चात् शुरूमा लण्डन विश्वविद्यालयको इण्डो-इरानी विभागमा भर्ना भए । त्यहाँ उहाँले प्रो. डा. डब्लू. एच. डी. राउस (Dr. W.H.D. Rouse) सित संस्कृतभाषाको अध्ययन शुरू गरेपछि उहाँले संस्कृत भाषाको अध्ययनमा विस्तृत गर्ने क्रममा संयुक्त राज्य



Downloaded from http://dhamma.digital

अमेरिकाको हार्वड विश्वविद्यालयमा पुगी त्यहाँका संस्कृत विभागाध्यक्ष प्रो. सी. लैनमैनसँग संस्कृतको अध्ययन कायम राख्नुभएको थियो साथै उहाँले त्यहाँ पालि तथा चिनियाँ भाषाको पनि अध्ययन शुरू गर्नुभएको थियो ।

जार्ज रोयरिकले हार्वड विश्वविद्यालयमा अध्ययन समाप्त गरी पुनः पेरिस विश्वविद्यालयमा जानु भयो । जहाँबाट उहाँले सन् १९२३ मा भारतीय भाषा विज्ञानमा पी.एच.डि.को उपाधि हासिल गर्नु भयो । प्रो. निकोलाई रोयरिक आफ्नो जेष्ठ पुत्रको प्राच्यविद्या सम्बन्धी कार्यक्रममा महत्वपूर्ण स्थान ओगटेकोमा बेहद् खुशी थिए ।

उहाँको कान्छो पुत्र स्वेतस्लाभ रोयरिक पनि संयुक्त राज्य अमेरिकामा वास्तुकला र चित्रकलाको अध्ययन सम्पन्न गरी माता-पिताका साथ १६ मई १९२३ का दिन पेरिस आइपुगे । पेरिसमा स-परिवार भेला भई भारत आगमनको लागि तयारीमा रहे ।

सन् १९२३ को डिसेम्बर महिनामा डा. जार्ज रोयरिक आफ्नो माता-पिता एवं भाइका साथ बम्बई आइपुगेका थिए । उहाँहरूले बम्बईको एलिफन्टा टापुस्थित गुप्तकालका मूर्तिहरू एवं बम्बई शहरको ऐतिहासिक स्थानहरूको अवलोकन पछि त्यहाँबाट क्रमशः जयपुर, आगरा, सारनाथ, बनारस हुँदै कलकत्ता पुग्नुभयो र त्यहाँबाट उत्तरतर्फ लाग्नुभयो । उहाँहरूले यात्राको साथै त्यसताकाका कयौं प्रतिष्ठित व्यक्तिहरूमा बंगाली चित्रकार संघको सचिव रवीन्द्रनाथ ठाकुरका भतिजा गगनेन्द्र ठाकुर, प्रसिद्ध वैज्ञानिक जगदीशचन्द्र बोस, स्वामी विवेकानन्दका अनुयायीहरू, वैज्ञानिक बी. सेन आदिसँग पनि भेटघाट गर्नुभएको थियो ।

रोयरिक परिवार डिसेम्बरको अन्त्यमा सिक्किम पुग्नुभयो- उहाँहरू सबै हिमालयप्रति आकर्षित हुनुहुन्थ्यो । उहाँहरूले प्राचीन संस्कृतिको उत्थान सम्बन्धी विशेष अध्ययन-मनन गरेका थिए जसको क्रममा उहाँहरू बुद्ध-धर्मप्रति विशेष आकर्षित थिए । बुद्ध-धर्मले सम्पूर्ण मध्य-एशियाको जनरीतिरिवाज



Downloaded from http://dhamma.digital

र कलामाथि ठोस प्रभाव पारेको बारे उहाँहरूलाई पूरा अवगत भइसकेको थियो । अतः उहाँहरू ती स्थानहरू वा मध्य-एशियाको स्थिति प्रत्यक्ष अवलोकन एवं अनुसन्धान गर्न जाने तरखरमा लागिरहेका थिए ।

उहाँहरूले बुद्ध-धर्मसम्बन्धी प्राचीन लिखित स्रोतहरूको पनि विस्तृत अध्ययन गरिसकेका थिए साथै उहाँहरूले एशियाली जनताहरूको जीवनमा बुद्ध-धर्मको प्रभाव बारे अनुसन्धान गर्दैरहेका थिए ।

उहाँहरू साम्यवादी विचारधारा र बुद्ध-दर्शनको समन्वय हुनुपर्छ र यी दुई विचारधाराहरूको आपसी प्रभाव विश्वविकासको लागि उपयोगी हुने कुरामा विश्वस्त हुनुहुन्थ्यो ।

रोयरिक परिवार मध्य-एशियाको अन्वेषण भ्रमण हेतु मार्च, १९२५ मा सिक्किम एवं दार्जिलिङ्गबाट जम्मू र काश्मिरको राजधानी श्रीनगर (पश्चिमी हिमालय) पुग्नुभयो । स्मरणीय छ, काश्मिर-भारत र मध्यपूर्व एशिया एवं तिब्बतसँग जोड्ने अरु पनि थुप्रै बाटोहरूको मिलनकेन्द्र थियो । चारैतिरबाट हिमाच्छादित पर्वत श्रृंखलाहरूले घेरिएको काश्मिरको हावापानी समशीतोष्ण छ । इश्वीसम्वत् शुरू हुनुभन्दा तीन शताब्दीअगाडि प्राचीन भारतीय सम्राट अशोकको राज्यकालमा काश्मिरमा बुद्ध-धर्म विस्तृत रूपमा फैलिसकेको थियो । इश्वीको पहिलो र दोस्रो शताब्दीमा बौद्ध साहित्यको निर्माण र बुद्ध-धर्मको प्रचार-प्रसारमा काश्मिरी बुद्ध-धर्मावलम्बीहरूले निकै महत्वपूर्ण भूमिका खेलेका थिए ।

अन्वेषणटोलीको रूपमा रहेको रोयरिक परिवारले मध्य-एशियाको निमित्त १८ सेप्टेम्बर १९२५ का दिन लद्दाख छोडे । त्यस परिवार लद्दाखबाट खोटान तर्फ लागे । कठिन शिशिर ऋतुमा उहाँहरूले ५ हजार मीटर भन्दा अग्ला सातवटा भञ्ज्याङ्गहरू- खारडोङ्, कराउल-दवान, सासेर, दापसाङ्, काराकोरम, सुगेत-दवान र संजु-दवान पार गरिसकेपछि ती परिवारका सदस्यहरू खोटान पुगे । खोटान- कुनै समय (प्राचीनकाल) मा महान्



Downloaded from http://dhamma.digital

चीनिया राजमार्ग वा रेशम मार्ग (Silk Road) को एक प्रमुख केन्द्र हुँदै प्राचीन चीनलाई पश्चिमसँग जोडेको थियो ।

कुनै समयमा ऐश्वर्य र उन्नति चरम सीमामा पुगिसकेको खोटान २० औं शताब्दीको पूर्वार्द्ध (रोयरिक परिवार पुगेको बेला) मा त्यो उजाड स्थितिमा थियो । त्यसताका दुई लाख जनसंख्या भएको खोटान मरुभूमिमा कुनै डाक्टरको प्रबन्धसम्म पनि थिएन । सबैभन्दा नजिकको डाक्टरी सेवा पाउने ठाउँ नै यारकण्ड थियो, जहाँ पुग्न खोटानबाट हप्तादिन लाग्दथ्यो ।

रोयरिक परिवार (अन्वेषणदल) खोटानमा अढाई महिना रही १३ फरवरी १९२६ का दिन उहाँहरू काशगरमा पुग्नु भयो । काशगरमा दुई हप्ता रही उहाँहरू त्यहाँबाट अक्सु, कुचा, कारशार र तोक्सुन हुँदै ११ अप्रिल १९२६ का दिन ऊरूमची पुग्नुभयो ।

यस अन्वेषणदल कुनै विघ्न वाधा बिना नै ऊरूमचीबाट जाइसान पुग्यो र जाइसानबाट दुइजना तिब्बती सहयात्रीहरू सहित जाइसान सरोवरको क्षेत्रबाट सोभियत-सीमाना प्रवेश गरी १३ जून १९२६ का दिन मास्को पुग्यो ।

यसप्रकार डा. जार्ज रोयरिक विद्वान् मातापिता एवं चित्रकार भाइ स्वेतस्लाभका साथ मध्य एशियाको अन्वेषणको क्रममा मास्को पुगी त्यहाँ महिना दिन रही फर्कने क्रममा सन् १९२६ को अगस्त महिनामा अल्ताई आइपुग्यो । अल्ताईबाट बर्नाउल-उलानउदे र ९ सेप्टेम्बर १९२६ का दिन क्याख्ता हुँदै मंगोलियाको राजधानी उलानबाटोर आइपुग्यो ।

यस अन्वेषणदल उलानबाटोरमा पूरा ६ महिना रही भावी सफरको तयार (सोभियत अन्वेषण पासपोर्ट, मंगोल सरकारको सुरक्षा प्रमाण-पत्र, तिब्बती तथा चिनी यात्राको निमित्त पासपोर्ट तयार) गरी १३ अप्रिल १९२७ का दिन उलानबाटोर छोडे ।



Downloaded from http://dhamma.digital

उलानबाटोरबाट प्रस्थान गर्नुभएका उहाँहरू वर्षदिन पछि पूर्वी तिब्बतको पनि अढाई महिनाको भ्रमणपछि सेपोल भञ्ज्याङ्गबाट हिमालय पार गर्दै सिकिमको राजधानी गान्टोक पुगियो र २८ मई १९२८ का दिन दार्जिलिङ्ग आईपुग्यो जहाँबाट मार्च १९२५ मा रोयरिक परिवारले अन्वेषण भ्रमणको यात्रा शुरू गरेको थियो ।

स्मरणीय छ, रोयरिक परिवारको यस अन्वेषणदलले ३ वर्षको अवधिमा २४ राष्ट्रहरूको भ्रमण गरेको थियो त २५ हजार किलोमिटरको लामोयात्रा पार गरेको थियो । यस अन्वेषण दलले जम्मा गरेको विस्तृत वैज्ञानिक सामाग्रीहरू क्रमवद्ध पारी तयार गर्न एवं पुरातात्त्विक, भौगर्भिक, वनस्पतिशास्त्रसम्बन्धी तथा अन्य हजारौं सामाग्रीहरूको प्रबन्धार्थ रोयरिक परिवारले एक वैज्ञानिक अन्वेषणकेन्द्रको स्थापना गर्ने विचार गऱ्यो । शुरूमा अन्वेषणदलका सदस्य रहनुभएका उहाँहरूले "उरूस्वती" नामका हिमालय अनुसन्धान संस्थान सिक्किममा स्थापना गर्ने विचार गर्नुभएको थियो तर पछि पश्चिम हिमालय (हिमाञ्चल प्रदेश) को कुल्लू-कटराइनमा रोयरिक परिवारले आफ्नो स्थायी निवास स्थानको साथै "उरूस्वती हिमालय रिसर्च इन्स्टिच्यूट" त्यही स्थापना गरी डा. जार्ज रोयरिक सो इन्स्टिच्यूटका डाइरेक्टर बने ।

कुल्लू-कटराइनमा बसाई सर्नुभएको (डिसेम्बर, १९२८ ई.) केही महिनापछि पिता र पुत्र (निकोलाई रोयरिक र जार्ज रोयरिक) विशेष कारणवश यूरोप र अमेरिका जानुभएको थियो । नयाँ इन्स्टिच्यूटको विकासको लागि केही पश्चिम-यूरोपेली वैज्ञानिक संस्थानहरूसँग सम्पर्क राख्नु आवश्यक थियो ।

'उरूस्वस्ती हिमालय रिसर्च इन्स्टिच्यूट'का प्रमुख हुनुभएका डा. जार्ज रोयरिकले पूर्वेली भाषा र साहित्यको अध्ययन क्षेत्रमा मात्र विस्तृत अध्ययन शुरू गर्नुभएको थिएन मानववंश शास्त्र तथा भाषाशास्त्र सम्बन्धी अनुसन्धानहरू



Downloaded from http://dhamma.digital

र पुरातात्त्विक स्मारकहरूको अन्वेषणको निरिक्षण पनि गर्नु हुन्थ्यो । उहाँले मध्य-एशियाको भ्रमणपश्चात् "उत्तरी तिब्बतका घुमन्ते जातिहरूको पशुशैली" र "मध्य-एशियाको गोरेटो" एवं अन्य बहुसंख्यक अन्वेषण भ्रमण सम्बन्धी लेख प्रस्तुत गर्नुभएको थियो । सन् १९३१ देखि यस उरूस्वती इन्स्टिच्यूटले "उरूस्वती" नामबाटै उक्त वार्षिक पत्रिका पनि प्रकाशित गर्दै ल्याएको थियो जस्को पहिलो अंक डा. जार्ज रोयरिकले आफ्नो हार्वर्ड विश्वविद्यालयका गुरूवर महान् संस्कृत भाषाविद् प्रो. लैनमैन प्रति समर्पित गरिएको थियो ।

सन् १९३४-३५ मा पिता-पुत्र दुवै मिली पुनः एकपटक नयाँ अन्वेषणदलको नेतृत्व गर्दै मंचुरिया र चीनको विस्तृत अन्वेषण भ्रमणमा जानुभएको थियो । यस अन्वेषणदलमा केही एशियाली तथा यूरोपेली वनस्पतिविद्हरू पनि रहेका थिए ।

आफ्नो अन्वेषण भ्रमण समाप्त गरी २१ सेप्टेम्बर १९३५ का दिन संघाई पुग्नुभएका उहाँहरू २४ सेप्टेम्बर १९३५ का दिन भारत आउनुभएको थियो । यसको दुईवर्षपछि सन् १९३७ को मध्य (मई-जून) मा रोयरिक स-परिवार कुल्लूमा रहनुभएको बेलामै भारतका सु-प्रतिष्ठित भिक्षुद्वय - राहुल साँकृत्यायन र आनन्द कौशल्यायन, उहाँहरूको सानिध्यमा केही दिन रहेका थिए । केलाङ्ग पुगी १० दिन जति रही भिक्षु राहुल साँकृत्यायन ११-२५ जून १९३७ सम्म कटराइनस्थित रोयरिक परिवारको निवासमा रहनुभएको थियो ।

विशेषतः महापण्डित राहुल साँकृत्यायन डा. जार्ज रोयरिक- जो तिब्बती भाषा एवं पुरातत्त्वका पण्डित थिए उहाँसित अधिक प्रभावित थिए । दुई हप्ताको रोयरिक परिवारसितको सान्निध्यताको स्मरण तिब्बतीविद् राहुल साँकृत्यायन उल्लेख गर्नुहुन्छ –

"रोयरिक परिवारके साथ दो हप्ते रहा-आनन्दकी कोई सीमा नहीं थी । वृद्धा रोयरिक (ऐलिना इभानोम्ना) तो और भी मृदु स्वभावकी है, वह



Downloaded from http://dhamma.digital

अधिकतर योगध्यानमे रहती है । योग-ध्यानके प्रति मेरा तो कोई श्रद्धा नही है, किन्तु मै उनके मधुर वर्तावसे अवश्य प्रभावित हुआ । प्रोफेसर रोयरिक (पिता) डाक्टर श्चेर्वास्की (सन् १८६६-१९४२) के घनिष्ट मित्र थे । लेनिनग्राडमे बौद्ध विहार स्थापित करनेमें दोनोंने बडाकाम किया था । उन्हें मालूम हो गया था-कि मै रूस जानेवाला (सन् १९३७ को अन्तदेखि सन् १९३८ को शुरू सम्मको यात्रा) हूँ इसलिए उनकी पुरानी स्मृतियाँ ताजी हो गई ।

यहाँ रहते हुए मै जार्जसे रूसी पढता, वह इन्दो-यूरोपीय भाषातत्त्वके पण्डित है-इसलिए उनके साथ रूसीभाषा पढ्ने मै बडा आनन्द आता था । जार्जने एक बडा तिब्बती-कोष तैयार किया था । मेरे अपने भोट संस्कृत कोष मे कितने ही नये शब्द थे-इसलिए हम दोनो कोषोंको मिलाते जाते थे, और वह अधिक शब्दोको नोटकर लेते थे । मै लाइब्रेरीवाले घरके कोठेपर रहता था जो कि परिवारके बंगले से कुछ सौ गज ऊपर था । इसकी चारो तरफ बडे-बडे देवदारोका घना जंगल था ।"

महापण्डित राहुल सांकृत्यायन-तिब्बती ग्रन्थ अनुसन्धानको क्रममा सन् १९३८ को मध्यमा चौथो पटक तिब्बत यात्रा शुरू (४ मई १९३८ का दिन) गर्नुभएको थियो । यसपटकको यात्रामा उहाँले शलू गुम्बामा कयौं ग्रन्थहरू पाउनुभएको थियो जसमा एक ग्रन्थ थियो-छगलोचवा धर्मस्वामी (सन् ११९७-१२६४) को जीवनी-जो सन् १२२० को आसपासमा भारत भ्रमणमा आएको थियो उहाँले विहार प्रदेशको नालन्दा आदि स्थानहरूको विध्वंश प्रत्यक्ष देख्नुभएको थियो । उहाँकै जीवनी उहाँको एक शिष्यद्वारा लेखिएको उक्त पोथी राहुल सांकृत्यायनले लिएर आउनुभएको थियो । सो तिब्बती हस्तलिखित ग्रन्थलाई डा. जार्ज रोयरिकले तिब्बतीबाट अंग्रेजीमा अनुवाद गरी "The Biography of Dharmaswami" को रूपमा प्रस्तुत गर्नुभएको थियो । यस कृति सन् १९५९ मा "K.P. Jayaswal Research Institute, Patna" बाट प्रकाशित भएको थियो ।



Downloaded from http://dhamma.digital

स्मरणीय छ, १३ औं शताब्दीको पूर्वाद्धको नेपाल एवं भारतस्थित विहार प्रदेशको राजनीतिक, धार्मिक एवं सामाजिक स्थितिको महत्वपूर्ण विवरण प्रस्तुत (छर्लङ्ग) भएको यस कृतिको नेपाली भाषामा पनि अनुवाद भइसकेको छ । नेपालको पुरातत्त्व विभागका भूपू. उप-महानिर्देशक हुनुभएका तारानन्द मिश्रको सम्पादन तथा संशोधनमा प्रकाश भण्डारीद्वारा नेपाली भाषामा अनुवाद गरिएको यस कृति 'धर्मस्वामी' को रूपमा सन् २००४ मा "Lumbini Foundation For Development and Peace" को तर्फबाट प्रकाशित भएको थियो ।

डा. जार्ज रोयरिक वर्षौपछि सन् १९५७ मा आफनो देश सोभियत भूमि (रूस) मा फर्कनुभएको थियो । उहाँले आफ्नो देशमा फर्की त्यहाँ प्राचीन भारतीय दर्शन एवं साहित्य विषयमा शोधकार्य गर्नेहरूलाई विशेष प्रेरणा दिँदै गए । उहाँले त्यहाँ संस्कृत भाषा पढाउँथे साथै पालीभाषा अध्ययनको पनि विशेष प्रबन्ध गरेका थिए । २० औं शताब्दीको छैठौं दशकको अन्तसम्ममा भारतविद्याको क्षेत्रमा लागेका प्रायः तमाम रूसी विद्यार्थीहरूले उहाँसित परामर्श लिएका थिए ।

उहाँले सन् १८९७ मा सेर्गेइ फ्योदोरोवीच ओल्देनवर्ग (सन् १८६३-१९३४) ले शुरू गर्नुभएको 'बौद्ध पुस्तकमाला' प्रकाशनको कार्यलाई पुनः शुरु गर्नुभएको थियो । यसैक्रममा आर्यशूरको जातकमाला (अनुवादक-अ. बरान्निकोव), अ. बोस्त्रिकोवको पुस्तक 'तिब्बती ऐतिहासिक संस्कृति' र तत्कालीन युवा सोभियत प्राच्यविद् व. तोपोरोवद्वारा अनूदित 'धम्मपद' पनि प्रकाशित गरियो । तर अफशोच । डा. जार्ज रोयरिक मास्को पुगी ४ वर्ष नै जीवित रहनुभएन - सन् १९६० मा ५८ वर्षको उमेर मै उहाँको निधन भयो ।

❑



Downloaded from http://dhamma.digital

# – सन्दर्भ –


१) निकोलाइ रोरिख – पी. वेलिकम, भी. कन्याजेभा
नेपाली अनुवादक – राजेन्द्र मास्के
प्रगति प्रकाशन,
मास्को १९७९

२) भारत की छवि – ग. बोगार्द लेविन, अ. विगासिन
हिन्दी अनुवादक – योगेन्द्र नागपाल
प्रगति प्रकाशन,
मास्को १९८४

३) मेरी जीवन यात्रा-२ – राहुल सांकृत्यायन्
किताबमहल,
इलाहवाद-१९५०


"ज्योति उदय"
अंक-१२, बु.सं. २५४९
वि.सं. २०६२



Downloaded from http://dhamma.digital

# सिस्टर वजिरा

२० औं शताब्दीको मध्यमा भारतमा बुद्ध-धर्म प्रचार-प्रसारार्थ आफ्नो जीवन व्यतीत गर्न आउनुभएका यूरोपका केही व्यक्तित्वहरूमा सिस्टर (अनगारिका) वजिरा पनि एक प्रमुख हुनुहुन्छ ।

उहाँको जन्म २० औं शताब्दीको पहिलो दशकमा इङ्गलैण्डको एक सम्पन्न परिवारमा भएको थियो । उनी सानै उमेरदेखि बुद्ध-धर्ममा विशेष दिलचस्पी राख्दै आएकी थिइन् ।

उनले विवाह नगर्ने विचार गरी (गृहस्थ जीवन त्यागी) सन् १९३८ मा श्रीलंका पुगी बौद्ध भिक्षुणी भइन । उनी श्रीलंकामा केही महिना रही भारतको सारनाथमा आइपुगिन् । यहाँ उनीले एक घरको प्रबन्ध गरिन् । यस्तै उनले दार्जिलिङ्गमा पनि एक घर बनाइन् । उनी जाडो याममा सारनाथमा रहन्थिन् त गर्मी एवं बरसातमा दार्जिलिङ्गमा रहने गर्थिन् ।

उनलाई धार्मिक कार्य सम्पन्न वा खर्च गर्न लण्डन बैंकबाट रकम प्राप्त हुन्थ्यो । लण्डन बैंकमा उनको पिताले जम्मा गरिराखेको प्रशस्त रकमबाट सो व्याज प्राप्त हुन्थ्यो ।

यसप्रकार धनसम्पन्न भए पनि सिष्टर वजिरा अति नै विनम्र, शीलवती, दानी एवं विदूषी थिइन् ।



Downloaded from http://dhamma.digital



सिस्टर वजिरा

(सन् १९०४-६८)

Downloaded from http://dhamma.digital

उनले पालिग्रन्थ सुत्तनिपातको साथै सक्कपञ्ह सुत्त, धम्मचक्कपवत्तन सुत्त आदिको पालिभाषाबाट अंग्रेजीमा अनुवाद गरी स्वयंले प्रकाशित गरेकी थिइन् । सुत्त-निपात ग्रन्थ दुई-खण्डमा अनुवाद गरी सन् १९४१ र १९४२ मा प्रकाशित गरेकी थिइन् ।

यस्तै उनले सन् १९४० को नोभेम्बर महिनाको १०-१३ भित्रमा मूलगन्धकुटी विहारको नवौं वार्षिकोत्सवको उपलक्ष्यमा बनारसको सभागृह मा "Daily Life of Buddha" शीर्षकमा एक व्याख्या दिएकी थिइन् । सोही व्याख्यानलाई उनले उपर्युक्त नामबाटै पुस्तिकाको रूपमा त्यसैबेला (सन् १९४० मै) प्रकाशित गरेकी थिइन् ।

सन् १९४० को जनवरीको अन्तमा चीनका एक वर्तमान सुप्रसिद्ध भिक्षु ताई-शू (सन् १८८८-१९४७) तथागतको धर्मचक्रप्रवर्तन स्थल सारनाथमा आइपुग्नुभएको थियो । त्यसबेला उहाँको भव्य स्वागत गरिएको थियो । यसको भोलिपल्ट ३० जनवरी १९४० का दिन बनारसको सभागृहमा पं. जवाहरलाल नेहरू (सन् १८८९-१९६४) को उपस्थितिमा भव्यरूपमा 'अशोक दिवस' पनि मनाइएको थियो । यस दिवसको प्रमुख अतिथि भिक्षु ताइ-शूलाई चुनेको थियो । उपर्युक्त दुवै कार्यक्रममा सिस्टर वजिरा पनि सामेल भएकी थिइन् ।

यसप्रकार विशेषतः सारनाथमा रही बुद्धधर्म प्रचार प्रसारमा लागिरहेकी सिष्टर वजिरा पछि महायानी भिक्षुणी भइन् तर पनि स्थविरवाद बुद्ध धर्ममा उहाँको अतूत श्रद्धा यथावत नै थियो । तसर्थ उनले आफ्नो सम्पूर्ण सम्पत्तिको वसीयतनामा भारतमा बुद्ध-धर्म प्रचार-प्रसारार्थ 'महाबोधि सभा' को नाममा राखिदिएकी थिइन् ।

अफशोच ! सिस्टर वजिराको जीवनको अन्त्य अकल्पनीय (भयावह) रूपमा भयो । सन् १९६८ को अक्टोबरको पहिलो सप्ताह दार्जिलिङ्, कालिम्पोङ्, सिक्किम, भुटान र पश्चिम बंगालका अनेक शहरहरूमा बाढी



Downloaded from http://dhamma.digital

प्रकोप (अहर्निश वर्षा) बाट अवर्णनीय क्षति हुन गयो । जुन बस्तीमा सिस्टर वजिरा रहेकी थिइन् सो दार्जिलिङ्गको भोटिया बस्ती पनि त्यसमा पर्न गएको थियो । यसको वर्णन वा त्यसबेलाको गतिविधिको बारेमा भिक्षु धर्मरक्षित (सन् १९२३-७७) उल्लेख गर्नुहुन्छ-

"दार्जिलिङ्गकी भोटिया बस्ती पूरीकी पूरी तरह तवाह हो उठी । बहिन वजिराके मकानके ऊपर ऊँची पहाडी थी जो लगातार पडनेवाले वर्षा जलके बेगको नही सम्हाल सकी और सरककर भोटिया बस्ती पर ही आ गिरी । बेचारी बहिन वजिरा भी उसी विपत्ति मे फंस गई और अब तक उनके मृत कलेवरका पता नही लगा । बाढ ने जहाँ पहाडीको गिराया, वही घरोंके साथ मृत शरीरोंको भी बहाने मे कोई कोर कसुर न रखा । मकान ऐसे बह गए, मानो वहाँ पहले कुछ था ही नहीं ।"

यसप्रकार त्यसताका ६४।६५ वर्षमा पुगेकी सिस्टर वजिराले जीवित अथाह समाधि लिन पुगिन् । उनको सौम्य मुखमण्डल, विनम्र स्वभाव त्यसताका सारनाथमा रहेका केही नेपालीहरूले पनि स्मरण गरिराखेको हामी पाउँछौं ।

❑

Dhamma.Digital

– सन्दर्भ –

१) धर्मदूत - वर्ष ३३, अंक ४-६
(अगस्ट, अक्टोबर १९६८)

२) सिस्टर वजिराका कृतिहरू



Downloaded from http://dhamma.digital



प्रधानमन्त्री ऊ नु

(सन् १९०७-९१)

Downloaded from http://dhamma.digital

# बर्मी भू.पू. प्रधानमन्त्री ऊ नु

२० औ शताब्दीमा बुद्ध-धर्मको व्यापक प्रचार-प्रसार गर्नमा अग्रणी भूमिका निभाउनुभएका केही राजनीतिक विशिष्ट व्यक्तित्वहरूमा बर्माका भू.पू. प्रधानमन्त्री ऊ नु पनि एक हुनुहुन्छ ।

२० औ शताब्दीको पहिलो दशकमा जन्मनुभएका उहाँले बाल्यकालदेखि नै बुद्ध-धर्मको अध्ययन गर्दै आउनुभएको थियो । साथै छात्र जीवनदेखि नै अंग्रेजको अधीनमा रहेको आफ्नो देश (बर्मा) लाई स्वतन्त्र गर्नमा सक्रियलाका साथ लागि रहनुभएको थियो ।

४ जनवरी १९४८ का दिन देश स्वतन्त्र भएपश्चात् सदियौंदेखि बर्मीहरूको जीवनको प्रत्येक अङ्गमा बौद्धधर्मको छाप भए अनुरूप बुद्धधर्मलाई राजधर्मको रूपमा स्वीकार गरे । स्वतन्त्र बर्माको पहिलो प्रधानमन्त्री ऊ नु नियुक्त भए । बुद्धधर्मप्रति दृढ आस्था भएका उहाँले बुद्ध-धर्मको व्यापक प्रचार-प्रसारार्थ एवं संरक्षण हेतु आफ्नै देशका एक अन्य कुशल राजनीतिज्ञ एवं बुद्धधर्मका एक प्रमुखदाता (दायक) एवं ज्ञाता हुनुभएका सर ऊ थ्वीनको अध्यक्षतामा सन् १९५० मा बर्मा बुद्ध शासन समिति (Union of Burma Buddha Sasan Council) को विधिवत स्थापना गरे । उहाँहरू दुवैजना (सर ऊ थ्वीन र ऊ नु) मिली यसको दुईवर्ष अगाडि सन् १९४८



Downloaded from http://dhamma.digital

मा रंगून (यंगुन) मा "साशन यैता" नामक एक ध्यानकेन्द्रको पनि स्थापना गरिसकेका थिए । यस ध्यानकेन्द्रका प्रमुख भदन्त महासी सयादो (सन् १९०४-८२) लाई नियुक्त गरिएको थियो ।

यसप्रकार उहाँहरूले बर्मा (म्यानमार) मा त्यसताका बुद्ध धर्मको व्यापक प्रचार-प्रसारार्थ परियत्ति शासनको मात्र होइन प्रतिपति शासनको पनि जोडदार प्रचार-प्रचार गर्नमा निकै सरिक हुनुभएको थियो ।

प्रधानमन्त्री ऊनुको बुद्धधर्मप्रति रहेको यस प्रकारको विशेष गतिविधिबाट सारा बौद्धजगत् प्रभावित हुँदै आए । सन् १९५२ को नोभेम्बर महिनाको अन्तमा भारतको मध्यप्रदेशस्थित साँचीमा तथागतका अग्रश्रावक सारिपुत्र र महामौद्गल्यायन महास्थविरद्वयको अस्थिधातु स्थापनार्थ बनाइएको चेतियगिरि विहारको उद्घाटन र "महाबोधि सभा" को ६० औं हीरक जयन्तीको उपलक्ष्यमा एक भव्य अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरिएको थियो । जसमा बर्माका प्रधानमन्त्री ऊ. नुलाई विशेष अतिथिको रूपमा बोलाइएको थियो । उक्त समारोहमा भारतका प्रधानमन्त्री पं. जवाहरलाल नेहरू (सन् १८८९-१९६४) ले नवनिर्मित 'चेतियगिरि विहार' को समुद्घाटन २९ नोभेम्बर १९५२ का दिन गर्नुभएको थियो ।

प्रधानमन्त्री ऊ.नु र सर ऊ. थ्वीन मिली स्थापना गरिएको "बुद्ध शासन काउन्सिल" ले २० औं शताब्दीको मध्यमा वा २५०० औं बुद्ध जयन्तीको अवसरमा बुद्ध शासनको छट्ठ संगायन- जुन दुई वर्ष लगाई ५ वटा सन्निपात (Session) पूर्ण गरी सम्पन्न गरिएको थियो । बुद्ध शासनको आधुनिक इतिहासमा यसको ठूलो देन रहन आएको छ । १७ मई १९५४ का दिन समुद्घाटन गरी २४ मई १९५६ का दिन समापन समारोह सम्पन्न गरिएको यस छट्ठ संगायनको दुई वर्षको अवधिभित्रमा विश्व बौद्ध भ्रातृत्व संघको तेस्रो विश्व बौद्ध सम्मेलन (३-१७ डिसेम्बर १९५४) पनि सम्पन्न गरिएको थियो ।



Downloaded from http://dhamma.digital

विशेषतः श्रीलंका, बर्मा, थाइलैण्ड, लाओस् र कम्बोडियालगायत अन्य केही राष्ट्रहरूमा नेपालका पनि भिक्षुहरू सम्मिलित भई (३,००० जति भिक्षुहरू सम्मिलित) सम्पन्न गरिएको यस छट्ठ संगायनमा शासन सुदृढ (परिशुद्ध) कार्य सम्पन्न गरिसकेपछि सम्पूर्ण पाली त्रिपिटक, यसको अट्ठकथा, टीका-अनुटीका ग्रन्थहरू मुद्रण कार्य गरिएको थियो । स्मरणीय छ, बर्मा सरकारले छट्ठ संगायन सम्पन्न गर्न एक विशाल महापासान गुहाको निर्माण गरिदिएको थियो, जहाँ हजारौं भिक्षुहरू रही शासनिक कार्य गर्न सहज भएको थियो ।

बुद्ध शासन काउन्सिलले गरेका उल्लेखनीय कार्यहरूमा देश-विदेशका भिक्षु, श्रामणेर एवं अनगारिकाहरूलाई बुद्धधर्म अध्ययन अध्यापन गराउन छात्रवृत्तिको प्रबन्ध गरेकोलाई पनि एक प्रमुख रूपमा लिन सकिन्छ । सो छात्रवृत्ति नेपालका केही भिक्षु, श्रामणेर एवं अनगारिकाहरूले पनि पाएको थियो ।

बुद्ध शासन समितिको तर्फबाट छात्रवृत्ति प्राप्त गर्ने पहिलो नेपाली हुनुहुन्छ- भिक्षु बुद्धघोष (प्रव्रजित- वि.सं. १९९७) । हाल उहाँ नेपालका संघनायक भिक्षु हुनुहुन्छ । उहाँ पश्चात् सो अवसर उहाँकै सहयोगबाट वर्षदिनको मात्र भएपनि श्रामणेर विवेकानन्द (प्रवजित- वि.सं. २००३) र श्रामणेर धम्मानन्द (प्रव्रजित- वि.सं. २००६) ले पनि पाएका थिए ।

उहाँहरूपश्चात् विशेष रूपमा बुद्ध शासन काउन्सिलको तर्फबाट छात्रवृत्ति प्राप्त गरी अध्ययन गरी नेपालमा स्थविरबाट बुद्ध-धर्म प्रचार-प्रसार गर्नमा अग्रणी भूमिका निभाएका प्रव्रजित व्यक्तिहरूमा भिक्षु ज्ञानपूर्णिक, भिक्षु सुमंगल र अनगारिका धम्मवती प्रमुख थिए । भिक्षु ज्ञानपूर्णिक र भिक्षु सुमंगल गृहस्थको बेलामै (हीरालाल शाक्य र भक्तकृष्ण शिल्पकारको रूपमा) बर्मा पुगी त्यही प्रव्रजित एवं उपसम्पन्न भएका थिए । हीरालाल शाक्य (तानसेनका) ३ अगस्ट १९५५ का दिन भिक्षु ऊ. विशुद्ध महास्थविरको



Downloaded from http://dhamma.digital

आचार्यत्वमा प्रव्रजित भई 'श्रामणेर ज्ञाणपूर्णिक' हुनुभएको थियो त भक्तकृष्ण शिल्पंकार (उपासक) २९ मार्च १९५९ का दिन भदन्त आणुत्तर सयादोको आचार्यत्वमा प्रव्रजित भई श्रामणेर सुमंगल हुनुभएको थियो ।

अनगारिका धम्मवती - हाल भिक्षुणी धम्मवती पनि बर्माको मोलमिनस्थित 'खेमाराम' नामक उपासिकाराममा पूरा एक दशक रहनु भई त्रिपिटक पालि साहित्यको अध्ययन-मननको क्रममा विभिन्न परीक्षाहरू दिई उत्तीर्ण गरी अन्तमा पालिसाहित्यको सर्वोच्च शिक्षा 'शासनधज धम्माचरीय' समेत पूर्ण गरी २ डिसेम्बर १९६२ अर्थात् ६ मंसिर २०१८ का दिन सो उपाधि हासिल गरेकी थिइन् । उहाँलाई बर्माका प्रधानमन्त्री ऊ नुले बुद्ध शासन काउन्सिलमार्फत छात्रवृत्तिको मात्र प्रबन्ध गरी दिनुभएको थिएन बर्मामा अध्ययनरत भइरहेकी धम्मवतीलाई बीचमा केही दिनको छुट्टीमा नेपाल (स्वदेश) फर्कन हवाई यातायातको समेत व्यवस्था गरिदिएको थियो ।

वि.सं. २०१४-१५ सालतिर केही दिनको लागि स्वदेश आगमन गरेका अनगारिका धम्मवतीले त्यसताका आफ्नो परिवारको साथै अन्य दायकदायिका, स्वबन्धुहरूको अनुरोधमा दुई महिनासम्म यहीं रहेकी थिइन् । यस अवधिभित्रमा उनले आफ्नो केही सहचरी अनागारिकाहरूलाई पनि मोलमिनको त्यस उपासिकाराम वा खेमाराममा रही पाली साहित्य (बुद्ध धर्मको अध्ययन) अध्ययन गराउने प्रबन्ध मिलाएकी थिइन् । त्यसताका धम्मवती गुरुमाँको प्रयासमा मोलमिन्मा पुगी बुद्ध-धर्म अध्ययन गर्ने अवसर पाएकी अनगारिकाहरूमा सुरुमा रत्नमञ्जरी गुरुमा पश्चात् उत्पल्लवण्णा, चमेली, कमला र संघरक्षिता थिइन् त अनगारिका मागधी र माधवीले पनि केही वर्ष रंगूनको कुनै एक विहारमा (भिक्षु ऊ. कित्तिमाको प्रयासमा) सो अवसर पाएकी थिइन् ।

यस प्रकार प्रधानमन्त्री ऊ नु को विशेष अनुकम्पाबाट केही नेपालीहरूले बर्मामा बुद्धधर्म अध्ययन गर्न पाएको फलस्वरूप नेपालमा स्थविरवाद



Downloaded from http://dhamma.digital

बुद्धधर्म प्रचार-प्रसारमा थप टेवा पुग्न गएको थियो ।

ऊ नु बर्मा स्वतन्त्र भएपश्चात्‌देखि सन् १९६२ सम्ममा बीचमा एक दुई वर्ष बाहेक लगातार बर्माको प्रधानमन्त्री हुनुभएको थियो । उहाँ प्रधानमन्त्रीकै रूपमा भारतको केन्द्रीय सरकारद्वारा सन् १९५६ को नोभेम्बरमा नयाँ दिल्लीमा सम्पन्न "२५०० औं बुद्ध जयन्ती समारोह" मा सम्मिलित हुन आउनुभएको थियो ।

उहाँ पुनः सन् १९५७ मा श्रीमती साथ लिई भारत भ्रमणमा आएको थियो । यसपटक पनि उहाँले बडो श्रद्धाका साथ बुद्धका संवेजनीय स्थलहरूको अवलोकन गरेको थियो । त्यसपश्चात् कलकत्तामा पुगी त्यहाँस्थित कमला युनिवर्सिटीमा बुद्ध, धर्म, संघ र बुद्धशासन सम्बन्धी ४ दिन लगाई प्रवचन दिनुभएको थियो । उहाँको त्यस प्रवचनलाई त्यसैबेला (बर्मा फर्कनु भएपश्चात्) कृतिको रूपमा प्रकाशन पनि गर्नुभएको थियो । बर्मी भाषामा प्रकाशित सो कृतिलाई त्यसबेला बर्मामै अध्ययनरत भिक्षु बुद्धघोषले त्यसैबेला नेपालभाषामा अनुवाद गरिसक्नुभएको थियो । सो अनुवादित कृति वि.सं. २०३६ सालमा भिक्षु कुमारकाश्यप महास्थविरले आफ्नो दिवंगत माता अनगारिका मुदिताको पुण्यस्मृतिमा प्रकाशित गरिएको थियो । "बुद्ध धर्म संघ व बुद्धशासन" नामक सो कृतिमा ऊ नुकै अन्य एक "पञ्चशील" को बारेमा दिइएको व्याख्यानको पनि अनुवाद समावेश गरिएको थियो । यस व्याख्यानको अनुवाद भिक्षु ज्ञानपूर्णिकले गरिराख्नुभएको थियो ।

प्रधानमन्त्री ऊ नु ले सन् १९५८ को अक्टोबर महिनामा आफ्नो पदबाट राजिनामा दिए र यसको महिनादिनपछि नै २५ नोभेम्बर १९५८ का दिन एक सप्ताहको निमित्त उहाँ प्रव्रजित पनि भए ।

सन् १९५९/६० तिर ऊ नु पुनः बर्माका प्रधानमन्त्री भए । यसैवर्ष उहाँलाई भारतका प्रधानमन्त्री पं. जवाहरलाल नेहरूले "काशी हिन्दू विश्वविद्यालय"को तर्फबाट "डाक्टरेट" उपाधि प्रदान हेतु निमन्त्रित गराए ।



Downloaded from http://dhamma.digital

यसपटकको भारत आगमनकालमा ऊ नुले बर्मास्थित "अखिल ब्रम्हदेशीय हिन्दी साहित्य सम्मेलन"का तत्कालीन अध्यक्ष सत्यनारायण गोयन्का (भावी विपश्यनाचार्य) लाई पनि साथ लिई आउनुभएको थियो । उहाँहरू दुवै जनाले पुनः एकपटक तथागतका संवेजनीय स्थलहरूको अवलोकन गरेका थिए ।

२ मार्च १९६२ का दिन प्रधानमन्त्री ऊ. नुलाई बर्माका प्रधानसेनापति ने विनले अपदस्थ गरी नजरबन्दमा राखिदिए । ४ वर्षपश्चात् मात्र बल्ल २७ नोभेम्बर १९६६ का दिन ऊ नु नजरबन्दबाट मुक्त भए । नजरबन्दबाट मुक्त भएको केही समयपछि नै उहाँ पुनः भिक्षु भई बुद्ध धर्मको प्रचार प्रसारमा लागे । भिक्षुको वेशमा ठाउँ-ठाउँमा व्याख्यान दिँदै गए । भिक्षु वेश छोडिसकेपछि पनि उहाँ देशको कुनाकाप्चामा पुगी बुद्ध धर्मको प्रचार-प्रसारमा लागि नै रहे ।

सन् १९६८ को नोभेम्बर महिनादेखि अप्रिल १९६९ सम्म अर्थात् ५ महिनाको अवधिमा उहाँले विशेषतः तथागतले सर्वप्रथम दिनुभएको २ वटा सूत्र धर्मचक्रप्रवर्तन सुत्त र अनत्तलक्खण सुत्तको बारेमा ९३ स्थानमा व्याख्यान गर्नुभएको थियो । सो व्याख्यानलाई उहाँकै सल्लाहअनुसार हिन्दी भाषाभाषीहरूको पनि हितार्थ भारतस्थित वाराणसी संस्कृत विश्वविद्यालयका विद्वान् भिक्षु डा. रेवतधम्म (बर्मी नै) ले हिन्दी भाषामा अनुवाद गरी "बुद्धका प्रथम सन्देश" को रूपमा सन् १९७० मा प्रकाशित गरिएको थियो ।

जीवनको अन्तसम्म पनि ऊ नुले बुद्ध धर्मको प्रचार प्रसार हेतु विश्व भ्रमण गर्दैरहनुभएको थियो । यसै क्रममा सन् १९८७ मा यत्र-तत्र भ्रमण गरिसकेपछि अन्तिम चरणको रूपमा सन् १९८८ को शुरुमा उहाँ काठमाडौं (नेपाल) आइपुग्नुभएको थियो । सुखद संयोग थियो, उहाँ जुन दिन काठमाडौं नघलटोलस्थित धर्मकीर्ति विहारमा आइपुग्नुभएको थियो सो दिन (८ जनवरी १९८८) उहाँकै देशका एक अनगारिका मा. गुणवतीले नेपालमा



Downloaded from http://dhamma.digital

बुद्ध धर्म प्रचार-प्रसारार्थ अनगारिका धम्मवतीलाई साथ दिने हेतु नेपालमा आइ 'धर्मदूत' कार्य गर्दै आइरहनुभएको "रजत वर्ष" पूर्ण भएको उपलक्ष्यमा भव्य कार्यक्रम राखिएको दिनको पूर्व सन्ध्या थियो ।

अफशोच ! यस नेपाल आगमनको ३ वर्षपश्चात् सन् १९९१ तिर बुद्ध धर्मका संरक्षक हुनुभएका ऊ नु महोदयले आफ्नो उद्देश्यपूर्ण जीवन अन्त गरी आफ्नो नाम इतिहासमा मात्र बाँकी राखी यस संसारबाट प्रस्थान गर्नु भयो ।

❑

## – सन्दर्भ –


१) बुद्धका प्रथम सन्देश - ऊ नु
अनुवादक - भदन्त डा. रेवतधम्म
बौद्ध स्वाध्याय सत्र,
वाराणसी - १९७०

२) ऊ नु या मिखाय् बुद्ध धर्म संघ व बुद्ध शासन
सम्पादक - भिक्षु बुद्धघोष महास्थविर,
भिक्षु कुमारकाश्यप महास्थविर
आनन्दकुटी विहार, स्वयम्भू - २०३६ ।

३) कल्याणमित्र सत्यनारायण गोयन्का व्यक्ति और कृतित्व
- बालकृष्ण गोयन्का
विपश्यना विशोधन विन्यास,
धम्मगिरि, इगतपुरी, महाराष्ट्र - २००२ ।

४) धर्मकीर्ति - वर्ष ५, अंक १० (माघ, २०४४)


"युवा बौद्ध स्मारिका-२०६३"
धर्मशीला बुद्धविहार
पोखरा



Downloaded from http://dhamma.digital

# डा. भरतसिंह उपाध्याय

१९ औं शताब्दीको उत्तरार्द्धमा भारतमा बुद्ध-धर्म पुनरूद्धारको पृष्ठभूमि तयार भएपश्चात् यसको प्रचारार्थ कयौं बौद्ध विद्वान्हरूको प्रादुभार्व हुनथाल्यो । यसमा विशेषतः भिक्षुत्रय (राहुल सांकृत्यायन, आनन्द कौशल्यायन र जगदीश काश्यप) पश्चात् देखापर्न थालेका गृहस्थ बौद्ध विद्वान्हरूमा डा. भरतसिंह उपाध्याय पनि एक हुनुहुन्छ ।

२० औं शताब्दीको दोस्रो दशकमा जन्मनुभएका डा. भरतसिंह उपाध्यायका कृतिहरू २० औं शताब्दीको मध्य (सन् १९५०) देखि प्रकाशित हुँदै आएको हामीले देख्दै आएका छौं ।

उहाँको पहिलो कृति - "थेरी गाथाएँ" थियो जुन बुद्धकालीन ७३ जना भिक्षुणीहरूको भावनापूर्ण वाणीहरूको संकलनलाई हिन्दी भाषामा (पालिबाट) अनुवाद गरी प्रत्येक भिक्षुणीको गाथा अगाडि उहाँहरूको संक्षिप्त परिचय पनि प्रस्तुत गरिएको यस कृति "सस्ता साहित्य मण्डल, दिल्ली" बाट सन् १९५० मा प्रथम संस्करण प्रकाशित भएको थियो । यसको दोस्रो संस्करण सन् १९६७ मा "नेशनल पब्लिसिङ्ग हाउस, दिल्ली" बाट भएको थियो ।

पाली त्रिपिटक ग्रन्थ अन्तर्गत सूत्रपिटकको खुद्दकनिकायमा समावेश यस "थेरी-गाथा" कृतिको अध्ययन र मननले तत्कालीन (बुद्धकालीन) नारी



Downloaded from http://dhamma.digital

समाजको पारिवारिक, सामाजिक र राजनैतिक परिस्थिति समेत अवगत हुनुको साथै त्यसताका के-कस्ता सम्मका नारीहरू बुद्ध-शासन्मा प्रादुर्भाव (प्रवेश) भएका थिए सो को पूर्ण जानकारी प्राप्त गर्न सकिने यस कृतिको महत्त्वलाई अवगत गरी हिन्दी अनुवाद पुस्तककारको रूपमा प्रकाशित भएको ६ वर्षपछि नेपालभाषामा पनि यसको अनुवाद (हिन्दीबाट) सम्पन्न गरिएको थियो । अनागारिका चन्द्रशीलाबाट अनूदित यस "थेरी-गाथा" पुस्तकको ने.सं. १०७७ वा बु.सं. २५०० मा जीवरत्न ग्रन्थमाला-३ को रूपमा प्रकाशित भएको थियो ।

बौद्धविद्वान् भरतसिंह उपाध्यायले "थेरी-गाथाएँ" कृति प्रकाशन भएको वर्षदिनपछि "पालि साहित्यका इतिहास" नामक एक विशाल ग्रन्थ सन् १९५१ मा "हिन्दी साहित्य सम्मेलन, प्रयाग" को तर्फबाट प्रकाशन गराउन सफल हुनुभएको थियो । पालि ग्रन्थ र पालिग्रन्थकारहरूको ३२ पेजको नामानुक्रमणिकासहित ७८८ पेजको ठूलो साइजको यस ग्रन्थको प्रामाणिकता एवं लोकप्रियता - सन् १९८६ सम्ममा चतुर्थ संस्करण प्रकाशित भइसकेबाट स्पष्ट हुनआउँछ ।

भरतसिंह उपाध्यायले "पालि साहित्यका इतिहास" ग्रन्थ प्रकाशन गर्नुभएको ६ वर्ष अगाडि नै "बौद्धदर्शन तथा अन्य भारतीय दर्शन" नामक विशाल कृतिको लेखन कार्य पूर्ण गरी सन् १९४५ मा "बंगाल हिन्दी मण्डल" द्वारा "दर्शन पारितोषिक" को रूपमा रु. १५००/- (त्यसताका) प्राप्त गरिसक्नुभएको थियो । बरू यसको प्रकाशन "बंगाल हिन्दी मण्डल" द्वारा नै दुई खण्डको रूपमा ९ वर्षपछि सन् १९५४ मा मात्र संभव हुन आयो । दुई खण्ड गरी १९० पेजको अनुक्रमणिकाका साथ ११९४ पेज भएको ठूलो साइजको यस ग्रन्थको 'समर्पण' शब्दलाई पनि याद गरिराखौं- जुन यस प्रकार छ -

"जिनके चले जानेके वाद शास्ताको भी चारों दिशाएँ शून्य सी जान



Downloaded from http://dhamma.digital

पड्ने लगी, जिनका उपदेश तथागतके समान ही गम्भीर होता था, और जो ही सम्यक्सम्बुद्धकेद्वारा प्रवर्तित धर्मचक्रको अनुप्रवर्तित करनेका सामर्थ्य रखते थे, उन तथागतके अग्रश्रावक, अल्पेक्ष, शान्त, निर्वाण प्राप्त सारिपुत्र की अनुस्मृति में ।"

सन् १९५८-५९ सम्म डा. भरतसिंह उपाध्याय भारतको उत्तरप्रदेश-बडौत-मेरठस्थित जैनकालेजमा "हिन्दी विभागाध्यक्ष" को रूपमा रहनुभएको थियो । उहाँले हिन्दीमा एम.ए. गर्नुभएको थियो त सन् १९५५-५६ मा "बुद्धकालीन भारतीय भूगोल" विषयमा शोधप्रबन्धक लेखी "आगरा विश्वविद्यालय" बाट पि.एच.डी. अर्थात् डाक्टरेट उपाधि हासिल गर्नुभएको थियो ।

भरतसिंह उपाध्यायले जैन कालेज, बडौतमा एक दशकजति "हिन्दी विभागाध्यक्ष" पद सम्हालेपछि दिल्लीको हिन्दू कालेजमा जानुभएको थियो । त्यहाँ अध्यापन गर्दै रहनुभएको बेलामा पनि उहाँको लेखनकार्य अटूटरूपमा भई नै रहेको थियो ।

डा. भरतसिंह उपाध्यायका पुस्तकहरूमा "बुद्ध और बौद्ध साधक" र "बोधिवृक्षकी छाया में" लाई पनि अत्यधिकजनले रूचाए । पुस्तक सानो साइजको पनि थियो ।

"बुद्ध और बौद्ध साधक" पुस्तकमा उहाँले बुद्धको जीवन-विधि सम्बन्धमा तीन अध्याय र उहाँ (बुद्ध) का ४ जना भिक्षु शिष्यहरू (सारिपुत्र, आनन्द, अंगुलिमाल र बक्कुल), तीनजना भिक्षुणीहरू (महाप्रजापति गौतमी, पटाचारा र अम्बपाली) को साथै एक गृहस्थ उपासक (अनाथपिण्डिक) र उपासिका (खुज्जुत्तरा) को जीवनचित्रणलाई बडो आकर्षक एवं प्रामाणिक रूपमा प्रस्तुत गरिएको थियो ।

यस कृतिबाट प्रभावित भई पोखराका एक विपश्यना प्रचारक (विपश्यी) विश्वरत्न शाक्यले यसलाई नेपाली भाषामा अनुवाद गरी "सस्ता



Downloaded from http://dhamma.digital

साहित्य मण्डल, नई दिल्ली" का मन्त्री यशपाल जैनको 'दो शब्द' समेत प्राप्त गरी २०५१ सालमा आफ्नै दाजु शान्तरत्न शाक्यको पुण्यतिथिमा सस्ता साहित्यको रूपमा नै प्रकाशन गर्नुभएको थियो ।

डा. भरतसिंह उपाध्यायको अन्य लोकप्रिय पुस्तक हो – "बोधिवृक्ष की छाया में" । यसमा उहाँले बुद्ध र बौद्ध धर्मसित सम्बन्धित २० वटा निबन्धहरू समावेश गरी "सस्ता साहित्य मण्डल" कै तर्फबाट प्रकाशन गराउनुभएको थियो । सन् १९९४ सम्ममा यसको तेस्रो संस्करण गइसकेको छ । तेस्रो संस्करणमा ३ हजार प्रति छापिएको थियो ।

यस पुस्तकमा प्रकाशित केही विषय (निबन्ध) हरूमा - भगवान् बुद्धकी 'आत्मकथा', 'बुद्धकी मानवता', 'बुद्धकी चारिकाएँ', 'बौद्ध धर्म में श्रद्धाका स्थान', 'बुद्धकालीन लोकजीवन', 'ध्यान सम्प्रदाय' आदि उल्लेखनीय छन् ।

उपर्युक्त प्रकारले आफ्नो जीवन बुद्धधर्मको साहित्य सम्बर्द्धनमा समर्पित गर्दै आउनुभएका शान्त र सुशील स्वभावका डा. भरतसिंह उपाध्यायलाई विश्वविद्यालयमा जतिको सम्मान पाउनुपर्ने हो त्यो धार्मिक (उपाध्याय भएर पनि बुद्ध धर्ममा लागेका) कारणले त्यति पाउन सक्नु भएन । त्यसको निमित्त न त उहाँले कहिले विद्रोह गरे न त कुनै छलछाम र जिहुजूरी नै गरे । यद्यपि उहाँको स्थिति दयनीय थियो । उहाँ दरिद्र त थिएन तर सम्पन्नताबाट धेरै टाढा थिए ।

उहाँले आफ्नो जीवनको अन्तिम समयमा पनि पालि भाषामा रचना गरेको १५०० पृष्ठको बुद्धजीवनी एवं ८०० पृष्ठको हिन्दीमा बुद्धजीवनी प्रकाशनार्थ तयार गरिराखेको थियो, तर यी दुवै पुस्तक प्रकाशन गर्न नपाउँदै उहाँले सन् १९८९ को शुरूमा आफ्नो जीवन परित्याग गरेर जानुभयो ।



Downloaded from http://dhamma.digital

अन्तमा उहाँको कृतिमा पाइएका केही कथनहरू याद गरौं –

१) "बुद्ध या उनके शिष्य भिक्षु - भिक्षुणीयों ने कभी दुःख और निराशाके प्रति आशक्ति नही दिखाई, उसके गीत नहीं गाये । भगवान् बुद्धका आविर्भाव ही दुःख के प्रहाणके लिए हुआ था । जो कुछ भी दुःखका वर्णन बौद्ध-धर्म में है, वह इसी दृष्टि से है कि जो दुःखको देखता है, वह उसके समुदयको भी देखता है, उसके निरोधको भी देखता है और निरोध के मार्गको भी ।"

(थेरी-गाथाएँ-वस्तुकथा)

२) "भविष्यमें (बुद्धके पश्चात्) चाहे तत्त्व चिन्तक कितने ही अभिनव और महनीय सिद्धान्त निकाल लें, जीवन और जगतकी कितनी ही व्याख्याएँ करलें और चाहे जितने ही पुराने सिद्धान्तोका निराकरण कर नये सिद्धान्तों की स्थापना करलें और अपने ज्ञानकी परिधि बढाते, परन्तु तथागत ने जिस 'कल्याणवर्त्म' को स्थापित किया है, उसकी मनुष्यके लिए आश्वासनकारी शक्ति कभी कम नहीं होगी, ऐसा निष्पक्ष रूपसे यसके विषयमें कहा जा सकता है ।

(बौद्ध दर्शन तथा अन्य भारतीय दर्शन)

३) "कोरा बुद्धिवाद मनुष्यको प्रकृतिवाद या भौतिकवाद में ले जायेगा, जिसप्रकार कोरा श्रद्धावाद अन्धविश्वास मे ।"

(बौद्ध-धर्म मे श्रद्धाका स्थान, बोधिबृक्ष की छाया में)

४) बुद्ध मनुष्य थे परन्तु मनुष्यकी दुर्बलताओं और असंगतियों से उपर उठ चुके थे । इसी लिए वह पूर्ण पुरूष थे । न हम उन्हे अन्ततः मनुष्य कह सकते है और न देवता । बुद्ध केवल बुद्ध है, जिनके व्यक्तित्व मे मानवता की शुभ्र ज्योत्स्ना धर्म की स्थिति बनकर चमकी है ।"

(बुद्धकी मानवता-बोधिबृक्ष की छाया में)

❑



Downloaded from http://dhamma.digital

## – सन्दर्भ –

१) बुद्धकी देन - भदन्त शासनश्री महास्थविर,
सारनाथ प्रकाशन - १९६०

२) 'धर्मकीर्ति', वर्ष-६, अंक-१२ - सम्पादकीय

३) डा. भरतसिंह उपाध्यायका उपर्युक्त पुस्तकहरू

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# भदन्त मिंगुन सयादो

बुद्ध शासनको इतिहासमा विशेषतः स्थविरवादी परम्परानुसार बुद्धधर्मको संरक्षणार्थ ६ वटा संगायनाहरू सम्पन्न भइसकेका छन् । यसमा पहिलो संगायना बुद्ध-परिनिर्वाणको ३ महिनापछि राजा अजातशत्रुको संरक्षणमा राजगृहको वैभार पर्वतस्थित सप्तपर्णी गुफामा सम्पन्न भएको थियो । यस संगायनामा बुद्धका अग्रश्रावकपछिका एक प्रमुख शिष्य भिक्षु महाकाश्यप महास्थविर प्रश्नकर्ता हुनुभएको थियो त उत्तरकर्ता विनयसम्बन्धमा भिक्षु उपालि महास्थविर, धर्म (सूत्र) सम्बन्धमा बुद्धका निजी सेवक हुनुभएका (२५ वर्षसम्म सेवारत) आनन्द महास्थविरले दिनुभएको थियो । ५०० अर्हत् भिक्षुहरूले भाग लिएको हुनाले यस संगायनालाई 'पंचशतिक' पनि भनिन्छ । यो संगायना ७ महिनासम्म चलेको थियो ।

स्थविरवाद परम्परानुसारको दोस्रो संगायना बुद्ध परिनिर्वाणको १०० वर्षपछि मगधका राजा कालाशोकको संरक्षणमा वैशालीको बालुकाराम विहारमा भएको थियो । यस संगायनामा बुद्धको दर्शन पाएका ८ जना भिक्षुहरू सम्मिलित थिए । ती ८ जना भिक्षुमध्येमा एक हुनुभएका भिक्षु यश महास्थविर यस संगायनाका सभापति हुनुभएको थियो त बुद्धको दर्शन पाएका रेवत महास्थविर यस संगायनाका प्रश्नकर्ता हुनुहुन्थ्यो । यस संगायनामा उत्तरकर्ता - बुद्धको दर्शन पाएका १२० वर्षका भिक्षु सर्वकामी



Downloaded from http://dhamma.digital



**भदन्त मिंगुन सयादो**

(सन् १९११-९३)

Downloaded from http://dhamma.digital



भदन्त मिंगुन सयादो

(सन् १९११-९३)

Downloaded from http://dhamma.digital

महास्थविर हुनुहुन्थ्यो । ८ महिनासम्म चलेको यस संगायनामा ७०० अर्हत् भिक्षुहरूको उपस्थिति भएको कारण यस संगायनालाई 'सत्तसतिक' पनि भनिन्छ ।

स्थविरवाद परम्परानुसारको तेस्रो संगायना बुद्ध परिनिर्वाणका २०० वर्षपछि मगध (भारत) का सम्राट अशोकका पालामा उहाँकै संरक्षणमा पाटलिपुत्र (हाल पटना, विहार प्रदेश) को अशोकाराम विहारमा सम्पन्न भएको थियो । सम्राट अशोकको राज्याभिषेकको १७ वर्षपछि भएको सो संगायना ९ महिनासम्म चलेको थियो । त्यस संगायनामा हजार जना विशिष्ट भिक्षुहरू सम्मिलित भएको हुनाले उक्त संगायनालाई 'सहस्रीक' पनि भनिन्छ । यस संगायनाका प्रमुख भिक्षु सम्राटकै धर्मगुरू मौंद्गलिपुत्र तिष्य महास्थविर हुनुहुन्थ्यो । यस तेस्रो संगायनाको प्रमुख उपलब्धि विभिन्न देशहरूमा बुद्धधर्मको प्रचारार्थ धर्मदूतमण्डल पठाउनु थियो ।

स्थविरवाद परम्परानुसारको चौथो संगायना श्रीलंकामा राजा वट्टगामिणी अभय (इसापूर्व प्रथम शताब्दी) का पालामा त्यहाँस्थित आलोक विहारमा सम्पन्न गरिएको थियो । ५०० जना भिक्षुहरू सम्मिलित भई सम्पन्न भएको उक्त संगायना भिक्षु रक्षित महास्थविरको सभापतित्वमा भएको थियो । यस संगायनाको प्रमुख उपलब्धि बुद्ध वचन त्रिपिटक सयपल्टसम्म पढी, शुद्ध गरी ताडपत्रमा लिपिवद्ध गरिएको थियो ।

स्थविरवाद परम्परानुसारको पाँचौं संगायना बर्मा (म्यानमार) मा राजा मिण्डोम (शासनकाल, सन् १८५३-७८) को आश्रयमा सन् १८७१ मा सम्पन्न भएको थियो । माण्डलेस्थित राजदरवारमा सम्पन्न भएको यस संगायनामा २४०० भिक्षुहरू सम्मिलित भएका थिए त यस संगायना ५ महिनासम्म चलेको थियो । त्रिपिटकाचार्य, महापण्डित राहुल साकृत्यायनको भनाइअनुसार यो संगायना सन् १८६८ मा सुरू भई सन् १८७१ मा सम्पन्न गरिएको थियो । यस संगायनाको प्रमुख उपलब्धि त्रिपिटकको प्रत्येक ग्रन्थ शुद्ध



Downloaded from http://dhamma.digital

उच्चारणका साथ निश्चित गरी माण्डलेस्थित कुथो-दाच विहारमा ७२९ वटा संगमरमरका पातामा लेखाएको थियो जो अद्यावधि सुरक्षित छ।

स्थविरवाद परम्परानुसारको छैटौं संगायना बर्मामा १७ मई १९५४ देंखि २४ मई १९५६ सम्म दुई वर्षभित्रमा ५ वटा सन्निपात (Session) पूर्ण गरी सम्पन्न गरिएको थियो । २४३७ जना म्यानमारका भिक्षु र १४५ जना विदेशी भिक्षुहरू सम्मिलित भई सम्पन्न गरिएको सो संगायना भदन्त अभिधज्ज महारट्ठ रेवत महास्थविरको सभापतित्वमा सम्पन्न भएको थियो । स्वतन्त्र बर्मा (सन् १९४८) का पहिलो राष्ट्रपति डा. बा ऊ र पहिलो प्रधानमन्त्री ऊ नुको संरक्षकत्वमा सम्पन्न भएको त्यस संगायनामा प्रश्नकर्ता बर्माका सुप्रसिद्ध ध्यानगुरू, शासनधज्ज सिरिपावर धम्माचरिय, अग्गमहापण्डित भदन्त ऊ सोभन महास्थविर (महासी सयादो) हुनुहुन्थ्यो भने उत्तरकर्ता त्रिपिटकधर धमभण्डागारिक भदन्त विचित्तसाराभिवंस (मिंगुन सयादो) हुनुहुन्थ्यो ।

यहाँ उहाँ श्रद्धेय मिंगुन सयादो-भदन्त विचित्तसाराभिवंस महास्थविरको संक्षिप्त जीवनी प्रस्तुत गर्दछु -

उहाँको जन्म १ नोभेम्बर १९११ का दिन मध्यबर्माको मिंग्यान शहरको दक्षिण-पश्चिममा अवस्थित कीबिन (Kyeebin) नामक गाउँमा पिता ऊ सन र माता दो सिनको दोस्रो सन्तानका रूपमा भएको थियो । उहाँका एक दिदी र एक भाइ थिए । उहाँका बाजे ऊ चाइ-जो एक औषधी व्यापारी थिएले आफ्नो दोस्रो नातिको नाम मौङ्ग-यान-सिन राखेका थिए तर उहाँका स्नेहीहरू, परिवार र मित्रहरूले 'मौङ्ग खिन' मात्र भन्ने गर्दथे ।

अफसोच । मौङ्ग खिन ४ वर्षका छँदा उहाँका पिता ऊ सनको निधन हुन गएको कारण उनीहरू बाजेकहाँ रहन गएका थिए । मौङ्ग खिन ६ वर्षको उमेरमै स्थानीय विहारमा गई श्रामणेर (प्रव्रजित) भई संघमा प्रवेश हुनुभएको थियो ।



Downloaded from http://dhamma.digital

उहाँका दीक्षागुरू मिन्क्याङ्ग टैक राहु-दोङ्ग क्याङ्ग सयादो- ऊ सोभितले उहाँलाई हर तरहले योग्य बन्न सहयोग गरे । उनले आफ्नो नवप्रव्रजित शिष्यलाई "कोयिन विचित्तसार" नामकरण गरेका थिए । गुरूवरले कोयिन विचित्तसारका निमित्त त्रिपिटक ग्रन्थ र यसको अट्ठकथा एक सेट प्रबन्ध गराउन कोयिन विचित्तसारका काकालाई सल्लाह दिए । काकाले पनि सयादोको सल्लाहलाई सहर्ष स्वीकार गरी भतिजाको निमित्त सो प्रबन्ध गरिदिए । कोयिन विचित्तसारले ती ग्रन्थहरू आफ्नै सिरान (बिछ्यौना) माथिको अलमारीमा राखेका थिए ।

१३ वर्षको उमेरमा विचित्तसारले नगरव्यापी रूपमा लिइएको कच्चायण व्याकरणको परीक्षामा प्रतिलिपि समान सफलता हासिल गर्नुभएको थियो । उहाँले अर्को वर्ष "अभिधम्मत्थ सङ्गहो" मा पनि यस्तै सफलता हासिल गर्नुभएको थियो । १५ वर्षको उमेरमा कोयिनले प्रारम्भिक तहको परियत्ति परीक्षा उत्तीर्ण गर्नुभएको थियो भने १६ वर्षको उमेरमा माध्यमिक तहको परीक्षा उत्तीर्ण गर्नु भयो ।

यसपछिको दुई वर्षमा कोयिन विचित्तसारले कुनै परीक्षा दिन सक्नु भएन । कारण, उहाँका गुरूवर ऊ सोभित अस्वस्थ भएको हुनाले विहारको सम्पूर्ण कार्यविधि (व्यवस्था) उहाँले नै सम्हाल्नु परेको थियो । गुरूवरको निधनपछि कोयिन विचित्तसार माण्डले शहरको उत्तर-पश्चिममा अवस्थित धम्मानन्द विहारका प्रमुख ऊ पञ्ञाचक्कको आश्रममा जानुभएको थियो ।

त्यसताका उहाँको सम्पर्क दो. धम्मचारी नामकी एक अनागारिकासित भएको थियो, जसले उहाँलाई विशेष सुविधाको साथै विनय पालन गर्नमा विशेष प्रश्रय दिइन् । त्यसताका ५० वर्षको उमेरमा पुगिसक्नुभएकी उक्त अनागारिका बर्माकी एक शिक्षित महिला थिइन् । १६ वर्षको उमेरमै घरवार त्यागी अनागारिका भएकी धम्मचारी माण्डले शहरका एक सम्पन्न रेसमी वस्त्रका व्यापारीकी पुत्री थिइन् । २० वर्षको उमेरमा श्रीलंका पुगी त्यहाँ



Downloaded from http://dhamma.digital

दुई वर्ष अध्ययन गरी फर्केकी उनले कैयौं प्रतिष्ठित भिक्षुहरूसित अध्ययन-मनन गरी आफूले पनि अनागारिका एवं अन्य महिलाहरूलाई धर्मको शिक्षा सिकाउँदै आएकी थिइन् । उनले "सच्चवादी टीका" नामक एक पालि ग्रन्थको पनि रचना गरेकी थिइन् । यस उसले उहाँको शैक्षिक योग्यताको कारण उनको सम्पर्क बर्माका प्रतिष्ठित भिक्षुहरूसित मात्र थिएन, बल्कि माण्डले र रंगून (यांगून) का कैयौं दायक व्यक्तित्वहरूसित पनि सम्पर्क थियो । ती दायक व्यक्तित्वहरूमा सर ऊ थ्वीन पनि एक थिए, जो पछि बर्मा बुद्धशासन काउन्सिल (स्थापना - सन् १९५०) का अध्यक्षसमेत नियुक्त भएका थिए ।

सोही सर ऊ थ्वीनसमक्ष अनागारिका दो धम्मचारीले कोयिन विचित्तसारको बौद्धिक क्षमताबारे विस्तृत चर्चा गरी उहाँलाई उपसम्पन्न गराउन दाता बन्न सल्लाह दिए, जसलाई सर ऊ थ्वीनले सहर्ष स्वीकार गरे र २३ मार्च १९३१ का दिन कोयिन विचित्तसार उहाँकै गुरूवर धम्मानन्द विहारका प्रमुख ऊ. पञ्ञाचक्कको उपाध्यायत्वमा उपसम्पन्न भई "भिक्षु विचित्तसार" हुनुभयो । उहाँको उपसम्पन्न कार्यको बेला उक्त सीमागृहमा माण्डले, मिंगुन आदि शहरका कैयौं प्रतिष्ठित सयादोहरू उपस्थित थिए । ती सयादोहरू एक आपसमा भेला भई उक्त दिन अन्य विशेष धार्मिक कार्यहरू पनि सम्पन्न गरिएको थियो ।

भिक्षु विचित्तसारले उपसम्पन्न भएकै सालमा सरकारी स्तरमा लिइएको परियत्ति परीक्षाको उच्च तह पनि उत्तीर्ण गर्नुभएको थियो । उहाँले त्यसपछि वर्षेपिच्छे विभिन्न परीक्षाहरू दिंदै जानुभएको थियो । सन् १९३४ मा उहाँले 'शाक्यसिंह रिसर्च कोर्स' परीक्षा उत्तीर्ण गरी 'वतमसक' (Vatamsaka) नामक उपाधि जित्नु भएको थियो । यसपश्चात्‌देखि उहाँको नाममा "भिवंस" राखिएको थियो ।

सन् १९३७ मा उहाँका दीक्षागुरू ऊ पञ्ञाचक्क महास्थविरको निधन



Downloaded from http://dhamma.digital

भएको कारण ऊ. विचित्तसाराभिवंस मिंगुन धम्मानन्द विहारका प्रमुख नियुक्त भए । उक्त विहारका सम्पूर्ण उत्तरदायित्व वा व्यवस्थापन उनले निर्वाह गरिंदै आए जसमा अध्ययन-अध्यापन पनि एक प्रमुख थियो । उहाँको एक प्रिय विषय थियो - मोगल्लान व्याकरण ।

यसको एक दशकपछि सन् १९४८ मा बर्मा स्वतन्त्र हुनासाथै बुद्धधर्मलाई राष्ट्र धर्म स्वीकार गरिएको थियो । अतः बुद्धधर्मको प्रचार-प्रसारार्थ द्रुतगतिमा अनेकौं गतिविधिहरू सञ्चालन गर्दै लगे, जसका निमित्त "The Union Buddha Sasana Council" को स्थापना गरी विशेषतः यसै मार्फत कैयौं शैक्षिक गतिविधिहरू सञ्चालन गर्दै लगे ।

स्वतन्त्र बर्माले आयोजना गरेको विभिन्न परीक्षाहरूमध्ये 'त्रिपिटकधर परीक्षा' पनि एक प्रमुख थियो । सन् १९४९ मा सुरू गरिएको पहिलो त्रिपिटकधर परीक्षामा सम्मिलित १०० जना भिक्षुहरूमा भिक्षु विचित्तसाराभिवंस पनि एक हुनुभएको थियो । वर्षेपिच्छे लगातार त्रिपिटकका विभिन्न निकायलाई ९ भाग (पटक) गरी लिने उक्त परीक्षा बडो कठिन हुनाको कारण अन्तसम्ममा केही भिक्षुहरू मात्र बाँकी (परीक्षार्थी) हुने गर्दथे । अतः केही मात्र भिक्षुहरू सम्मिलित उक्त त्रिपिटकधर परीक्षामा सिर्फ उहाँ एक जनाले मात्र लिखित एवं मौखिक परीक्षा दिई ९०% (प्रतिशत)भन्दा बढी लब्धाङ्क प्राप्त गर्न सफल हुनुभएको थियो ।

यस प्रकार भदन्त विचित्तसाराभिवंस महास्थविरले सम्पूर्ण पालि त्रिपिटक, यसको टीका-अनुटीका अध्ययन मनन पूर्ण गर्नुभएको प्रतिफलस्वरूप उहाँलाई १३ फरवरी १९५४ का दिन म्यानमारका राष्ट्रपतिले 'त्रिपिटकधर धम्मभण्डागारिक' को उपाधि प्रदान गरेका थिए ।

संयोगको कुरा हो, उहाँलाई यो उपाधि रंगूनस्थित विश्व-शान्ति पहाडको महापासानगुहामा छुट्ठ संगायना सुरू हुनु ३ महिनाअगाडि प्रदान गरिएको थियो जस्तो राजगृहस्थित वैभार पर्वतको सप्तपर्णी गुफामा प्रथम



Downloaded from http://dhamma.digital

संगायना सुरू हुनु एक दिनअगाडि धम्मभण्डागारिक हुनुभएका बुद्धका निजी सेवक भिक्षु आनन्दले अर्हत्त्व प्राप्त गर्नुभएको थियो । संगायनाको सफलताका लागि यी दुवै शकुन चिन्हका रूपमा लिइएको थियो ।

यस प्रकार मिंगुन विहारका प्रमुख-मिंगुन सयादो-भदन्त चिवित्तसाराभिवंस महास्थविर 'त्रिपिटकधर धम्भण्डारिक' भई छट्ठ संगायना सम्पन्न गर्न बनाइएका कैयौं कमिटीहरूमा एक प्रमुख कमिटी भएको "पति पालि विशोद्धक कमिटी" मा उहां पनि एक प्रमुख नियुक्त हुनुभएको थियो ।

स्मरणीय छ, बर्मामा सम्पन्न भएको छट्ठ संगायनामा नेपाली भिक्षुहरूले पनि उद्घाटनको बेलादेखि पाँचौं सन्निपातसम्म पनि संगीतिकारकका रूपमा सम्मिलित हुने अवसर पाएका थिए ।

संगायनाको समुद्घाटन (१७ मई १९५४ इ.) का दिन भिक्षु प्रज्ञानन्द, भिक्षु धम्मालोक, भिक्षु सुबोधानन्द, भिक्षु प्रज्ञारश्मि, भिक्षु अनिरुद्ध, भिक्षु अमृतानन्द एवं भिक्षु अश्वघोष र श्रामणेर सुदर्शन पनि पर्यवेक्षकका रूपमा उपस्थित हुनुभएको थियो । पछि संगीतिकारकका रूपमा भिक्षु शाक्यानन्द, भिक्षु बुद्धघोष, भिक्षु विवेकानन्द, भिक्षु कुमारकाश्यप र भिक्षु विमलानन्दले पनि छट्ठ संगायनाका संगीतिकारक हुने अवसर पाएका थिए ।

छट्ठ संगायनाको भव्य सफलतापश्चात् भदन्त मिंगुन सयादोले तत्कालीन बर्माका प्रधानमन्त्री ऊ नुको आग्रहअनुसार "बुद्धधर्मको एक वृत्तान्त इतिहास (The Great Chronicle of Buddhas) को लेखन कार्य सुरू गर्नुभएको थियो । प्रधानमन्त्री ऊ नुले यसका निमित्त उहाँलाई ३ पटकसम्म आग्रह गर्नुभएको थियो । पहिलो पटक त्रिपिटकधर परीक्षाअन्तर्गत विनयसम्बन्धमा लिइएको परीक्षामा सफलता हासिल गरेको बेला, दोस्रो पटक उहाँले "त्रिपिटकधर" उपाधि प्राप्त गर्नुभएको बेला र तेस्रो पटक मूल पालि त्रिपिटक र यसको अट्ठकथा सम्पूर्ण विशोद्धन पूर्ण गरिसकेपछि प्रधानमन्त्री ऊ नुको तेस्रो पटकको आग्रहलाई भदन्त विचित्त-साराभिवंस महास्थविरले



Downloaded from http://dhamma.digital

सहर्ष स्वीकार गरी सन् १९५६ देखि नै उहाँले नोट कार्य सुरू गर्नुभएको थियो । धर्मको प्रचार-प्रसारमा अति व्यस्त रहे, बाबजुद पनि उहाँले पालि भाषामा 'महाबुद्धवंश' नाममा लेखिएको उक्त कृति ६ खण्ड र आठ भाग (पुस्तक) मा ५५१६ पेजको रूपमा ४५ वटा अध्याय गरी पूर्ण गर्नुभएको थियो ।

त्यसताका भदन्त मिंगुन सयादो धर्मको प्रचार-प्रसारार्थ निमन्त्रित हर ठाउँमा बिना झन्झट झमेलाको पर्वाह नगरीकन जानुहुन्थ्यो । उहाँ यात्राको निमित्त जुनसुकै यातायातको साधनमा जान पनि तयार हुनुहुन्थ्यो । उहाँले व्याख्यान गर्ने बेलामा सर्वप्रथम पालि सूक्तिको उच्चारण गर्नुहुन्थ्यो । त्यसपछि मात्र उहाँले आफ्नो मातृभाषा (बर्मी भाषा) मा विस्तृत व्याख्या गर्नुहुन्थ्यो । उहाँले कहिलेकाही छन्दोबद्धरूपमा वा कवितात्मकरूपमा पनि उपदेश दिनुहुन्थ्यो । ती उपदेश उहाँले मूल पालि ग्रन्थका अतिरिक्त यसको अट्ठकथा एवं अनुअट्ठकथाको आधारमा पनि स्पष्ट गरिदिनुहुन्थ्यो ।

छट्ठ संगायनाको बेला उहाँ केही समय बिरामी हुनु भयो । तब उहाँलाई विशेष हेरचाह गर्ने जिम्मा 'त्रिपिटक निकाय संघ व्यवस्थापन कमिटी'का प्रमुख महासद्धम्मजोतिकधज्ज डा. ऊ. था ल्हा (Dr. U. Tha Hla) लाई दिइएको थियो । उहाँले पनि त्यसबेलादेखि त्रिपिटकधर धम्मभण्डागारिक भदन्त विचित्तसाराभिवंस महास्थविरको स्वास्थ्यप्रति निकै परवाह राख्नुभएको थियो, जसबाट उहाँ उक्त सयादोका प्रमुख घनिष्ठ दायक हुन पुगे ।

सन् १९६० मा डा. ऊ. था ल्हा दम्पतीले धम्मानन्द विहारको ३ किलोमिटरमा अवस्थित एक प्राचीन स्तूप जुन भग्नावशेष अवस्थामा पुगिसकेकोलाई जीर्णोद्धार गरी एक भव्य उत्सवका साथ पुनः प्रतिष्ठित गरिएको थियो । कोङ्गवाङ्ग वंशका राजकुमार मोमैटद्वारा निर्माण गरिएको स्तूप हुनाको कारण सो स्तूपलाई एवं स्तूप भएको ठाउँलाई नै 'मोमैट



Downloaded from http://dhamma.digital

पागोडा' वा 'मोमैट पहाड' नामकरण गरिएको थियो । उक्त इलाकामा मिगुन सयादोका गुरूवर ऊ. पञ्ञाचक्क महास्थविरको समाधिस्थल रहेको कारण भदन्त विचित्तसाराले पनि त्यस स्थानप्रति विशेष दिलचस्पी राख्नुभएको थियो । अतः उहाँहरू दुवै जना मिली त्यसताका "मोमैट पागोडा ट्रष्ट कमिटी" नै खडा गरेको थियो । सोही ट्रष्ट कमिटीलाई पछि विस्तृत गरी "त्रिपिटक निकाय मिशनरी अर्गनाइजेशन" को रूपमा ल्याइएको थियो ।

भदन्त मिगुन सयादो ऊ. विचित्तसाराभिवंस महास्थविरले आफूलाई "त्रिपिटकधरं धम्मभण्डागारिक" का रूपमा प्राप्त भएको सम्पूर्ण रकम १८ फरवरी १९७८ का दिन एक त्रिपिटक निकाय विहार निर्माणार्थ प्रदान गरिएको थियो । सो विहार २३ नोभेम्बर १९८० का दिन उद्घाटन गरिएको थियो ।

यसको वर्ष दिनअगाडि सन् १९७९ को डिसेम्बर महिनामा बर्माको धार्मिक मन्त्रालयले देशमा बुद्धधर्मको पुनः प्रचार-प्रसार, शुद्धता एवं स्थिरताका निमित्त देशभरका संघ-संस्थाहरूलाई एकताबद्ध गर्न हेतु उक्त मन्त्रालयका प्रमुखले देशभर भ्रमणार्थ सहयोगका निमित्त भदन्त मिगुन सयादोलाई प्रार्थना गरेको थियो । त्यसका निमित्त आवश्यक सरसल्लाह दिन पनि आग्रह गरेको थियो । यसलाई सहर्ष स्वीकार गरी भदन्त मिगुन सयादोले उक्त मन्त्रीसित देशभर भ्रमण गरी अन्तमा २६ मई १९८० का दिन यांगुनस्थित विश्वशान्ति पर्वतको महापासान गुहामा भव्य सभाको आयोजना गरेको थियो । उक्त दिन सम्पूर्ण संघ-संस्था मिली उहाँलाई "संघमहानायक" पदबाट सम्मान गरेको थियो ।

'संघमहानायक' हुनु भएपछि उहाँले परियत्ति शिक्षाको निमित्त एक स्कीम तयार गरी "परियत्ति शासन विश्वविद्यालय" नै खोल्ने निश्चय गरी पुनः एक पटक देशभर यात्रा गरी चन्दा संकलन गर्दै जानुभएको थियो । सो विश्वविद्यालय यांगुन र माण्डले दुवै ठाउँमा खोलिएको थियो । सो



Downloaded from http://dhamma.digital

विश्वविद्यालय याँगुनमा सन् १९८६ को जून महिनामा र माण्डलेमा अगस्त महिनामा खोलिएको थियो ।

भदन्त मिंगुन सयादोले शिक्षाका निमित्त विश्वविद्यालयको मात्र प्रबन्ध गर्नमा लाग्नु भएको थिएन, भिक्षुहरूको विशेष उपचारको निमित्त माण्डलेमा एक अस्पतालको स्थापनामा पनि लाग्नुभएको थियो । अस्पतालको पूर्ण तयारीपश्चात् सन् १९८९ को नोभेम्बर महिनादेखि बिरामीहरूको भर्ना गर्न सुरू गराइएको थियो ।

भदन्त मिंगुन सयादो ऊ. विचित्तसाराभिवंस महास्थविरको शील–सदाचार, गम्भीर एवं विस्तृत शिक्षा, विश्वकोषसमानको साहित्यिक प्रगति, ठूलो शासनिक सेवा आदिको स्मरण गरी म्यानमार सरकारले सन् १९७९ मा उहाँलाई 'अग्गमहापण्डित' उपाधि प्रदान गरिएको थियो भने सन् १९८४ मा म्यानमारमा भिक्षुहरूको उच्चत्तम उपाधि 'अभिधज्जमहारट्ठ गुरू' पनि प्रदान गरिएको थियो ।

स्मरणीय छ, सन् १९८५ मा भदन्त विचित्तसाराभिवंस महास्थविरलाई अद्भुत स्मरणशक्ति भएका व्यक्तिको रूपमा "Guiness Book" मा रिकर्ड गरिएको थियो । सन् १९८५ मा प्रकाशित उक्त "The Guiness Book of Records" मा उहाँको बारेमा यसप्रकार उल्लेख गरिएको थियो -

"Bhadanta Vicitasara recited 16,000 pages of the Buddhist canonical texts in Rangoon, Burma in May 1954. Rare instances of eidetic memory– The ability to reproject and hence 'visually' recal material are known to science."

यस प्रकार गिनिज बुकमा नाम लेखाउन (रिकर्ड गर्न) पाएका भदन्त विचित्तसाराभिवंस महास्थविरको सुविख्यात कृति 'महाबुद्धवंश' पनि सम्पूर्ण (६ खण्ड, ८ वटा पुस्तकको रूपमा रहेको) अङ्ग्रेजीमा अनुवाद भई उहाँको ७९ औं जन्म दिनको अवसरमा पहिलो खण्डको पहिलो भाग प्रकाशित गरिएको थियो ।



Downloaded from http://dhamma.digital

उहाँको यस सुविख्यात कृतिलाई अङ्ग्रेजी भाषामा सम्पादन एवं अनुवाद गर्ने कार्य बर्माका दुई जना विशिष्ट विद्वान् व्यक्तिहरूले ९ वर्ष लगाई सम्पन्न गर्नुभएको थियो । उहाँहरू हुनुहुन्छ– माण्डले विश्वविद्यालयका भूपू. उपकुलपति ऊ. को ले (U Ko Lay Zeyar Maung) र याँगुन विश्वविद्यालयका भूपू. पालि. प्रोफेसर ऊ टीन ल्वीन (U Tin Lwin - Myaung) - जो याँगुन एवं माण्डले विश्वविद्यालयका प्राच्य विभागका प्रमुख पनि थिए । उहाँहरूको यस कार्यलाई विशेष सहयोग गर्ने अन्य दुई जना व्यक्ति पनि थिए । उहाँहरू हुनुहुन्छ– त्रिपिटक निकाय अर्गनाइजेशन, याँगुनका प्रमुख महासद्धम्मजोतिकधज - डा. ऊ था ल्हा (Dr. U Tha Hla) र म्यानमार पिटक एशोसियनका भूपू. ज्येष्ठ सम्पादक महासद्धम्मजोतिकधज ऊ टिन ओ (U Tin Oo) थिए ।

भदन्त मिंगुन सयादोका सो ग्रन्थका अन्य भागहरू (अङ्ग्रेजी अनूवादित) पनि उहाँको सन् १९९१ र १९९२ वा ८० औं र ८१ औं जन्म दिनको अवसरमा प्रकाशित गरिएको थियो ।

अपसोच । ९ फरवरी १९९३ का दिन भदन्त मिंगुन सयादो - विचित्तसाराभिवंस महास्थविरले आफ्नो ८२ वर्षको जीवन अन्त गर्नुभएको कारण उहाँको सो अमूल्य कृतिको पूर्ण समाप्ति (अङ्ग्रेजी अनुवाद) उहाँले देख्न पाउनु भएन । सो कृतिको अन्तिम पुस्तक Volume Six, Part Two उहाँको पाँचौं स्मृति दिवसको अवसर लिई २४ मार्च १९९८ का दिन जनसमक्ष प्रकाशित गरिएको थियो ।

यस प्रकार २० औं शताब्दीसम्म पनि तथागत सम्यक्सम्बुद्धका उपदेशलाई विशुद्धरूपमा स्मरण गरिराख्न सक्ने सुत्तधर-विनयधर भिक्षुहरू रहेको प्रमाण हामीलाई स्पष्ट गराई भदन्त मिंगुन सयादो-भदन्त विचित्तसाराभिवंस महास्थविर बित्नु भएको सिर्फ १६ वर्ष मात्र पुगेको छ ।

❑



Downloaded from http://dhamma.digital

# – सन्दर्भ –

1) The Great Chroncle of Buddhas - Bhaddhanta Vicittasarabhivamsa
Vol. VI, Part II

२) बौद्ध दर्पण (दोस्रो संस्करण) - प्रकाश वज्राचार्य
बुद्ध जयन्ती समारोह समिति
धर्मकीर्ति प्रकाशन,
धर्मकीर्ति विहार - २०५३

२) 'धर्मोदय' - वर्ष-७, अंक-९
(जुलाई, १९५४)

"वैशाख महोत्सव"
- बु.सं. २५५१ -

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# भिक्षु के. श्री धम्मानन्द नायक महास्थविर

आधुनिक युगमा विश्वमा आफ्नो कृति एवं धर्मदूत कार्यबाट ख्याति प्राप्त गर्नुभएका केही सिंहली (श्रीलंकाका) विद्वान् भिक्षुहरूमा- भिक्षु नारद महास्थविर, भिक्षु वालपोल राहुल, भिक्षु पञ्ञासिंह नायक महास्थविर, भिक्षु सद्धातिस्स, भिक्षु प्रियदर्शी आदि जस्तै भिक्षु के. श्री धम्मानन्द नायक महास्थविर पनि एक प्रमुख हुनुहुन्छ ।

उहाँको जन्म १८ मार्च १९१९ का दिन श्रीलंकाको दक्षिणी भूभागमा अवस्थित मातरको किरिन्डे नामक गाउँमा, एक गामागे परिवारमा भएको थियो । उहाँको माता-पिताद्वारा उहाँलाई 'मार्तिन गामागे' नामकरण गरिएको थियो । उहाँ मातापिताका ज्येष्ठपुत्र थिए ।

उहाँले ७ वर्षको उमेरदेखि सरकारी स्कूलमा भर्ना भई अध्ययन शुरु गर्नुभएको थियो त उहाँले धार्मिक शिक्षा पनि बाल्यकालदेखि नै शुरू गर्नुभएको थियो । उहाँको मामा - सो गाउँ (किरिन्डे) का एक प्रमुख भिक्षु थिए । अतः मार्तिन गामागेले भन्ते मामा (के. धम्मरत्तन महाथेर) को प्रेरणास्वरूप बाल्यकालदेखि धार्मिक शिक्षा प्राप्त गर्ने अवसर पाउनुभएको थियो ।



Downloaded from http://dhamma.digital



# भिक्षु के. श्री धम्मानन्द नायक महास्थविर

(सन् १९१९-२००६)

Downloaded from http://dhamma.digital

पछि आएर के. धम्मरत्तनले आफ्नो भान्जा मार्तिनलाई पनि आफ्नै बाटोमा लगाउन आफ्ना दिदी (मार्तिनकी आमा) लाई संघको महत्त्वको अवगत गराई पुत्रलाई प्रव्रजित गराउन प्रेरणा दिंदै गए ।

यसप्रकार मार्तिन गामागेले आफ्नो मामाको प्रेरणा एवं आमाको पूर्ण स्वीकृतिबाट १२ वर्षको उमेरमा किरिन्डे विहारका विहाराधिपति के. धम्मरत्तन महास्थविरको आचार्यत्वमा ३० जून १९३० का दिन प्रव्रजित भई "श्रामणेर धम्मानन्द" हुनुभएको थियो ।

१६ वर्षको उमेरमा श्रामणेर धम्मानन्दको चित्तमा एकपटक मार देखा परे अर्थात् उहाँ विराग धर्मप्रति विमुखको स्थिति देखा पर्न थाले । उहाँले यसको जानकारी आफ्नी आमालाई बताए । उहाँको आमाले पुत्रलाई पुनः सम्झाइन् -

"यदि तिमी घर फर्केमा सिर्फ एक परिवारको मात्र सहायक हुनेछौ, प्रव्रजित जीवनमै रहिरहे भने सारा देशको सहायक हुन सक्नेछौ ।"

त्यसताका श्रामणेर धम्मानन्दको आमाले सिर्फ देशभरको मात्र कल्पना गरेकी थिइन् तर पछि भिक्षु के. श्री धम्मानन्दले प्रमाणित गरी देखाइदिए कि उहाँ आफ्नो देशको मात्र होइन विश्वकै सेवक भई मानवतावादको प्रचार-प्रसारमा लाग्नुभयो ।

श्रामणेर धम्मानन्दले आफ्नी आमाको आशय बुझी, आमाकै पुनःप्रेरणाबाट आफ्नो जीवन धर्ममै समर्पित गर्ने दृढ प्रण गरी आफ्नो अध्ययन जारी गर्दै लगे । उहाँले त्यसपश्चात्देखि लगातार १० वर्षसम्म आफ्नो देशका विभिन्न परिवेण वा विद्यालयमा गहन अध्ययन गर्नुभएको थियो त ४ वर्ष भारतको काशी-हिन्दू विश्वविद्यालयमा उच्चशिक्षा अध्ययनार्थ लगाउनुभयो ।

यस अवधिभित्रमा उहाँले सन् १९३५ देखि १९३८ सम्म देहिवलास्थित "विद्यावर्द्धन बुद्धिस्ट इन्स्टिच्यूट" मा अध्ययन गर्नुभएको थियो त यसपश्चात्



Downloaded from http://dhamma.digital

सन् १९३८देखि १९४५ सम्म केलनियास्थित "विद्यालंकार परिवेण" मा पाली, संस्कृत एवं बौद्धदर्शनसम्बन्धी विस्तृत अध्ययन गर्नुभएको थियो ।

श्रामणेर धम्मानन्दले २१ वर्षको उमेरमा सन् १९४० को ज्येष्ठ पूर्णिमाका दिन कैण्डी पुगी त्यहाँस्थित सियाम निकायका एक प्रमुख भिक्षु पहामुने श्री सुमंगल महानायक महास्थविरको उपाध्यायत्वमा सुविख्यात मलवत्त सीमागृहमा उपसम्पन्न हुनुभएको थियो । उहाँका कम्मवाचाचार्यहरूमा कोटविलाका श्री सुनन्दारामय विहारका प्रमुख भिक्षु के. श्री रत्तनपाल महास्थविर पनि एक हुनुहुन्छ ।

भिक्षु के. श्री. धम्मानन्दले २६ वर्षको उमेरमा विद्यालंकार परिवेणबाट पाली, संस्कृत, बौद्ध दर्शन एवं साहित्यमा स्नातक परीक्षा उत्तीर्ण गर्नुभएको थियो साथै उहाँलाई 'विनयाचार्य' उपाधि पनि प्रदान गरिएको थियो । स्मरणीय छ, त्यसताका विद्यालंकार परिवेणका प्रधानाचार्य लु. धम्मानन्द नायक महास्थविर (सन् १८६९-१९४५) हुनुहुन्छ । उहाँकै प्रमुख संरक्षकत्वमा भिक्ष के. श्री. धम्मानन्दले आफ्नो अध्ययन जारी गर्नुभएको थियो ।

सन् १९४५ मा भिक्षु के. श्री धम्मानन्दलाई उच्चशिक्षा (एम.ए.) अध्ययनार्थ भारतको बनारस हिन्दू विश्वविद्यालयबाट छात्रवृत्ति (Schorship) प्राप्त भएको थियो । अतः उहाँ भारत आउनुभयो र तत्कालीन सो विश्वविद्यालयका उपकुलपति डा. सर्वपल्ली राधाकृष्णको तर्फबाट विशेष सुविधा प्राप्त गरी भिक्षु के. श्री धम्मानन्दले ४ वर्षको अवधिमा संस्कृत, हिन्दी र भारतीय दर्शन शास्त्रमा एम. ए. उत्तीर्ण गर्नुभएको थियो ।

उहाँ बनारस हिन्दू विश्वविद्यालयमा अध्ययनार्थ रहनुभएको बेला उहाँका सहपाठीहरूमा श्रीलंकाका पि. पन्नानन्द, एच. सद्धातिस्स, ऊ. धम्मरत्तन, नेपालका भिक्षु अमृतानन्द पनि घनिष्ठ मित्रको रूपमा रहेको थियो ।



Downloaded from http://dhamma.digital

बनारस हिन्दू विश्वविद्यालयमा अध्ययन समाप्त गरी भिक्षु के. श्री धम्मानन्द श्रीलंका फर्कनुभयो र कोटविलामा 'सद्धम्म बुद्धिष्ट इन्स्टिच्यूट' नामक सिंहली एवं अंग्रेजी माध्यमबाट पढाउने विद्यालय स्थापना एवं व्यवस्थापनमा लगातार ३ वर्षसम्म लाग्नुभएको थियो यसै बेलादेंखि उहाँले विभिन्न धार्मिक, शैक्षिक र सामाजिक गतिविधिमा सरिक भई आमजनताहरूको सुख-सुविधा वृद्धि हुने कार्यमा पनि लाग्दै आउनुभएको थियो ।

सन् १९५१ को मध्यमा श्रीलंकाबाट मलेशियामा बुद्धधर्म प्रचारार्थ पुगिरहनुभएका मलेशियास्थित ब्रिकफेल्ड बुद्धविहार (Brickfields Buddhist Temple) का प्रमुख भिक्षु एम. पञ्ञासिरि महास्थविर (सन् १९१२-८१) ले भिक्षु. के श्री धम्मानन्दलाई धार्मिक गतिविधि सम्पन्न गर्न आफ्नो सहायतार्थ मलेशियामा पठाई दिन विद्यालंकार परिवेणका तत्कालीन प्रधानाचार्यकहाँ एक प्रार्थनापत्र पठाए जसअनुसार भिक्षु के. श्री धम्मानन्द २ जनवरी १९५२ का दिन (पेनाङ्गबाट क्वालालम्पुर हवाइयात्रा) क्वालालम्पुरस्थित ब्रिकफिल्ड बुद्ध विहारमा पुग्नुभएको थियो ।

भिक्षु एम. पञ्ञासिरि र भिक्षु के. श्री धम्मानन्द दुबैजना मिली मलेशियामा पुनः ३ वर्ष बुद्धधर्म प्रचार-प्रसारमा लागेपश्चात् सन् १९५४ को नोभेम्बर महिनामा भिक्षु पञ्ञासिरि स्वदेश (श्रीलंका) फर्कनु भयो । त्यसपश्चात् भिक्षु के. श्री धम्मानन्दलाई मलेशियाको क्वालालम्पूरस्थित उक्त विहारको प्रमुख नियुक्त गरिएको थियो ।

भिक्षु के. श्री धम्मानन्दले धर्मप्रचारको दौरानमा सन् १९६२ मा मलेशियाका केही प्रतिष्ठित श्रद्धालु बौद्धहरूलाई सम्मिलित गराई "Buddhist Missionary Society" नामक एक संस्था स्थापना गर्नुभएको थियो ।

यस सोसाइटीको सहयोगबाट भिक्षु के. श्री धम्मानन्द महास्थविरले प्रशस्त मात्रामा बुद्धधर्मसम्बन्धी अति पठनीय (अध्ययनयोग्य) पम्पलेटहरू र स-साना पुस्तकहरू अंग्रेजीमा लेखी यसै संस्थाबाट प्रकाशन गरी बेजोडरूपमा



Downloaded from http://dhamma.digital

बुद्धधर्मको प्रचार-प्रसार गर्दै ल्याए । पछि ती पम्पलेटहरू पुनः प्रकाशन गरी विशेषतः भारत, इन्डोनेशिया, संयुक्त राज्य अमेरिका, ताइवान, बंगलादेश र श्रीलंकामा पनि वितरण गरिएको थियो ।

Buddhist Missionary Society को तर्फबाट शुरु-शुरुमा प्रकाशित गरिएका भिक्षु के. श्री धम्मानन्द महास्थविरका केही कृतिहरूमा What Buddhists Believe र Great Personalities on Buddhism अति लोकप्रिय हुन गएको थियो ।

खुशीको कुरा हो, उहाँको What Buddhists Believe नामक कृतिलाई "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" का सदस्यत्रय - दिवंगत प्रकाश वज्राचार्य, बरदेश मानन्धर र मदनरत्न मानन्धरले छुट्टाछुट्टै ३ भागको रूपमा नेपालीभाषामा "बौद्ध विश्वास" को शीर्षक दिई अनुवाद गरी गोष्ठीकै तर्फबाट क्रमशः वि.सं. २०३८, वि.सं. २०३९ र तेस्रो भाग वि.सं. २०५१ मा प्रकाशित गरिसकेको छ ।

सन् १९९४ सम्ममा चौथोपटक अंग्रेजी संस्करण भइसकेको यस What Buddhists Believe कृति चिनियाँ, कोरियाली र इन्डोनेशियाली भाषामा पनि अनुवाद भइसकेको र यस कृतिबाट लाखौं व्यक्तिहरूले बुद्धको यथार्थ शिक्षा र जीवनका विभिन्न पक्षहरूको बारे बौद्ध दृष्टिकोण बुझ्न र जान्न समर्थ भए ।

यस्तै भिक्षु के. श्री धम्मानन्द महास्थविरले बुद्धधर्मको विभिन्न पक्षसम्बन्धी आधुनिक युगका सुविख्यात कयौं दार्शनिक, विद्वान्, इतिहासकार, वैज्ञानिक, लेखक, धार्मिक प्रतिष्ठित व्यक्ति, सामाजिक सुधारक एवं कयौं राजनीतिज्ञहरूले उल्लेख गरेका उद्‌गारहरूलाई संकलन गरी तयार पारिएको पुस्तक "Great Personalities on Buddhism" बाट पनि कयौं युवाहरूलाई प्रेरणास्रोत (बुद्धधर्म बुझ्न) हुन पुगेको थियो ।



Downloaded from http://dhamma.digital

यस पंक्तिका लेखकले यस पुस्तक सन् १९७९ (वि.सं. २०३६) मा भिक्षु विवेकानन्द महास्थविरको नेतृत्वमा बौद्ध समंकृत विहारबाट सम्पन्न गरिएको तेस्रो पटकको बौद्ध तीर्थयात्राको क्रममा सारनाथको मूलगन्धकुटी विहारमा किनेर ल्याएको थिए। सो पुस्तकमा व्यक्त गरिएका प्रसिद्ध व्यक्तित्वहरूको कथन (उद्गार) बाट प्रभावित भएर नै आफूले ती व्यक्तित्वहरूको जीवनी लेखन कार्य गर्ने हौसला प्राप्त भएको महशुस गरेको छु।

यसप्रकार बुद्धधर्मको विभिन्न विषयलाई आधुनिक ढंगबाट व्याख्या गरी बुद्धधर्मलाई जनमानसमा बेजोड रूपमा प्रचार-प्रसार गर्दै आउनुभएका भिक्षु के. श्री धम्मानन्द महास्थविरलाई उहाँले मलेशियामा सम्पन्न गर्नुभएको धार्मिक एवं शैक्षिक गतिविधिको पनि स्मरण गरी सन् १९६५ मा श्रीलंकाका एक प्रमुख बौद्ध निकाय सियाम महानिकायका राजगुरू ए. श्री विपस्सी थेरले कैण्डीको प्राचीन मलवत्त सीमागृहमा उहाँलाई 'मलेशियाका महासंघनायक' को रूपमा नियुक्ति गरिएको थियो।

यसै खुशियालीमा मलेशियाका सम्पूर्ण बौद्ध धर्मावलम्बी मिली १० जुलाई १९६५ का दिन उहाँको सम्मानमा एक भव्य समारोहको आयोजना गरिएको थियो। साथै यसै खुशियालीमा मलेशिया एवं सिंगापुरमा पनि त्यहाँका विभिन्न स्थानहरूमा बौद्ध भिक्षुहरूद्वारा अहोरात्र महापरित्राण पाठको पनि आयोजना गरिएको थियो।

भिक्षु के. श्री धम्मानन्द नायक महास्थविरले सन् १९७० र १९७५ मा धर्मप्रचारार्थ पूर्व र पश्चिमको यात्रा सम्पन्न गर्नुभएको थियो। त्यसबेला उहाँलाई बृटेनको लायन्चेष्टर, मायन्चेष्टर, हल र अक्सफोर्ड विश्वविद्यालयले बुद्धधर्म र बुद्धधर्मसम्बन्धी व्याख्यान हेतु निमन्त्रित गरिएको थियो। यस्तै उहाँलाई संयुक्त राज्य अमेरिकाका Dharma Realm Buddhist University र University of Oriental Studies ले पनि व्याख्यानको निमित्त



Downloaded from http://dhamma.digital

निमन्त्रित गरिएको थियो । Dharma Realm Buddhist University ले उहाँलाई पी.एच.डी. (Doctorate) को उपाधि प्रदान गरेको थियो । स्मरणीय छ, यस विश्वविद्यालयले आफ्नो स्थापनाकालपश्चात् सर्वप्रथम प्रदान गरिएको यो Ph.D. को उपाधि थियो । यो उपाधि उहाँलाई उहाँको विद्वता तथा मलेशिया र विभिन्न देशमा बुद्धधर्मको प्रचार-प्रसारमा गर्नुभएको योगदानको कदरस्वरूप प्रदान गरिएको थियो ।

भिक्षु. के. श्री धम्मानन्द महास्थविरले पी.एच.डी.को उपाधि हासिल गर्नुभएको कदरस्वरूप सन् १९७५ मा University of Oriental Studies ले, सन् १९७६ मा नालन्दा विश्वविद्यालय र सन् १९८० मा बनारस हिन्दू विश्वविद्यालयले उहाँलाई छुट्टाछुट्टै विशेष सम्मानको आयोजना गरिएको थियो ।

सन् १९८७ मा भारतको बोधगयास्थित "अन्तर्राष्ट्रिय बौद्ध ध्यान केन्द्र" ले उहाँलाई सर्वसम्मतिको प्रस्तावबाट त्यस केन्द्रको संरक्षक नियुक्त गरिएको थियो ।

भिक्षु के. श्री धम्मानन्द नायक महास्थविरले क्वालालम्पुरस्थित जालन वरहला-ब्रिकफिल्डस्थित उक्त विहारमा सम्पन्न गर्दै आउनुभएको विभिन्न धार्मिक क्रियाकलापहरूमा सन् १९७५ देखि सफलतापूर्वक सम्पन्न गर्दै आउनुभएको एक कार्यक्रम हो - 'धम्मसाकच्छा', जुन प्रत्येक शुक्रवारको साँझ ८ बजे शुरू गरिन्थ्यो । शुरूमा केही समूहबाट शुरू गरिएको यस कार्यक्रममा पछि आएर प्रायः जहिले पनि (प्रत्येक शुक्रवार साँझ) १०० जना भन्दा कम नहुने किसिमले जम्मा भई नै रहन्थ्यो । यस धर्मसाकच्छा कार्यक्रम निकै लोकप्रिय हुँदै गए जसमा स्थानीय कलेज एवं विश्वविद्यालयका विद्यार्थीहरूसमेत सम्मिलित हुन्थे ।

यसप्रकार आफ्नो देशमा ४ दशक अगाडिदेखि धर्मदूतकार्य गर्दै आउनुभएका भिक्षु के. श्री धम्मानन्द नायक महास्थविरलाई मलेशियाका



Downloaded from http://dhamma.digital

His Majesty the Yang Di Pertuan Agung of Malasia ले राष्ट्रको एक प्रमुख उपाधि Johan Setia Mahkota (J.S.M.) प्रदान गरिएको थियो । यस उपाधि उहाँलाई सम्राटको जन्मोत्सवको अवसरमा ५ जून १९९१ का दिन प्रदान गरिएको थियो ।

यस्तै श्रीलंकाको कोलम्बोस्थित बौद्ध एवं पाली विश्वविद्यालयले पनि डा. के. श्री धम्मानन्द नायक महास्थविरले मलेशियामा ४ दशकसम्मको समर्पित धम्मकायस्वरूप जीवनको कदर गरी डी. लिट् (D. Litt) उपाधि प्रदान गरिएको थियो । यसको लगत्तै उहाँलाई कैण्डीस्थित दन्तधातु मन्दिर (मलवत्त सीमागृह) का महानायक स्थविरले "सिंगापुरको प्रधान संघनायक" को रूपमा पनि नियुक्त गरिएको थियो । यसको साथै उहाँलाई "सद्धम विशारद धर्मकीर्ति श्री" उपाधि पनि प्रदान गरिएको थियो ।

यस्तै उहाँलाई श्रीलंकाका अन्य कयौं संघ-संस्था एवं कलेजले पनि सन् १९९१ को डिसेम्बर महिनामा दुई हप्ताको श्रीलंका निवासकालमा विभिन्न उपाधिहरू प्रदान गरिएको थियो जसमा प्रमुखतः कोट्टे श्री कल्याणी सामग्री धर्म महासंघसभाले "परियत्ति विशारद", विद्यालंकार विश्वविद्यालयले "बुद्धशासन विभूषण" एवं श्रीलंकाको दक्षिणी भूभागका रोहणा महासंघ सभाले "त्रिपिटक बागीश्वराचार्य महोपाध्याय" उपाधि प्रदान गरेकोलाई लिन सकिन्छ ।

यस्तै सन् १९९५ को फरवरीको शुरूमा उहाँलाई श्रीलंकाको अमरपुर महानिकायको तर्फबाट भिक्षु पञ्ञासिंह महानायक महास्थविर (सन् १९१३-२००३) द्वारा "विश्वकीर्ति श्री सासनसोभन" उपाधि प्रदान गरिएको थियो । यसै अवसरमा ३ फरवरी १९९५ का दिन श्रीलंकाका राष्ट्रपति चन्द्रिका बण्डरनायिके कुमारातुंगाले पनि उहाँलाई एक करनडुवा (धातुको एक चैत्य) प्रदान गरेको थियो ।

यसप्रकार भिक्षु के. श्री धम्मानन्द नायक महास्थविरले आफ्नो



Downloaded from http://dhamma.digital

जीवनकालमै धर्मको निमित्त गरेको योगदानको कदर सबैतिरबाट प्राप्त (प्रशंसित) भएको प्रत्यक्षानुभूति गर्नुभयो । उहाँले ३१ अगस्ट २००६ का दिन आफ्नो ८७ वर्षको जीवनकाल समाप्त गर्नुभयो ।


❑

## भिक्षु के. श्री धम्मानन्द नायक महास्थविरका केही प्रमुख अंग्रेजी कृतिहरु –

1. Why Religious Tolerance
2. Why Rilegion
3. Do you Believe In Rebirth
4. Hand book of Buddhists
5. What Buddhists Believe
6. Dhammapada
7. Great Personalities on Buddhism
8. Gems of Buddhist Wisdom
9. Wheither Mankind
10. Happy Married Life
11. Meditation The only Way
12. Buddhist Mannual
13. Buddhism as a Religion
14. Buddhism and The Free Thinkers
15. Buddhist Principle for Human Dignity
16. Buddhism in the Eyes of the Intellectuals
17. Daily Buddhist Devotions
18. Dhammapada with Illustrations
19. Treasure of the Dhamma
20. Why worry
21. Human Life and Problems
22. The Purpose of Life
23. How to live without Fear and Worry
24. Food for the Thinking Mind
25. The Flower of Mankind



Downloaded from http://dhamma.digital



**ज्ञानज्योति साहू**
(सन् १९२२-२००४)

Downloaded from http://dhamma.digital

# ज्ञानज्योति साहू

नेपालमा बुद्धधर्म, बौद्धसंस्कृति, बौद्धदर्शन, नेपालभाषा र साहित्य तथा सामाजिक क्षेत्रमा २० औं शताब्दीको मध्यदेखि निरन्तर रूपमा योगदान दिंदै आउनुभएका एक प्रमुख व्यक्ति हुनुहुन्छ - साहू ज्ञानज्योति कंसाकार ।

उहाँको जन्म वि.सं. १९७८ सालको माघ ११ गते तद्नुसार २४ जनवरी १९२२ का दिन पिता भाजुरत्न कंसाकारको कान्छी श्रीमती ज्ञानमाया कंसाकारको तर्फबाट पहिलो पुत्ररत्नको रूपमा भएको थियो । उहाँकी जेठी आमा (नाम ज्ञानमाया नै) को तर्फबाट पिता भाजुरत्न कंसाकारले ३ पुत्री र एक पुत्र (मणिहर्षज्योति कंसाकार) पाउनुभएको थियो । दाजु मणिहर्षज्योति जन्मेको ६ महिनापछि नै जेठी आमाको निधन भएको थियो ।

ज्ञानज्योति कंसाकारले आफ्नी आमाको तर्फबाट एक भाइ (देवज्योति) र दुई बहिनी (ज्ञानशोभा र हेराशोभा) पाउनुभएको थियो ।

ज्ञानज्योति कंसाकार - ५ वर्षको उमेरमा वि.सं. १९८२ सालतिर आफ्नी आमा ज्ञानमायाका साथ कालिम्पोङ्गमा व्यापार व्यवसायमा लागिरहनुभएका पिता भाजुरत्न कहाँ पुगेका थिए । पिताले उनलाई पनि दाजुहरू (मणिहर्षज्योति र रत्नज्योति - ठुल्बुबाको छोरा) कै सरह मिशनरी



Downloaded from http://dhamma.digital

स्कूलमा भर्ना गरिदिए ।

शुरूमा कालिम्पोङ्गको आफ्नै पसलअगाडि रहेको स्कटिस मिशन स्कूलमा भर्ना गरिएका उहाँलाई पछि S.U.M. मिशन स्कूलमा भर्ना गरिदिएको थियो । यही स्कूलबाटै उहांले वि.सं. १९९८ (सन् १९४१) मा म्याट्रिक उत्तीर्ण गर्नुभएको थियो ।

S.U.M. मिशन स्कूलमा अध्ययनरत भएको बेला सन् १९३५ मा उहाँले ब्रिटिश सम्राट जर्ज पञ्चमको रजत जयन्ती (Silver Jubilee) पूर्ण भएको उपलक्ष्यमा भएको दौड प्रतियोगिता (Race Competition) मा प्रथम स्थान हासिल गरी तकमा प्राप्त गरेको थियो । यस्तै यसै स्कूलमा अध्ययन शुरू गरेको बेलादेखि नै उहाँलाई पिताले व्यापार व्यवसायमा सरिक गराउने हेतु मालसामानको गिनती गराउने, पत्राचार गराउने, हिसाब-किताब (Cash Balance) राख्ने आदि कामको पनि जिम्मा लगाउँदै आएको थियो ।

कालिम्पोङ्ग शहर - २० औं शताब्दीको शुरू (सन् १९०४-५) देखि तिब्बत आवागमनको प्रमुख केन्द्र हुँदै आएको थियो । अतः व्यापारीहरू मात्र होइन तिब्बतमा गई बुद्ध-धर्मको अध्ययन अनुसन्धान गर्न जाने व्यक्तिहरूको निमित्त पनि यो शहर एक आश्रयस्थल एवं जमघट स्थल हुन गएको थियो । यसै क्रममा सन् १९२७ (वि.सं. १९८४) मा नेपालबाट निष्काशित गरिएका ५ जना नेपाली महायानी भिक्षुहरू (महाप्रज्ञा, महाचन्द्र, महाज्ञान, महावीर्य र महाक्षान्ति) का साथ उहाँहरूका गुरू छिरिङ्ग नोर्बु पनि कालिम्पोङ्ग पुगेका थिए ।

यस्तै भारतका महापण्डित राहुल सांकृत्यायन पनि महायानी बौद्ध ग्रन्थहरू खोजविन (अनुसन्धान) गर्न जाने क्रममा यस शहर हुँदै कयौं पटक तिब्बतमा ओहर-दोहर गरेका थिए ।



Downloaded from http://dhamma.digital

त्यसताका ल्हासाका प्रायः सम्पूर्ण व्यापारीहरू नेपालीहरू थिए, त्यसमा पनि प्रायः सम्पूर्ण नेवारहरू नै थिए । अतः कालिम्पोङ्ग शहर भारतको पश्चिम बंगालको एक शहर भएतापनि नेपालकै एक नेवार बस्तीको शहर रहेको थियो ।

उपर्युक्त सम्पूर्ण व्यापारी, धार्मिक व्यक्तित्वहरूको कालिम्पोङ्गका एक प्रमुख व्यापारी साहू भाजुरत्न कंसाकारसित सम्पर्क हुनु एवं आश्रयमा पुग्नु स्वभाविकै थियो ।

यसैक्रममा कलकत्तामा रहँदै आउनुभएका नेपाली बौद्ध विद्वान् धर्मादित्य धर्माचार्य वि.सं. १९८५ सालतिर कलकत्ताबाट कालिम्पोङ्ग आउनुभएको थियो । उहाँले कालिम्पोङ्गमा रहँदै आउनुभएका नेपालीहरूलाई आफ्नो भाषा र धर्म (नेपालभाषा र बुद्ध धर्म) संरक्षणार्थ संगठित हुनुपर्ने सुझावका साथै मिशनरी स्कूलमा अध्ययन गराइराखेका आ-आफ्ना सन्तानहरूलाई बुद्ध-धर्मको पनि ज्ञान वृद्धि गराउनु पर्ने अठोट गराए । उहाँको सुझाव एवं प्रस्तावलाई सर्वप्रथम साहू भाजुरत्न कंसाकारले अनुमोदन गर्नुभएको थियो त श्रीप्रसाद उपासक (पछि श्रामणेर महावीर एवं भिक्षु शान्तरक्षित) ले सो अनुमोदनलाई समर्थन गरी धर्मादित्य धर्माचार्यको प्रस्तावलाई सर्वसम्मतबाट पास गरी वि.सं. १९८६ साल जेष्ठ महिना (ज्येष्ठ कृष्ण चतुर्दशी १०४९ ने.सं. का दिन) मा 'कालिम्पोङ्ग नेपाली बौद्ध शिक्षालय' नामक एक संस्था स्थापना गरिएको थियो । यसैको तर्फबाट एक पुस्तकालयको पनि व्यवस्था गरिएको थियो ।

बौद्ध विद्वान् धर्मादित्य धर्माचार्यद्वारा बौद्ध शिक्षाको पठन पाठन शुरू गरियो । सो शिक्षालयमा बालक ज्ञानज्योति कंसाकारलाई पनि समावेश गराइयो ।

यो भन्दा अगाडि ज्ञानज्योति कंसाकारलाई शील-सदाचार अनि धार्मिक भावना जागृत गराउनमा विशेष पहल गुरु छेरिनोर्बुबाट पनि भइसकेको



Downloaded from http://dhamma.digital

थियो । उहाँ एव उहाँका एक प्रमुख शिष्य महाप्रज्ञा वि.सं. १९८५ सालको शुरूमा तिब्बत जानुअगाडि केही महिना भाजुरत्न साहूको आश्रयमा कालिम्पोङ्गमा रहनुभएको थियो । सो बेला ज्ञानज्योति कंसाकार ६-७ वर्षका बालक थिए । भोजनको बेला आमा ज्ञानमायाले पुत्रलाई नै भोजनदान गराउन लगाइन्थ्यो । गुरूबाट प्रायः सबै परिवारलाई "आमाबुबाको सेवा गर्नु ठूलो धर्म हो" भने उपदेशलाई अनेक कथा वाचनका साथ प्रस्तुत गरी बोध गराएकोलाई, ज्ञानज्योति साहूको बाल्य अवस्थादेखि धार्मिक संस्कार वृद्धि गराउनमा अधिक टेवा मिल्न गएको कुरा उहाँले स्पष्ट उल्लेख गर्नुभएको छ ।

यस्तैमा सन् १९३४ मा कालिम्पोङ्गमा भाजुरत्न साहूको घरमा भिक्षु राहुल साँकृत्यायन दोश्रो तिब्बत यात्रा (तिब्बती ग्रन्थहरूको अनुसन्धान गर्न जाने) को क्रममा केही दिन आतिथ्यको रूपमा रहनुभएको थियो सो बेला १२/१३ वर्षका ज्ञानज्योति कंसाकारले राहुल साँकृत्यायनको लेखनशैलीबाट आफू अत्यधिक प्रभावित भएको कुरा ज्ञानज्योति साहूले यस पंक्तिका लेखकलाई पनि बताउनुभएको थियो ।

सन् १९३४ को मध्यतिर गुरू छेरिनोर्बुका तीक्ष्ण प्रतिभाशाली शिष्य हुनुभएका महाप्रज्ञा स्थविरवाद बुद्धधर्ममा परिणत भई, बर्मा पुगी विशेषतः ध्यान भावनामा निपुणता हासिल गरी कालिम्पोङ्ग फर्कनुभएको थियो । उहाँलाई पनि भाजुरत्न साहूले आश्रय दिई कालिम्पोङ्गको त्रिपाई डाडांमा एउटा विहार समेत निर्माण गरिदिनुभएको थियो जुन विहारलाई महाप्रज्ञा स्वयंले "प्रज्ञाचैत्य महाविहार" नामकरण गर्नुभएको थियो । भाजुरत्न साहूले उहाँलाई बरोबर भोजन निम्त्याई धर्मोपदेश पनि सुन्ने गर्नुहुन्थ्यो ।

यसप्रकार ज्ञानज्योति कंसाकारको बाल्यावस्थामा विशेषतः ३ जना बौद्ध विद्वान् (गुरू छेरिनोर्बु, धर्मादित्य धर्माचार्य र महाप्रज्ञा) सित सम्पर्क राख्न पाएबाट आफ्नो भावी जीवनलाई धर्मप्रति बढी झुकाव गराउन टेवा



Downloaded from http://dhamma.digital

मिल्न गएको कुरा स्पष्ट उल्लेख गर्नु भएको छ ।

वि.सं. १९९८ सालमा म्याट्रिक पास गर्नुभएका ज्ञानज्योति कंसाकारले उच्च शिक्षा अध्ययननार्थ दार्जिलिङ्गको North Point College मा नाम दर्ता गरिसकेको थियो तर आमाको सल्लाहनुसार बाध्य भई उहाँ ल्हासास्थित आफ्नो कोठी संचालनार्थ ६ डिसेम्बर १९४२ का दिन २० वर्षको उमेरमा ल्हासा प्रस्थान गर्नुभएको थियो ।

उहाँ ल्हासा पुग्नुभएको वर्षदिनपछि सन् १९४३ (वि.सं. २०००) मा ल्हासास्थित नेपाली व्यापारीहरूले आफ्नो व्यापारस्थिति मजबूत पार्न 'नेपाली बाणिज्य संघ, ल्हासा' (Nepalese Chamber of Commerce, Lhasa) स्थापना गरे । यस संघमा उहाँ उपाध्यक्ष नियुक्त हुनुभएको थियो । अध्यक्ष धर्ममान साहूका पुत्र त्रिरत्नमान तुलाधर रहनुभएको थियो तर केही कारणवश सो संघ दुई तीन वर्ष पछि विघटन गरियो ।

सन् १९४५ मा ज्ञानज्योति कंसाकार तिब्बतबाट फर्के । यसको वर्षदिनपछि उहाँ नेपाल आई मरु टोलका चिरीरत्न र देवप्रभा ताम्राकारकी छोरी लक्ष्मीप्रभासँग ८ जुलाई १९४६ का दिन विवाह गर्नुभएको थियो । विवाहपश्चात् उहाँ पुनः ल्हासा जानुभयो र वर्षदिन रही सन् १९४८ मा फर्के ।

त्यसबेलादेखि स्थायी रूपमा कालिम्पोङ्गमा रहँदै आउनुभएका साहू ज्ञानज्योति र लक्ष्मीप्रभा कंसाकारले एक छोरा (अमृत ज्योति) र दुई छोरी (देवशोभा र धर्मशोभा) पाए ।

साहू ज्ञानज्योति कंसाकारले दोस्रो पटकको ल्हासा निवासकालमा 'धर्मोदय सभा' को (कार्यालय भवनको) निमित्त तिब्बती व्यापारीहरूसित केही रकम चन्दा संकलन गरी ल्याउनुभएको थियो यसैमा कालिम्पोङ्गमा रहनुभएका नेपालीहरूसित पनि चन्दा संकलन गरी Else Villa नामक



Downloaded from http://dhamma.digital

अंग्रेजहरूको एक बंगला सभाले किनेको थियो जसलाई पछि 'धर्मोदय विहार' नामकरण गरिएको थियो । स्मरणीय छ, धर्मोदय सभाको प्रधान कार्यालय सन् १९४९ देखि यसै बंगला वा 'धर्मोदय विहार' मा सारिएको थियो ।

सन् १९४९ को अप्रिलको शुरूमा महापण्डित राहुल सांकृत्यायन आफ्ना केही मित्रहरूका साथ 'पारिभाषिक शब्द कोश' तयार गर्न कालिम्पोङ्गमा आइपुग्नुभएको थियो ।

महापण्डित राहुल साँकृत्यायनसित बाल्यकालदेखि परिचित एवं प्रभावित हुनुभएका ज्ञानज्योति कंसाकारले उहाँको ५६ औं जन्मोत्सव ९ अप्रिल १९४९ का दिन भव्य रूपमा मनाएको थियो । सो दिन उहाँले कयौं प्रतिष्ठित व्यक्तिहरूलाई निम्त्याई भोजको पनि प्रबन्ध गर्नुभएको थियो । त्यस दिनको स्मरण स्वरूप उहाँले केही फोटोहरू पनि लिई राख्नु भएको थियो ।

यसको महिनादिनपछि ११ मई १९४९ (२४९३ औं बैशाख पूर्णिमा) का दिन कालिम्पोङ्गको धर्मोदय विहारमा 'धर्मोदय पुस्तकालय' स्थापना गर्न पनि ज्ञानज्योति कंसाकारले विशेष सहयोग गर्नुभएको थियो । स्मरणीय छ, उक्त दिन एक सार्वजनिक सभाको आयोजना गरी उक्त पुस्तकालय कालिम्पोङ्गका एस.डी.ओ. मोतिचन्द्र प्रधान (सन् १८९३-१९७७) द्वारा उद्‌घाटन गराइएको थियो । भदन्त आनन्द कौशल्यायनको सभापतित्वमा सम्पन्न उक्त सभामा पुस्तकालयको महत्व, संरक्षण र सहयोगबारे राहुल साँकृत्यायन, डा. अनन्तराम भट्ट (जर्मनमा १८ वर्षसम्म रही संस्कृतमा पि.एच.डी. गरेर आउनुभएका राहुल साँकृत्यायनका एक मित्र), भिक्षु महानाम र भिक्षु अमृतानन्दले पनि बोल्नुभएको थियो ।

सन् १९५३ देखि कालिम्पोङ्गस्थित धर्मोदय सभाको प्रधान कार्यालयलाई धर्मोदय विहारबाट काठमाडौं श्रीघः विहारमा सारियो । अतः कालिम्पोङ्गस्थित



Downloaded from http://dhamma.digital

धर्मोदय विहारमा कालिम्पोङ्गमा बुद्धधर्मको गतिविधि यथावत संचालन गर्न भदन्त आनन्द कौशल्यायनको धर्मानुशासकत्वमा 'कालिम्पोङ्ग धर्मोदय सभा' को अलग्ग गठन गरिएको थियो । यस 'कालिम्पोङ्ग धर्मोदय सभा' का अध्यक्ष श्रीप्रसाद उपासक नियुक्त हुनु भएको थियो त ज्ञानज्योति कंसाकार सचिव नियुक्त हुनुभएको थियो ।

यस सभाले आफ्नो गतिविधि शुरू गर्दै लगे । सर्वप्रथम त धर्मोदय विहारको लागि साँचीको द्वार शैलीको द्वार निर्माणार्थ २७ जून १९५४ का दिन भदन्त आनन्द कौशल्यायनको हातबाट गेटको जगको शिलान्यास गरिएको थियो पछि उक्त विहारको पछाडि रहेको बाँकी जग्गामा स्वयम्भू चैत्य शैलीको एक विहार पनि निर्माण सम्पन्न गरिएको थियो ।

यस्तै कालिम्पोङ्ग धर्मोदय सभाले वि.सं. २०११ सालको आषाढ पूर्णिमाका दिन धर्मोदय विहारमा 'हिन्दी स्कूल' को स्थापना गरिएको थियो । उक्त स्कूल भदन्त आनन्द कौशल्यायनकै अगुवाइमा स्थापना गरिएको थियो । पछि यसै स्कूलमा रात्री कलेज पनि संचालन गरिएको थियो । रात्री कलेजमा 'पालि भाषा' पढाउने प्रबन्ध पनि गरिएको थियो । सो रात्री कलेज कालिम्पोङ्गमा सरकारी कलेज खोलिए पछि मात्र बन्द भयो ।

सन् १९५७ को जनवरी २७ का दिन कालिम्पोङ्ग धर्मोदय सभाले सम्माननीय दलाइ लामालाई धर्मोदय विहारमा भव्य रूपमा स्वागत गरिएको थियो । त्यसताका 'कालिम्पोङ्ग धर्मोदय सभा' का अध्यक्ष हुनुभएका साहू ज्ञानज्योति कंसाकारले उहाँलाई नेपाली कला एवं धर्मका प्रतीक रूपमा एक काठको स्वयम्भू चैत्य उपहार दिनुभएको थियो ।

सन् १९६४ को नोभेम्बर-डिसेम्बर महिनामा भारतको सारनाथमा विश्व बौद्ध भातृत्व संघको सातौं विश्व बौद्ध सम्मेलन सम्पन्न भएको थियो । उक्त सम्मेलनमा 'कालिम्पोङ्ग धर्मोदय सभा' को टोली प्रमुख भई प्रतिमिधित्व गरी साहू ज्ञानज्योति कंसाकारले भाग लिनुभएको थियो । यो



Downloaded from http://dhamma.digital

क्रम उहाँले सन् १९९२ मा ताइवानमा सम्पन्न १८ औं विश्व बौद्ध सम्मेलनसम्म पनि कालिम्पोङ्ग धर्मोदय सभाको प्रतिनिधित्व गरी भाग लिनुभएको थियो ।

साहू ज्ञानज्योति कंसाकारको अन्य एक प्रमुख देन सन् १९५९ मा ल्हासाबाट निष्कासन गरिएका कयौं लामाहरूलाई कालिम्पोङ्गमा आफ्नै घरमा आश्रय दिएकोलाई लिन सकिन्छ । उहाँको घरमा आश्रय लिनुभएका ४ जना लामाहरूमा ग्येङ्गदुङ्ग रिम्पोछे पनि एक हुनुहुन्छ जसले साहूको घरमा १३ वर्षसम्म आश्रयमा रही पछि धर्मप्रचारार्थ फ्रान्समा जानुभएको थियो । फ्रान्समा उहाँले एक ठूलो ध्यान केन्द्र समेत स्थापना गरि सक्नुभएको थियो । ग्येङ्गदुङ्ग रिम्पोछेले ज्ञानज्योति साहूलाई फ्रान्समा बोलाइयो र आफ्नो शिष्यहरूलाई साहूको परिचय गराउनुभयो । रिम्पोछेको शिष्यहरूले आफ्ना गुरूलाई १३ वर्षसम्म आश्रयदिएका साहूप्रति कृतज्ञ भई प्रायः सबैले उहाँको हात ढोग्न आएका थिए ।

सन् १९६४ मा ज्ञानज्योति साहूका दाजुभाइहरू भिन्न भए । ज्ञानज्योति साहूलाई कालिम्पोङ्गको घर नै भागमा पऱ्यो । सो घर (सन् १९४३ मा किनेको ११ माइलस्थित अंग्रेज बंगला) ऐतिहासिक हुनाको कारण उहाँले पछि धर्महितको उपयोगको निमित्त कंग्यू कर्मपा सम्प्रदायका गुरू श्यामार रिम्पोछेलाई २९ सेप्टेम्बर १९९१ का दिन ७२ रोपनी जग्गाका साथ दान दिनुभएको थियो । यस उसले सो स्थान आजकाल कग्यूपा सम्प्रदायको एक प्रमुख धर्मकेन्द्रको रूपमा वर्षेनी ५,६ पटक ध्यान शिविर सञ्चालन हुने स्थान हुन गएको कारण त्यहाँ यूरोपियनहरूको निरन्तर आवागमन भइनै रहेकोले स्थानीय बासिन्दाहरू अधिक प्रसन्न थिए ।

साहू ज्ञानज्योति कंसाकार सन् १९७३ देखि कालिम्पोङ्गको सम्पूर्ण भार आफ्ना पुत्र अमृतज्योतिलाई सुम्पी काठमाडौंमा स्थायी बसोबास गर्न आउनुभएको थियो ।



Downloaded from http://dhamma.digital

त्यसैबेलादेखि पुनः ३ दशकसम्म साहू ज्ञानज्योति कंसाकारले बुद्ध-धर्मको तीनै यानमा कुनै भेदभाव नराखी तीनै यानका कयौं कृतिहरू प्रकाशनमा खुल्ला हृदयले लाखौं सम्पत्तिं प्रदान गर्दै नै रहे । यस्तै अनेकौं विहार निर्माण कार्यमा मात्र होइन यथा श्रद्धा बरोबर चन्दा दिइ नै रहे । विजयश्वरीस्थित 'वैरोचन तीर्थ' निर्माणमा पनि साहूजी स्वयं पटक पटक जानु भई निर्माण कार्यको निरीक्षण समेत गरी सहयोग दिनुभएको थियो ।

ज्ञानज्योति साहूले बुद्ध-धर्मका केही कृतिहरू जुन ताइवानमा छापिएको थियो । नेपालसम्म पुऱ्याउन कलकत्तादेखिको ढुवानी भाडा व्यहोरी नेपाली जनसमुदायलाई बुद्ध-धर्मका कृतिहरू सुलभ (निःशुल्क वितरण गर्न) गराउन सहयोग गर्नुभएको पनि स्मरण योग्य छ । यस्तै वि.सं. २०६० सालमा स्थापित 'शरण प्रकाशन समिति'को सदस्य रही (यसका ५ सदस्यहरूमा भिक्षु सद्धातिस्स, भिक्षु कोलित, प्रा. सुवर्ण शाक्य, साहू ज्ञानज्योति, साहू द्रव्यमानसिंह) बौद्ध विद्वान् प्रा. सुवर्ण शाक्यद्वारा लिखित लेखसंग्रह 'बुद्धधर्म र व्यवहार' प्रकाशित गर्न सम्पूर्ण आर्थिक भार बहन गर्नुभएको थियो साथै भिक्षु सुदर्शन महास्थविरद्वारा लिखित नेपालभाषाको 'जुजु बिम्बिसार' नाटकलाई प्रा. सुवर्ण शाक्यबाट नेपाली भाषामा अनूदित गरिएको उक्त नाटकलाई कलाकारहरूद्वारा मंचनयोग्य बनाई सभागृहको मंचमा प्रदर्शन गराउन यथायोग्य आर्थिक सहयोग पुऱ्याउनुभएको थियो ।

यसप्रकार ज्ञानज्योति कंसाकारले कालिम्पोङ्पश्चात् नेपालमा पनि ३ दशकसम्म बुद्धधर्म र नेपालभाषाको उत्थानमा समान आस्था एवं निष्ठा राख्दै आर्थिक सहयोग गर्दै आएकोलाई हृदयगम गरी त्रिभुवन विश्वविद्यालयमा बौद्ध अध्ययन विभागमा अध्ययनरत विद्यार्थीहरूको समूह 'बौद्ध अध्ययन समाज, नेपाल' ले २० बैशाख २०६१ का दिन उहाँलाई त्रिन्यानकै प्रमुख व्यक्तित्वहरू (आचार्य भिक्षु कुमार काश्यप महास्थविर, लामा गुरू फाग्छवोग रिम्पोछे र पण्डित बद्रीरत्न वज्राचार्य) लाई प्रमुख अतिथि बनाई 'अग्रधर्मानुदाता'



Downloaded from http://dhamma.digital

उपाधिबाट सम्मनित गरिएको थियो ।

सो अभिनन्दनको बेला धर्मसुन्दर वज्राचार्यद्वारा लिखित उहाँको एक संक्षिप्त जीवनी "अग्रधर्मानुदाता ज्ञानज्योति कंसाकार" सुखी होतु नेपालले प्रकाशन गरी निःशुल्क वितरण गरिएको थियो ।

अफशोच । यस सम्मान कार्यक्रम सम्पन्न गरिएको डेढ महिनापछि महिनौदेखि अस्वस्थ रहँदै आउनुभएका साहू ज्ञानज्योति कंसाकारले ९ आषाढ २०६१ का दिन बिहान ८४ वर्षको उमेरमा आफ्नो नश्वर देह परित्याग गर्नुभयो ।

उहाँको शवलाई दुई दिनसम्म ठमेलस्थित उहाँको भवनमा अन्तिम श्रद्धाञ्जलीको निमित्त राखी ११ आषाढ २०६१ का दिन मध्यान्ह धार्मिक एवं सामाजिक रीतिपूर्वक उहाँको पार्थिक शरीरलाई नगर परिक्रमा गराई कर्णदिपमा अन्तिम दाहसंस्कार सम्पन्न गरिएको थियो ।

❑

## ज्ञानज्योति- लक्ष्मीप्रभा कंसाकारद्वारा प्रकाशित कृतिहरु :-

१) महापरित्राणया संक्षिप्त परिचय - अमिता धाख्वा, २०५६

२) संक्षिप्त दीघनिकाय व मज्झिम निकाय - कौण्डन्य, संघाराम, २०५६

३) जातकपालि (खुद्दकनिकायया भिगूगु ग्रन्थ)
अनुवादक : भिक्षु ज्ञानपूर्णिक महास्थविर - २०५७

४) थेरगाथा (खुद्दकनिकायया च्यागूगु ग्रन्थ)
अनुवादक : भिक्षु बोधिसेन महास्थविर - २०५७

५) पेतवत्थु (खुद्दकनिकायया न्हय्गूगु ग्रन्थ)
अनुवादक : भिक्षु बोधिसेन महास्थविर - २०५७

६) बुद्ध वंश (खुद्दक निकायया भिंप्यंगूगु ग्रन्थ)
अनुवादक : भुवनलाल प्रधान - २०५७



Downloaded from http://dhamma.digital

७) गौतम बुद्धका समकालीन भिक्षुहरू (भाग-१),
कृष्णकुमार प्रजापति - २०५८

८) बुद्धकालीन समाजया परिस्थिति व थी थी हलंज्वलं
कृष्णकुमार प्रजापति - २०५८

९) स्वयम्भू पुराण
अनुवादक : मीनबहादुर शाक्य व शान्त हर्ष बज्राचार्य - २०५८

१०) चूलनिर्देश (खुद्दक निकायया झिंछगूगु ग्रन्थ)
अनुवादिकापिं : अनगारिका अग्गञाणी 'धम्माचारिय' व अनगारिका विमलञाणी , 'धम्माचारिय' - २०५८

११) गृही-विनय (थारू भाषामा)
अनुवादक : तेजनारायण पञ्जियार थारू - २०५८

१२) अंगुत्तर निकाय (तिक निपातसम्म)
अनुवादक : भिक्षु बोधिसेन महास्थविर - २०५९

१३) आधुनिक विज्ञानको दृष्टिमा बुद्ध धर्म - आर. बी. बन्द्य - २०५९

१४) गौतम बुद्धका समकालीन भिक्षुहरू (भाग-१), द्वितीय संस्करण,
कृष्णकुमार प्रजापति - २०५९

१५) निर्वाण बुद्धधर्ममा-महापरिनिर्वाण बुद्धको - भिक्षु संघरक्षित - २०६०

१६) सुगतिको निश्चिततताको लागि अभिधर्म - आर. बी. बन्द्य - २०६१

१७) 'अप्सरा' वा:पौया "संस्कृति किपा - विशेषांक" - ने.सं. ११२२

१८) Lectures on Buddhism, Basic Concept of Theravada Tradition
Dr. Sanu Bhai Dangol - 2001



Downloaded from http://dhamma.digital

## – सन्दर्भ –


१) बौद्ध जगतका स्मरणीय व्यक्तिहरू (भाग-२) - रत्नसुन्दर शाक्य
मानदास लुमन्ति प्रकाशन,
असन, कमलाछी - २०५०

२) 'अग्रधर्मानुदाता' ज्ञानज्योति कंसाकार - धर्मसुन्दर बज्राचार्य
सुखी होतु नेपाल - २०६१

३) लुमन्तिया भ्र्याल - जिगु लुमन्ति - ज्ञानज्योति कसाः
ईलोहं प्रकाशन,
जमः यें, - ११२४

४) 'धर्मोदय' पत्रिकाहरूमा प्रकाशित समाचार -




Downloaded from http://dhamma.digital



**प्रा. आशाराम शाक्य**

(सन् १९२८-२००७)

Downloaded from http://dhamma.digital

# प्रा. आशाराम शाक्य

२० औं शताब्दीको पूर्वार्द्धमा नेपालमा बुद्ध-धर्म र नेपालको एक प्रमुख भाषा नेपालभाषाको पुनरूत्थानको जागरण सँगसँगै भएको हो । पुनरूत्थानको क्रममा एक आपसमा घनिष्ठ सम्बन्ध भएको यस धर्म र भाषाको समुत्थानको लागि त्यसताका केही विशिष्ठ व्यक्तिहरूको प्रादुर्भाव भएको थियो । ती व्यक्तिहरूमा एक प्रमुख हुनुभएका पं. निष्ठानन्द वज्राचार्य (ने.सं. ९७८-१०५५) ले ने.सं. १०३४ मा बुद्ध जीवनीको रूपमा प्रस्तुत गर्नुभएको "ललित विस्तार" ग्रन्थ र वि.सं. १९८१ को फागुन महिनामा नेपालका ३ प्रमुख स्तूपहरूको दर्शन गर्न आइपुग्नुभएका तिब्बतका क्यान्छ्या लामा (सन् १८९१-१९४१) को उपदेशबाट प्रभावित भएका केही व्यक्तिहरूबाट पनि त्यसताका विशेषत: काठमाडौं उपत्यकामा बुद्ध धर्मको प्रचार-प्रसार आफ्नै मातृभाषा नेपाल भाषाबाट गर्दै आएको प्रतिफल स्वरूप पछि यसै संस्कार अन्तर्गत देखिन आउनु हुनुभएका व्यक्तित्वहरूमा प्रा. आशाराम शाक्य पनि एक हुनुहुन्छ ।

उहांको जन्म २७ आषाढ १९८५ का दिन पाटनको ९ नं. वडास्थित सुप्रसिद्ध सुनयश्री मिश्र संस्कारित यम्पि महाविहार (ई बहि) मा पिता आशाकाजी शाक्य र माता न्हुछेमाया शाक्यको ज्येष्ठ पुत्रको रूपमा भएको थियो । माता-पिताद्वारा उहाँलाई "आशाराम" नामकरण गरिएको थियो ।



Downloaded from http://dhamma.digital

उहाँ ६ वर्षको उमेरमै वि.सं. १९९१ सालमा आमा न्हुछेमाया शाक्यको प्रसव व्यथाको कारण निधन भयो । उहाँलाई ८ वर्षको उमेरमा वि.सं. १९९३ सालमा पिताले टेंगल टोलको "शारदा विद्यालय" मा भर्ना गराइयो । वर्षदिनपछि इखालखुमा सारिएको यस स्कूलमा ३ कक्षासम्म पढिसकेपछि उहाँ पाटन हाइस्कूलमा ४ कक्षामा भर्ना हुनुभएको थियो । त्यसताका उहाँका एक सहपाठी स्वयम्भूलाल श्रेष्ठ पनि हुनहुन्छ, जो पछि नेपालभाषा साहित्यका एक प्रमुख व्यक्तित्व एवं "श्रेष्ठ सिरपाः"का दाता हुनुभएको थियो ।

वि.सं. २००३ सालमा एस.एल.सी. परीक्षा दिनुभएका आशाराम शाक्यले प्रथम श्रेणीमा उत्तीर्ण भई (पाटनमा पहिलो व्यक्ति) ठूलो सम्मान पाएका थिए ।

त्यस लगत्तै वि.सं. २००४ सालमा त्रिचन्द्र कलेजमा भर्ना भए । उहाँले लिनुभएको मूल विषय थियो - फिजिक्स, केमिष्ट्री र बायोलोजी । एकदिन बायोलोजीको एक प्रयोगात्मक कक्षामा एक भ्यागुतोको चिरफार गरेको बेला त्यस भ्यागुतोको मुटुको धड्कन भण्डै एक घण्टासम्म त्यतिकै चलिरहेको देखी उहाँलाई सो विषय पढ्ने इच्छा नै भएन र कक्षा नै छोडेर आए । त्यसको परिणामस्वरूप ४ वर्षपछि मात्र उहाँले वि.सं. २००९ सालमा मात्र पटना विश्वविद्यालय अन्तर्गतको आई.ए. परीक्षा प्राइभेट रूपमा दिई पास गरेका थिए । यसको दुईवर्षपछि वि.सं. २०११ सालमा अंग्रेजी भाषा र साहित्य, इतिहास, राजनीतिशास्त्र, नेपालीभाषा र साहित्य विषय लिई बी.ए. पास गरे ।

स्कूल जीवनकालदेखि नै तीक्ष्ण प्रतिभाशाली रहेका आशाराम शाक्य कलेजका विद्यार्थी भएदेखि झन् धर्म, भाषा, राजनीति, सामाजिक, शैक्षिक आदि गतिविधिहरूमा सरिक हुँदै गए ।

१५ अगस्त १९४७ का दिन भारत स्वतन्त्र भएको खुशीयालीमा



Downloaded from http://dhamma.digital

पाटनमा पनि विजय जुलूसको आयोजना गरिएको थियो सो जुलूसमा उहाँको पनि सहभागिता रहेको थियो तर भरखरका युवक (१८।१९ वर्षका) हुनाको कारण उहाँलाई शंका गरेन र अरू वरिष्ठ व्यक्तिहरू ५।६ जनालाई पक्रेर लगेको थियो ।

आशाराम शाक्यले वि.सं. २००५ सालमा मित्र स्वयम्भूलाल श्रेष्ठ (ने.सं. १०५१-११०७) सित मिली तापाहिटी टोलमा स्वयम्भूलाल कै ठुल्बुबा बिहारीलाल सुब्बाको घरमा पहिलोपटक सार्वजनिक रूपमा नेपालभाषा साहित्य सम्मेलनको आयोजना गरिएको थियो । करिब २५ जनाजति साहित्यकारहरू उपस्थिति भएको उक्त सम्मेलनमा कविवर गोपालप्रसाद रिमालको पनि उपस्थिति रहेको थियो । उहाँले आफ्नो कविता वाचन गर्नुको साथै अन्य केही शब्दहरू पनि बोल्नुभएको थियो जसमा उहाँले 'नागरिक हक (अधिकार) प्राप्त नभएसम्म साहित्यको विकास हुन सक्दैन' भनी त्यस अठोटबारे सबैलाई महशुस गराउन सफल भएका थिए ।

गोपालप्रसाद रिमालको सोही विचार (भाषण) बाट आफ्नो साहित्यिक एवं राजनीतिक जीवन शुरूभएको तथ्य आशाराम शाक्य स्वयंले उल्लेख गरिराखेको छ ।

आशाराम शाक्यले धार्मिक एवं सामाजिक क्षेत्रमा पनि त्यसैताका (वि.सं. २००५/०६) देखि गतिविधि शुरू गर्नुभएको देखिन्छ । उहाँको जन्म नै बौद्धकुलमा भएको, त्यसमा पनि प्राचीन ऐतिहासिक सुनयश्री मिश्र संस्कारित बौद्ध विहार क्षेत्रमा भएको कारण पनि उहाँमा विशेषतः बुद्धधर्मप्रति दिलचस्पी वृद्धि हुन जानु स्वाभाविकै थियो । उहाँको जन्मस्थान भएको उक्त यम्पि महाविहारमा उहाँको बाल्यकालदेखि नै विशेषतः भिक्षु प्रज्ञानन्द, भिक्षु बुद्धघोष, भिक्षु प्रज्ञारश्मि, भिक्षु रत्नज्योति आदिको उपदेश एवं सत्संगत गर्न पाएबाट उहाँमा स्थविरबाद बुद्ध-धर्मको प्रभाव पर्न गएको थियो । यसैमा पाटनको चिकंबहिका जगतमान वैद्य - जो कलकत्तामा पूरा



Downloaded from http://dhamma.digital

डेढ दशकसम्म रही स्थविरवाद बुद्ध-धर्म एवं नेपाल भाषा साहित्यको प्रचार प्रसारमा अग्रणी भूमिका निभाई स्वदेशमा आई गृहस्थ जीवन बिताउँदै आफ्नो लक्ष्यलाई प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा लागिरहेकाको प्रभाव पनि त्यसताकाका विशेषतः पाटनका बौद्धकुलका युवाहरूमा पर्नु स्वभाविकै थियो ।

**आशाराम शाक्य** – वि.सं. २००४-५ साल देखि नै धर्म, भाषा, राजनीतिमा मात्र सरिक रहेका थिएनन् सामाजिक गतिविधि अन्तर्गत वि.सं. २००२ सालमा समाजसेवी दयावीरसिंह कंसाकार (वि.सं. १९६८-२०५७) द्वारा स्थापित "परोपकार संस्था" मा आवद्ध भई शुरूमा पाटनमा गठन गरिएको "स्वयम् सेवक कमिटी"मा रही कार्य गरेका थिए त पछि काठमाडौको केन्द्रीय 'परोपकार संस्था' मा आबद्ध भई त्यहाँको हर गतिविधिमा पहलकर्मी रहेका थिए । उहाँको प्रत्येक गतिविधिबाट प्रसन्न भई दयावीरसिंह कंसाकारले उहाँलाई १ आषाढ २०१८ का दिनदेखि उक्त संस्थाको सचिव पदमा नियुक्त गरिएको थियो । सो पदमा उहाँले ३ दशकसम्म रही त्यहाँको प्रत्येक गतिविधिलाई समुन्नत पार्नमा लागेका थिए । यस अन्तर्गत स्थापना गरिएको "परोपकार आदर्श हाइस्कूल" को संचालक समितिको पनि उहाँ सचिव नियुक्त भएका थिए त "परोपकार अनाथालय" अन्तर्गत त्यहाँ रहेका अनाथ बालकहरूलाई भारत, जापान, अमेरिका आदि देशहरूमा सम्म पाइलट, इञ्जिनियर आदि विषय पढ्न पठाउने प्रबन्ध पनि उहाँले चाँजो मिलाएका थिए ।

उहाँले शैक्षिक क्षेत्रमा पनि विशेषतः पाटनको मङ्गलबजारस्थित "आदर्श कन्या निकेतन विद्यालय" स्थापना गर्नमा एवं "पाटन इन्टर कलेज" स्थापना गर्नमा प्रमुख भूमिका निभाएका थिए । ११ भाद्र २०११ का दिन तत्कालीन युवराजधिराज श्री ५ महेन्द्रवीर विक्रम शाहदेवबाट समुद्घाटन गरिएको सो कलेजमा आशाराम शाक्यले नै प्रायः स्वयम् सेवक भई अध्यापन कार्य



Downloaded from http://dhamma.digital

गर्नुभएको थियो ।

आशाराम शाक्यले विशेष रूपमा ४ फागुन २०२१ का दिनदेखि लोकसेवा आयोगको सिफारिश अनुरूप पाटन कलेजमा नेपालभाषाका लेक्चरर पद हासिल गरी "प्राध्यापक आशाराम शाक्य" भई शिक्षण सेवामा प्रगति गर्दै आएका थिए । वि.सं. २०१६ सालमा "अंग्रेजी भाषा र साहित्य" विषयमा प्राइभेट परीक्षा दिई एम.ए. उत्तीर्ण गरिसकेका उहाँलाई नेपालभाषा मात्र होइन अंग्रेजी विषय पनि पढाउन आग्रह गरिए अनुरूप उहाँले उक्त विषयको पनि प्राध्यापक भई वि.सं. २०४६ साल फागुन महिनासम्म अनवरत रूपमा रही शिक्षण सेवाबाट निवृत्त भएका थिए ।

प्रा. आशाराम शाक्यले वि.सं. २००५-६ साल देखि २०४६ सालसम्म अर्थात् ४ दशकको अवधिभित्रमा नै परोपकार संस्थादेखि लिएर राजनीतिमा नेपाली कांग्रेसको पक्षधर भई पटक-पटक जेलयात्रा पनि भोगी वि.सं. २०१७ साल पौष १ गतेका दिन "निर्दलीय पञ्चायती व्यवस्था" लागुभएदेखि उहाँले राजनीतिबाट सन्यास लिएको, धार्मिक गतिविधि अन्तर्गत वि.सं. २००१ सालमा भारतमा स्थापना भएको एवं त्यहीबाट नेपालमा धार्मिक एवं साहित्यिक गतिविधिमा टेवा दिंदै आइरहेको "धर्मोदय सभा" (स्थापना - ३१ अक्टोबर १९४४, सारनाथ) को पुनगर्ठन (वि.सं. २००८ सालको बैशाखदेखि) नेपालीहरू मात्र रही आएकोमा उहाँ आशाराम शाक्य शुरुमा उप-महासचिव र पछि महासचिव भएको, "लुम्बिनी धर्मोदय समिति" को सदस्यसचिव पनि भई लुम्बिनी तीर्थस्थलको पुनरूत्थानको साथै वि.सं. २०१३ सालमा अभूतपूर्व रूपमा चतुर्थ विश्व बौद्ध सम्मेलन उहाँको महासचिवत्वमा सम्पन्न भएको विशेष उल्लेखनीय छ । यस सम्मेलनको अनेक उपलब्धिहरू मध्ये एक प्रमुख उपलब्धि महासचिव आशाराम शाक्यको तजबिजमा धर्म-दर्शन, साहित्य, कला-संस्कृति आदि विषयमा विभिन्न लेखकहरू एवं साहित्यकारहरूको अढाई दर्जन कृति उहाँकै केही-केही भूमिका सहित प्रकाशित गरिएको र



Downloaded from http://dhamma.digital

चतुर्थ विश्व बौद्ध सम्मेलनसम्बन्धी उहाँकै सम्पादनमा विस्तृत अंग्रेजी रिपोर्ट कृति - जसमा सचित्र (सम्मेलनसम्बन्धी एवं देशको कला, देव देवस्थल ऐतिहासिक स्थानहरूको तस्वीर) एवं भारतका संविधान निर्माता बाबासाहेब, डा. अम्बेडकर र लण्डन बुद्धिस्ट सोसाइटीका अध्यक्ष क्रिसमस हम्फ्रे जस्ता विशिष्ट बौद्ध विद्वान्‌हरूको भाषणलाई पनि लिपिबद्ध गरी त्यसमा प्रकाशन गरिएको थियो । स्मरणीय छ, चतुर्थ विश्व बौद्ध सम्मेलनको यस अंग्रेजी रिपोर्ट प्रकाशन गर्नमा उहाँलाई कविकेशरी चित्तधर 'हृदय', फणीन्द्ररत्न वज्राचार्य र भक्तकृष्ण उपासक (पछि भिक्षु सुमंगल) ले पनि सहयोग गरेका थिए ।

आशाराम शाक्यको साहित्यिक गतिविधिको प्रसंग उल्लेख गर्दा विशेषतः चतुर्थ विश्व बौद्ध सम्मेलन सम्पन्न हुनुअगाडि गरेका योगदानलाई प्रमुखता दिन सकिन्छ । त्यसैबेला उहाँले 'धर्मोदय' पत्रिकामा असंख्य कविता, कथा, कहानी आदि रचना गरी प्रकाशन गरिएका थिए । यस्तै उहाँले "च्वसापासा" (स्थापना - २००७ साल, बैशाख पूर्णिमा, कलकत्तामा संस्थापकद्वय - प्रेमबहादुर कंसाकार र मदनलोचनसिंह) द्वारा प्रकाशित "पासा" पाक्षिक पत्रिकाको पनि ने.सं. १०७३ देखि १०७५ सम्म अटूट रूपमा सम्पादनको कार्य भार वहन गरेका थिए । चतुर्थ विश्व बौद्ध सम्मेलन सम्पन्न गर्नुपर्ने व्यस्तताको कारण उहाँले सो कार्यभारबाट राजिनामा दिएका थिए ।

त्यसताका उहाँले गर्नुभएको अन्य एक साहित्यिक गतिविधि कार्य हो- "ललितपुर विद्यार्थी साहित्य मन्दिर" को स्थापना । वि.सं. २०११ सालको पौष महिनामा आफ्नै स्थान "सुनयश्री मिश्र संस्कारित-यम्पि महाविहार" मा स्थापना गरिएको यस साहित्य मन्दिरले त्यसताका उक्त प्राचीन एवं गौरवपूर्ण रहेको विहारको वातावरण स्वच्छ गर्नुको साथै विशेषतः त्यहाँका युवक विद्यार्थीहरूलाई बुद्धको उपदेश एवं साहित्यको अवबोध गराउने हेतु



Downloaded from http://dhamma.digital

उहाले महिनैपिच्छे धर्मोपदेशको साथै साहित्य सम्मेलनको पनि आयोजना गरी विद्यार्थीहरूलाई एक सच्चा नागरिक एवं समाजसेवकमा हुनुपर्ने भावना जागृत गराउनमा सफल भएका थिए ।

स्मरणीय छ, पाटनमा उहाँले "ललितपुर विद्यार्थी साहित्य मन्दिर" स्थापना गर्नु भन्दा डेढ वर्षअगाडि भक्तपुरमा १ वैशाख २०१० का दिन भक्तपुरका एक प्रमुख राजनैतिक कार्यकर्ता एवं साहित्यकार (पछि हास्य व्यङ्ग्यकार) सूर्यबहादुर पिवाः (ने.सं. १०४८-११२७) ले आफ्ना केही मित्रहरू साथ लिई "नेपाल साहित्य मन्दिर" नामक एक साहित्यिक संस्था स्थापना गरिसकेका थिए । यस संस्थाले नियमित रूपमा गर्दै आएको साहित्य सम्मेलनको आयोजनामा पाटनबाट अन्य साहित्यकारहरूको साथै आशाराम शाक्यले पनि आफनो लेख, रचना वाचन गर्दै आइरहेका थिए । शायद यसैको प्रेरणा अनुरूप उहाँले आफूले पनि पाटनमा "ललितपुर विद्यार्थी साहित्य मन्दिर" को स्थापना गर्नुभएको थियो । सो साहित्य मन्दिर तत्कालीन युवराजधिराज श्री ५ महेन्द्र वीर विक्रम शाहदेवबाट समुद्घाटन गराउनमा पनि उहाँ सफल हुनुभएका थिए ।

वि.सं. २०४६ सालको जनआन्दोलनपश्चात् बनिएको नेपाल सरकारले "लुम्बिनी विकास कोष" गठन गरी त्यसमा विशेष गरी सन् १९५४ देखि लागि आइरहेका साहू मणिहर्षज्योति लगायत प्रा. आशाराम शाक्यलाई पनि त्यसमा नियुक्त गरिएको थियो । लुम्बिनीको उत्थानमा आशाराम शाक्यले गर्नुभएको योगदानको बारेमा डा. बज्रराज शाक्य उल्लेख गर्नुहुन्छ -

"लुम्बिनी विकास सम्बन्धमा आशाराम शाक्यको सबभन्दा महत्त्वपूर्ण योगदान उहाँ लुम्बिनी विकास कोषको सदस्य-सचिव भई १९९१ देखि १९९५ को अवधिमा कार्यरत हुँदा भयो । २०४६ सालको प्रजातन्त्रको पुनर्स्थापनापछि देशमा कांग्रेस सरकार स्थापना भई उहाँ र श्री सूर्यबहादुर शाक्यले लुम्बिनीको विकासको लागि अवसर पाउनुभएको थियो । उहाँहरूको



Downloaded from http://dhamma.digital

पालामा लुम्बिनीमा विभिन्न देशको लागि जग्गा उपलब्ध गराई आ-आफ्नो देशका विहारहरू स्थापना गर्ने अवसर दिई लुम्बिनी विकासको लागि आवश्यक वातावरण तयार हुन गएको थियो । आज जुन चीन, कोरिया, श्रीलंका, बर्मा र थाइलैण्डका विहारहरू तयार छन् त्यो उहाँहरूकै प्रयासको फल हो ।"

यस्तै 'प्रा. आशाराम शाक्यका अविस्मरणीय योगदान' अन्तर्गत 'लुम्बिनी विकासमा सहयोग' प्रसंगमा सुश्री अमिता धाख्वा पनि उल्लेख गर्नुहुन्छ -

"उहाँ (प्रा. आशाराम शाक्य) धर्मोदय सभाद्वारा लुम्बिनी विकासको काम गर्न बनाएको स्वायत्त उपसमिति 'लुम्बिनी धर्मोदय समिति'को सदस्य-सचिव हुँदादेखि अर्थात् २००९ साल देखि लुम्बिनी विकास कार्यमा लाग्नुभएको थियो । श्रद्धेय भिक्षु धर्मालोक, भिक्षु महानाम, श्री दयावीरसिंह कंसाकार, श्री मणिहर्षज्योति कंसाकारसंग मिली लुम्बिनी विहार निर्माण गर्ने काममा सहयोग पुऱ्याउनुभएको थियो ।

२०४८ साल पौष १ गते लुम्बिनी विकास कोषका सदस्य-सचिवमा नियुक्त भएदेखि करिब ४ वर्षको कार्यकालमा सुयोग्य नेतृत्व दिनु भई ठूलो सहयोग पुऱ्याउनुभएको अविस्मरणीय छ । उहाँकै कार्यकालमा लुम्बिनी विकास कोषको निर्णयअनुसार बुद्ध-धर्मप्रति आस्था भएका विभिन्न देशहरूसँग सम्पर्क राखी १७ मुलुकहरूसित सम्झौता गरी विहार, गुम्बा, स्तूप आदि बनाउने योजना कार्यान्वयन भएको थियो जसको फलस्वरूप लुम्बिनीमा विभिन्न राष्ट्रका बौद्ध संघ संस्था र बौद्धजनहरूले आ-आफ्नो श्रद्धाले आ-आफ्नै कलाकृतिको शैलीमा विहार, मन्दिर चैत्य बनाउँदै कुनै त पूर्ण अवस्थामा आएको देख्दा लुम्बिनीमा केही न केही त विकास भएको मान्नै पर्ने हुन्छ ।"

यसप्रकार प्रा. आशाराम शाक्य धर्मोदय सभा र लुम्बिनी विकास कोष जस्ता अन्तर्राष्ट्रिय स्तरका संस्थाहरूमा सामेल भई फलिभूत रहेका व्यक्तिले



Downloaded from http://dhamma.digital

स्वदेशका संघ-संस्थाहरूमा पनि आवद्ध भई यथाशक्य योगदान दिइरहने त स्वाभाविकै भयो । उहाँले विशेषतः पाटनमा हस्तकला व्यवसाय उत्थानमा, अक्षेश्वर महाविहार निर्माणमा, बौद्ध विहार संघ, युवक बौद्ध मण्डल, बुद्ध जयन्ती समारोह समितिको स्थापना आदिमा ती विभिन्न संघ-संस्थाहरूका सदस्य, उपाध्यक्ष, अध्यक्ष तथा वरिष्ठ सल्लाहकार समेत भई सेवा प्रदान गरेको फलस्वरूप ती संघ-संस्थाहरूले पनि उहाँलाई उचित सम्मान प्रदान गरेको देख्न र सुन्न पाइएको छ ।

स्मरणीय छ, ९ भाद्र २०५८ का दिन 'युवक बौद्ध मण्डल, नेपाल'ले नेपालमा बुद्ध-धर्म प्रचार प्रसार गर्नमा विशेष भूमिका रहेका आफ्ना ३ जना वरिष्ठ सल्लाहकारहरूलाई भव्य रूपमा (पाटनको जावलाखेलस्थित "स्टाफ कलेज"मा) गरिएको सम्मान एवं अभिनन्दन कार्यक्रममा 'प्रा. आशाराम शाक्य' पनि समावेश हुनुभएको थियो । अन्य दुइजना व्यक्तित्व हुनुहुन्छ- लोकदर्शन वज्राचार्य र बुद्धिराज वज्राचार्य ।

प्रा. आशाराम शाक्यद्वारा गरिएको सेवा एवं योगदानको कदर गरी केही अन्य संघ-संस्थाहरूले पनि उहाँलाई गरिएको सम्मानको क्रममा प्रमुखतः ३२ जेष्ठ २०५४ का दिन २५४१ औं बुद्धजयन्ती समारोह समितिले सुनको मोलम्बा लगाइएको बुद्ध मूर्ति सहित अभिनन्दन, १७ भाद्र २०५६ का दिन पाटन संयुक्त क्याम्पसले आफ्नो स्थापना दिवसको उपलक्ष्यमा दोसल्ला सहित अभिनन्दन, १० आषाढ २०५७ का दिन आदर्श कन्या निकेटन उच्च माध्यमिक विद्यालयले पनि दोसल्ला सहित अभिनन्दन पत्र प्रदान गरेको थियो ।

९ भाद्र २०५८ का दिन युवक बौद्ध मण्डलले सम्मान गरेको दिन उहाँलाई विश्व शान्ति पुस्तकालय, सुमंगल बौद्ध संघ, धर्मकीर्ति विहार, लोटस रिसर्च सेन्टर, यशोधर महाविहार सुधार समिति एवं मैत्रेय युवा संघ, भक्तपुरले पनि उहाँको योगदानको कदर गरी सम्मान-पत्र चढाइएको



Downloaded from http://dhamma.digital

थियो । हिरण्यवर्ण महाविहारका तारेमाम संघ र बौद्ध विहार संघ-ललितपुरले पनि २३ बैशाख २०५८ र ११ मार्ग २०५९ का दिन छुट्टाछुट्टै कार्यक्रम गरी उहाँलाई कदरपत्र चढाइएको थियो ।

प्रा. आशाराम शाक्यको (नेपालको लागि) अन्य एक विशेष देन उहांको खुबी (अंग्रेजी भाषाका विशारद्) अनुरूप त्यसताकादेखि नै नेपालमा आउनुहुने विशेषतः देश-विदेशका राष्ट्र प्रमुखहरू जसमा पं. जवाहरलाल नेहरू, भारतका संविधाननिर्माता डा. अम्बेडकर, पाकिस्तानका राष्ट्रपति जियाउल हल, संयुक्त राष्ट्र संघका महासचिव ऊ थान्त, स्पेनका नरेश हुआँ कार्लोस आउनुभएको बेला उहांलाई नै श्री ५ को सरकारले ठाउँ-ठाउँमा Briefing गर्नको लागि परराष्ट्र मन्त्रालयबाट निम्तो (खबर) आउँथ्यो । उहांको यस्तो योगदानलाई कदर गरी श्री ५ को सरकारले पनि उहाँलाई 'गोरखा दक्षिणबाहु चौथा', शिक्षण सेवा अन्तर्गत जनसेवा पदक, दीर्घ सेवा पदक र विद्वत् सम्मान पदक पनि प्रदान गरेको थियो ।

२०१३ सालमा चतुर्थ विश्व बौद्ध सम्मेलनको समाप्तिपश्चात्देखि उहांको सम्पर्क विश्वका विभिन्न बौद्धविद्वान्हरूसित हुँदै आएको थियो जसको फलस्वरूप उहाँलाई त्यसताकादेखि विश्व बौद्ध सम्मेलनहरूमा मात्र होइन अन्य विशेषतः विश्व शान्ति र निशस्त्रीकरणसम्बन्धी सम्मेलनहरूमा भाग लिन जाने अवसर प्राप्त भयो । उहांले सन् १९५७ देखि श्रीलंका, चीन, सोभियत संघ, सिंगापुर, थाइलैण्ड, अमेरिका, जापान, कोरिया आदि देशमा विशेषत उपर्युक्त सम्मेलनको प्रतिनिधित्व गरी पुगेका थिए ।

जापानमा उहां विशेषतः गृहस्थ बौद्धहरूको ठूलो संस्था 'शिशिन्काई' कै प्रोग्रामको निमित्त धेरै पटक पुगेका थिए । उहांकै विशेष प्रयत्नमा पाटनमा "लोटस रिसर्च सेन्टर" को स्थापना भएको थियो । सन् १९८७ मा "शिशिन्काई" को स्वर्णजयन्ती समारोहमा (जापानमा) प्रमुख अतिथिको रूपमा उहाँ नै सहभागी हुनुभएको थियो ।



Downloaded from http://dhamma.digital

यसप्रकार प्रा. आशाराम शाक्यले आफ्नो जीवनको अर्धशताब्दीभन्दा बढी समयसम्म आफ्नो टोल, जिल्ला, देश र अन्तर्राष्ट्रियजगत्सम्म पनि अनवरतरूपमा विभिन्न तवरले सेवा गरी आफ्नो कीर्ति अक्षुण्ण पारेका छन् ।

यस पंक्तिका लेखकले पनि उहाँसित परिचित हुन पाउनु र उहाँद्वारा प्रशंसित (वि.सं. २०५२ मा पोखरामा सम्पन्न पाँचौ राष्ट्रिय बौद्ध सम्मेलन अन्तर्गत एक दिन धर्मशीला विहारमा भेटघाटको अवसरमा) हुन पाएकोलाई गर्वको अनुभव गरेको छ ।

अफशोच ! उहाँ पनि सांसारिक नियमानुसार प्राचीन कवि भर्तुहरीको लवज अनुरूप -

"गात्र संकुचितं, गतिर्विगलिता, भ्रष्टा च दन्तावलिर,
दृष्टिर्नश्यति, वर्धते वधिरता, वक्त्रं च लालायते ।"

शरीर झुक्दै जानु, गति धिमी हुनु, दाँत कमजोर हुनु, दृष्टि कमजोर हुँदै जानु, कान कमजोर हुनु, मुखबाट र्‍याल चुहिनु आदि स्वभावानुसार ११ वैशाख २०६४ का दिन आफ्ना सम्पूर्ण परिवारहरूलाई छोडी ७९ वर्षको उमेरमा आफ्नो प्रेरणादायी जीवन अन्त गर्नुभयो ।

❑

## – सन्दर्भ –


१) अभिनन्दन स्मारिका, युवक बौद्ध मण्डल - २०५८
२) नेपाल संस्कृति, दँ-१२, ल्या-१ (गुँला, ११२२ ने.सं.)
आशाराम शाक्य विशेषाङ्क
३) विभिन्न स्मृति ग्रन्थहरूमा प्रकाशित प्रा. आशाराम शाक्यका लेखहरू




Downloaded from http://dhamma.digital

# भिक्षु सुमंगल महास्थविर

नेपालमा स्थविरवाद बुद्ध-धर्म पुनरूत्थानको दोस्रो चरणमा यस धर्मको प्रचार-प्रसारको निमित्त आफ्नो सम्पूर्ण जीवन धर्ममयरूपमा बिताएका व्यक्तिहरूमा भिक्षु सुमंगल महास्थविर पनि एक थिए ।

उहाँको जन्म पाटनको इखालखु (जोम्बहा:) स्थित काजिलाल शिल्पकार र कृष्णकुमारी शिल्पकारको माहिलो पुत्रको रूपमा वि.सं. १९८६ को फागुन महिनामा भएको थियो । माता-पिताले उहाँलाई "भक्तकृष्ण" नामकरण गरेका थिए ।

आफ्नो स्कूली शिक्षाको साथै भक्तकृष्ण शिल्पकारले सुमंगल विहारमा जानुभई बर्मामा बुद्ध-धर्म अध्ययन गरी फर्कनुभएका भिक्षु बुद्धघोष (प्रव्रजित वि.सं. १९९७) समक्ष पञ्चशील ग्रहण गरी उपासक भए, त्यसैबेलादेखि उहाँले आफ्नो नाममा उपासक जोडे । यो वि.सं. २००५ साल तिरको कुरो हो ।

यसप्रकार उहाँको सम्पर्क पाटनको पहिलो थेरवादी विहार- सुमंगल विहार र भिक्षु बुद्धघोषसित घनिष्ठ हुँदै गयो । यसको फलस्वरूप सन् १९५१ को फरवरी (माघ, २००७ साल) महिनामा काठमाडौं आउनुभएका श्रीलंकाको कोलम्बोस्थित वजिरारामका मदि्दहे पञ्ञासिंह र पण्डित ञानरतन



Downloaded from http://dhamma.digital



भिक्षु सुमंगल महास्थविर
(सन् १९३०-९९)

Downloaded from http://dhamma.digital

महास्थविर द्वयका साथ बुद्ध-धर्म अध्यनार्थ भक्तकृष्ण उपासकले श्रीलंका जाने अवसर प्राप्त गऱ्यो । यसको निमित्त उहाँलाई प्रा. आशाराम शाक्यले विशेष मद्दत गरेको थियो ।

स्मरणीय छ, उपर्युक्त श्रीलंकाका महास्थविर द्वयले भिक्षु अमृतानन्द (वि.सं. १९७५-२०४७) का साथ नारायणहिटी राजदरबारमा जानुभई तत्कालीन श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवसित भेटवार्ता गर्नुभएको थियो साथै उहाँहरूद्वय महास्थविरकै तर्फबाट नेपालमा आनन्दकुटी विहारपश्चात् भिक्षु-संघले विनय कर्म गर्नको लागि अत्यावश्यक "सीमागृह" पाटनको सुमंगल विहारमा स्थापना गरिएको थियो । यस सीमागृहमा सर्वप्रथम श्रामणेर सुमन र श्रामणेर संवर उपसम्पन्न हुनुभएको थियो त पहिलो सीमागृह आनन्दकुटी विहारमा सर्वप्रथम उपसम्पन्न हुने मौका श्रामणेर अग्गधम्म र श्रामणेर विवेकानन्दले उपर्युक्त महास्थविर द्वय र भिक्षु अमृतानन्द- कम्मवाचाचार्यको रूपमा र संघनायक भिक्षु प्रज्ञानन्द स्थविरको उपाध्यायत्वमा उपसम्पन्न हुनुभएको थियो । यो वि.सं. २००७ सालको फागुन पूर्णिमा (२३ मार्च १९५१) को दिनको कुरा हो । यो नै आधुनिक युगमा नेपालमा पहिलो पल्ट भएको उपसम्पन्न कार्य थियो ।

भिक्षु मदिदहे पञ्ञासीह र भिक्षु ञानरतन महास्थविरका साथ श्रीलंका जानुभएका भक्तकृष्ण उपासकले केलनियास्थित विद्यालंकार परिवेणबाट स्नातक उत्तीर्ण गर्नुभयो । त्यसैबेला नेपालमा चतुर्थ विश्व बौद्ध सम्मेलन हुन लागिरहेको थियो । अतः विश्व बौद्ध भातृत्व संघ (The World Fellowship of Buddhists) का संस्थापक प्रो. जी. पी. मललशेकर (सन् १८९९-१९७३) ले उहाँलाई सम्मेलनको सहयोगार्थ नेपाल फर्कन सल्लाह दिए । अतः भक्तकृष्ण उपासक चतुर्थ विश्व बौद्ध सम्मेलन (नोभेम्बर १९५६ ई. मा सम्पन्न) हुनु ९/१० महिनाअगाडि नेपाल आए ।

सन् १९५६ को मई महिनामा बुद्धको २५०० औं जयन्ती हुन आएको



Downloaded from http://dhamma.digital

थियो । अतः २५०० औं बुद्ध जयन्ती काठमाडौंमा मात्र होइन पाटनमा पनि भव्य रूपमा मनाउन एक "२५०० औं बुद्ध जयन्ती समारोह समिति, ललितपुर" गठन गरिएको थियो । यस समिति तत्कालीन पाटनका मजिष्ट्रेट बद्रीप्रसाद थपलियाको अध्यक्षतामा गठन गरिएको थियो । यस समितिको उपाध्यक्ष तत्कालीन ललितपुर (पाटन) का मेयर नरेन्द्रमान जोशी, सचिव आशाराम शाक्य, उपसचिव भक्तकृष्ण उपासक र कोषाध्यक्ष पूर्णबहादुर वज्राचार्य रहनुभएको थियो ।

३ दिनसम्म भव्य (व्यवस्थित) रूपमा त्यसबेला बुद्ध-जयन्ती समारोह मनाएपश्चात् अद्यावधि पाटनमा अटूट रूपमा वर्षेनि आलो-पालो गरी बुद्ध-जयन्ती मनाउँदै आएको अति नै हर्षको कुरा हो ।

२५०० औं बुद्ध जयन्तीपश्चात् चतुर्थ विश्व बौद्ध सम्मेलनको सहयोगार्थ पनि ललितपुरमा एक कार्यकारिणी समिति गठन गरिएको थियो । यस समितिका अध्यक्ष पूर्णबहादुर बज्राचार्य नियुक्त हुनुभएको थियो त सचिव पदमा भक्तकृष्ण उपासक रहनुभएको थियो ।

यसप्रकार भक्तकृष्ण उपासकले श्रीलंकाबाट फर्कनुभएदेखि बुद्धधर्मको व्यापक प्रचार-प्रसारार्थ सम्पन्न भएको विशेषतः २५०० औं बुद्धजयन्ती समारोह र चतुर्थ विश्व बौद्ध सम्मेलनमा सक्दो सहयोग गर्नुभएपश्चात् पुनः धर्मोदय-सभाका सचिव आशाराम शाक्यको सल्लाहानुसार लुम्बिनीको पुनरूद्धार कार्यमा त्यहाँ प्रबन्धक हुँदै आउनुभएका भिक्षु महानाम "कोविद" (वि.सं. १९७४-२०५२) लाई सक्दो टेवा दिन लुम्बिनीमा रहन जानुभएको थियो ।

उहाँ लुम्बिनीमा एक डेढ वर्षजति रही भिक्षु महानाम "कोविद" लाई खुशी तुल्याई काठमाडौं आउनुभयो उहाँ लुम्बिनीमा सेवारत रहनुभएको बेलामै बर्माका प्रधानमन्त्री ऊ नुका श्रीमती एवं धार्मिक मन्त्री ११ डिसेम्बर १९५७ का दिन लुम्बिनीको दर्शनार्थ आएका थिए । यसैको फलस्वरूप भक्तकृष्ण उपासकले बुद्धधर्म सम्बन्धी पुनः अध्ययन-मननको निमित्त बर्मा



Downloaded from http://dhamma.digital

(म्यानमार) जाने हेतु धर्मोदय-सभाको तर्फबाट बर्माको बुद्ध-शासन काउन्सिलमा छात्रवृत्तिको निमित्त निवेदन पठाइएको थियो । त्यस निवेदनलाई बुद्ध-शासन काउन्सिलबाट स्वीकृत (सन् १९५८ को सेप्तेम्बर महिनामा) भएपश्चात् सन् १९५९ को सुरू (पौष-माघ, २०१५ साल) मा भक्तकृष्ण उपासक बर्मा प्रस्थान गर्नुभएको थियो ।

यस अवधि (सन् १९५६ को शुरूदेखि सन् १९५९ को सुरूसम्म ३ वर्ष) भित्रमा भक्तकृष्ण उपासकले विभिन्न शासनिक कार्यमा टेवा दिनुको साथै केही रचनाहरू लेखी "धर्मोदय" पत्रिकामा पनि प्रकाशित गराइएका थिए ।

सन् १९५९ को शुरूमा बर्मा पुग्नुभएका भक्तकृष्ण उपासकले केही महिनापछि नेपालमा पत्राचार गरी आमा-बाबुसित अनुमति लिई २९ मार्च १९५९ अर्थात् १६ चैत्र २०१५ का दिन यांगुनको विश्व शान्ति चैत्य विहारमा भदन्त ञानुत्तर सयादोको आचार्यत्वमा प्रव्रजित भई "श्रामणेर सुमंगल" हुनुभएको थियो त २ अगष्ट १९५९ अर्थात् १८ श्रावण २०१६ का दिन मोलमिनस्थित "सैन मा मा क्याउङ्ग विहार" मा भदन्त ऊ लक्खण सयादोको उपाध्यायत्वमा उपसम्पन्न भई भिक्षु सुमंगल हुनुभएको थियो । उहाँका दायक दम्पत्ति थिए - डा. सुन्दर र उहाँकी धर्मपत्नी नुनू ।

सन् १९५९ मै भिक्षु सुमंगलले रंगून (यांगुन) स्थित भदन्त महासी सयादो (सन् १९०४-८२) द्वारा संचालित "शासन यइता" ध्यानकेन्द्रमा पनि समावेश भई त्यसबारे पनि अनुभव बटुल्दै जानुभएको थियो । बर्मामा केही वर्ष रही बुद्धधर्म, ध्यानभावना सम्बन्धी अध्ययन-मनन र अभ्यास गरी विशेष दीक्षा समेत प्राप्त गरी भिक्षु सुमंगल पुनः उच्च शिक्षा (स्नातकोत्तर) को निमित्त जापान जानुभएको थियो । जापानमा केही वर्ष रहनुभई भिक्षु सुमंगल महास्थविरले टोकियोस्थित "रिशो विश्वविद्यालय" बाट "बौद्ध दर्शन" विषयमा स्नातकोत्तर उत्तीर्ण गर्नुभयो । यो सन् १९७०-७२ को कुरा हो ।

वि.सं. २०१८-१९ सालमा भिक्षु सुदर्शनको विशेष प्रयत्नमा गणमहाविहार



Downloaded from http://dhamma.digital

जीर्णोद्धार कार्य सम्पन्न गरी यस विहारलाई थेरवादी विहारको रूपमा परिणत गरी त्यहाँ भिक्षुहरू रहँदै आउनुभएको थियो । भिक्षु सुमंगल पनि यस गणमहाविहारका एक संस्थापक सदस्य थिए । उहाँ जापानबाट फर्कनुभएदेखि यसै विहारमा रहँदै आउनुभएको थियो । उहाँले यस विहारमा "सिद्धार्थ शिशु निकेतन" नामक एक प्राथमिक विद्यालय पनि स्थापना गर्नुभएको थियो ।

भिक्षु सुमंगलले यस शताब्दी (२० औं) को सातौं दशकदेखि बुद्धधर्मको प्रचार-प्रसार कार्यमा थप टेवा दिंदै जानुभयो । उहाँ एवं भिक्षु सुदर्शन लगायत अन्य केही व्यक्तिहरू समावेश भई गणमहाविहारमा "बुद्धशासन सेवा समिति" नामक एक संस्था पनि स्थापना गर्नुभएको थियो । यसमा सचिव स्वयं भिक्षु सुमंगल रहनुभएको थियो । उहाँले यसै समितिको तर्फबाट विभिन्न विद्वान्हरूलाई निमन्त्रित गरी धर्मोपदेश दिन लगाएका थिए । यसै समितिको तर्फबाट श्रीलंकाका एक सुप्रसिद्ध धर्मकथिक भिक्षु प्रियदर्शी महास्थविर (सन् १९१४-९८) लाई पनि पटक-पटक निमन्त्रित गराई नेपालका बुद्धधर्म प्रेमी श्रद्धालुहरूलाई धर्मश्रवण गर्ने मौका प्रदान गरेको थियो ।

यस क्रममा नेपालबाट २००१ साल (सन् - १९४४) मा निष्काशित गरिएका भिक्षुहरूलाई स्वदेश फर्काउन श्रीलंकाबाट आएका (सन् १९४६ को अप्रिलको मध्यमा) शिष्टमण्डलका एक सदस्य हुनुभएका भिक्षु प्रियदर्शी महास्थविर 'बुद्ध-शासन सेवा समिति' गणमहाविहारको निमन्त्रणामा वि.सं. २०२९ सालमा मात्र होइन वि.सं. २०३३ सालमा पनि नेपाल आगमन गर्नुभएको थियो । यो उहाँको पाँचौं पटकको नेपाल आगमन थियो ।

यस पंक्तिका लेखकले भिक्षु प्रियदर्शी महास्थविर एवं भिक्षु सुमंगललाई पनि वि.सं. २०२९ सालको भिक्षु प्रियदर्शी महास्थविरको नेपाल आगमनकालमा विभिन्न विहार, संघ-संस्था आदिको निमन्त्रणामा बुद्ध र बुद्ध-धर्म सम्बन्धी



Downloaded from http://dhamma.digital

दिएका प्रवचनहरूको क्रममा भक्तपुरमा "बौद्ध संघ भक्तपुर" को निमन्त्रणामा बौद्ध समंकृत विहारमा दिइएको प्रवचन कार्यक्रममा पहिलो पटक दर्शन गर्ने मौका प्राप्त गरेको थियो । सो दिन थियो - २७ फागुन २०२९ अर्थात् १० मार्च १९७३ ।

भिक्षु सुमंगलले सन् १९७४ देखि धर्म तथा शान्ति सम्मेलन, एशियाई बौद्ध सम्मेलन, विश्व बौद्ध सम्मेलनको दौरानमा एसिया, यूरोप एवं अमेरिका सम्म पटक-पटक प्रतिनिधित्व गरी नेपालको परिचय एवं सहभागिता दिंदै आएका थिए ।

Asian Conference on Religion and Peace का संस्थापक निर्देशक World Conference on Religion and Peace र Asian Buddhist Conference का सदस्य हुनुभएका भिक्षु सुमंगलले आफू मात्र देश विदेशमा घुमी अनुभवहरू बटुल्दै जानुभएको थिएन स्वदेशी सम्पन्न श्रद्धालुहरूलाई पनि विशेषतः दक्षिण-पूर्व एशियाका कैयौं बौद्ध राष्ट्रहरूको अवलोकनार्थ कैयौं पटक समूहगत रूपमा यात्रा गर्न लानुभएको थियो ।

यस्तै भिक्षु सुमंगल महास्थविरले आफूले मात्र विदेशमा गई अध्ययन गर्ने अवसर लिनुभएको थिएन आफैले पनि कैयौं नेपाली श्रामणेरहरूलाई विशेषतः थाईलैण्डमा बुद्ध-धर्म अध्ययन गर्ने अवसर दिएका थिए ।

२-३ दशकसम्म लगातार देश-विदेशमा सम्पन्न अन्तर्राष्ट्रिय सभा-सम्मेलन आदिमा सहभागी (प्रतिनिधि) एवं आफ्नै तर्फबाट पनि अनेकौं राष्ट्रहरूमा भ्रमण गरी उहाँले नेपालमा एक "बौद्ध वृद्धाश्रम" स्थापना गर्ने एक प्रमुख ध्येय पनि लिनुभएको थियो । जसको साकाररूप बनेपा, ध्यानकुटी विहारसँगै हामी देख्न पाउँछौं । यस वृद्धाश्रमको शिलान्यास १३ आषाढ २०५१ का दिन गरिएको थियो ।

भिक्षु सुमंगल महास्थविर गणमहाविहारमा डेढ दशक रहनुभई अनेक



Downloaded from http://dhamma.digital

निर्माण कार्य पनि गरिसकेपछि आफूले नयाँ निर्माण गरिएको प्रदर्शनीमार्ग (भृकुटी मण्डप) स्थित बुद्ध विहारमा वि.सं. २०३५-३६ सालदेखि स्थायीरूपमा रहँदै आउनुभएको थियो । यस विहारका साथै बलम्बुको प्रणिधिपूर्ण महाविहारमा पनि केही निर्माणकार्य गर्नुभएको थियो त बानेश्वर शंखमूलमा "अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र" स्थापना गर्नमा पनि विशेष टेवा दिनुभएको थियो । उहाँ त्यस भावनाकेन्द्रका संस्थापक निर्देशक थिए । उहाँले बर्मामा अध्ययनरत भएदेखि ध्यानभावनामा पनि तल्लिन हुनुभएको फलस्वरूप वि.सं. २०४२ साल जेष्ठ २३ गतेका दिन बर्माका एक सुप्रसिद्ध ओवादाचरिय सयादो ऊ. पण्डिताभिवंशको तर्फबाट उक्त "अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र" को शिलान्यास सम्पन्न गरिएको थियो । वि.सं. २०४४ सालको आषाढ महिनामा पहिलो ध्यान शिविर शुरू गरिएको उक्त भावना केन्द्रमा २५ माघ २०५४ का दिन भिक्षु सुमंगलले स्थापना कालदेखि निर्देशकको भूमिका बहन गर्दै आएको स्मरण गरी उहाँलाई "अभिनन्दन पत्र" चढाइएको थियो । त्यस भावना केन्द्र नजिक पनि उहाँले एक वृद्धाश्रम निर्माण गर्न लगाउनुभएको थियो ।

स्मरणीय छ, २०३५ सालमा भिक्षु सुमंगल महास्थविरले जापानको एक चिकित्सा पद्धति "सेइ मेइ क्यो" नेपालमा पनि स्थापना भएको औपचारिक घोषणा गर्नुभएको थियो । शुरूमा यो संस्था कमलादीमा खोलिएको थियो । यस उपचार विधि काठमाडौं उपत्यकापश्चात् पोखरामा पनि केही वर्षपछिदेखि नै शुरू गरिएको थियो । यस उपचार विधिको स्थायीत्वको निमित्त भिक्षु सुमंगल पटक पटक जापान पुग्नुभई संस्थाको लागि आवश्यक स्थान र भौतिक सामानहरू जुटाई वि.सं. २०४७ सालमा उक्त अभय उपचार केन्द्र (सेइ मेइक्यो) को लागि निजी भवन (लालदरवार काठमाडौंमा) बनाउन जग्गा किन्न सफल भए त ६ वर्षपछि सो जग्गामा भवन तयार गर्न पनि सफल भए ।

यसप्रकार यौवनावस्थादेखि बुद्ध-धर्ममा समर्पित हुँदै (गृहस्थ संसारमा



Downloaded from http://dhamma.digital

प्रवेश नगरी) सन् १९५९ देखि प्रव्रजित जीवन बिताउँदै देश–देशावर घुमी, अनेक विहार, ध्यानकेन्द्र निर्माण गर्दै आउनुभएका भिक्षु सुमंगल महास्थविरले अनेक विहारको लागि बर्मी बुद्ध–मूर्ति (संगमरमरबाट बनिएको) पनि प्रदान गर्दै आएका थिए ।

जीवनको अन्त गराउनको लागि उहाँको शरीरले यस्तो रोग निम्त्यायो जुन रोगबाट उहाँलाई मुटुको दायाँ धमनीको एक ठाउँमा र बायाँ धमनीको दुई ठाउँमा कोलोस्तर बढ्न गई रक्त संचालनमा अवरोध आई मुटु दुख्ने र सास फेर्न कठिन हुँदै आयो । यस रोगको उपचारार्थ उहाँ वि.सं. २०५२ सालको सुरूमा थाइलैण्डको बैककस्थित चुलालंकर्न अस्पतालमा जानुभएको थियो । धमनीहरूको बाधा हटाउन उपचार गर्दा पनि सफल नभएको देखिएपछि दोस्रोचोटिको उपचारमा Metalic Stent राखी उपचार सफल गराइएको थियो । उहाँको यस उपचारको सम्पूर्ण रकम थाई संघराज सोमदेच फ्रा. ञाणसंवर महास्थविरबाट व्यहोर्नुभएको थियो ।

वि.सं. २०५२ सालपछि वि.सं. २०५५ सालको मध्यमा पनि उहाँ आफ्नो रोगमा पुनः केही अवरोध हुन आएको कारण उपचारार्थ बैङ्कक जानुभएको थियो । यसबेला महिना दिनजति रहनु भई माघ महिनामा उहाँ स्वदेश फर्कनुभएको थियो ।

२२ फागुन २०५५ अर्थात् ६ मार्च १९९९ का दिन उहाँलाई पाटनस्थित 'धर्मबहादुर धाख्वा कल्याणकोष' ले बुद्ध–धर्म प्रचार–प्रसारको निमित्त गर्नुभएको योगदानको कदरस्वरूप उचित सम्मान एवं अभिनन्दन गरिएको थियो । त्यस कार्यक्रम सिध्याई साँझतिर आफ्नो विहारमा फर्कनुभएका उहाँलाई रातको ११ बजेतिर एक्कासी हृदयघात हुन गई ६९ वर्षको जीवनकाल केही क्षणमै अन्त गर्नु भयो ।

उहाँको शवलाई २३ फागुन २०५५ का दिन दिनभर अन्तिम श्रद्धाञ्जलीको निमित्त बुद्ध विहारको हलमा राखिएको थियो । उहाँको



Downloaded from http://dhamma.digital

निधनमा देश-विदेशका कयौं संघ-संस्था एवं राष्ट्रप्रमुखहरूले पनि शोक सन्देश वा समवेदना पठाएको थियो । जसमा स्वदेशका तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, अर्थमन्त्री भरतमोहन अधिकारी, खेलकूद तथा संस्कृति मन्त्री पूर्ण बहादुर खड्काका साथै तत्कालीन नेकपा (एमाले) का अध्यक्ष मनमोहन अधिकारी, महासचिव माधवकुमार नेपाल एवं पद्मरत्न तुलाधर, कृष्णगोपाल श्रेष्ठ, सहाना प्रधान, पी.एल. सिं, विद्या भण्डारी आदि प्रमुख व्यक्तिहरू पनि बुद्ध विहारमा आई भिक्षु सुमंगल महास्थविरप्रति श्रद्धाञ्जली व्यक्त गर्न आएका थिए ।

यस्तै विदेशबाट थाइलैण्डका संघराजा सोमदेच फ्रा ञाणसंवर महास्थविर, श्रीलंकाका अमरापुर महासंघ सभाका महासचिव कोट्टुगोड धम्मावास अनुनायक थेर, बर्मा शासना यैताका ऊ. पण्डिताभिवंश महास्थविरले पनि शोक सन्देश पठाउनुभएको थियो ।

भिक्षु सुमंगल महास्थविरको शवलाई २४ फागुन २०५५ का दिन मध्यान्हसम्म बुद्ध विहारको हलमा श्रद्धालुहरूको दर्शनार्थ राखि सकेपछि दिनको १:०० बजे उहाँको शवयात्रा शुरु गरियो । उहाँको शवयात्रा क्रमशः पुतलीसडक-बागबजार-असन-न्हैकतल्ला-टंगल-बुरांखेल-ताम्सीपाखा-डल्लु-भुइखेल हुँदै स्वयम्भूचैत्य परिक्रमा गराई आनन्दकुटी विहारमुनि त्यही ठाउँमा उहाँको दाहसंस्कार गरियो जहाँ प्रायः सम्पूर्ण दिवंगत स्थविरवादी भिक्षु-श्रामणेर एवं अनागारिकाहरूको दाहसंस्कार गरिंदै आएको थियो । उहाँको देह चिता प्रज्वलित भएको केही घण्टा पछि नै विलीन भयो ।

❑

*भिक्षु सुमंगल महास्थविर स्मृति ग्रन्थ*
*- २०५६ -*



Downloaded from http://dhamma.digital



भिक्षु सुदर्शन महास्थविर

(सन् १९३४ २००२)

Downloaded from http://dhamma.digital

# भिक्षु सुदर्शन महास्थविर

नेपालमा स्थविरवाद बुद्ध-धर्म पुनरूत्थानको दोस्रोचरणमा एक प्रतिष्ठित श्रामणेर एवं भिक्षु भई बुद्ध-धर्मको विविध पक्ष - धार्मिक, साहित्यिक, साँस्कृतिक र पुरातात्त्विक पक्षको पनि अगुवाइ गरी जीवन समर्पण गरेर जानुभएका बेजोड व्यक्तित्व हुनुहुन्छ - भिक्षु सुदर्शन महास्थविर ।

उहांको जन्म वि.सं. १९९१ सालको आषाढ महिनामा पाटनको रूद्रवर्ण महाविहार (ओकुबहाल) मा पिता न्हुछेराज शाक्य र माता हर्षमाया शाक्यको माहिलो पुत्रको रूपमा भएको थियो । अतः उहाँलाई "रूद्रराज शाक्य" नामकरण गरिनुको साथै "माहिला" पनि भनियो ।

रूद्रराज शाक्यको आफ्नो घर नजिक रहेको "यं मंगल विहार" (पछि सुमंगल विहार) मा सम्पर्क हुन जानु स्वाभाविकै भयो । उहाँको पिता न्हुछेराज शाक्य, उहांको बाल्यकालमै निधन भएको कारण उहाँ एवं उहाँको दाजुभाइ, दिदी आदि सम्पूर्ण परिवारको जिम्मा माता हर्षमायाको हातमा रहन गएको थियो । हर्षमाया शाक्य - त्यसबेलाको समयमा पनि एक उत्साहित, त्यागी, धर्मप्रेमी महिला हुनुको साथै शिक्षाप्रति पनि रूची भएकी साक्षर व्यक्ति भएको कारण आफ्नो पुत्रहरूलाई उचित शिक्षा दिलाउन आफूसँगै विहारमा लगी विहारमा रहनु हुने भिक्षुहरूको जिम्मामा छोडि दिएकी थिइन् ।



Downloaded from http://dhamma.digital

भिक्षु सुदर्शन महास्थविरको भनाइअनुसार उहाँको बाल्यसम्पर्कमा रहेका भिक्षुहरूमा भिक्षु प्रज्ञानन्द, भिक्षु प्रज्ञारश्मि र भिक्षु बुद्धघोष हुनुहुन्थ्यो ।

वि.सं. २००३ सालदेखि भिक्षु बुद्धघोषको सम्पर्कमा रही पठनपाठन शुरु गर्नुभएका रूद्रराज शाक्यले ३ वर्षपश्चात् वि.सं. २००६ सालको माघ महिनामा उहाँ (भिक्षु बुद्धघोष) कै अनुकम्पामा आमासहित कुशीनगर पुगी भिक्षु ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) को तर्फबाट प्रव्रजित हुने मौका प्राप्त गर्नुभएको थियो । यसको समाचार 'धर्मदूत' पत्रिकाले वर्ष-१४, अंक-११ मा यसप्रकार दिएको छ –

"गत जनवरी (१९५० ई.) मास मे कुशीनगरमे नेपालके एक नेपाली बालकने श्रामणेर दीक्षा ली । बालक नेपालके पाटन नगरका रहने वाला है । उसकी माँ उसे प्रव्रजित करने के लिए लेकर आइ थी । प्रव्रज्या के बाद उसका नाम 'श्रामणेर सुदर्शन' रखा गया ।"

यसप्रकार रूद्रराज शाक्य- 'श्रामणेर सुदर्शन' भइसकेपछि केही महिना भिक्षु बुद्धघोषका साथ कुशीनगर मै रही गुरूवर ऊ. चन्द्रमणि महास्थविरसँग अभिधर्मको अध्ययन गरी वि.सं. २००७ सालको जेष्ठ महिनातिर भिक्षु बुद्धघोषका साथै पाल्पा-तानसेन आउनुभएको थियो । उहाँहरू दुवै जना तानसेन टक्सारको महाचैत्य विहारमा भिक्षु शाक्यानन्दका साथ सँगै वर्षावास बस्नुभएको थियो ।

बर्षावास समाप्तिपश्चात् पुनः भिक्षु बुद्धघोष एवं श्रामणेर सुदर्शन तानसेनकै आनन्द विहारमा थप दुई महिनाजति रहनुभएको थियो । तानसेनको यस निवासकालमा श्रामणेर सुदर्शनले एकातिर भिक्षु बुद्धघोषसमक्ष परित्राण आदि शिक्षा हासिल गर्नुभएको थियो त अर्कातिर आफूले धर्मदेशना गर्ने अभ्यासको साथै त्यहाँ स्थापित 'शील पाठशाला' मा शिक्षण कार्य पनि सुरूवात गर्नुभएको थियो ।



Downloaded from http://dhamma.digital

वि.सं. २००७ सालको तानसेन निवासकालमा भिक्षु बुद्धघोषलाई अन्य एक विशेष उपलब्धि पनि भएको थियो, त्यो हो - पाटनमा रूद्रराज शाक्य जस्तै यहाँ पनि हीरालाल शाक्य नामका एक बालक पाउनु भयो जसलाई पछि बर्मा पुऱ्याई ३ अगष्ट १९५५ का दिन प्रव्रजित गराउन भिक्षु बुद्धघोष सफल हुनुभएको थियो । उहाँ नै हालको भिक्षु ज्ञानपूर्णिक महास्थविर 'धम्माचरिय' हुनुहुन्छ ।

श्रामणेर सुदर्शन - भिक्षु बुद्धघोषका साथ बर्मा जाने प्रयास हेतु कयौं महिना भारतको यत्र-तत्र घुम्नुपरेको थियो । यसै क्रममा उहाँले कलकत्ताको निवासकालमा 'धर्मोदय' पत्रिकाको अन्तरंग सम्पादक भई उक्त पत्रिकाका सम्पादक भिक्षु महानाम 'कोविद' लाई सहयोग गर्नुभएको थियो । पछि श्रामणेर सुदर्शनले बर्मामा बुद्ध-धर्म अध्ययन गर्न जाने मनसायलाई नै छोडी स्थायी रूपमा कलकत्तामा ५ वर्ष रही हिन्दी साहित्यमा 'कोविद' उत्तीर्ण गर्नुको साथै 'धर्मोदय' पत्रिकाको सहायक सम्पादक पद बहन (वर्ष ११, अंक १३ = जनवरी १९५८ सम्म) गर्नुभएको थियो ।

यसपश्चात् उहाँ नेपालमा फर्कनुभयो र आफूले वि.सं. २००९ सालतिर नेपालभाषासेवी भाषानिभाः प्रेमबहादुर कंसाकार (ने.सं. १०३७-११११) लाई दिनुभएको वचन (एक दर्जन जति नेपालभाषाका नाटक तयार गरिदिने) लाई पूरा गर्नमा तल्लीन हुनुभयो । उहाँको सर्वप्रथम प्रकाशित नाटक हो - 'अम्बपाली' । ने.सं. १०७५ मा प्रथम संस्करण भएको यस कृति पछि नेपालभाषाको एम.ए. कोर्समा समावेश गरिएको थियो ।

उहाँको अन्य प्रमुख नाटक पुस्तक हो - "जुजु जयप्रकाश" । ने.सं. १०८७ मा प्रकाशित यस कृतिले उहाँलाई "श्रेष्ठ सिरपाः" (त्यसबेलाको एक प्रतिष्ठित जनस्तरबाट राखिएको पुरस्कार) प्राप्त भएको थियो । उहाँको अन्य प्रकाशित नाटकहरू हुन्- राष्ट्रपाल (ने.सं. १०७८), बिम्बिसार (ने.सं. १०८२), आशंका (ने.सं. १०९१), सुप्रिया (ने.सं. ११००), प्रतिशोध (ने.सं.



Downloaded from http://dhamma.digital

११०६) र पटाचारा (ने.सं. १११७) । उहाँको बाँकी अन्य अप्रकाशित नाटकहरू हुन् – 'जि वयाला लछि मदुनि', 'विश्वास घात', 'सिद्धार्थ' र 'विजय' ।

वि.सं. २०२१ सालमा श्रामणेर सुदर्शनको अध्यक्षतामा स्वयम्भू ज्ञानमाला भजनको तत्वावधानमा पहिलो पटक ऐतिहासिक बौद्ध तीर्थयात्रा सम्पन्न भएको थियो जसमा ५०० जना नेपाली बौद्ध श्रद्धालुहरू सहभागी भएका थिए । यस यात्रा विशेष रेलबाट सम्पन्न भएको थियो । यसै तीर्थ यात्राकालमा ३० नोभेम्बर १९६४ का दिन सारनाथमा, भिक्षु प्रज्ञानन्द महास्थविरको उपाध्यायत्वमा श्रामणेर सुदर्शन उपसम्पन्न भई "भिक्षु सुदर्शन" हुनुभएको थियो ।

वि.सं. २०२१ सालमा जस्तै वि.सं. २०२६ सालमा पनि उहाँको अध्यक्षतामा ५६० जना नेपाली श्रद्धालु बौद्धहरूले विशेष रेलगाडीबाट नै बुद्धका संवेजनीय स्थलहरूको अतिरिक्त भारतका अनेकौं शहरहरूको पनि अवलोकन गरिएको थियो । यो क्रम २०३४ सालमा पनि सम्पन्न गरिएको थियो । यसपटकको तीर्थयात्रा समितिमा उहाँ उपाध्यक्ष भई जानुभएको थियो । यसपटक ६५० जना तीर्थयात्रीहरू सम्मिलित भएको थियो ।

भिक्षु सुदर्शनले ज्ञानमाला भजन खलः, स्वयम्भूको आयोजनामा विशेषतः २०१७ साल (श्रामणेर सुदर्शनको बेला) देखि काठमाडौं उपत्यकाको विभिन्न बहा-बहीहरूमा पाक्षिक बुद्ध-पूजा एवं धर्मदेशनाको कार्यक्रम गर्दै आएको क्रममा ४७ औं पटकको बुद्ध-पूजा काठमाडौंको भीमसेन स्तम्भ (धरहरा) नजिक रहेको गगन संघ महाविहार (गणबहाल) मा सम्पन्न गरेको थियो सो स्थानमा उहाँको नेतृत्वमा केही सरसफाई एवं जीर्णोद्धार कार्य पनि सम्पन्न गरेको थियो । यहाँ केही लिच्छवीकालीन चैत्यका अवशेषहरू भेट्टाइएका थिए । यस स्थानको महत्त्वलाई हृदयंगम गरी भिक्षु सुदर्शनले सो स्थानको हकवाला श्री भाजुमान् शाक्यसहित सकल परिवारको तर्फबाट



Downloaded from http://dhamma.digital

सो जग्गा चातुर्दिश भिक्षुसंघको नाममा दान प्राप्त गरी स्थविरवादी विहारको रूपमा परिणत गराए । यस स्थानमा उहाँले सर्वप्रथम बु.सं. २५०७ (वि.सं. २०२०) मा एक पाटीको निर्माण गरी वर्षावासकाल बिताए । पछि यस विहारमा भिक्षु सुबोधानन्द, भिक्षु प्रज्ञारश्मि र भिक्षु सुमंगलको आगमनपश्चात् विहारको रौनक निकै बढेको थियो ।

यस्तै, भिक्षु सुदर्शनले वि.सं. २०३२ सालमा कीर्तिपुरस्थित नयाँबजारनिर एक विहार निर्माणार्थ नगाका प्रधानपञ्च धनलाल महर्जनको तर्फबाट जग्गा प्राप्त गर्नुभयो । सो जग्गा (तत्कालीन समय) स्थानीय मानिसहरूले दिशा-पिसाब गर्ने, फोहर एवं भिरालो ठाउँ थियो । सोही भिरालो जग्गामा भिक्षु सुदर्शनले स्थानीय जनता, बुद्ध धर्ममा श्रद्धावान् दाताहरू, संघनायक भिक्षु प्रज्ञानन्द महास्थविर र थाइसंघराजा सोमदेव फ्राञाणसंवर महास्थविरको विशेष अनुकम्पाबाट आजको स्थितिमा पुऱ्याउन सकेको थियो । यस विहार नेपालको एक बेजोड स्थविरवादी विहार भई कीर्तिपुरको आकर्षण बढाउनमा निकै टेवा पुग्न गएको र शोभनीय स्थानको रूपमा परिणत हुन गएको थियो ।

भिक्षु सुदर्शनले वि.सं. २०३५-३६ सालमा त्रिभुवन विश्वविद्यालयबाट नेपाली इतिहास, संस्कृति र पुरातत्व विषयमा एम.ए. उत्तीर्ण गरिसकेपछि सोही विषयमा उहाँले त्यही अध्यापन कार्य (सहायक प्राध्यापक देखि उप-प्राध्यापक सम्म) पनि गर्नुभयो । यसको निमित्त कीर्तिपुरको उक्त विहार उहाँलाई उपयुक्त स्थान हुँदै आएबाट वि.सं. २०३७ सालदेखि उहाँ गण महाविहार छोडी स्थायी रूपमा कीर्तिपुरकै 'नगरमण्डप श्रीकीर्ति विहार' मै रहनु भयो ।

उहाँले कीर्तिपुरको उक्त विहारमा रही विहारको रूपलाई मात्र बेजोड गर्नुभएको थिएन बल्कि विभिन्न बेजोड कार्यक्रम (गतिविधि)हरू पनि गर्दै आउनुभएको थियो, जसमा प्रमुखतः वि.सं. २०३२ सालमा वर्षावास



Downloaded from http://dhamma.digital

समाप्तिपश्चात् कठिनोत्सवको निमित्त काठमाडौ उपत्यकाकै श्रद्धालुहरूको सहयोगबाट एकै दिनमा कपासबाट धागो तयार गरी कपडा बुनी त्यसलाई रंगाई, सिलाई समेत गरी चीवर तयार गरी भव्य रूपमा कठिनोत्सव कार्य सम्पन्न गर्नुभएको अति स्मरणीय छ ।

यस्तै, पछि आएर कीर्तिपुरको उक्त विहारमा 'थाई-कीर्ति भवन', 'बौद्ध चारधाम' आदि तयार गरिसकेपछि वि.सं. २०४२ साल वैशाख ११ गते अक्षय तृतीयाका दिन नेपालका संघनायक भिक्षु प्रज्ञानन्द महास्थविरको ८६ औं शुभजन्मोत्सवको उपलक्ष्यमा ८६ जना श्रद्धालुहरूलाई दुर्लभ प्रव्रज्या समारोहको आयोजना पनि भिक्षु सुदर्शन महास्थविरकै प्रमुख व्यवस्थापनमा सम्पन्न भएको थियो ।

यसको ७ महिनापछि पुनः थाइसंघराजा सोमेदच फ्रा ञाणसंवर महास्थविरको ७३ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा ७३ जना शाक्य कुलपुत्रहरूलाई अखिल नेपाल भिक्षु महासंघको तत्त्वावधानमा सामूहिक दुर्लभ प्रव्रज्या कार्यको ब्यवस्थापक पनि भिक्षु सुदर्शन महास्थविर नै हुनुभएको थियो ।

यसप्रकार विशेष कार्यक्रम गर्नमा निपुण हुनुभएका भिक्षु सुदर्शन महास्थविरले विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सभा सम्मेलनहरूमा पनि प्रतिनिधित्व गरी नेपालको प्रतिष्ठा बढाउनमा पनि योगदान गर्नुभएको छ । उहाँले ३ दशक (सन् १९५२-८२) को अवधिमा एशियाको अधिकांश मुलुकहरूमा र सन् १९८२, ८३ र ८४ मा Youth Seminar of World Religion का सदस्य, समूह नेता र आध्यात्मिक सल्लाहकार भई ३ पटकसम्म विश्वभ्रमण गर्नुभएको पनि अति स्मरणीय हुन आउँछ ।

सन् १९५२ मा भारतको साँचीमा 'अग्रश्रावक धातु प्रतिष्ठापन समारोह' को बेलादेखि अन्तर्राष्ट्रिय सभा-सम्मेलनहरूमा सहभागी हुँदै आउनुभएका भिक्षु सुदर्शन महास्थविरको अन्तिम विदेशयात्रा सन् २००१ को जुलाई



Downloaded from http://dhamma.digital

महिनामा सम्पन्न गरेको थियो । यसपटक उहाँ लुम्बिनी विकास कोषको सल्लाहकारको रूपमा लण्डनस्थित ऐतिहासिक संग्रहालयहरूको अध्ययन भ्रमण तथा अक्सफोर्ड विश्वविद्यालयमा लुम्बिनीमा अवस्थित अशोक स्तम्भ अभिलेखको विषयमा अध्यापन कार्य हेतु जानुभएको थियो ।

यस्तै सन् १९५५ को मार्च महिनादेखि "धर्मोदय" मासिक पत्रिकाको सहायक सम्पादक भई लेखन कार्य शुरू गर्नुभएका उहाँले २१ वर्षको उमेर मै "अम्बपाली" नाटक तयार गर्नुभएको थियो । यस नाटक "च्वसापासा" (स्थापना नें.सं. १०७०, कलकत्ता) को तर्फबाट नें.सं. १०७५ मा प्रकाशित गरेको थियो ।

भिक्षु सुदर्शन महास्थविरले केही वर्ष 'वैशाख पूर्णिमा' (स्वायापुन्हि) एवं "लुम्बिनी" नामक मासिक पत्रिकाको पनि सम्पादन गर्नुको साथै "नेपालभाषा पत्रिका" दैनिकको पनि अन्तरंग सम्पादक भई सम्पादक फत्तेबहादुर सिंह (नें.सं. १०२०-११०३) लाई सहयोग गर्नुभएको थियो ।

जीवनको अन्तिम दशकतिर उहाँलाई आफ्नो कयौं रोगको कारण आफ्नो जीवनप्रति विश्वास नभएपछि आफूसँग संचित केही एकमुष्ठ रकम बुद्धधर्म र नेपालभाषा क्षेत्रको निमित्त अर्पण गरे । उहाँले आफ्ना पूर्व प्रकाशित अधिकांश रचनाहरू, स-साना कृतिहरू, देश-विदेशका बौद्ध संस्कृति र लुम्बिनी विषयमा लेखिएका अनुसन्धानात्मक रचनाहरू सम्पादन गरी 'लुम्बिनीको काँखमा', 'लुम्बिनीमा किचलय्', 'बौद्ध संस्कृति', 'बहुजन हिताय बहुजन सुखाय' आदि नामबाट धराधर प्रकाशन गर्दै ल्याउनुभएको थियो ।

यस पंक्तिका लेखकले पनि उहाँकै प्रेरणा, प्रोत्साहन र सहयोगबाट देश र विदेशका बौद्धजगत्का स्मरणीय व्यक्तिहरूको जीवनी क्रम प्रस्तुत गर्दै जानमा प्रेरणा मिलेको र आफूलाई उहाँको लुम्बिनी सम्बन्धित केही रचनाहरू (नेपालभाषामा लिखित) को नेपाली भाषामा अनुवाद गराई सो रचनाहरू "लुम्बिनीको काँखमा" नामक कृतिमा समावेश गरिदिएकोमा प्रफुल्लित छु ।



Downloaded from http://dhamma.digital

भिक्षु सुदर्शन महास्थविर - वि.सं. २०२२ सालमा रेडियो नेपालबाट नेपालभाषाको कार्यक्रम 'जीवन दबू' को प्रसारण बन्द गरेको विरोधमा आवाज उठाइएको कारण ६ महिना ६ दिन नक्खु जेलमा पनि बिताइ सक्नुभएका व्यक्ति हुनुहुन्थ्यो ।

यसप्रकार बुद्ध-धर्मको साथै आफ्नो मातृभाषा नेपालभाषाको उत्थानमा पनि दत्तचित्त भई लाग्नुभएका भिक्षु सुदर्शन महास्थविर एक सफल नाटककार, बुद्धको जन्मस्थल लुम्बिनीका विशेषज्ञाता एवं अनुसन्धानकर्ता भई अन्तर्राष्ट्रियजगत्मा ख्याति पाउनुभएका उहाँ अपर्भ्रत कसैले पनि नसोचिएको रूपमा ३२ आषाढ २०५९ का दिन हृदयघात भई बिहानै श्रीकीर्ति विहारबाट "गंगालाल हृदयरोग उपचार केन्द्र" मा लगिएको थियो ।

उक्त उपचार केन्द्रमा ५ दिन सम्म राखी उपचार गराउँदा गराउँदै नै अन्ततः ५ श्रावण २०५९ तदनुसार २१ जुलाई २००२ का दिन मध्यान्हको २:४५ बजे भिक्षु सुदर्शन महास्थविरले आफ्नो जीवन समाप्त गर्नुभयो ।

उहाँको शवलाई दुईदिन श्रीकीर्ति विहारमा अन्तिम दर्शनार्थ (श्रद्धाञ्जलीको निमित्त) राखिसकेपछि ८ श्रावण २०५९ - आषाढ पूर्णिमाका दिन उहाँको शवयात्रा कीर्तिपुर-नगा-पांगा तिनै ठाउँमा परिक्रमा गराइसकेपछि कालिमाटी पुऱ्याए । त्यहाँबाट पुनः भीमसेनस्थान-मरूटोल-यटखा-डल्लु हुँदै उहाँको शवयात्रा आनन्दकुटी विहार पछाडिको शमशानमा पुऱ्याई अपार जनसमुदायको बीच (उपस्थितिमा) दाहसंस्कार कार्य सम्पन्न गरिएको थियो । यसको केही घण्टापश्चात् उहाँको भौतिक देह यस संसारबाट सदाको निमित्त विलिन भयो ।

❑



Downloaded from http://dhamma.digital



भिक्षु ज्ञानपर्णिक महास्थविर

Downloaded from http://dhamma.digital

# भिक्षु ज्ञानपूर्णिक महास्थविर 'धम्माचरिय'

नेपालमा स्थविरवाद बुद्धधर्म पुनरूत्थानको दोश्रोचरणमा यस धर्मप्रति बाल्यकालदेखि समर्पित भई आफ्नो समस्त जीवन बिताउँदै आउनुभएका भिक्षुहरूमा भिक्षु ज्ञानपूर्णिक महास्थविर 'धम्माचरिय' पनि एक प्रमुख हुनुहुन्छ ।

उहाँको जन्म लुम्बिनी अञ्चलस्थित पाल्पा-तानसेनको एक शाक्य परिवारमा वि.सं. १९९६ सालको कार्तिक शुक्ल हरिबोधिनी एकादशीका दिन पिता सूर्यलाल शाक्य र माता चन्द्रमाया शाक्यको सुपुत्रको रूपमा भएको थियो । मातापिताद्वारा उहाँलाई "हीरालाल शाक्य" नामकरण गरिएको थियो ।

हीरालाल शाक्य - ११ वर्षको उमेरमा रहेको थियो जब कि हाल संघनायक हुनुभएका भिक्षु बुद्धघोष महास्थविर वि.सं.२००७ सालको वर्षावासअगाडि १५/१६ वर्षका श्रामणेर सुदर्शनलाई साथ लिई कुशीनगरबाट तानसेन आउनुभएको थियो। यसको संस्मरण भिक्षु ज्ञानपूर्णिककै शब्दमा -

"वि.सं. २००७ साल - इ.सं. १९५० सालया घटना (लुमन्ति) खः।



Downloaded from http://dhamma.digital

अबलय् वसपोल बुद्धघोष भन्ते व मचाम्ह भन्ते श्रामणेर सुदर्शन कुशीनगरं वर्षावासया लागि तानसेन बिज्याःगु जुल । वर्षावास ज्वःछि वसपोल भन्तेया उपदेशं प्रभावितम्ह जिमि मां नं वर्षावास धुंका वसपोलपिं टक्सारया महाचैत्य विहारं क्वय् तिनिख्यःया लिक्कसं च्वंगु आनन्द विहारय् च्वंबिज्यासेंलि वसपोलपिनिगु सेवाया निर्तिं धकाः जि नं क्वय् विहारय् च्वंवनेगु ब्यवस्था जुल । थःम्हं हे वसपोलपिन्त जलपान व भोजन ज्वरे यानाः सेवा यायेगु खः । वसपोलपिं क्वय् आनन्द विहारय् स्वला प्यला मयाक च्वना बिज्याये धुंका बर्मा वनेगु ग्वसालय् जित नं ब्वना बुटवल व कुशीनगर जुनाः सारनाथ व बुद्धगया नं दर्शन याना कलकत्ता थ्यंकः बिज्यात ।"

यसप्रकार भिक्षु बुद्धघोषलाई पाटनको सुमंगल विहारमा प्रव्रजित हुन चाहेका रूद्रराज शाक्य (पछि श्रामणेर सुदर्शन) पाए जस्तै तानसेनमा हीरालाल शाक्यलाई प्राप्त गरी दुबैलाई बर्मामा पुऱ्याई बुद्ध-धर्म अध्ययनार्थ पुऱ्याउने उद्देश्य लिई भिक्षु बुद्धघोषले त्यसताका महिनौं कलकत्तामा रही प्रयास गर्नुभएको थियो तर दुबैलाई नाबालक सम्भेको कारण भिक्षु बुद्धघोषले उहाँहरूको पासपोर्ट एवं भिसा प्राप्त गर्न सक्नुभएन । अतः भिक्षु बुद्धघोष-श्रामणेर सुदर्शन र हीरालाल शाक्यलाई साथ लिई काठमाडौं फर्के र वि.सं. २००८ सालको वर्षावास श्रीघः विहारमा बिताउनु भयो । त्यसबेला बुद्धका अग्रश्रावक (सारिपुत्र र महामौद्गल्यायन)को अस्थिधातु नेपाल ल्याइने सुअवसर थियो ।

भिक्षु बुद्धघोषका आशय (नेपाली श्रामणेरहरूलाई बुद्ध-धर्म अध्ययन गराउने) बल्ल ३ वर्ष पछि स्वीकृति प्राप्त भए जसअनुसार श्रामणेर धम्मानन्द एकजनालाई मात्र साथ लिई पछि बर्मा पुगी (अध्ययनार्थ आफू दोश्रो पटक) हीरालाल शाक्यको निमित्त चतुप्रत्यय प्रदान (प्रबन्ध) गर्ने एक दाता (उपासक ऊ. यू.ची. बि.ए.) भएपछि हीरालाल शाक्यलाई नेपालबाट बर्मामा झिकाउने प्रबन्ध मिलाउनुभयो ।



Downloaded from http://dhamma.digital

भिक्षु प्रज्ञानन्द महास्थविरको आश्रय (जिम्मा) मा छोडी आएका हीरालाल शाक्यले आफ्नो गुरूवर भिक्षु बुद्धघोषको पत्र पाउनासाथ एक्लै बर्मा जान कलकत्ता पुग्नुभयो । कलकत्तामा बौद्ध धर्माङ्कुर विहारमा भिक्षु धर्मपालकहाँ केही दिन रही भिसा प्राप्त हुनासाथ सामुद्रिक जहाजबाट बर्मा पुग्नुभयो ।

हीरालाल शाक्य - बिना कुनै झंझट रंगून (यांगुन) मा टुप्लुक्क आइपुगेको देखी भिक्षु बुद्धघोष बेहद खुशी हुनुभयो । उहाँले हीरालाल शाक्यलाई अग्गमहापण्डित ऊ. विशुद्ध महास्थविरको उपाध्यायत्वमा ३ अगष्ट १९५५ अर्थात् १९ श्रावण २०१२ का दिन छट्ठ संगायना भइरहेकै ठाउँमा प्रव्रजित गराई 'श्रामणेर ञाणपुण्णिक' गराउन सफल हुनुभयो ।

श्रामणेर ञाणपुण्णिक अर्थात् ज्ञानपूर्णिकले आफ्नो अध्ययन (पालि साहित्यको) वृद्धि गर्दै लग्नुका साथै २० वर्षको उमेर पुग्नासाथ १२ अप्रिल १९५९ अर्थात् ३० चैत्र २०१५ का दिन उपसम्पन्न पनि भई 'भिक्षु ज्ञानपूर्णिक' हुनुभएको थियो । भिक्षु ज्ञानपुर्णिकले आफ्नो अध्ययन जारी गर्दै लाग्नुभयो । सन् १९६२ मा उहाँले बर्माको Pali University बाट 'सासनधज धम्माचरिय' उपाधि हासिल गर्नुभयो । 'धम्माचरिय' उपाधि हासिल गरिसकेपछि उहाँले केही वर्ष बर्मा बुद्धशासन काउन्सिलको लक्ष्यअनुरूप तयार गर्न लागेको Pali-Burmese World Dictionery को सम्पादन कार्यमा ब्यस्त हुनुभएको थियो । त्यसपश्चात् उहाँ सन् १९६६ तिर आदरणीय गुरूवरकै सदिच्छा अनुसार 'बाराणसेय संस्कृत विश्वविद्यालय' मा भर्ना भई संस्कृतभाषा एवं साहित्यमा पनि स्नातक गरिसकेपछि मात्र नेपालमा फर्कनुभएको थियो ।

नेपालमा आइसकेपछि पनि उहाँले धार्मिक गतिविधिमा लाग्नुको साथै सरकारी शिक्षा अनुरूप रहेको एस.एल.सी. (सन् १९७१), आइ.ए. (सन् १९७४) र बी.ए (सन् १९७७) पनि उत्तीर्ण गर्नुभएको थियो । यसको निमित्त विशेष टेवा भिक्षु सुदर्शनको थियो ।



Downloaded from http://dhamma.digital

भिक्षु ज्ञानपूर्णिक 'धम्माचरिय' ले वि.सं. २०२६ सालदेखि धार्मिक साहित्यको शुरूवात गर्दै लानुभयो । उहाँको पहिलो पुस्तक हो - 'पायासि सुत्त', जुन दीघनिकाय (सूत्तपिटक अन्तर्गत) को २३ औं सुत्तको अनुवाद हो, लोक परलोक (भौतिकवाद) को बारेमा पायासि राजन्य र भिक्षु कुमारकाश्यप (बुद्धकालीन एक सुविख्यात भिक्षु) को आपसी वार्तालापको विवरण हो ।

यसपछि क्रमशः एक दशक (वि.सं. २०२६-३६) को अवधिमा भिक्षु ज्ञानपूणिकका निम्न पुस्तकहरू प्रकाशित भए - तथागतया न्हापांगु उपदेश, धम्मचक्कपवत्तन सुत्त, यःम्ह म्ह्याय्, [बर्मी उपन्यास 'तमीः छेत्' को नेपालभाषामा अनुवाद-यस बापत च्वसापासाबाट श्रेष्ठ सिरपाः प्राप्त - यस कृति नेपाली अनगारिका धम्मवतीले 'धम्माचरिय' उपाधि हासिल गरेको सम्मको यथार्थ विवरण पुस्तक-बर्माका सुप्रसिद्ध भिक्षु ऊ. तिलोकञाण महास्थविरद्वारा रचित], अभिधर्मार्थ संग्रह, नेपाः व बर्माया स्वापू, अहिंसा विजय, राहुलयात तथागतया उपदेश, गुपु जातक मुना र पञ्चशीलया महत्व । यी सबै पुस्तक नेपालभाषामा रहेको छ ।

भिक्षु ज्ञानपूर्णिकले सन् १९७९ (अन्तर्राष्ट्रिय लुम्बिनी वर्ष) देखि बर्मा र भारतपश्चात् एशिया महादेशबाट यूरोप महादेशमा धर्मदूत को रूपमा पुग्ने अवसर पाउनुभयो । इङ्गलैण्ड को वरमिंघमस्थित West Midlands Buddhist Centre को निमन्त्रणामा उहाँ ३ वर्षको निमित्त धर्मप्रचारार्थ त्यहाँ जानुभएको थियो । त्यहींबाट उहाँ दुई, तिनपटक रूस र मंगोलियामा पाँचौ र छैठौं शान्ति सम्मेलनको प्रसंगमा पुग्नुभएको थियो । यसै अवधिभित्रमा बर्माका सुप्रसिद्ध ध्यानगुरू अग्गमहापण्डित भदन्त महासी सयादो 'लुम्बिनी विकास समिति' को विशेष निमन्त्रणामा सन् १९८१ को सुरूमा नेपाल भ्रमणार्थ आइपुग्नुभएको थियो । उहाँको धर्मब्याख्यानको अनुवाद गर्न इङ्गलैण्डमा रहनुभएका भिक्षु ज्ञानपूर्णिक उहाँसंगै नेपाल आउनुभएको थियो । त्यसबेला



Downloaded from http://dhamma.digital

(वि.स. २०३७ सालको फागुन महिना) भदन्त महासी सयादोले काठमाडौं उपत्यकाका विभिन्न ठाउँहरू लगायत बनेपा एवं लुम्बिनीको कार्यक्रम (धर्मदेशना एवं ध्यान शिविर) सिध्याई उहाँहरू भारतस्थित बुद्धको संवेजनीय स्थलहरूको अवलोकन गरी आ-आफ्नो गन्तब्य स्थानमा जानुभएको थियो अर्थात् भिक्षु ज्ञानपूर्णिक पनि लण्डनमै फर्कनुभएको थियो ।

सन् १९८२-८३ को अवधिभित्रमा भिक्षु ज्ञानपूर्णिक महास्थविरले इङ्गलैण्डका अतिरिक्त संयुक्त राज्य अमेरिकाको Tennessee स्थित Buddhist Temple Nashville मा ११ महिनासम्म धर्मदूतको रूपमा रहनुभएको थियो । यसै अवधिमा उहाँले फ्रान्स र जर्मनको पनि यात्रा गर्नुभएको थियो ।

उहाँको विदेश यात्रापछि पनि निरन्तर रूपमा भइनै रहेको थियो । सन् १९८४ देखि १९८८ सम्मको अवधिमा पनि उहाँले धर्मदूतकै सिलसिलामा आफ्ना गुरुवर (अग्गमहापण्डित सयादो ऊ. पण्डिताभिवंश) का साथ दक्षिण-पूर्व एशियाका अधिकांश मुलुकहरूका साथै अष्ट्रेलिया महादेशमा पनि पटक-पटक पुग्नुभएको थियो ।

भिक्षु ज्ञानपूर्णिक महास्थविरले वि.सं. २०३१ सालमा ललितपुरको पटकोस्थित धपगा:बहीलाई जीर्णोद्धार गरी मणिमण्डप विहारको रूपमा पुनर्निर्माण गरी धर्मप्रचार गर्दै आइरहेकोमा पुनः ललितपुरको ठेचोमा पनि वेलुवनाराम विहार निर्माणकार्यमा सक्रियताका साथ लाग्नुभएको थियो । वि.सं. २०४१ सालमा पाटन, नकबहिलका उपासिका सुश्री चैत्यमाया शाक्यले नयाँ वानेश्वर मीनभवनमा 'विश्व शान्ति विहार' निर्माण गरी १९ आश्विन २०४१ का दिन सो विहार भिक्षु ज्ञानपूर्णिक महास्थविरको रेखदेखमा रहने गरी भिक्षु महासंघलाई प्रदान गरेको थियो ।

यसै विहारमा रहनुभएको वर्षदिनपछि भिक्षु ज्ञानपूर्णिक महास्थविर मलेशिया र सिंगापुरमा ध्यानशिविर संचालनार्थ जानुभएको प्रतिफलस्वरूप



Downloaded from http://dhamma.digital

उहाँको त्यस देशका बौद्ध उपासकोपासिकाहरूसित घनिष्ठ सम्पर्क हुँदै आयो । ती देशका सोही श्रद्धालु दाताहरूको आर्थिक सहयोगबाट वि.सं. २०४८ सालदेखि विश्व शान्तिविहारको पुनर्निर्माणकार्य शुभारम्भ भयो । पुनः निर्माण कार्य सुरूभएको ६ वर्षपछि तयार भएको यस विहारको समुद्‌घाटन भिक्षु ज्ञानपूर्णिक महास्थविरको गुरूवर अग्गमहापण्डित ऊ. शासनाभिवंस (बर्मी) को प्रमुख आतिथ्यमा भव्य रूपमा सम्पन्न भएको थियो ।

भिक्षु ज्ञानपूर्णिक महास्थविरले वि.सं. २०३७ सालको फागुन महिनामा बर्माका सुप्रसिद्ध ध्यानगुरू अग्गमहामण्डित छट्ठगंगीतिपुच्छक, महोपकारक, महास्थविर महासी सयादोलाई नेपालमा निमन्त्रित गरिएको बेला उहाँको धर्मब्याख्यानको अनुवाद गरेदेखि उहाँ ध्यानगुरूका ब्याख्यान एवं कृतिहरूलाई आफ्नो देशका श्रद्धालुहरूलाई अवबोध (पठनपाठन) गराउने हेतु नेपालभाषा एवं नेपालीभाषामा पनि धराधर अनुवाद गरी श्रद्धावान् दाताहरूको तर्फबाट प्रकाशित पनि गराई सर्वसुलभ गराइदिएको हामीलाई अवगत भएकै कुरा हो ।

हालसम्ममा भिक्षु ज्ञानपूर्णिक महास्थविरद्वारा भदन्त महासी सयादोका ब्याख्यान एवं कृतिहरूको अनुवाद यसप्रकार देखिएको छ –

१) विश्व धर्म प्रचार देशना - वि.सं. २०३८
२) लुम्बिनी विपस्सना - वि.सं. २०३८
३) वम्मिक सुत्त - वि.सं. २०४१
४) संक्षिप्त भावना विधि - वि.सं. २०४२
५) महास्मृतिप्रस्थान सूत्र - वि.स. २०४६
६) तथागतया अमूल्य उपदेश - वि.सं. २०४७
७) जीवनया समस्या - वि.सं. २०४७
८) महान् सल्लेख सूत्रोपदेश - वि.सं. २०४७
९) मरण, दो तये व भ्ी - वि.सं. २०४९



Downloaded from http://dhamma.digital

१०) महान् धर्मचक्र सूत्रोपदेश - वि.सं. २०५२
११) प्रतीत्यसमुत्पाद महान् उपदेश - वि.सं. २०५५
१२) काम सुत्तन्त देशना - वि.सं. २०५६
१३) विशुद्धि व महान् ज्ञानक्रम उपदेश - वि.सं. २०५८
१४) प्रतीत्यसमुत्पाद महान् उपदेश (दोश्रो भाग) - वि.सं. २०६३

भिक्षु ज्ञानपूर्णिक महास्थविरले भदन्त महासी सयादोका कृतिहरूको मात्र अनुवाद गर्नुभएको थिएन, बर्माका अन्य कयौं दिग्गज ब्यक्तित्वहरूको कृतिहरू पनि अनुवाद गरी हामीलाई सुलभ गराई अवर्णनीय गुण लाउनु भएको छ । भदन्त महासी सयादोपश्चात् महासी विदेशी धर्मदूत धर्मकथिक हुनुभएका प्युंदजा अश्यिङ् सुन्दर 'धम्माचरिय'का ६ वटा कृतिहरूको पनि हामीलाई पठनीय (नेपाल भाषा एवं नेपालीभाषामा) गराई दिनुभएकोमा हामी उहाँप्रति कृतज्ञ हुनुपर्छ । महास्थविर ऊ. सुन्दरका ती अनूदित पुस्तकहरू निम्न थिए -

१) पुण्य पुष्प भिफ्वः - वि.सं. २०४१
२) दृष्टि व तृष्णा ल्येहें थनेगु उपदेश - वि.सं. २०४३
३) दुश्चरित्र अपराध भय विमुक्ति उपदेश - वि.सं. २०४६
४) सचित्र गृहस्थ प्रतिपत्ति उपदेश - वि.सं. २०४६
५) कर्म र मनुष्य - वि.सं. २०५४
६) श्रेष्ठ पवित्र श्रोतापन्न - वि.सं. २०४८

महासी धर्मकथिक आयुष्मान् ऊ. सुन्दर सयादोका प्रायः नेपालभाषामा अनुवाद गरिएका यी पुस्तकहरू मध्ये पुण्य पुष्प भिफ्वः, दृष्टि व तृष्णा ल्येहें थनेगु उपदेश र दुश्चरित्र अपराध भय विमुक्ति उपदेशलाई क्रमशः 'दश पुण्य पुष्प (वि.सं. २०५६), दृष्टि र तृष्णा उन्मूलक उपदेश (वि.सं. २०६३) र दुश्चरित्र अपराध भय विमुक्ति उपदेश (वि.सं. २०५५) को रूपमा ज्योति शाक्य, कालिम्पोङ्ग (हाल पाटन) ले नेपाली भाषामा अनुवाद गरी



Downloaded from http://dhamma.digital

नेपाली भाषाभाषीहरूलाई पनि ती पुस्तकहरू पढ्न पाउने अवसर प्रदान गर्नुभएको छ ।

यी पुस्तकहरूका नेपालीभाषाका अनुवादक हुनुभएका 'ज्योति' शाक्य को शारीरिक स्थितिको वावजूद पुस्तक अनुवाद गर्नु भएको बारे, भिक्षु ज्ञानपूर्णिक महास्थविरका पछिका प्रायः पुस्तकहरूको एवं उपयुक्त पुस्तकहरूका प्रकाशक "सन्ति सुखावास प्रकाशन समिति" ले 'ज्योति' शाक्य, कालिम्पोङ्गको बारेमा लेखिएको वर्णन पनि पठनीय छ -

"ज्योति' शाक्यको शारीरिक अवस्थातिर दृष्टि पुऱ्याउने हो भने उहाँले यस किसिमको कार्य कसरी सम्पन्न गर्नु सक्नुभयो होला भनी अचम्म लाग्न सकिन्छ । हामीजस्ता सामान्य मनस्थिति भएका व्यक्तिहरूको निमित्त असम्भव नै मान्नु पर्ने हुन्छ । उहाँको बुद्धशासन प्रतिको दृढ आस्था, बुद्धको अमूल्य उपदेश प्रचारप्रसारको निमित्त उहाँको हृदयमा लुकिराखेको उत्साह र उमङ्गको प्रभावले नै उहाँबाट यस किसिमको कार्य सम्पन्न हुन सकेको हो भन्ने हाम्रो विचार र धारणा छ। यसरी उहाँले आफ्नो शारीरिक कमजोरीलाई परवाह नगरी जुन किसिमको योगदान बुद्ध शासनको निमित्त पुऱ्याउनु भएको छ, त्यसको लागि उहाँप्रति जति आभार र कृतज्ञता प्रकट गरे तापनि त्यो अत्यल्प नै रहनेछ ।"

यस पंक्तिका लेखक पनि 'ज्योति' शाक्य कालिम्पोङ्गको शारीरिक स्थितिबाट कालिम्पोङ्ग (वि.स. २०४८ को जेष्ठ) देखि नै परिचित छु । अतः उपर्युक्त कुरालाई यस पंक्तिका लेखकले प्रत्यक्ष अनुभूति गरेको छ साथै उहाँ (ज्योति शाक्य) लाई त्यस्तै किसिमले सद्धर्मिक कार्य पुनः पुनः गर्दै रहने मनोवृत्ति भइ नै रहोस् भनी कामना गर्दछु ।

भिक्षु ज्ञानपूर्णिक महास्थविरले भदन्त महासी सयादो र भदन्त आयुष्मान ऊ. सुन्दरको अतिरिक्त अन्य विद्वानहरूको कृतिको क्रममा सर्वप्रथम बर्माका भू.पू. प्रधानमन्त्री ऊ नुले बुद्ध शासन काउन्सिलको



Downloaded from http://dhamma.digital

निमन्त्रणामा छट्ठ संगीति सम्पन्न भएको महापासान गुहामा दिनुभएको पञ्चशीलसम्बन्धी व्याख्यानलाई अनुवाद गरी "पञ्चशीलया महत्व" को रूपमा वि.सं. २०३६ को शुरूमै प्रदान गरिसक्नुभएको छ ।

यस्तै भिक्षु ज्ञानपूर्णिक महास्थविरले भदन्त जानकाभिवंस महास्थविरको कृत्ति "साँचो प्रेम गर", ऊ. अेः माउँको "बुद्ध र बुद्धवाद", आणिस्सर सयादोको "दुदंगु जीवनया मू", भदन्त वसिट्ठाभिवंस महास्थविरको वृहत् पुस्तक "न्हूगु परित्राण निश्रय", डा. मिङ् तिङ् म्वन्को "जीवनको सफलतातिर अगाडि बढ" एवं सयादो ऊ. पण्डिताभिवंसको व्याख्यान पुस्तक "उपासक परिहानी तथा सद्धर्म्म चिरस्थायी मज्वीगु कारण" पनि अनुवाद गरी प्रकाशित गरिसक्नुभएको छ ।

बुद्धशासनप्रति यस किसिमको बेजोड योगदानको स्मरण गरी बर्मा (म्यानमार)को धार्मिक मन्त्रालयले नेपालका भिक्षु शाक्यानन्द महास्थविर ( २३ मार्च १९९७), अनिरूद्ध महास्थविर (१२ मार्च १९९८), भिक्षु बुद्धघोष महास्थविर (१७ जुलाई १९९९) र भिक्षु अश्वघोष महास्थविर (१९ मार्च २०००) सरह भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई पनि २३ नोभेम्बर २००१ का दिन "अग्गमहासद्धम्मजोतिकधज" उपाधि प्रदान गरिएको थियो ।

यस्तै बर्मा (म्यानमार) कै "महासी शासन यैता-ध्यानकेन्द्र" यांगुनको तर्फबाट भिक्षु ज्ञानपूर्णिकले "ओवादाचार्य" र "कम्मट्ठानाचार्य" को कदर पनि प्राप्त गरिसक्नुभएको थियो ।

नेपालमा सरकारी स्तरबाट नभएपनि जनस्तरमा उहाँलाई उचित सम्मान दिएको स्मरण गरौं - "च्वसापासा" नामक साहित्यिक संस्थाबाट "श्रेष्ठ सिरपाः", ज्ञानमाला भजन खलः, स्वयम्भूबाट ज्ञानमाला रत्नबत सिरपाः (बु.सं. २५४५), धर्मोदय सभाबाट "धर्मोदय पुरस्कार" (वि.सं. २०६२) पाउनुभएका भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई १ वैशाख २०५८ का दिन अखिल नेपाल भिक्षु महासंघको प्रमुखतामा अन्य संघ-संस्थाहरूले पनि



Downloaded from http://dhamma.digital

संयुक्त रूपमा अभिनन्दन गरिएको स्मरणीय छ ।

यस्तै भिक्षु ज्ञानपूर्णिक महास्थविरले नेपालमा बुद्ध शासनिक कार्यमा विशेष योगदान दिंदै आउनुभएको कदरस्वरूप एवं उहाँले आफ्नो जीवन बुद्ध-शासनमा समर्पित गर्नुभएको (उपसम्पन्न हुनुभएको) ५० वर्ष पुगेको उपलक्ष्यमा अखिल नेपाल भिक्षु महासंघको सहकार्यमा 'भिक्षु ज्ञानपूर्णिक महास्थविर उपसम्पन्न स्वर्णदिवस समारोह समिति' गठन गरी गत वि.सं. २०६५ सालको चैत्रको अन्तिम हप्ता (एक साताभरि २३-३० चैत्र २०६५) विविध कार्यक्रमहरूको आयोजना गरी सम्पन्न गरिएको थियो । ती विविध कार्यक्रमहरूमा संक्षिप्त त्रिपिटक संगायना, ५० जना कुलपुत्रहरूलाई अस्थायी प्रवज्या - उपसम्पदा, शान्ति सन्देश स्मारिका प्रकाशन, उहाँको जीवनीमा आधारित सचित्र जीवनी पुस्तक प्रकाशन, टिशर्ट, उहाँको जीवनी सम्बन्धी सिडि विमोचन आदि प्रमुख छन् ।

स्मरणीय छ, उक्त सप्ताहव्यापी कार्यक्रममा विशेषतः त्रिपिटक संगायनाका लागि बौद्ध मित्र राष्ट्रहरूमा बर्माबाट अभिधज्जमहारट्ठ गुरू सयादो ऊ. शासनाभिवंश, सयादो ऊ सागराभिवंश, श्रीलंकाबाट भिक्षु कोटुगोड धम्मावास महास्थविर, थाइलैण्डबाट भिक्षु फ्रा राजरत्न रंसी आदि उपस्थित हुनुहुन्थ्यो त उहाँहरूमा विशेषतः श्रीलंकाका भिक्षु भोटुगोड धम्मावास महास्थविरबाट उपत्यका एवं उपत्यका बाहिरका विभिन्न विहार एवं सभाभवनमा धर्मोपदेशको कार्यक्रम पनि राखिएको थियो जसअनुसार भक्तपुरको मुनि विहारमा पनि २७ चैत्र २०६५ का दिन सो कार्यक्रम सम्पन्न भएको थियो । सो स्वर्णदिवस कार्यक्रमको अन्तिम दिन अर्थात् ३० चैत्र २०६५ का दिन नेपालको प्रज्ञा-प्रतिष्ठान भवन कमलादिमा दोस्रो बृहत परियत्ति भेला (सन्निपात) आयोजनाका साथ नेपालका ११४ वटा विभिन्न बौद्ध संघ-संस्थाहरूको तर्फबाट भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई सामूहिक अभिनन्दन गरिएको थियो । सो अभिनन्दन कार्यक्रममा प्रमुख अतिथिको रूपमा महामहिम राष्ट्रपति रामवरण यादवलाई निमन्त्रित गरिएको थियो र उहाँकै



Downloaded from http://dhamma.digital

तर्फबाट भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई अभिनन्दन पत्र हस्तान्तरण गरिएको थियो ।

अन्तमा, अखिल नेपाल भिक्षु महासंघ, नेपाल बौद्ध परियत्ति शिक्षा, धर्मोदय सभा, बुद्धिष्ट कम्यूनिकेशन सेन्टर, अभिधर्म अध्ययन समाजका सल्लाहकार, बौद्ध महिला संघ, युवक बौद्ध मण्डल, अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रका धर्मानुशासक, विश्व शान्ति विहारका विहार प्रमुख, मणिमण्डप विहार र वेलुवनाराम विहारका संरक्षक हुनुभएका भिक्षु ज्ञानपूर्णिक महास्थविरको प्रव्रज्या एवं उपसम्पन्न वर्षको "हीरक दिवस" पनि मनाउन पाउने आशा राख्दै उहाँको तर्फबाट नेपालमा बुद्ध शासनिक कार्यमा अझ बढी सफलताको कामनार्थ उहाँको सुस्वास्थ्य सहित दीर्घायुको कामना गर्दछु ।

❑

Dhamma.Digital



Downloaded from http://dhamma.digital

परिशिष्ट–१

# "बौद्धजंगत्का स्मरणीय व्यक्तिहरू" अध्ययन गर्दा

– चन्द्रबहादुर उलक

प्राचीन भाषा, संस्कृति तथा बौद्ध दर्शनको संरक्षणको लागि विशेष योगदान दिने व्यक्तित्वहरूको परिचयात्मक लेखहरूको संगालो 'बौद्ध जगत्का स्मरणीय व्यक्तिहरू' नामको पुस्तक रत्नसुन्दर शाक्यले लेख्नुभएको हो । केही भागमा प्रकाशित पुस्तकहरूमध्ये यो 'प्रथम भाग' हो ।

प्राणीमात्रको कल्याणको लागि विश्वमा विविध दर्शन तथा विचारहरू प्रतिपादन भए । ती दर्शन तथा विचारहरू कालान्तरमा गएर धर्ममा परिणत भए । ती धर्महरूमध्ये बौद्ध-दर्शन वा बुद्ध-धर्म पनि एक सुविख्यात धर्म मानिन्छ । विश्वमा यस धर्मले आफ्नो स्थान प्राप्त गर्दै गएपछि त्यसको प्रभावलाई रोक्न अर्को धर्मले आक्रमण गर्ने प्रवृत्ति पनि देखियो । समय समयमा भएको धार्मिक युद्ध तथा आक्रमण नै यसका उदाहरणहरू हुन् । हिन्दूमाथि मुसलमानको आक्रमण, मुसलमानमाथि हिन्दूको आक्रमण र बौद्धमाथि हिन्दू र मुसलमानको आक्रमण भएका इतिहासहरू सबैलाई थाहा छ ।

भारतका नालन्दा विश्वविद्यालय तथा विक्रमशीला विश्वविद्यालयमा बौद्धदर्शन तथा साहित्यका अध्ययन अध्यापन गर्ने गराउने बौद्ध शैक्षिक संस्थालाई तुर्क सम्राट् मुहम्मद-बिन बख्तियार खिलजीले त्यहाँका सम्पूर्ण विद्यार्थीहरूलाई हत्या गरेको 'धर्ममान साहु' को परिचयात्मक लेखबाट थाहा हुन्छ । त्यसमा लेखिएको थियो –

'आक्रमणकारी ती तुर्कहरूले विक्रमशील एवं नालन्दाको विद्यार्थीहरूलाई रङ्गीन वर्दी लगाएका (भिक्षु-वस्त्र) सैनिकहरू सम्झी काटमार गरेका थिए । विक्रमशीला महाविहार एवं नालन्दा विश्वविद्यालयलाई शिक्षा केन्द्रको रूपमा नसम्झी सैनिक किल्लाको रूपमा सम्झेको कारण यस्तो विध्वंस हुन गयो ।'

त्यस्तै मनु स्मृतिको प्रभावमा परेर राजा जयस्थिति मल्लले जबरजस्ती हिन्दू संस्कृति अपनाउन बाध्य पारेको कुरा यस पुस्तकमा उल्लेख छ ।



Downloaded from http://dhamma.digital

बौद्ध-दर्शन व्यावहारिक हुनाको कारण यस धर्मलाई सदा सर्वदा जीवन्त बनाउन विभिन्न शताब्दीमा जन्मिएका व्यक्तिहरूले बुद्ध-धर्मलाई अँगालेको र बौद्ध-दर्शन र साहित्यमा होनहार विद्वान भएको जानकारी यस पुस्तकबाट मिल्छ ।

बेलायती उपनिवेशवादी अंग्रेज सरकारले भारतीय जनतामाथि शोषण गरे तापनि बेलायती विद्वान र विदुषीहरूले विभिन्न धर्मका प्राचीन स्मारकहरू संरक्षण गर्ने र निर्माण गर्ने काममा राम्रो योगदान भएको कुरा लेखकले उल्लेख गरेका छन् । 'जनरल अलेक्जेन्डर कनिंघम' को परिचयात्मक लेख अध्ययन गर्दा अंग्रेज सरकारले भारतमा रहेका विभिन्न पुरातात्त्विक स्थलहरूको उत्खनन, अन्वेषण तथा पुनर्निमाणका कामहरू गरेको कुरा उल्लेख छ । साथै अंग्रेज सरकारले बर्मामाथि आक्रमण गरी सन् १८८६ देखि अंग्रेज शासन शुरू गरेको कुरा जानकारी मिल्छ ।

भारतमा प्राचीन स्मारकहरू अंग्रेजहरूले संरक्षण तथा सम्बर्द्धन गर्ने गरेको हुँदा भारतमा अरू धर्मका स्मारकहरू जस्तै बुद्ध-धर्मका स्मारकहरू संरक्षण भएको विचार लेखकको छ ।

जर्मनीको देसाउ सहरमा जन्मेका फ्रेडरिक मायक्स मूलरले प्राचीन भाषाको संरक्षणको लागि संस्कृतभाषाको विशेष अध्ययन गरी संस्कृत भाषाको नीति कथा, हितोपदेश र बौद्ध ग्रन्थ 'धम्मपद' को अंग्रेजी भाषामा अनुवाद गरेका थिए ।

पाठकहरूले यो पुस्तक अध्ययन गर्दा एशिया र युरोपका विद्वान्हरूले संस्कृत र पाली भाषामा लिखित बौद्ध-दर्शन र साहित्यको गहन अध्ययन गरी बौद्ध मार्ग अपनाएका थिए भन्ने कुराको जानकारी मिल्छ ।

बौद्ध-दर्शन र साहित्य प्रचार गर्ने बेलायती नागरिक 'सर इडविन आर्नल्ड' (सन् १८३२-१९०४), अमेरिकी नागरिक 'कर्नल हेनरी स्टील अल्कोट' (सन् १८३२-१९०७), 'भिक्षु महावीर महास्थविर' (सन् १८३३-१९१९), रूसी नागरिक 'इभान पाभ्लोभिच मिनायेफ' (सन् १८४०-१८९०), फ्रान्सका नागरिक नेपाली इतिहासका लेखक 'आचार्य सिलवेन लेवी' (सन् १८६३-१९६५), प्रसियाको नागरिक डा. पौंल ढाल्के' (सन् १८६५-१९२८), श्रीलंकाली नागरिक 'अनागारिक



Downloaded from http://dhamma.digital

धर्मपाल' (सन् १८६४-१९३३) आदिको परिचयात्मक लेखहरू जानकारीमूलक छन् ।

भारतका राजा कल्याणश्री र रानी प्रभावतीको माहिला छोरा आचार्य दीपंकर श्रीज्ञानले तिब्बतमा बौद्ध धर्म प्रचार गरेको र भक्तपुर नगरपालिका वडा नं. ४ क्वाठण्डौस्थित दीपंकर महाविहारमा रहेको दीपंकर बुद्धको प्रतिमा उही दीपंकर श्रीज्ञानको प्रतिमा नै हो भन्ने कुरामा लेखकको विश्वास छ । दीपंकर श्रीज्ञानको नालन्दा विश्वविद्यालयका कुलपति भिक्षु बोधिभद्रको हातबाट प्रव्रजित भएको र त्यहाँबाट बौद्धदर्शनको राम्रो अध्ययन गरेको उल्लेख छ । साथै दीपंकर श्रीज्ञानले बुद्ध-धर्म र दर्शनबारे ७० वटा भन्दा बढी ग्रन्थहरू लेख्नुभएको बताइन्छ ।

लेखक शाक्यले विभिन्न समयमा प्रकाशित पुस्तक तथा लेखहरू अध्ययन गरी त्यसको प्रेरणाबाट यो पुस्तक तयार गरेको सह्रानीय छ । पाठकहरूले यो पुस्तक अध्ययन गरेमा बुद्ध-दर्शन र धर्मको उत्थानको निम्ति विश्वका धेरै व्यक्तित्वहरूले योगदान दिएको जानकारी प्रेरणादायी छ ।

जीवनीको पुच्छारमा सन्दर्भ-ग्रन्थहरूको उल्लेख अत्यन्त सान्दर्भिक छ । तर खुदाई, अल्यांख, दवादारू जस्ता शब्दहरूको प्रयोगले नेपाली पाठकहरू अल्मलिन्छन् र साधारण प्रुफका गल्तीहरू नभएका भए सुनमाथि सुगन्ध हुने थियो । प्रव्रजित, महास्थविर, अनागारिक, श्रामणेरजस्ता बौद्ध धर्ममा प्रचलित शब्दहरूको अर्थ पनि बताउन पाए नयाँ पाठकहरूको निम्ति नयाँ जानकारी हुन्थ्यो । भाषागत त्रुटीहरू अर्को संस्करणमा नहुनेबारे पाठकहरू ढुक्क छन् ।

पुस्तकको कागज राम्रो छ । लेखअनुसार सम्बन्धित तस्विरहरू समावेश गरेको हुँदा पुस्तक स्तरीय छ । लेखकको कलमबाट यस्ता उपयोगी पुस्तकहरूको आशा राख्नु मनासिब होला । पुस्तकको मूल्य २५।- सस्तो नै मान्नुपर्छ । प्रकाशक भिक्षु महानाम महास्थविरलाई साधुवाद ।

❑

'मजदूर' दैनिक
वर्ष-९, अंक-१४९
(८ आषाढ २०६४)



Downloaded from http://dhamma.digital

परिशिष्ट-२

# 'बौद्धजगत्का स्मरणीय व्यक्तिहरू' (दोस्रो भाग) अध्ययन गर्दा

- चन्द्रबहादुर उलक

बुद्ध-धर्म तथा बौद्ध-दर्शनको उत्थान गर्ने उद्देश्य बोकेर जीवनमा निरन्तर योगदान दिंदै गएका विश्वका व्यक्तिहरूको परिचयात्मक लेख संग्रह वा जीवनीहरू 'बौद्धजगत्का स्मरणीय व्यक्तिहरू' नाम दिइएको पुस्तकको दोस्रो भाग पाठकहरूको लागि वि.सं. २०५० सालमै प्रकाशित भएको हो । यस पुस्तकमा पनि विभिन्न देशका १६ जना बौद्ध व्यक्तित्वहरूको परिचयात्मक जीवनी समावेश गरिएका छन् ।

गौतम बुद्ध नेपालका भौतिकवादी दार्शनिक हुन् । बौद्ध-दर्शन नेपाली माटोमा उब्जिएको हो । यो विश्वभरि फैलिसकेको छ । तर नेपालीहरूमाझ बौद्ध-दर्शनबारे कममात्र ज्ञान भएको तीतो यथार्थ लेखक रत्नसुन्दर शाक्यले पोख्ने प्रयास गरेका छन् । साथै नेपाली साहित्यको भण्डारमा बौद्ध दर्शनका किताबहरू अति नै कम संख्या भएको हुँदा लेखक शाक्यले त्यसको परिपूर्ति गर्न खोजिएको कुरा उल्लेख छ ।

पुस्तकको प्रकाशकीयमा भनिएको छ- "नेपालका धेरैजसो व्यक्ति, संस्था तथा सरकार पक्षबाट पनि 'नेपाल' बुद्ध जन्मेको देश र बुद्धको उपदेश (दर्शन एवं सिद्धान्त) संसारभरि चर्चा, परिचर्चा र प्रशंसा भएकोमा गर्व गरेर नाक फुलाएर हिंड्ने गर्दछन् तर बुद्धको उपदेशको कुन चाहिं विशेषताहरूलाई देश-विदेशले सराहना गरेको हो - त्यस विषयमा भने धेरैजसो नेपालीहरूलाई साह्रै नै थोरै ज्ञानमात्र होइन अझ विपरीत ज्ञान तथा धारणा रहेको अनुभव हुन्छ ।"

यस पुस्तकमा दिइएको परिचयात्मक एक व्यक्तित्व 'आचार्य धर्मकीर्ति' भारतका बौद्ध दार्शनिक हुन् । उनले वैदिक धर्मको शिक्षा प्राप्त गरिसके तापनि बौद्ध-दर्शनबाट प्रभावित भएको हुँदा उनलाई ब्राम्हण समुदायबाट निष्काशन गरिएका घटना उल्लेख छ । यस जीवनीबाट पाठकहरूले



Downloaded from http://dhamma.digital

ब्राम्हणवादको ज्यादतीबारे जानकारी मिल्छ ।

बौद्ध-धर्मबारे विशेष अध्ययन गर्न नालन्दा विश्वविद्यालयमा भर्ना भई त्यहाँ विभिन्न बौद्ध विद्वान्‌हरूबाट शिक्षा प्राप्त गरी ग्रन्थहरू पनि लेखेको कुरा जानकारी मिल्छ । आचार्य धर्मकीर्तिले तयार गरेको ग्रन्थको एक सुप्रसिद्ध श्लोक पुस्तकमा उल्लेख गर्दै त्यस श्लोकको अर्थ समेत दिइएको छ । श्लोकको अर्थमा भनिएको छ-

'वेद (ग्रन्थ) लाई प्रमाण मान्नु, संसार (सृष्टि) का कर्ता ईश्वर मान्नु, स्नान गरेर धर्मको इच्छा गर्नु, जातिवादको घमण्ड गर्नु र पाप नाशको निम्ति शरीरलाई कष्ट दिनु - यी पाँचवटा कार्यहरू ध्वस्त बुद्धि हुनेहरूको लक्षण हो ।'

यी विचारहरू मृत्युपछि स्वर्गको आशा गर्ने अन्धविश्वासमा रूमलिएका मान्छेहरूको लागि सही बाटो देखाउन मद्दत मिल्छ ।

आफ्नो ज्ञानको सीमालाई बढाउन मान्छेले कस्तो किसिमको मेहनत तथा लगनशील हुनुपर्दछ भन्ने ज्ञान 'आचार्य थियोडोर श्चेर्वात्स्की' (Prof. Theodore Stcherbatsky) को परिचयमा छ ।

अध्ययनलाई व्यवहारमा लागू गर्नुपर्छ भन्ने शिक्षा 'भिक्षु आनन्द मेत्तेय्य' को परिचयको अध्ययनबाट जानकारी मिल्छ । लण्डनको एक क्याथोलिक परिवारमा जन्मेका भिक्षु 'आनन्द मेत्तेय्य' (चार्लस हेनरी आलेन वेनेट) ले बौद्ध-दर्शनको प्रभावबाट भिक्षु बनी बेलायतमा बुद्ध धर्मको प्रचारप्रसार गरेका थिए । निजबारे लेखकले भनेका छन्-

'युरोपको एक प्रमुख देश इङ्ल्याण्डमा बुद्ध धर्म पुनरूत्थान वा प्रचारप्रसारको प्रमुख श्रेय पहिलो अंग्रेज (बेलायती) भिक्षु आनन्द मेत्तेय्यलाई नै दिन सकिन्छ ।'

जातिभेद, छुवाछुत, वर्ग व्यवस्था तथा दुःखव्याधीको पूर्ण रूपमा कसरी नष्ट गर्न सकिएला भन्ने उत्सुकता बोक्दै धर्मको बाटो खोज्दै हिंड्न 'भिक्षु बोधानन्द महास्थविर' को जीवनीको अध्ययनले पनि पाठकहरूलाई राम्रो शिक्षा मिल्छ ।

'आचार्य धर्मानन्द कौशाम्बी' को जीवनी अध्ययन गर्दा १०० वर्ष



Downloaded from http://dhamma.digital

अगाडिसम्म नेपाला बौद्ध विद्वान्हरू नभएको कुरा जानकारी मिल्छ । यस विषयमा लेखिएको छ -

'संस्कृत साहित्यको अध्ययनमा ३ वर्ष बिताउनुभएपछि उहाँले आफ्नो असली सङ्कल्पअनुसार बुद्ध-धर्मको ज्ञान हासिल गर्ने मनसायले बुद्धको जन्मस्थल नेपालमा बौद्ध विद्वान्हरू अवश्य होलान् भन्ने विचारले २ फरवरी १९०२ का दिन उहाँ नेपाल पुग्नुभयो । १० दिनसम्म नेपालमा रहेर पनि उहाँले कुनै एक बौद्ध भिक्षु वा बौद्ध विद्वान्लाई पाउन सक्नुभएन ।'

भिक्षु ञानातिलोक महास्थविर' जर्मन नागरिक हुन् । उनी रोम क्याथोलिक परिवारमा जन्मिएर पनि बौद्ध दर्शनबाट प्रभावित भई बौद्ध भिक्षु बनेका थिए । उनले पनि बौद्ध-दर्शनबारे थुप्रै किताबहरू लेखेको लेखकले जानकारी दिएका छन् ।

'भाजुरत्न साहु', 'भिक्षु ताई-शू', 'आचार्य नरेन्द्रदेव', 'क्यान्छ्या लामा', 'मिस आई. बी. हर्नर', 'भदन्त डी शासनश्री महास्थविर', 'क्रिसमस हम्फ्रे', 'धर्मादित्य धर्माचार्य', 'फ्रान्सिस स्टोरी' र 'डा. भिक्षु धर्मरक्षित' हरूको परिचयात्मक जीवनीहरूको अध्ययनबाट बुद्ध-धर्म तथा बौद्ध-दर्शनको प्रचारप्रसारको निम्ति ती व्यक्तित्वहरूको पनि योगदान भएको पुस्तकले जानकारी दिन्छ ।

पुस्तकको भाषा सरल छ । यस पुस्तकले पनि नेपाली बौद्ध साहित्यको भण्डारमा इँटा थप्ने काम गरेको अनुभव पाठकहरूले गर्नेछन् । गाता राम्रो छ, यस्तै पुस्तकहरू लेखकबाट निरन्तर आइरहनेछन् भन्ने आशा गर्न सकिन्छ ।

नयाँ संस्करण परिमार्जित रूपमा प्रकाशित हुने आशा गर्नु स्वाभाविक हो । प्रकाशक 'मानदास लुमन्ति प्रकाशन'लाई साधुवाद ।

❑

'मजदूर' दैनिक
वर्ष-९, अंक-२१४
(९ भाद्र २०६४)



Downloaded from http://dhamma.digital

## परिशिष्ट-३

# लेखकका प्रकाशित पुस्तकहरू

| पुस्तक | प्रकाशक |
|---|---|
| १) नेपालको इतिहासमा कलंकित घटना | युवा बौद्ध पुचः, भक्तपुर - २०४८ |
| २) भिक्षु धर्मालोक महास्थविर | आनन्दकुटी विहार गुठी,आनन्दकुटी विहार, स्वयम्भू, काठमाडौं - २०४८ |
| ३) बाबासाहेब डा. अम्बेडकर | बौद्ध संघ भक्तपुर बौद्ध समंकृत विहार - २०४९ |
| ४) बौद्धजगत्का स्मरणीय व्यक्तिहरू - प्रथम भाग - | भिक्षु महानाम महास्थविर आनन्दकुटी विहार, स्वयम्भू, काठमाडौं - २०४९ |
| ५) अनागारिका धम्मावती | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी धर्मकीर्ति विहार, काठमाडौं - २०४९ |
| ६) 'पियदस्सि' पं. जवाहरलाल नेहरू | रत्नायन परिवार, खमाबहाल, भक्तपुर - २०४९ |
| ७) भिक्खुत्रयी (रा. सांकृत्यायन, आ. कौशल्यायन र ज. काश्यपको जीवनी) | धर्मोदय सभा, भक्तपुर शाखा - २०४९ |
| ८) भिक्षु ऊ. चन्द्रमणि महास्थविर | अनागारिका वजिरञाणी र संघशिला बौद्ध समंकृत विहार, भक्तपुर - २०४९ |
| ९) महान् उपन्यासकार प्रेमचन्द्र | श्रीमती लक्ष्मीशोभा शाक्य थालाछें टोल, भक्तपुर - २०४९ |
| १०) जीवनयात्रा में दार्शनिक दृष्टियाँ (डा. भदन्त शान्तिका लेख प्रस्तुत) | प्रस्तुतकर्ता स्वयं थालाछें टोल, भक्तपुर - २०४९ |
| ११) बौद्ध ऋषि महाप्रज्ञा | संघरत्न, पूर्णचन्द्र र सिद्धिरत्न शाक्य भक्तपुर - २०५० |
| १२) मनू म्हसिकेगु गय् ? (भिक्षु अश्वघोषया लेख-संग्रह) | श्रीमती पञ्चमाया वज्राचार्य प्रमुख सकल परिवार, भक्तपुर - २०५० |
| १३) भिक्षु ऊ. कित्तिमा महास्थविर | अनागारिका संघरक्षिता संघरक्षिता विहार, चंकिटोल, पाटन - २०५० |
| १४) वे बुद्ध के चरणचिन्ह पर चले थे (सन्तनिहाल सिंहका लेख प्रस्तुत) | ज्योतिदय संघ, ज्योति बिहार चापागाउँ - २०५० |
| १५) भिक्षु विवेकानन्द महास्थविर व वसपोलया रचना-संग्रह | श्रीमती सप्तमाया शाक्य थालाछें टोल, भक्तपुर - २०५० |
| १६) बौद्धजगत्का स्मरणीय व्यक्तिहरू - दोस्रो भाग - | मानदास लुमन्ति प्रकाशन असन, कमलाछी, काठमाडौं - २०५० |



Downloaded from http://dhamma.digital

१७) एक व्यक्तित्व - श्री भुवनलाल प्रधान — भुवनलाल प्रधान अभिनन्दन समिति - २४ बैशाख २०५१ -

१८) स्वतन्त्रता सेनानी - धर्मरत्न 'यमि' — बौद्ध संघ भक्तपुर, बौद्ध समंकृत विहार - २०५१

१९) भिक्षु निचिदात्सु फूजी — अशोक जापानी लैंग्वेज इन्स्टिच्यूट, नासमना, भक्तपुर - २०५१

२०) भिक्षु मेधंकर स्थविर व वसपोलया रचना संग्रह — श्रीमती सानुशोभा शाक्य, थालाछें, बेखाल, भक्तपुर - २०५२

२१) मानसिक शान्ति (प्रो. लालजीराम शुक्लका लेख सम्पादन) — सतीशचन्द्र पाल, सुकुम्भित रोड, बैङ्कक, थाइलैण्ड - २०५३

२२) संघनायक भिक्षु अनिरूद्ध महास्थविर — संघनायक अभिनन्दन समारोह समिति - १२ बैशाख २०५५

२३) थेरवाद और महायान मे भेद (राहुल सांकृत्यायनका लेख प्रस्तुत) — प्रस्तुतकर्ता स्वयं, महालक्ष्मी सडक, भक्तपुर - २०५५

२४) बौद्धजगत्का स्मरणीय व्यक्तिहरू - तेस्रो भाग - — वजिरआणी लुमन्ति प्रकाशन, बौद्ध समंकृत विहार, भक्तपुर - २०५७

२५) प्रभात स्तुति — न्स्यब्वःपिं स्वयं (भिक्षु सुदर्शन व रत्नसुन्दर शाक्य) - २०५८

२६) भिक्षु सम्यकज्योति महास्थविरया जीवनी — बौद्ध संघ भक्तपुर (भिक्षु सम्यकज्योति अभिनन्दन दि) - ३१ जेष्ठ २०६०

२७) बौद्धजगतका स्मरणीय व्यक्तिहरू - चौथो भाग - — विवेकानन्द लुमन्ति प्रकाशन, बौद्ध समंकृत विहार, भक्तपुर - २०६०

२८) सिंह सेनापतिया छगू अध्याय बुद्धया अनुयायी — मैत्रेय युवा संघ, भक्तपुर - २०६०

२९) 'अग्गमहासद्धम्म जोतिकधज्ज' भिक्षु अश्वघोष महास्थविर — युवा बौद्ध समूह, काठमाडौं - २०६२

३०) बोरोबुदूर महाचैत्य (लेख-संग्रह) — तुल्सीकाजी मानन्धर, कृष्णकाजी मानन्धर, साकोलान, भक्तपुर - २०६२

३१) उपासक रामकृष्ण वैद्य - छमू परिचय — भक्तपुर बौद्ध सम्पदा संघ, इन्द्रवर्ण महाविहार, भक्तपुर (उपासक रामकृष्ण वैद्य अभिनन्दन दि) - ३० कार्तिक २०६५ -

३२) बौद्धजगत्का स्मरणीय व्यक्तिहरू — सुखी होतु नेपाल, बुद्ध विहार, भृकुटीमण्डप, काठमाडौं - २०६६



Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital



(लेखक)

नाम - रत्नसुन्दर शाक्य

जन्म - ६ माघ २०१७ वि.सं.

स्थान - थालाछेँ टोल, भक्तपुर-४

पिता - हेरामान शाक्य

माता - सप्तमाया शाक्य

– लेखन सन्दर्भमा –

पहिलो रचना - 'पासा' कविता, 'आनन्द भूमि' - वर्ष-७, अंक-१, २ (वैशाख, २०३६)

पहिलो लेख - 'बुद्धया व्यक्तित्व' - 'न्हूजः' (साहित्य मुना), ज्ञानज्योति पुस्तकालय, भक्तपुर - २०३६

पहिलो जीवनी - 'डा. अम्बेडकर' - 'धर्मोदय', वर्ष-५, अंक-४६ (श्रावण, २०३८)

लेखन कार्यमा प्रेरक - भिक्षु अश्वघोष महास्थविर

जीवनी लेखनमा प्रेरक - भिक्षु सुदर्शन महास्थविर

लेखन कार्यमा सहयोगी - प्रा. सुवर्ण शाक्य

उप-सम्पादक - 'बुद्ध-देश' मासिक पत्रिका, शास्ता फाउण्डेशन ट्रष्ट
वर्ष-७, अंक-१, (मंसिर, १९९५ ई.) देखि मैनपुरी (संकाश्य), उत्तर प्रदेश - भारत

– सम्मान –

'पञ्चवीरसिंह सिरपाः' - युवा बौद्ध समूह - १० आषाढ २०५७

सुमंगल स्मृति अभिनन्दन सिरपाः-२०६२ - बुद्ध विहार संरक्षण समिति - १२ फागुन २०६

'अभिनन्दन-पत्र' - यशोधर महाविहार असहाय सेवा समिति - ५ भाद्र २०६३ -

'धर्म-उपहार' - धर्म विजय पदनम, गण महाविहार - १३ मंसिर २०६४ -

'हना-पौ' - धर्मबहादुर धाख्वा कल्याण केन्द्र - २ चैत्र २०६४ -

'बुद्ध-देश' के वर्ष पुरुष - १९९५ (सद्धर्मिक साहित्य रचनाओंके लिए) - शास्ता फाउण्डेशन ट्रष्ट मैनपुरी, उत्तर प्रदेश - भारत

SUKHI HOTU
सुखी होतु नेपाल
बुद्ध विहार, भृकुटीमण्डप, काठमाडौं
फोन : २२६७०२/४८२९८४

Downloaded from http://dhamma.digital